# शैक्षिक सूचना

नेपाल सरकार

## शिक्षा मन्त्रालय

२०७३

## शैक्षिक सूचना


| | |
|---|---|
| प्रकाशक | : नेपाल सरकार<br>शिक्षा मन्त्रालय<br>अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा<br>शैक्षिक सूचना व्यवस्थापन शाखा<br>सिंहदरबार, काठमाडौँ, फोन नं. ४२००३८७ |
| प्रकाशन मिति | : २०७३ |
| सर्वाधिकार | : प्रकाशकमा |
| मुद्रण | : नारायणी प्रिन्टिङ प्रेस, भक्तपुर |

# मन्तव्य

शिक्षा क्षेत्रका विभिन्न पक्ष र गतिविधिलाई समावेश गरी यो "शैक्षिक सूचना वर्ष ६ अङ्क ६, २०७३" प्रकाशन गरिएको छ । शैक्षिक सूचना, शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरूका मुख्य चिनारी र गतिविधिहरू समेटी पाठक समक्ष पुग्ने वार्षिक प्रकाशन हो ।

यस प्रकाशनलाई सूचनामूलक र उपयोगी बनाउने उद्देश्यले यसमा समावेश भएका विषय वस्तुको प्रस्तुतीकरण ढाँचालाई नवीनता दिने प्रयास गरिएको छ । कतिपय सामग्रीको निरन्तरता छ भने केही सामग्री थप गरिएका छन् । शैक्षिक सूचनाको यस अङ्कमा मूलत: शिक्षा विकाससँग समबन्धित केही तथ्यहरू, शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूको संक्षिप्त जानकारी, शिक्षाका विकास योजना तथा नीतिहरू समावेश गरिएका छन् । शिक्षा मन्त्रालयका गतिविधिको जानकारी राख्न चाहनेहरूका लागि यस प्रकाशनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस प्रकाशनका लागि सामग्रीको विकासका सिलसिलामा विषय वस्तु सङ्कलन र संयोजन कार्यमा जिम्मेवारी वहन गर्ने, विषय बस्तुको सम्पादन कार्यमा संलग्न उपसचिव श्री सुशीलबाबु खनाल लगायत सम्पादन मण्डलका सम्पूर्ण सदस्यहरू एवम् कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा, शैक्षिक सूचनाको आगामी अङ्कलाई अझै परिष्कृत तथा उपयोगी बनाउन यहाँहरूबाट रचनात्मक सुझाव तथा प्रतिक्रिया प्राप्त हुने छ भन्ने अपेक्षा गरेको छु ।

डा. तुलसी प्रसाद थपलिया
सहसचिव
अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा
शिक्षा मन्त्रालय, सिंहदरबार

# प्रकाशकीय

शैक्षिक सूचना सम्प्रेषणले शैक्षिक नीति, योजना तथा कार्यक्रमलाई प्रतिफलमुखी बनाउन सहयोग गर्छ । शिक्षा मन्त्रालय शैक्षिक नीति तथा योजना निर्माण र कार्यान्वयन गर्ने सर्वोच्च निकाय भएकाले आफू र सम्बद्ध निकायबाट भए गरेका गतिविधि, कार्य प्रक्रिया र कार्यविधि, अनुसन्धान र असल अभ्यास जस्ता पक्ष सम्बद्ध सूचना सबै सरोकारवाला समक्ष पुऱ्याई सुसूचित गर्नु यसको दायित्व हो । आफ्नो दायित्वलाई निरन्तरता दिंदै यो "शैक्षिक सूचना २०७३" प्रकाशन गरिएको छ ।

सामग्रीको स्वरूप र प्रकृतिका आधारमा यसमा समावेश भएका विषय वस्तुलाई अनुसूची समेत गरी चार खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा नेपालको सामान्य जानकारी र नेपालमा शिक्षा विकासका केही तथ्यहरू प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा शिक्षा मन्त्रालय र अन्तर्गत निकायहरूको चिनारी र कार्यहरूको सङ्क्षिप्त विवरण छ । तेस्रो खण्डमा शिक्षा विकासका योजना, परियोजना तथा कार्यक्रमहरू समावेश गरिएको छ। चौथो खण्डमा विभिन्न अनसूचीहरू रहेका छन् । यसलाई विश्लेषणात्मकभन्दा पनि सूचनामूलक सामग्रीका रूपमा विकास गर्ने प्रयत्न गरिएको छ ।

यस प्रकाशनलाई सकेसम्म त्रुटिरहित बनाउने प्रयत्न गरिएको छ । यस प्रकाशनलाई यो रूपमा ल्याउन मेहनत र प्रयास गर्ने यस शाखाका सहकर्मी श्री लाजवन्ती दाहाल, श्री अमिरा चौधरीलगायत सम्पादन समितिमा रहेर योगदान गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शैक्षिक सूचनामा समावेश भएका विषयवस्तु, सूचना, नीति, निर्देशिका तथा अनुसन्धानका सूची तथा दस्तावेजलगायतका सामग्रीहरू उपलब्ध गराई सहयोग पुऱ्याउने निकायहरूप्रति आभार व्यक्त गर्दछु । त्यसै गरी यस प्रकाशनमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसको निरन्तरतालई अझ परिष्कृत र उपयोगी बनाउन सम्बद्ध सरोकारवाला तथा पाठकहरूबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गरिएको छ । पाठकहरूबाट प्राप्त हुने रचनात्मक सुझावको सदैव स्वागत गरिने छ ।

नरेन्द्रराज पौडेल
उपसचिव
शैक्षिक सूचना व्यवस्थापन शाखा
शिक्षा मन्त्रालय

# सम्पादन समिति

**संयोजक**

डा. तुलसी प्रसाद थपलिया
(शिक्षा मन्त्रालय)

**सदस्यहरू**

श्री चन्द्रकान्त भुषाल
(पाठ्यक्रम विकास केन्द्र)

श्री टुकराज अधिकारी
(शिक्षा विभाग)

श्री दिनेश घिमिरे
(अनौपचारिक शिक्षा केन्द्र)

श्री नरेन्द्रराज पौडेल
(शिक्षा मन्त्रालय)

श्री मनोज शर्मा न्यौपाने
(प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्)

श्री दिनेश बज्राचार्य
(विश्वविद्यालय अनुदान आयोग)

श्री तीर्थराज चौलागाई
(केन्द्रीय तथ्याङ्क विभाग)

बोधकुमार खनाल
(शैक्षिक जनशक्ति विकास केन्द्र)

श्री भाष्करदत्त पन्त
(राष्ट्रिय परीक्षा बोर्ड)

श्री लाजवन्ती दाहाल
(शिक्षा मन्त्रालय)

# विषय सूची

मन्तव्य ............ *i*

प्रकाशकीय ............ *ii*

सम्पादन समिति ............ *iii*

विषय सूची ............ *iv*

खण्ड क: परिचय ............ १

नेपालको सामान्य जानकारी ............ २

नेपालमा शिक्षा विकासका केही तथ्यहरू ............ ६

खण्ड ख: शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूको परिचय ............ १६

शिक्षा मन्त्रालय ............ १७

शिक्षा विभाग ............ २३

पाठ्यक्रम विकास केन्द्र ............ २७

शैक्षिक जनशक्ति विकास केन्द्र ............ २९

अनौपचारिक शिक्षा केन्द्र ............ ३५

शिक्षक सेवा आयोग ............ ३९

विद्यालय शिक्षक किताबखाना ............ ४१

शैक्षिक गुणस्तर परीक्षण केन्द्र ............ ४३

क्षेत्रीय शिक्षा निर्देशनालयहरू ............ ४५

जिल्ला शिक्षा कार्यालयहरू ............ ४७

स्रोतकेन्द्रहरू ............ ४९

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय ............ ५१

राष्ट्रिय परीक्षा बोर्ड ............ ५४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ............ ५५

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ............ ५९

विश्वविद्यालय अनुदान आयोग ............ ६१

विश्वविद्यालय तथा प्रतिष्ठानहरू ............ ६३

नेपाल राष्ट्रिय पुस्तकालय ............ ६६

केशर पुस्तकालय ............ ६९

डिल्लीरमण – कल्याणी रेग्मी स्मारक पुस्तकालय ............ ७१

साझा प्रकाशन ............ ७३

खण्ड ग: शिक्षा मन्त्रालय अन्तर्गतका योजना, आयोजना, कार्यक्रम तथा बजेट ............ ७५

चौधौं योजना (२०७३-७४–२०७५-७६) मा शिक्षा ............ ७६

विद्यालय क्षेत्र विकास योजना *(२०१६/१७-२०२२/२३)* संक्षिप्त परिचय ........ ८२
विद्यालय क्षेत्र विकास योजनाका मुख्य कार्य सम्पादन सूचकहरू *(KPI)* ........ ८६
चालु आर्थिक वर्ष २०७३/७४ को बजेट तथा कार्यक्रममा शिक्षा ........ ८८
चालु आर्थिक वर्ष २०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित मुख्य कार्यक्रमहरूको परिचय ........ ९१
आ.व.२०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलापहरू र लक्ष्य ........ १०४
चालु आर्थिक वर्ष २०७३/७४ को शिक्षा मन्त्रालय अन्तर्गतको कार्यक्रम तथा बजेटको सारांश ........ १०६
शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना ........ १०८
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि *(EVENT)* परियोजना ........ ११०
उच्च शिक्षा सुधार परियोजनाको संक्षिप्त परिचय ........ ११३
सीप विकास परियोजना ........ ११६
केन्द्रीय आयोजना कार्यान्वयन एकाइ ........ ११८

खण्ड घ: अनुसूचीहरू ........ ११९
अनुसूची १: शिक्षा मन्त्रालयमा रहेका शाखाहरूको शाखागत कार्यविवरण ........ १२०
अनुसूची २: संविधानमा शिक्षा ........ १३५
अनुसूची ३: शिक्षा सम्बन्धी ऐन तथा नियमावली र नीति तथा रणनीतिहरूको सूची ........ १३७
अनुसूची ४: शिक्षा सम्बन्धी निर्देशिका तथा कार्यविधिहरूको सूची ........ १३९
अनुसूची ५: शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूले गरेका अनुसन्धान प्रतिवेदनका सूची ........ १४२
अनुसूची ६ : जिल्लागत सिकाइ उपलब्धि विवरण ***(NASA-2015)*** ........ १४७
अनुसूची ७ : शिक्षा मन्त्रालय र अन्तर्गत निकायका वेबसाइट, इमेल तथा फोन नम्बरहरू ........ १४८
अनुसूची ८: शिक्षा मन्त्रालय र अन्तर्गत निकायको दरवन्दी तालिका ........ १५१

**खण्ड क: परिचय**

## नेपालको सामान्य जानकारी

## नेपालको शिक्षा विकासका केही तथ्यहरू

# नेपालको सामान्य जानकारी

**क्षेत्रफल र अवस्थिति**

दक्षिण पूर्वी एसियामा रहेको नेपाल २६° २२', देखि ३०° २७' उत्तरी अक्षांशसम्म र ८०° ४' देखि ८८° १२' पूर्वी देशान्तरसम्म फैलिएको छ। पूर्व पश्चिम सरदर लम्बाइ ८८५ र उत्तर दक्षिण सरदर चौडाइ १९३ कि.मि. रहेको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ। नेपालले विश्वको कुल भूभागको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ। नेपालको प्रामाणिक समय ग्रिनविच मिनटाइम *(GMT)* भन्दा ५ घन्टा ४५ मिनेट अगाडि रहेको छ। राजधानी काठमाडौँ रहेको नेपाल भौगोलिक तथा सामाजिक विविधतायुक्त मुलुक हो।

**भौगोलिक स्थिति**

नेपाललाई प्राकृतिक संरचना र भू-धरातलीय बनोटको आधारमा हिमाल *(*१५ प्रतिशत*)*, पहाड *(*६८ प्रतिशत*)* र तराई *(*१७ प्रतिशत*)* भूभाग गरी तीन भागमा विभाजन गरिएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथा *(*उचाइ ८,८४८ मिटर*)* लगायतका आठ हजार मिटरभन्दा अग्ला सात ओटा उच्च शिखरहरू र अन्य सयौँ शिखरहरू नेपालमा रहेका छन्।

**राजनीतिक र प्रशासनिक विभाजन**

राजनीतिक र प्रशासनिक दृष्टिले नेपाललाई पाँच विकास क्षेत्र *(*पूर्वाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्यमाञ्चल विकास क्षेत्रमा १९ जिल्ला, पश्चिमाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा १५ जिल्ला र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ९ जिल्ला*)*, १४ अञ्चल, ७५ जिल्लाहरूका साथै नेपाल सरकारको मिति २०७२।०६।०१ को पछिल्लो घोषणाबाट एक महानगरपालिका *(*काठमाडौँ*)*, १२ उपमहानगरपालिका *(*विराटनगर, वीरगन्ज, ललितपुर, पोखरा, धरान, इटहरी, जनकपुर, हेटौँडा, भरतपुर, बुटवल, नेपालगञ्ज र धनगढी*)*, २१७ ओटा नगरपालिकाहरू र ३,१५७ ओटा गाउँ विकास समितिहरू रहेका छन्। नेपाल वि.सं. २०६३ देखि गणतन्त्रमा प्रवेश गरेको छ। संविधानसभाबाट नेपालको संविधान मिति २०७२ साल असोज ३ गते जारी भई सोअनुसार सात ओटा प्रदेशमा विभाजन भएको अवस्था छ र हाल सोको कार्यान्वयनको चरणमा प्रवेश गरेको छ।

**जनसाङ्ख्यिक स्थिति**

राष्ट्रिय जनगणना, २०६८ को अन्तिम नतिजाअनुसार नेपालको जनसङ्ख्या स्थिति र यसका अन्य विविध पक्षहरू देहायबमोजिम रहेका छन् *:*

१. जनसङ्ख्या*:* राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ। जसमध्ये पुरुष ४८.५० प्रतिशत *(*१,२८,४९,०४१*)* र महिला ५१.५० प्रतिशत *(*१,३६,४५,४६३*)* छन्। यसअनुसार लैङ्गिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको सङ्ख्या ९४.१६ रहेको छ। अघिल्लो राष्ट्रिय जनगणना २०५८ मा कुल जनसङ्ख्या २,३१,५१,४२३ र लैङ्गिक अनुपात ९९.८० रहेको थियो।

२. वार्षिक जनसङख्या वृद्धिदर*:* सालाखाला वार्षिक जनसङ्ख्या वृद्धि दर १.३५ प्रतिशत रहेको छ, जुन २०५८ सालको जनगणनाअनुसार वार्षिक जनसङ्ख्या वृद्धिदर २.२५ प्रतिशत थियो।

३. जनघनत्व*:* जनघनत्व *(*प्रतिवर्ग किलो मिटर क्षेत्रफलमा रहेको जनसङ्ख्या*)* १८० जना प्रतिवर्ग किलो मिटर रहेको छ। यो २०५८ सालमा १५७ मात्र थियो। हाल ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षत्रे मा जनघनत्व निकै उच्च रहेको देखिन्छ। जसअनुसार सहरी क्षेत्रमा १३८१ जना र ग्रामीण क्षेत्रमा १५३ जना प्रतिवर्ग किलोमिटर रहेको पाइएको छ। सबैभन्दा धेरै जनघनत्व काठमाडौँ जिल्लामा *(*४,४१६ जना प्रतिवर्ग किलोमिटर*)* र सबैभन्दा कम मनाङ जिल्लामा *(*तीनजना प्रतिवर्ग किलोमिटर*)* रहेको देखिन्छ।

४. बृहत् उमेर समूहअनुसार जनसङ्ख्या*:* देशको कुल जनसङ्ख्याको ५६.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेको आँकडा २०६८ सालको जनगणनाले देखाएको छ। २०५८ सालमा यो उमेर समूहको जनसङ्ख्या ५४.१५ प्रतिशत मात्र थियो। राष्ट्रिय जनगणना, २०६८ अनुसार १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसङ्ख्या क्रमश*:* ३४.९१ प्रतिशत र ८.१३ प्रतिशत रहेको देखिन्छ।

५. परिवार सङ्ख्या: गत २०५८ सालको जनगणनाअनुसार ४२,५३,२२० परिवार सङ्ख्या देखिएकामा २०६८ मा उक्त सङ्ख्या करिब २२ प्रतिशतले बढेर ५४,२७,३०२ पुगेको छ। उक्त दस वर्षको अवधिमा ११,७४,०८२ परिवार थप भएका छन्।

६. परिवारका सदस्य सङ्ख्या: हाल प्रति परिवार औसत ४.८८ जना सदस्य सङ्ख्या रहेको छ जुन २०५८ मा ५.४४ जना थियो। परिवारको आकार रौतहट जिल्लामा सबैभन्दा बढी ६.४४ र कास्की जिल्लामा सबैभन्दा कम ३.९२ रहेको पाइएको छ।

७. सहरी जनसङ्ख्या: जनगणना २०६८ ले नेपालमा सहरी जनसङ्ख्या करिब १७.०७ प्रतिशत रहेको देखाएको छ। दस वर्ष अघिको जनगणना २०५८ मा १४.२ प्रतिशत थियो। नेपाल सरकारले पछिल्लो मितिसम्म घोषणा गरेका नगरपालिकाका आधारमा अब सहरमा बस्ने जनसङ्ख्याको प्रतिशत ४० प्रतिशतको हाराहारीमा पुगेको छ।

८. सबैभन्दा धेरै र कम जनसङ्ख्या भएका जिल्ला: २०६८ सालको जनगणनाअनुसार सबैभन्दा धेरै जनसङ्ख्या काठमाडौँ जिल्लामा १७,४४,२४० देखिएको छ, जुन दस वर्षअघि १०,८१,८४५ थियो। काठमाडौँको जनसङ्ख्या दस वर्षमा ६१.२३ प्रतिशतले वृद्धि भएको देखिएको छ र सालाखाला वार्षिक वृद्धि दर ४.७८५ रहेको छ। मनाङ जिल्ला सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला हो, जसमा ६५३८ जना मात्र रहेका छन्। यस जिल्लामा सबैभन्दा कम (-३.८३५) वार्षिक जनसङ्ख्या वृद्धि दर रहेको देखिन्छ।

९. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या: राष्ट्रिय जनगणना २०६८ अनुसार तराईमा कुल जनसङ्ख्याको ५०.२७ प्रतिशत (१,३३,१८,७०५ जना), पहाडमा ४३.०१ प्रतिशत (१,१३,९४,००७ जना) र हिमाली क्षेत्रमा ६.७३ प्रतिशत (१७,८१,७९२ जना) जनसङ्ख्या रहेको छ। जुन दस वर्षअघि अर्थात् २०५८ मा क्रमशः ४८.४०५ प्रतिशत (१,१२,१२,४५२ जना), ४४.३०५ प्रतिशत (१,०२,५१,१११ जना) र ७.३०५ प्रतिशत (१६,८७,८५९) थियो। बसाइ सराइ एवम् सहरीकरणका कारण यो विवरणमा थपघट भइरहेको देखिन्छ।

१०. घर वा आवासीय एकाइको स्वामित्व: देशका कुल ५४ लाख २३ हजार २९७ परिवारमध्ये ८५.२६ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा र १२.८१ प्रतिशत परिवारहरू भाडाको घरमा बसोबास गरेको देखिन्छ। विगत २०५८ सालको जनगणनामा आफ्नै स्वामित्वको घर र भाडाको घरमा क्रमशः: ८८.३ प्रतिशत र ८.९ प्रतिशत परिवारहरू बसोबास गरेको पाइएको थियो। २०६८ को जनगणनाअनुसार सहरी क्षेत्रमा ४०.२२ प्रतिशत परिवारहरू भाडाको घरमा बसोबास गरेको देखिन्छ।

११. पिउने पानीको मुख्य स्रोत: देशका कुल परिवारको ४७.७८ प्रतिशत परिवारले धारा/पाइपबाट र ३५.०० प्रतिशतले ट्यूबवेल/हाते पम्पबाट पिउने पानी आपूर्ति गर्ने देखिएको छ। दस वर्षअघि अर्थात् २०५८ सालमा धारा/पाइप र टयुवबेल/हाते पम्पबाट पिउने पानीको सुविधा उपभोग गर्ने परिवारहरू क्रमशः: ५३.४ प्रतिशत र २८.६० प्रतिशत थिए।

१२. खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन : यस जनगणनाले देशका ६४ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ, जुन दस वर्षअघिको जनगणनामा ६५.२० प्रतिशत थियो। विगत जनगणनामा एल.पी. ग्याँस प्रयोग गर्ने परिवारहरू ७.६७ रहेकामा यस जनगणनामा उल्लेख्य वृद्धि भई २१.०३ प्रतिशत पुगेको छ। हाल खाना पकाउन अक्सर मटितेल, एल.पी.ग्याँस, गुइँठा/गोराहा, गोबर ग्याँस, बिजुली र अन्य इन्धन प्रयोग गर्ने परिवारको हिस्सा क्रमशः: १.०५, २१.०५, १०.४५, २.४५, ०.१५ र ०.४५ रहेको छ।

१३. बत्ती बाल्न अक्सर प्रयोग गरिने साधन: धेरैजसो घर परिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। विगत २०५८ सालको जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ३९.८ प्रतिशत रहेकामा २०६८ मा ६७.२६ प्रतिशत पुगेको छ। गत जनगणनामा बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार सबैभन्दा धेरै (५७.७० प्रतिशत) रहेकामा हाल १८.२८ प्रतिशत मात्र देखिएको छ।

१४. परिवारले उपयोग गरेका साधन र सुविधा: राष्ट्रिय जनगणना २०६८ अनुसार रेडियो, टेलिभिजन, केवल टेलिभिजन, कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाइल फोन, मोटर, मोटरसाइकल, साइकल, अन्य सवारी साधन र रेफ्रिजेरेटरमध्ये कम्तीमा एक किसिमको सुविधा उपलब्ध भएका परिवार कुल परिवार सङ्ख्याको ८४.५६ प्रतिशत रहेका छन्। जम्माजम्मी १३.६९ प्रतिशत परिवारमा यस्ता कुनै पनि सुविधाहरू उपलब्ध नभएको देखिन्छ।

१५. शौचालयको सुविधा: देशका ३८.१७ प्रतिशत परिवारहरूसँग आफू बस्ने घरमा अझै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ, जुन सङ्ख्या विगतको जनगणनामा ५२.५ प्रतिशत थियो। हाल ३३.४५ प्रतिशत परिवारहरूले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको शौचालय प्रयोग गर्ने गरेको पाइएको छ। त्यसै गरी साधारण शौचालय प्रयोग गर्ने र सावर्जनिक ढलमा जोडिएको फ्लस भएको शौचालय प्रयोग गर्ने परिवारहरूको सङ्ख्या क्रमश: १९.४७ र ८.२७ प्रतिशत

देखिएको छ। सहरी क्षत्रे मा ९.०९ प्रतिशत र ग्रामीण क्षेत्रमा ४५.११ प्रतिशत परिवारहरूसँग आफू बस्ने घरमा शौचालय नभएको देखिन्छ।

१६. परिवारमा महिलाको नाममा रहेको घरजग्गा*:* देशका कुल परिवारको १९.७१ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ। गत २०५८ सालको जनगणनामा महिलाका नाममा घरजग्गा भएको परिवारहरू ९.११ प्रतिशत मात्र थिए।

१७. परिवारमा अनुपस्थित *(*विदेश गएका*)* व्यक्ति*:* राष्ट्रिय जनगणना २०६८ अनुसार देशमा अनुपस्थित (विदेशमा बसोबास गर्ने) जनसङ्ख्या १९ लाख २१ हजार ४९४ जना रहेको देखिन्छ। दस वर्षअघि अर्थात् २०५८ सालमा अनुपस्थित (विदेशमा बसोबास गर्ने) सङ्ख्या ७ लाख ६२ हजार १८१ थियो।

१८. परिवार मुली*:* महिला परिवार मुली रहेका परिवारहरू गत २०५८ सालको जनगणनामा १४.८७ प्रतिशत रहेकामा करिब ११ प्रतिशत बिन्दुले वृद्धि भई २०६८ सालमा २५.७३ प्रतिशत पुगेको छ।

१९. जात*/*जाति*:* राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ ओटा जातजातिहरू रहेको देखिएको छ। यसअनुसार विगत २०५८ सालको जनगणनामा कुल जनसङ्ख्याको १५.८ प्रतिशत रहेको क्षेत्रीको जनसङ्ख्या यस जनगणनामा केही वृद्धि भई १६.६ प्रतिशत पगेको छ। पहाडी ब्राह्मणको जनसङ्ख्या २०५८ सालमा १२.७ प्रतिशत रहेकामा हाल १२.२ प्रतिशत देखिएको छ। हाल मगर, थारु, तामाङ, नेवार र कामी क्रमशः *:* ७.१, ६.६ र ५.८ प्रतिशतसहित तेस्रो, चौथो र पाँचौ प्रमुख जातजातिहरूको स्थानमा रहेका छन्। सबैभन्दा कम जनसङ्ख्या कुसुन्डा जातिको २७३ जना मात्र*)* देखिएको छ।

२०. मातृभाषा*:* यस गणनामा देशभित्र अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषाको सङ्ख्या १२३ ओटा देखिएको छ। विगतको जनगणनामा ९२ ओटा मातृभाषाको सङ्ख्या प्राप्त भएको थियो। २०५८ सालको जनगणनामा ४८.६ प्रतिशत व्यक्तिहरूको मातृभाषा नेपाली रहेकामा हाल मातृभाषाको रूपमा नेपाली भाषा बोल्ने जनसङ्ख्या ४४.६ प्रतिशत देखिएको छ। नेपालीपछि मातृभाषाको रूपमा बढी बोलिने भाषाहरूमा मैथिली *(*११.७ प्रतिशत*)*, भोजपुरी *(*६.० प्रतिशत*)*, थारु *(*५.८ प्रतिशत*)*, तामाङ *(*५.१ प्रतिशत*)* र नेवार *(*३.२ प्रतिशत*)* रहेका छन्।

२१. धर्म*:* यस जनगणनाले देशभित्र विभिन्न १० ओटा धर्म मान्ने व्यक्तिहरू रहेको देखाएको छ। २०५८ सालको जनगणनामा ८०.८ प्रतिशत रहेको हिन्दुहरूको जनसङ्ख्या यस जनगणनामा आइपुग्दा ८१.३ प्रतिशत पुगेको छ। बौद्ध धर्मावलम्बीहरू कुल जनसङ्ख्याको ९ प्रतिशत रहेका छन्। इस्लाम, किराँत, क्रिस्चियन र प्रकृति धर्म मान्नेहरूको जनसङ्ख्या क्रमशः *:* ४.४, ३.०, १.४ र ०.४ प्रतिशत रहेको देखिन्छ।

२२. वैवाहिक अवस्था*:* यस जनगणनाअनुसार १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल जनसङ्ख्याको ३५.६ प्रतिशत व्यक्तिहरू अविवाहित रहेको देखिएको छ। १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल पुरुषहरूको ४०.६ प्रतिशत र महिलाहरूको ३१.१ प्रतिशत अविवाहित रहेको पाइएको छ। त्यस्तै १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूमध्ये ५७.५ प्रतिशतको एक विवाह भएको देखिएको छ। एक विवाह भएका पुरुष र महिलाहरू उनीहरूको कुल जनसङ्ख्याको क्रमशः *:* ५२.७ र ६१.८ प्रतिशत रहेका छन्। एकल महिलाहरूको जनसङ्ख्या १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कूल महिलाको ४.६१ प्रतिशत *(*४ लाख ९८ हजार ६०६*)* रहेको पाइएको छ।

२३. पहिलो विवाह गर्दाको उमेर*:* दस वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको सबैभन्दा ठुलो हिस्साको पहिलो विवाह १५ देखि १९ वर्षको उमेरमा भएको देखिन्छ। यो उमेरभित्र ४८.९ प्रतिशत विवाहित व्यक्तिहरूको पहिलो विवाह भएको पाइएको छ। १४ वर्षमुनिको उमेरमा पहिलो विवाह हुनेहरू ११.५ प्रतिशत रहेका छन्। पचास वर्षको उमेर पार गरिसकेपछि पहिलो विवाह हुनेहरू ५०८६ जना रहेको देखिन्छ।

२४. अपाङ्गता*:* देशका कुल जनसङ्ख्याको १.९४ प्रतिशत हिस्सामा कुनै एक वा बढी प्रकारको अपाङ्गता रहेको देखिएको छ। विगत २०५८ सालको जनगणनामा अपाङ्गता रहेका व्यक्तिहरू ०.४६ प्रतिशत थिए। शारीरिक तथा मानसिक अपाङ्गता भएका कुल व्यक्तिहरूमध्ये ५४.५६ प्रतिशत पुरुष र बाँकी ४५.४४ प्रतिशत महिला रहेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३६.३२ प्रतिशतमा शारीरिक अपाङ्गता, १८.४६ प्रतिशतमा दृष्टि सम्बन्धी अपाङ्गता, १५.४५ प्रतिशतमा सुनाइ सम्बन्धी अपाङ्गता, १.४८ प्रतिशतमा श्रवण दृष्टिविहीनता, ११.४७ प्रतिशतमा स्वर बोलाइ सम्बन्धी अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता र २.९० प्रतिशतमा बौद्धिक अपाङ्गता र ७.५२ प्रतिशतमा बहु अपाङ्गता भएको पाइएको छ।

२५. साक्षरता दर: पछिल्लो पटकको जनगणनाले देशका पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल २,३९,२६,५४१ जनसङ्ख्यामा ६५.९ प्रतिशत व्यक्तिहरू साक्षर रहको देखाएको छ। पुरुषको साक्षरता दर ७५.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ। २०५८ सालको जनगणनामा ६ वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको कुल साक्षरता दर ५४.१, पुरुष साक्षरता दर ६५.५ र महिला साक्षरता दर ४२.८ प्रतिशत थियो।

२६. शैक्षिक स्तर प्राप्ति: पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका साक्षर जनसङ्ख्याको सबैभन्दा ठुलो हिस्सा अर्थात् ३९.० प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेको पाइएको छ। निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २०.३ प्रतिशत सहित दोस्रो बहु सङ्ख्यामा रहेको देखिन्छ। एसएलसी वा सो सरह उत्तीर्ण गर्ने व्यक्तिहरू कुल जनसङ्ख्याको १०.२ प्रतिशत देखिन्छन् भने एसएलसी भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १०.२ प्रतिशत नै देखिएका छन्। जम्माजम्मी ४.२ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा हासिल गरेको देखिएको छ।

**विकासका परिसूचकहरू *(राष्ट्रिय योजना आयोग, २०७३)***

१. शहरी जनसङ्ख्या ४२ प्रतिशत पुगेको अनुमान छ। गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको प्रतिशत २१.६ प्रतिशत र उपभोग खर्चको आधारमा गिनी गुणक ०.३२८ रहेको छ।

२. मानव संसाधन विकास रिपोर्ट २०१६ अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५४० छ, जसअनुसार मानव विकास सूचकाङ्कका दृष्टिले नेपाल विश्वमा १४५ औँ स्थानमा रहेको छ।

३. प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ८०.९० (रु हजारमा) रहेको छ। साथै, आ.व. २०७५।७६ सम्ममा यसलाई १०५.७० (रु हजारमा) पुऱ्याउने लक्ष्य राखिएको छ।

४. आर्थिक वर्ष २०७२/७३मा नेपालको वार्षिक औषत आर्थिक वृद्धिदर ०.७७ रहेको छ भने चौधौं योजनाको अन्त्य (२०७५/७६) सम्ममा ७.२० पुऱ्याउने लक्ष्य राखिएको छ।

५. विकासशील मुलकुमा स्तरोन्नतिका लागि निर्धारित सीमा र नेपालको स्थिति

| सूचक | सीमा | नेपालको स्थिति |
|---|---|---|
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय *(Gross National Income per capita GNI US$)* | १२४२ | ९२९ |
| मानव सम्पत्ति सूचक *(Human Assets Index HAI)* | >६६ | ६९ |
| आर्थिक जोखिम सूचक *(Economic Vulnarability Index EVI)* | <३२ | २७ |

# नेपालमा शिक्षा विकासका केही तथ्यहरू

## ऐतिहासिक पृष्ठभूमि

नेपालमा परम्परागत हिन्दू वैदिक शिक्षाको लामो इतिहास थियो । बौद्ध धर्म दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्म दर्शनमा आधारित शिक्षा र हिन्दू, वैदिक शिक्षाअन्तर्गत विशेषत: गुरुकूल शिक्षा प्रणाली प्रचलनमा आए । नेपालको एकीकरणपूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन । त्यस बेला धार्मिक सङ्घ संस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्च प्रबन्ध हुन्थ्यो । नेपालमा परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रहिरहेको बेला वि.सं. १९१० मा दरबार स्कुलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो । उच्च शिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ । नेपालमा वि.सं.२००७ भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायका लागि मात्र भएकाले आम जन समुदाय शिक्षाको अवसरबाट वञ्चित रहेका थिए । यस तथ्यलाई वि.सं.२००७ को शैक्षिक तथ्याङ्कले पनि स्पष्ट पार्दछ । वि.सं. २००७ सालमा नेपालको साक्षरता करिब दुई प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशालाहरू ३२१, माध्यमिक स्कुलहरू ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थिए (राष्ट्रिय शिक्षा आयोग,२०४९) । वि. सं. २००७ सालमा एउटा संस्कृत विद्यालयमा औपचारिक रूपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ भने एउटा आयुर्वेद विद्यालयमा पनि उच्च तहको अध्यापनको व्यवस्था रहेको थियो शाही उच्च शिक्षा आयोग, २०४०) । वि.सं.२००७ को राजनीतिक परिवर्तनपछि राज्यले पनि शिक्षाको विस्तारमा लगानी गर्यो भने आम जनसमुदायहरू विद्यालयहरू खोल्ने र बाल बालिकाहरूलाई शिक्षा दिने कार्यमा सक्रिय रहेका थिए । त्यसबेला शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिक रूपमा वृद्धि भएको थियो । वि.सं. २००७ सालपछि नेपालमा शिक्षाको विकासका लागि भएका केही प्रयासहरू निम्नानुसार थिए :

१. वि.सं. २०११ (सन् १९५४) मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगद्वारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको थियो ।

२. वि.सं. २०१८ (सन् १९६१) मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास गरिएको थियो ।

३. वि.सं. २०२८ (सन् १९७१) मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरुआत भयो ।

४. वि.सं. २०३७ (सन् १९८०) देखि हालसम्म विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस अवधिमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरूमा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, प्राथमिक शिक्षा विकास परियोजना, माध्यमिक शिक्षा विकास परियोजना, सबैका लागि शिक्षा कार्यक्रम, शिक्षक शिक्षा आयोजना, जनसङ्ख्या शिक्षा परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, रोजगारीका लागि सीप परियोजना, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना, उच्च शिक्षा सुधार परियोजना प्रमुख रहेका छन् ।

५. वि. सं. २०४६ पछि शिक्षामा सुधारका लागि सुझाव दिने गरी सरकारले गठन गरेको राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०४९ (सन् १९९२) मा र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०५५ (१९९९) मा प्रतिवेदन पेस गरेअनुसारका सुझावहरूअनुरूप शिक्षामा सुधारका प्रयासहरू हुँदै आएका छन् ।

६. हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडिपी, सन् २०१६–२०२२) मार्फत विद्यालयको समग्र पक्षमा सुधार गर्ने प्रयास गरिएको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा पनि विभिन्न कार्यक्रमहरू तथा परियोजनाहरू सञ्चालन भएका छन् । उच्च शिक्षाको विस्तार र गुणस्तर अभिवृद्धिका लागि बहु विश्वविद्यालयको अवधारणा कार्यान्वयन भई हाल नौ ओटा विश्वविद्यालय र चार ओटा स्वास्थ्य सम्बन्धी प्रतिष्ठानहरू सञ्चालनमा छन् । उच्च शिक्षाको सुधारका लागि दुई ओटा उच्च शिक्षा परियोजना सञ्चालन सम्पन्न भई हाल उच्च शिक्षा सुधार परियोजना (सन् २०१५–२०२०) कार्यान्वयनमा रहेको छ ।

नेपालको शैक्षिक इतिहासका मुख्य मुख्य तिथि मिति र कार्यहरू निम्नानुसार छन् :

| साल (वि.सं.) | महत्त्वपूर्ण शैक्षिक घटना |
|---|---|
| १९१० | दरबार स्कुलको स्थापना |
| १९१५ | शिक्षा हेर्ने डाइरेक्टर जनरलको व्यवस्था र कार्यालय खडा |
| १९३२ | बालागुरु षडानन्द अधिकारीको निजी प्रयासमा दिङ्लामा संस्कृत विद्यालय स्थापना |
| १९३२ | धीरसमसेर डाइरेक्टर नियुक्त भएपछि दरबार स्कुलमा सर्वसाधारणलाई केही खुकुलो |
| १९३४ | राजकीय प्रधान संस्कृत पाठशाला रानी पोखरीमा स्थापना |
| १९५७ | भाषा पाठशाला गोस्वारा स्थापना |
| १९५८ | गोरखापत्रको प्रकाशन, १५० ओटा भाषा पाठशालाको स्थापना, नेपाली भाषामा पठनपाठनको सुरुआत |
| १९७२ | उपत्यकाबाहिर सिराहामा पहिलो अङ्ग्रेजी स्कुल चन्द्र मिडिल स्कुलको स्थापना |
| १९७५ | त्रिचन्द्र कलेजको स्थापना |
| १९७७ | बन्दोबस्त इन्स्पेक्टरी अफिस खडा |
| १९७७ | मकैको खेती पर्व काण्ड |
| १९८७ | टेक्निकल स्कुलको स्थापना |
| १९८९ | कृषि स्कुलको स्थापना |
| १९९० | एसएलसी परीक्षा बोर्डको स्थापना |
| १९९३ | शिक्षा बोर्डको गठन |
| १९९४ | पास जाँच अड्डाको नयाँ सवाल प्रकाशन जसअनुसार मध्यम परीक्षा "क" मेल र "ख" मेल गरी दिन पाइने व्यवस्था |
| १९९६ | शिक्षा  सम्बन्धी इस्तिहार जारी |
| २००४ | आधार शिक्षण केन्द्र स्थापना |
| २००५ | विश्वविद्यालय योजना सभा गठन |
| २००७ | शिक्षा मन्त्रालयको स्थापना |
| २००८ | तत्कालीन राजा श्री ५ त्रिभुवनबाट महाविद्यालय उद्घाटन |
| २००८ | पुरातत्त्व विभागको स्थापना |
| २०११ | "नेपालमा शिक्षा" नामक शिक्षा क्षेत्रको पहिलो प्रतिवेदन सार्वजनिक |
| २०१२ | शिक्षा सामग्री केन्द्रको स्थापना (हालको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड) |
| २०१३ | योजनाबद्ध प्रौढ शिक्षाको सुरुवात |
| २०१६ | नेशनल एजुकेसनल काउन्सिल खडा |
| २०१६ | त्रिभुवन विश्वविद्यालयको स्थापना |
| २०१८ | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन तथा प्रतिवेदन प्रस्तुत |
| २०१८ | परीक्षा सम्बन्धी कार्य गर्ने अड्डालाई परीक्षा नियन्त्रण कार्यालयमा गाभिएको |
| २०१९ | शिक्षा ऐन जारी |
| २०२० | झापा जिल्लाको बुधबारेमा नि:शुल्क प्राविधिक शिक्षाको उद्घाटन |
| २०२३ | पहिलो शिक्षा नियमावली प्रकाशन |
| २०२३ | अध्यापन अधिकार पत्रको व्यवस्था |
| २०२३ | संस्कृत शिक्षामा सुधार गर्नका लागि परामर्श दातृ समिति गठन |
| २०२३ | Science Teaching Enrichment Program (STEP)कार्यक्रम लागू गर्न USAID सँग सम्झौता |
| २०२४ | शिक्षा सामग्री केन्द्रको उद्घाटन |
| २०२४ | राष्ट्रिय सल्लाहकार परिषद् गठन |
| २०२५ | शिक्षा ऐन जारी |

| साल (वि.सं.) | महत्त्वपूर्ण शैक्षिक घटना |
|---|---|
| २०२७ | शिक्षा नियमहरू जारी |
| २०२७ | अञ्चल शिक्षा अधिकारी कार्यालय खारेजी |
| २०२८ | राष्ट्रिय शिक्षा पद्धतिको योजना तयार गरी नयाँ शिक्षा व्यवस्था लागू |
| २०२८ | शिक्षा ऐन २०२८ जारी भई पाँच वर्षमा देशभर चरणगत रूपमा लागू |
| २०२८ | Equal Access of Women to Education Program पोखरामा लागू |
| २०३० | निमावि निरीक्षक हटाई प्राविनि र माविनि रहने व्यवस्था |
| २०३० | विशेष शिक्षा परिषद् गठन |
| २०३१ | नि:शुल्क प्राथमिक शिक्षा घोषणा |
| २०३७ | रेडियोबाट शिक्षक तालिम प्रसारण प्रारम्भ |
| २०३७ | निजी क्षेत्रमा विद्यालय कलेज स्थापना गर्न स्वीकृति प्रदान |
| २०३८ | पाठ्यक्रम कार्यान्वयन योजना |
| २०३९ | रणधीर सुब्बा अध्यक्षतामा शाही उच्च शिक्षा आयोग गठन भई २०४० मा प्रतिवेदन पेस गरेको |
| २०३९ | एसियाली विकास बैङ्कको सहयोगमा विज्ञान शिक्षा परियोजना लागू |
| २०४१ | विश्व विकास बैङ्कको ऋण सहयोग र युनिसेफको प्राविधिक सहयोगमा प्राथमिक शिक्षा परियोजना शुरु |
| २०४२ | पञ्चायत रजत जयन्तीको उपलक्ष्यमा २०५७ सालसम्ममा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउने आधारभूत आवश्यकता कार्यक्रम घोषणा |
| २०४३ | दाङको बेलझुन्डीमा संस्कृत विश्वविद्यालयको स्थापना र यही सालमा शिक्षा शास्त्र संस्थानलाई सङ्कायमा परिणत |
| २०४६ | उच्च माध्यमिक शिक्षा ऐन जारी |
| २०४६ | उच्च माध्यमिक शिक्षा परिषद् गठन |
| २०४८ | निजी क्षेत्रको पहिलो विश्वविद्यालय काठमाडौँ विश्वविद्यालय स्थापना |
| २०४९ | वि. सं. २०४७ साल फाल्गुन १४ गते गठित आयोगले तयार गरेको राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन सार्वजनिक |
| २०४९ | उच्च माध्यमिक शिक्षा सञ्चालन |
| २०५२ | मुस्लिम शिक्षामार्फत शिक्षण गराउने मनसायले महमूद आलम खाँको अध्यक्षतामा मदरसा जाँचबुझ कार्य समिति गठन |
| २०५५ | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक |
| २०५६ | जेठ ९ गते शिक्षा विभागको पुन: स्थापना |
| २०५८ | शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन सार्वजनिक |
| २०५८ | शिक्षा ऐनको सातौँ संशोधनमार्फत सामुदायिक र संस्थागत गरी दुई प्रकारका विद्यालय रहने व्यवस्था |
| २०६० | कक्षा १ मा अङ्ग्रेजी विषय अनिवार्य |
| २०६९ | शिक्षा मन्त्रालय केसरमहलबाट सिंहदरबार सरेको, गेस पेपरमा प्रतिबन्ध लगाएको |
| २०७० | शिक्षा मन्त्रालयको पुन: संरचना, वि सं २०५२ सालपश्चात् पहिलो पटक शिक्षक सेवा आयोगबाट शिक्षक पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन |
| २०७१ | एसएलसी परीक्षामा लेटर ग्रेडिङ पद्धति अपनाउने निर्णय |
| २०७२ | एसएलसी परीक्षामा पहिलो पटक सम्मिलित प्राविधिक शिक्षा धारका विद्यार्थीहरूको नतिजा लेटर ग्रेडिङ पद्धतिमा प्रकाशन |
| २०७३ | शिक्षा ऐनमा भएको आठौं संशोधन बाट राष्ट्रिय परीक्षा बोर्डको गठन |

**विद्यालय शिक्षाको वर्तमान अवस्था *(फ्ल्यास प्रतिवेदन पहिलो २०७३ अनुसार)***

१. नेपालमा हाल बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरू कुल ३६०९३ रहेका छन् । तीमध्ये ३०४४८ समुदायमा र ५६०४५ निजी स्तरमा सञ्चालित छन् । चार वर्ष उमेर समूहको जनसङ्ख्या र बाल विकास केन्द्रमा भर्ना भएका बाल बालिकाको सङ्ख्याको आधारमा बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको कुल भर्नादर *(GER)* ८२.९ रहेको छ, जसमा ८३.१ प्रतिशत छात्रा र ८२.७ प्रतिशत छात्र रहेका छन् ।

२. देशभर कुल ३५२२२ विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसमध्ये प्राथमिक तहका सबैभन्दा बढी ३४७३६ विद्यालयहरू सञ्चालित छन् भने निम्न माध्यमिक र आधारभूत विद्यालयको सङ्ख्या क्रमश: १५१७० र ३४९२० रहेका छन् । त्यसैगरी माध्यमिक तहमा (कक्षा ९ र १०) ९०८४ र उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) सञ्चालित ३६७३ विद्यालयहरू रहेका छन् । कक्षा ९-१२ सञ्चालन भएका माध्यमिक तहका विद्यालयहरू भने ९३७९ ओटा छन्।

३. कुल ३५२२२ विद्यालयहरूमध्ये १०६६ विद्यालयहरू धार्मिक विद्यालयका रूपमा (मदरसा, गुम्बा/विहार, आश्रम/गुरुकुल) सञ्चालनमा रहेका छन् ।

४. पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा क्रमश: ९७३४१३, ४१३५२५३, १८५९३५९, ९५८५०२ र ४९२९८४ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

५. तहगत रूपमा सहजै देखिने भर्नादर र कुल भर्नादर निम्नानुसार रहेको छ :

| तह | सहजै देखिने भर्नादर | | | कुल भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्राथमिक तह *(१–५)* | १३८.० | १२९.२ | १३३.६ | ९६.६ | ९७.३ | ९६.९ |
| निम्न माध्यमिक तह *(६–८)* | १०४.२ | १०२.३ | १०३.३ | ८१.५ | ८०.३ | ८०.९ |
| आधारभूत तह *(१-८)* | १२५.४ | ११९.५ | १२२.४ | ९०.९ | ९१.१ | ९१.० |
| माध्यमिक तह *(९–१०)* | ७७.७ | ८०.५ | ७९.० | ५८.९ | ६०.९ | ५९.८ |
| माध्यमिक तह *(११–१२)* | ४०.८ | ३९.९ | ४०.४ | १९.० | १७.३ | १८.२ |
| माध्यमिक तह *(९–१२)* | ५८.९ | ६०.४ | ५९.६ | ३८.६ | ३९.३ | ३८.९ |

६. तहगत रूपमा विद्यालयमा रहेको शिक्षक विवरण निम्नानुसार रहेको छ :

| तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्राथमिक तह *(१– ५)* | ८६९४२ | ११०८५५ | १९७७९७ |
| निम्न माध्यमिक तह *(६–८)* | १५८०९ | ३८८१५ | ५४६२४ |
| आधारभूत तह *(१–८)* | १०२७५१ | १४९६७० | २५२४२१ |
| माध्यमिक तह *(९–१०)* | ७३५७ | ३२८८८ | ४०२४५ |
| माध्यमिक तह *(११–१२)* | ३३०३ | १६७१८ | २००२१ |
| माध्यमिक तह *(९–१२)* | १०६६० | ४९६०६ | ६०२६६ |

**शिक्षाको वर्तमान संरचना**

| कक्षा | शिक्षा | तह | | |
|---|---|---|---|---|
| | उच्च शिक्षा | विद्यावारिधि तीनदेखि सात वर्ष | | |
| | | एम.फिल. १.५ वर्ष | | |
| | | स्नातकोत्तर दुईदेखि तीन वर्ष | | |
| | | स्नातक तीनदेखि पाँच वर्ष | | |
| | माध्यमिक शिक्षा | | | प्राविधिक डिप्लोमा तीन वर्ष |
| १२ | | उच्च माध्यमिक तह दुई वर्ष | प्राविधिक प्रवेशिका | |
| ११ | | | | |
| १० | | माध्यमिक तह दुई वर्ष | वैकल्पिक शिक्षा : खुला विद्यालय माध्यमिक तह —एक वर्ष | |
| ९ | | | | |
| ८ | आधारभूत शिक्षा | निम्न माध्यमिक तह तीन वर्ष | वैकल्पिक शिक्षा : खुला विद्यालय निम्न माध्यमिक तह– दुई वर्ष | |
| ७ | | | | |
| ६ | | | | |
| ५ | | प्राथमिक तह पाँच वर्ष | वैकल्पिक शिक्षा : अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम तीन वर्ष (आठदेखि १४वर्ष उमेर समूह) | |
| ४ | | | | |
| ३ | | | | |
| २ | | | | |
| १ | | | | |
| ० | प्रारम्भिक बाल शिक्षा | पूर्व प्राथमिक तह÷बाल विकास केन्द्र : एकदेखि दुई वर्ष (तीनदेखि चार वर्ष उमेर समूह) | | |

शिक्षाको राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय अभ्यास र परिवर्तित सन्दर्भमा नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको कायम गरिएको छ। विद्यालय शिक्षाको जम्मा अवधि बाह वर्षको भएको छ। आधारभूत तहको शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई हुनेछ। यस संरचनाअनुसार आधारभूत तह कक्षा एकदेखि कक्षा आठसम्म र माध्यमिक तह कक्षा ९ देखि कक्षा १२ सम्म निर्धारण गरिएको छ।

**शिक्षाका राष्ट्रिय उद्देश्यहरू**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले तय गरेका र समय समयमा परिमार्जन गरेपछि हाल नेपालका शिक्षाका राष्ट्रिय उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्त्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने
२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी जीवन्त अनभुवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने
३. स्थानीय तथा राष्ट्रिय स्तरमा व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्ने
६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने
७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने
८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावना विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने
९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने
११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको सरंक्षण र विस्तारतफ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने
१२. प्राकृतिक एवम् दैवी प्रकोपप्रति सचेत रही सम्बन्धित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने ।

**विद्यालय शिक्षाका तहगत उद्देश्यहरू**

**क. बाल विकास शिक्षाका उद्देश्यहरू**

आधारभूत तहमा बाल बालिकाको सरल समायोजनका लागि उनीहरूलाई सम्पूर्ण (शारीरिक तथा मनोवैज्ञानिक) रूपले तयार पार्नु बाल विकास शिक्षाको प्रमुख उद्देश्य हो । विशेष गरी बाल विकास शिक्षाका अन्य उद्देश्यहरू निम्नानुसार छन् :

१. शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक सिर्जनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु
२. सफा सुग्घर रहने बानीको विकास गर्नु
३. सामाजिक मूल्यअनुरूप व्यवहार गर्ने बानीको विकास गर्नु
४. विद्यालयप्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु
५. आधारभूत शिक्षाका लागि तयार पार्नु ।

**ख. आधारभूत शिक्षाका सक्षमताहरू (कक्षा १–८)**

आधारभतू शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बाल बालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्नुपर्दछ । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने र सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बाल बालिकाहरू आफ्ना विचारहरू आदान प्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । आधारभतू शिक्षाको नयाँ पाठ्यक्रमअनुसार आधारभूत शिक्षाका सक्षमताहरू निम्नबमोजिम निर्धारण गरिएका छन् :

१. भाषिक, तार्किक तथा व्यावहारिक गणितीय सीप विकास र प्रयोग
२. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको प्रयोग
३. जनसङ्ख्या, वातावरण र दीगो विकासको व्यवस्थापनमा सहयोग
४. वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त, नियम र खोज तथा अनुसन्धानको उपयोग एवम् प्रकृति र जीवबिचको अन्तरसम्बन्ध बोध
५. स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास
६. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सामान्य व्यावसायिक सीपको प्रयोग
७. कला र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन
८. व्यावहारिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण तथा समाधान

### ग. माध्यमिक शिक्षाका उद्देश्यहरू (कक्षा ९–१२)

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । परिवर्तित पाठ्यक्रमअनुसार माध्यमिक शिक्षाका उद्देश्यहरू निम्न लिखित छन् :

१. देशको बहु सांस्कृतिक र लोकतान्त्रिक मूल्य मान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु
२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्नु
३. इमान्दारी, आत्म निर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेही, आत्म विश्वास जस्ता गुणको विकास गर्नु
४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु
५. दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

### घ. माध्यमिक शिक्षा (कक्षा ९–१०) पाठ्यक्रम, २०७१ अनुसार तहगत सक्षमता

सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सीप र क्षमतालाई अद्यावधिक गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्द्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दीगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दीगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सीप, सूचना, सञ्चार र प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सीपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णु भाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताहरूले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने नागरिक तयार गर्नु माध्यमिक शिक्षाको मार्गदर्शन हो । यसका लागि कक्षा ९ र १० का विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ:

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सह अस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापमा आत्म विश्वासका साथ भाषिक सीपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. दैनिक व्यवहारमा आइपर्ने गणितीय समस्या पत्ता लगाई समाधान गर्ने क्षमताको विकास
६. जीवन जगत् र व्यवहारसँगको तादात्म्य बोध गरी समाज सापेक्ष व्यवहार निर्माण
७. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र सम्बर्द्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
८. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
९. विज्ञान र समाजको अन्तरसम्बन्ध पहिचानसहित समसामयिक प्रविधिलाई व्यावसायिक प्रवर्द्धन र मानव हितमा प्रयोग
१०. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सीपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

## उच्च शिक्षाको उद्देश्य

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको सुझावअनुसार उच्च शिक्षाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. राष्ट्रिय पहिचान, देशभक्ति, सांस्कृतिक सचेतता, नैतिकता तथा आत्मिक उन्नयनको प्रबर्द्धन गर्नु
२. राष्ट्रिय विकासका निम्ति आवश्यक उच्च स्तरीय प्रविधि र सीप प्रदान गर्नु
३. राष्ट्रको सर्वाङ्गीण विकासका निम्ति नेतृत्व प्रदान गर्न सक्ने पेसाहरूको विकास गर्नु
४. अध्ययन अनुसन्धानद्वारा मानवीय जीवनको गुणस्तरमा सुधार गर्ने तथा परिवर्तनशील सामाजिक आवश्यकता र अवस्थाअनुरूप परिवर्तित हुँदै जाने ज्ञानका नयाँ नयाँ क्षितिजहरूको विस्तार गर्नु
५. सिर्जनात्मक तथा विश्लेषणात्मकताका साथै वैज्ञानिक चिन्तन प्रणाली अँगाली प्राज्ञिक स्वतन्त्रतालाई अक्षुण्ण राख्दै नवीन चिन्तन र प्रविधिहरूको प्रतिपादन गर्नु
६. मानव अधिकारको सम्मान, नागरिक अधिकारको सुदृढीकरण, प्रजातान्त्रिक मूल्य र मान्यताको सम्बर्द्धन गर्दै न्यायपूर्ण समाजको सिर्जना गर्नु
७. अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नु
८. नेतृत्वदायी क्षमताको निर्माण तथा विकास गर्नु

## शिक्षाको व्यवस्थापकीय संरचना

नेपालमा शिक्षा सम्बन्धी नीति निर्माण र समस्त योजना, कार्यक्रमको समन्वयका लागि शिक्षा मन्त्रालय रहेको छ । उच्च शिक्षाको नीति निर्माणमा सहयोग र सञ्चालनको समन्वय विश्वविद्यालय अनुदान आयोगले गर्दछ भने विश्वविद्यालयहरू आफ्ना कार्यहरू सञ्चालन गर्नका लागि स्वतन्त्र रहेका छन् । शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागले विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्दछ । शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूमार्फत शैक्षिक योजना कार्यान्वयन, अनुगमन र व्यवस्थापन गर्दछ । प्रत्येक विद्यालयमा रहेको व्यवस्थापन समिति विद्यालयको सञ्चालन र व्यवस्थापनमा जिम्मेवार हुन्छन् ।

शिक्षक विकासका लागि केन्द्रीय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र रहेको छ भने यसअन्तर्गत २९ ओटा तालिम केन्द्रहरू रहेका छन् । यी तालिम केन्द्रहरूले शिक्षकहरूका लागि विभिन्न किसिमका तालिम सञ्चालन गर्दछन् । केही विद्यालयहरूको समूहमा स्थापित स्रोतकेन्द्रहरूबाट शिक्षक र विद्यालयलाई शिक्षण सिकाइमा सुधारका लागि सहयोग गर्ने व्यवस्था पनि गरिएको छ । हाल देशभर जम्मा १०५३ स्रोतकेन्द्रहरू सञ्चालित छन् । पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय शिक्षा निर्देशनालयहरूले पनि कार्यक्रम सञ्चालनको अनुगमन र समन्वयमा सहयोग गर्दछन् ।

शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय स्तरमा परीक्षाको प्रबन्ध र व्यवस्थापनका लागि परीक्षा नियन्त्रण कार्यालय, पाठ्यक्रम पाठ्यपुस्तक विकास र परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि अनौपचारिक शिक्षा केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि शिक्षक किताबखाना र विद्यालय शिक्षाको गुणस्तर परीक्षण गरी सुझाव दिन शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् ।

उच्च माध्यमिक तहको सम्बन्धन प्रदान गर्ने र परीक्षा सञ्चालन गर्ने कार्य उच्च माध्यमिक शिक्षा परिषद्बाट हुँदै आएकोमा हाल कक्षा ११ र १२ को सम्बन्धन प्रदान गर्ने कार्य शिक्षा विभागबाट र परीक्षा सञ्चालन सम्बन्धी कार्य राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन भइरहेको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू (विश्वविद्यालयका कार्यक्रमहरूबाहेक), जसअन्तर्गत छोटो अवधिको तालिम, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन र सीप परीक्षण गर्ने कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत भइरहेको छ ।

शिक्षा मन्त्रालयअन्तर्गत दुई ओटा केन्द्रीय पुस्तकालयहरू (राष्ट्रिय पुस्तकालय र केसर पुस्तकालय) र एउटा स्वायत्त पुस्तकालय (डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय) सञ्चालनमा रहेका छन् । पाठ्यपुस्तकहरू तथा अन्य शैक्षिक सामग्रीहरूको छपाइ र वितरणका लागि सरकारी स्वामित्वसहितका संस्थानहरू जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन पनि रहेका छन् ।

## शिक्षाको प्रशासनिक व्यवस्थापकीय संरचना



**सन्दर्भ सामग्री**

*DoE (2016). Flash Report I 2073 (2015/16). Sanothimi: DOE.*

*Reported data received from HSEB ( 2073), UGC ( 2073) and CTEVT (2073).*

अर्थ मन्त्रालय *(२०७३),* आर्थिक सर्वेक्षण २०७२/०७३, काठमाडौं*:* नेपाल सरकार ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग *(२०५५),* उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन–२०५५, काठमाडौँ *:* उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग ।

केन्द्रीय तथ्याङ्क विभाग *(२०६९),* राष्ट्रिय जनगणना २०६८ को अन्तिम नतिजा, काठमाडौँ*:* केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग *(२०७१).* नेपालको तथ्याङ्कीय झलक २०६९. काठमाडौँ *:* राष्ट्रिय योजना आयोग ।

पाठ्यक्रम विकास केन्द्र *(२०६३),* राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, सानोठिमी, भक्तपुर *:* पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय शिक्षा आयोग *(२०४९),* राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९, काठमाडौँ*:* राष्ट्रिय शिक्षा आयोग ।

राष्ट्रिय योजना आयोग *(२०७३).* चौधौं योजना, आ.व.२०७३/७४–२०७५/७६, काठमाडौँ*:* नेपाल सरकार ।

युएनडिपी *(२०१४).* मानव विकास रिर्पोट २०१४, न्युयोर्क*.:* युनाइटेड नेसन्स डेभलपमेन्ट प्रोग्राम ।

शाही उच्च शिक्षा आयोग *(२०४०),* शाही उच्च शिक्षा आयोगको प्रतिवेदन, २०४०, काठमाडौँ *:* शाही उच्च शिक्षा आयोग ।

## खण्ड ख: शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूको परिचय

१. शिक्षा मन्त्रालय
२. शिक्षा विभाग
३. पाठ्यक्रम विकास केन्द्र
४. शैक्षिक जनशक्ति विकास केन्द्र
५. परीक्षा नियन्त्रण कार्यालय
६. अनौपचारिक शिक्षा केन्द्र
७. शिक्षक सेवा आयोग
८. विद्यालय शिक्षक किताबखाना
९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र
१०. क्षेत्रीय शिक्षा निर्देशनालयहरू
११. जिल्ला शिक्षा कार्यालयहरू
१२. स्रोतकेन्द्रहरू
१३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय
१४. राष्ट्रिय परीक्षा बोर्ड
१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
१६. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
१७. विश्वविद्यालय अनुदान आयोग
१८. विश्वविद्यालय तथा प्रतिष्ठानहरू
१९. नेपाल राष्ट्रिय पुस्तकालय
२०. केसर पुस्तकालय
२१. डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय
२२. साझा प्रकाशन

# शिक्षा मन्त्रालय

## पृष्ठभूमि

विक्रम संवत् २००७ मा शिक्षा मन्त्रालयको स्थापना भएको हो । राष्ट्रको शिक्षा सम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरको शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्ने यस मन्त्रालयको दायित्व र जिम्मेवारी रहिआएको छ । शिक्षा मन्त्रालयमा शिक्षा मन्त्रीको मातहतमा राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवले प्रशासकीय तथा कार्यकारी प्रमुखका रूपमा कार्य गर्दछन् । हाल शिक्षा मन्त्रालयमा कर्मचारीको दरबन्दी १७२ रहेको छ । कूल दरबन्दीमध्ये राजपत्राङ्कित विशिष्ट श्रेणी १, प्रशासन सेवा र शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणी क्रमशः १ र ४ गरी ५, विभिन्न सेवा र समूहका राजपत्राङ्कित द्वितीय श्रेणी ३९, राजपत्राङ्कित तृतीय श्रेणी ४१, राजपत्र अनङ्कित प्रथम श्रेणी ३४, राजपत्र अनङ्कित द्वितीय श्रेणी १५ र श्रेणीविहीन ३७ जना रहेका छन् ।

## दूरदृष्टि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवम् उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## ध्येय

१. गरिब र पिछडिएका क्षेत्रका निरक्षर प्रौढहरूलाई लक्षित गरी कार्यगत साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
२. पूर्व प्राथमिक शिक्षाको विकास र विस्तार गर्ने ।
३. निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्ने ।
४. रोजगारमुखी, दक्षतामा आधारित व्यावसायिक शिक्षा र तालिमको विस्तार र विकास गर्ने ।
५. ज्ञानमा आधारित समाजको सिर्जनाका लागि उच्च शिक्षालाई विस्तार र विकास गर्ने ।
६. सकारात्मक सामाजिक परिवर्तनका लागि शिक्षाको नीतिलाई विस्तार गर्ने ।

## उद्देश्य

१. सबै तह र विषयको शिक्षामा समान पँहुच विस्तार गर्ने ।
२. सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने ।
३. शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने ।
४. समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहीमा अभिवृद्धि गर्ने ।

## रणनीति

१. प्रारम्भिक बाल विकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने ।
२. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९–१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
३. प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने ।
४. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउँदै नियमनका पूर्वाधार विकास र अवसरहरूको विविधीकरण गर्ने ।
५. साक्षरतालाई उत्पादकत्वसँग आबद्ध गरी अभियानको रूपमा सञ्चालन गर्ने ।
६. विपन्न, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
७. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
८. लगानीको प्रतिफल सुनिश्चित गर्दै जवाफदेही पद्धतिको विकास गर्ने ।

**कार्य क्षेत्र**

शिक्षा मन्त्रालयका मुख्य कार्यक्षेत्रहरू निम्नानुसार रहेका छन् (शिक्षा ऐन, २०२८ संशोधन सहित तथा नेपाल सरकार, कार्य विभाजन नियमावली, २०७२ अनुसार):

१. शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
२. प्रारम्भिक बाल शिक्षा, आधारभूत, माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षा
३. जनसङ्ख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम
४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा
५. शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन
६. शिक्षण संस्था (गुरुकुल, मदरसा, गुम्बासमेत)
७. खुला प्रतियोगिताबाट छनोट हुनेलाई छात्रवृत्ति, विदेशमा अध्ययन, अनसुन्धान गर्न जाने तथा विदेशीलाई नेपालमा अध्ययन, अनुसन्धानको स्वीकृति
८. प्राज्ञिक अनुसन्धान
९. पाठ्यक्रम तथा पाठ्यपुस्तक
१०. शिक्षा सम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान
११. पुस्तकालय र वाचनालय
१२. शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय
१३. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौता
१४. संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ (युनेस्को)
१५. विश्वविद्यालय तथा अध्ययन संस्थान
१६. विश्वविद्यालय अनुदान आयोग
१७. जनक शिक्षा सामग्री केन्द्र
१८. साझा प्रकाशन
१९. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूहबाहेक)।

शिक्षा मन्त्रालय स्वयंले मुलुकभरको शिक्षाको व्यवस्थापन र शैक्षिक सेवा प्रदान गर्दछ। यसअन्तर्गतका केन्द्रीय स्तरका निकायहरू कार्यक्रमहरूको कार्यान्वयन र तिनीहरूको अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छन् भने क्षेत्रीय कार्यालयहरू समन्वय र अनुगमन गर्ने निकायको रूपमा रहेका छन्। जिल्ला शिक्षा कार्यालयहरू जिल्लाभित्र शिक्षा सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा रहेका छन्। प्रत्येक विद्यालयमा रहेको विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको छ भने विद्यालयको शिक्षण सिकाइ सुधारका लागि स्रोतकेन्द्रहरूले प्राविधिक सहायता पुऱ्याउने र विद्यालयको सुपरिवेक्षण सम्बन्धी कार्य गर्ने गर्दछन्। शिक्षा मन्त्रालयको कार्य क्षेत्रअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा योजना निर्माण र अनुगमन तथा मूल्याङ्कन पनि रहेको छ। यस कार्यका लागि मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग समेत समन्वय गर्दछ। उच्च शिक्षा सम्बन्धी नीति तथा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयले विश्वविद्यालय अनुदान आयोग र सम्बन्धित विश्वविद्यालयहरूसँग समन्वय गर्दछ।

शिक्षा मन्त्रालयका महाशाखा र शाखाहरू र तिनका कार्यहरू शिक्षा मन्त्रालयले मिति २०७० मंसिर ३० को निर्णयानुसार आन्तरिक र अन्तर्गतका निकायहरूमा नयाँ सङ्गठन पुन: संरचना गरेको छ। यो पुन: संरचनाअनुसार शिक्षा मन्त्री, शिक्षा राज्यमन्त्री, शिक्षा सहायक मन्त्री र शिक्षा सचिवअन्तर्गत निम्न लिखित महाशाखा र अन्तगर्तका शाखाहरू कायम गरिएको छ:

**शिक्षा मन्त्रालयका आन्तरिक महाशाखा तथा शाखाहरू**

**क) प्रशासन महाशाखा** *(सा.प्र., रा.प.प्र. १)*

कर्मचारी व्यवस्थापन तथा विकास, कर्मचारी भर्ना, सरुवा, बढुवा, आर्थिक प्रशासन, सम्पत्ति व्यवस्थापन, ऐन नियम परामर्श र जनसम्पर्क यस महाशाखाका मुख्य कार्यहरू रहेका छन् । यी कार्यहरू सम्पन्न गर्न तल लेखिएका शाखाहरूको समन्वय, नियन्त्रण, अनुगमन, निरीक्षण, मूल्याङ्कन र निर्देशन गर्दछ ।

१. कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा

२. आर्थिक प्रशासन शाखा

३. कानुन तथा फैसला कार्यान्वयन शाखा

४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा

**ख) योजना महाशाखा** *(शि.प्र., रा.प.प्र.१)*

शिक्षाको राष्ट्रिय नीतिअनुरूप वार्षिक तथा आवधिक योजनाहरू तयार गर्ने, शैक्षिक नीतिको विकास तथा विश्लेषण, शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि वैदेशिक सहायताको समन्वय गर्ने जस्ता कार्यहरू यस महाशाखाका कार्यहरू हुन् । यी कार्यहरू सम्पन्न गर्न यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू रहेका छन् :

१. योजना, कायक्रम तथा बजेट शाखा (क)

२. योजना, कार्यक्रम तथा बजेट शाखा (ख)

३. वैदेशिक सहायता समन्वय शाखा (क)

४. वैदेशिक सहायता समन्वय शाखा (ख)

५. पुस्तकालय समन्वय शाखा

६. मानव संसाधन विकास तथा परिवर्तन व्यवस्थापन शाखा

७. सञ्चार (मिडिया) समन्वय शाखा

८. नीति निर्धारण समितिको सचिवालय

९. युनेस्का समन्वय शाखा

**ग) शैक्षिक व्यवस्थापन महाशाखा** *(शि.प्र., रा.प.प्र. १)*

विद्यालय शिक्षा सम्बन्धी कार्यहरू यस महाशाखाको मुख्य कार्य रहेको छ । यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू रहेका छन् :

१. आधारभूत शिक्षा शाखा

२. माध्यमिक शिक्षा शाखा

३. प्रारम्भिक बाल विकास, वैकल्पिक तथा खुला शिक्षा समन्वय शाखा

४. विद्यालय सम्पत्ति व्यवस्थापन शाखा

५. अनुसन्धान तथा शैक्षिक मापदण्ड निर्धारण शाखा

६. राष्ट्रिय स्वयम् सेवा परिचालन शाखा

**घ) उच्च तथा प्राविधिक शिक्षा महाशाखा** *(शि.प्र., रा.प.प्र. १)*

उच्च तथा प्राविधिक शिक्षा, छात्रवृत्ति सम्बन्धी कार्यहरू यस महाशाखाका मुख्य कार्यहरू रहेका छन् । यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू रहेका छन् :

१. उच्च शिक्षा शाखा

२. प्राविधिक शिक्षा शाखा

३. शिक्षण संस्था समन्वय शाखा
४. अन्तर्राष्ट्रिय स्वयम् सेवा परिचालन तथा प्रवेशाज्ञा *(भिसा)* सिफारिस
५. छात्रवृत्ति शाखा
६. शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा
७. वैदेशिक अध्ययन अनुमति पत्र व्यवस्थापन शाखा

ङ) **अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा** *(***शि.प्र., रा.प.प्र. १***)*

कार्यक्रम कार्यान्वयनको अनुगमन, शैक्षिक सूचना व्यवस्थापनका कार्यहरू, मन्त्रालयको सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन तथा निरीक्षण सम्बन्धी कार्यहरूको संयोजन गर्ने यस महाशाखाका मुख्य कार्यहरू रहेका छन् । यो महाशाखाअन्तर्गत निम्न लिखित शाखाहरू रहेका छन्*:*

१. अनुगमन तथा मूल्याङ्कन शाखा
२. कार्यक्रम अनुगमन समन्वय शाखा
३. शैक्षिक सूचना व्यवस्थापन शाखा
४. जन गुनासो व्यवस्थापन शाखा
५. सूचना तथा सञ्चार प्रविधि शाखा
६. शासकीय सुधार तथा निरीक्षण शाखा
७. पोषण तथा खाद्य सुरक्षा अनुगमन शाखा

शिक्षा मन्त्रालयसँग सम्बन्धित र अन्तर्गतका निकायको स्वरूप निम्नानुसार रहेको छ *:*

**केन्द्रीय निकायहरू**

क) शिक्षा विभाग
ख) पाठ्यक्रम विकास केन्द्र
ग) परीक्षा नियन्त्रण कार्यालय
घ) शैक्षिक जनशक्ति विकास केन्द्र
ङ) अनौपचारिक शिक्षा केन्द्र
च) विद्यालय शिक्षक किताबखाना
छ) शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**क्षेत्रीय निकायहरू**

क) पाँच क्षेत्रीय शिक्षा निर्देशनालयहरू *:* पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल
ख) शैक्षिक तालिम केन्द्रहरू २९ ओटा

**जिल्ला स्तरका निकायहरू**

क) ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरू

**स्थानीय स्तरका निकायहरू**

क) स्रोतकेन्द्रहरू *(१०५३)*
ख) विद्यालयहरू *(३५२२२)*

**आयोगहरू**

क) विश्वविद्यालय अनुदान आयोग
ख) शिक्षक सेवा आयोग
ग) युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

**विश्वविद्यालयहरू**

क) त्रिभुवन विश्वविद्यालय
ख) नेपाल संस्कृत विश्वविद्यालय
ग) काठमाडौ विश्वविद्यालय
घ) पूर्वाञ्चल विश्वविद्यालय
ङ) पोखरा विश्वविद्यालय
च) लुम्बिनी बौद्ध विश्वविद्यालय
छ) सुदूर पश्चिमाञ्चल विश्वविद्यालय
ज) मध्य पश्चिमाञ्चल विश्वविद्यालय
झ) कृषि तथा पशु विज्ञान विश्वविद्यालय

**परिषद**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद

**बोर्ड**

क) राष्ट्रिय परीक्षा बोर्ड

**केन्द्रीय पुस्तकालयहरू**

क) नेपाल राष्ट्रिय पुस्तकालय
ख) केसर पुस्तकालय
ग) डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय

**संस्थानहरू**

क) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
ख) साझा प्रकाशन

**प्रतिष्ठानहरू *(स्वाथ्य मन्त्रालयसँग आबद्ध)***

क) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
ख) बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
ग) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
घ) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

# संगठन संरचना

| | | | | | |
|---|---|---|---|---|---|
| सचिव | विशिष्ट | १ | प्राविधिक सहायक | रा.प.अनं.प्र. .प्र, शि.प्र | ३ |
| सह-सचिव | रा.प.प्र. प्र, सा.प्र | १ | पुस्तकालय सहायक | रा.प.अनं.प्र. शि.पु.वि. | १ |
| सह-सचिव | रा.प.प्र. प्र, शि.प्र | ४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. वि. | ४ |
| उप-सचिव | रा.प.द्वि.प्र, सा.प्र | ३ | टेलिफोन अपरेटर | रा.प.अनं.प्र.वि. | १ |
| उप-सचिव | रा.प.द्वि. प्र, शि.प्र | ३३ | ईलेक्ट्रिसियन | रा.प.अनं.प्र.मे.ई. ई | १ |
| उपसचिव | रा.प.द्वि.प्र.ले. | १ | टाईपिष्ट | वेगअनुसार प्र | १४ |
| उपसचिव | रा.प.द्वि.का.न्या | १ | खरीदार | रा.प.अनं.द्वि. सा.प्र.प्र | १ |
| वरिष्प पु. अधिकृत | रा.प.द्वि. शि.पु.वि. | १ | ह.सवारी चालक | विहीन | ८ |
| श. अ. | रा.प.तृ.प्र, सा.प्र | १८ | पियन वा सो सरह | विहीन | २२ |
| लेखा .अ. | रा.प.तृ.प्र, ले | २ | पाले | विहीन | २ |
| शाखा .अ. | रा.प.तृ.प्र, शि.प्र | १८ | माली | विहीन | २ |
| क. .अ. | रा.प.तृ. | ३ | कुचीकार | विहीन | ३ |
| ना.सु. | रा.प.अनं.प्र.प्र, सा.प्र | २३ | जम्मा | | १७३ |
| लेखापाल | रा.प.अनं.प्र. | २ | | | |

**माननीय मन्त्री**
रा.प.द्वि.सा.प्र.-१, रा.प.तृ.सा.प्र. -१, ना.सु.-१, क.अ.-१

**माननीय राज्य मन्त्री**

**त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वान्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनि बौद्ध विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुदुर पश्चिमाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन**

**सचिव**
विशिष्ट श्रेणी-१, रा.प.तृ.सा.प्र. -१, क.अ.-१

विभाग/केन्द्रिय निकायहरु : ७
पुस्तकालयहरु ३
क्षेत्रीय शिक्षा निर्देशनालयहरु : ५
जिल्ला शिक्षा कार्यालयहरु : ७५
शैक्षिक तालिम केन्द्र : २९

## प्रशासन महाशाखा
रा.प.प्र.सा.प्र.-१, ना.सु.-१

**कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा**
रा.प.द्वि.सा.प्र.-१, रा.प.तृ.सा.प्र.-३ ना.सु.-४, टा.ना.सु.-१, क.अ.-१, खरिदार-१

**आर्थिक प्रशासन शाखा**
रा.प.द्वि,प्र.लेखा-१, लेखा अधिकृत रा.प.तृ.-२, लेखापाल-२, टा. ना.सु.-१,

**कानून तथा फैसला कार्यान्वयन**
रा.प.द्वि.कानून-१ शा.अ.शि.प्र.-१, ना.सु.-१, टा.ना.सु.-१

**आन्तरिक प्रशासन तथा सम्पति व्यवस्थापन शाखा**
रा.प.द्वि.सा.प्र.-१, रा.प.तृ.सा.प्र.-२, ना.सु.-२, इलेक्ट्रिसियन-१ टेलिफोन अपरेटर-१ हलुका सवारी चालक-८, श्रेणी विहीन २९ (पियन-२२, मालि-२, पाले-२, कुचिकार-३)

**नीति निर्धारण समितिको सचिवालय**
रा.प.द्वि.शि.प्र.-२, रा.प.तृ.सा.प्र.-१, क.अधिकत रा.प.त.वि.-१.

## योजना महाशाखा
रा.प.प्र.शि.प्र.-१, ना.सु.-१

**योजना कार्यकम तथा बजेट (क)**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, टा.ना.सु.-१,

**योजना कार्यकम तथा बजेट (ख)**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, क.अ.-१

**बैदेशिक सहायता समन्वय (क)**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु.सा.प्र.-१,

**बैदेशिक सहायता समन्वय (ख)**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, टा.ना.सु.-१,

**पुस्तकालय समन्वय**
रा.प.द्वि.पु.वि.-१, क.अधिकृत रा.प.तृ.वि.-१, ना.सु.१,

**मानव संसाधन विकास**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.स .-१,

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग**
रा.प.द्वि.शि.प्र.-२, शा.अ.सा.प्र.-१, पु.स.शि.प्र.-१

**संचार समन्वय**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, टा.ना.सु.-१,

## शैक्षिक व्यवस्थापन महाशाखा
रा.प.प्र.शि.प्र.-१, ना.सु.-१

**आधरभूत शिक्षा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु.-१,

**माध्यमिक शिक्षा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, ना.सु.-१,

**प्रारम्भीक बाल विकास बैकल्पीक तथा खुला शिक्षा समन्वय**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, टा.ना.सु.-१,

**विद्यालय सम्पत्ति व्यवस्थापन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-शा.अ.१,

**अनुसन्धान तथा शैक्षिक मापदण्ड निर्धारण**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, टा.ना.सु.-१,

**राष्ट्रिय स्वयम् सेवा परिचालन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, टा.ना.सु.-१,

## उच्च तथा प्रविधिक शिक्षा महाशाखा
रा.प.प्र.शि.प्र.-१, ना.सु.-१

**उच्च शिक्षा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु.-१,

**प्राविधिक शिक्षा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु.-१,

**शिक्षण संस्था समन्वय**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, ना.सु.-१,

**अन्तराष्ट्रिय स्वयम् सेवा परिचालन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, टा.ना.सु.-१,

**छात्रवृत्ति शाखा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, प्रा.स. शि.प्र.१ टा.ना.सु.-१,

**शैक्षिक परामर्श तथा प्रमाणीकरण**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, प्रा.स. शि.प्र.१

**बैदेशिक अध्ययन अनुमतिपत्र**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, रा.प.तृ.सा.प्र.१, प्रा.स. शि.प्र.-१

## अनुगमन ,मूल्यांकन तथा निरीक्षण महाशाखा
रा.प.प्र.शि.प्र.-१, ना.सु.-१

**अनुगमन तथा मूल्याङ्कन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु.-१,

**कार्यक्रम अनुगमन समन्वय**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.-१, टा.ना.सु.-१,

**जनगुनासो व्यवस्थापन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, ना.सु -१,

**शैक्षिक सूचना व्यवस्थापन**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.-१, टा.ना.सु.१,

**शासकीय सुधार तथा निरीक्षण**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.सा.प्र.१, टा.ना.सु.-१,

**पोषण तथा खाद्य सुरक्षा**
रा.प.द्वि.शि.प्र.-१, रा.प.तृ.शि.प्र.१

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
रा.प.द्वि.शि.प्र.-३.

**सूचना तथा संचार प्रविधि**
रा.प.द्वि.शि.प्र.-१, क.अ.रा.प.तृ.वि.१,

# शिक्षा विभाग

**परिचय**

विद्यालय शिक्षाका समग्र नीति, योजना र कार्यक्रमहरूलाई देशव्यापी रूपमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने र शिक्षा नीति तथा योजना निर्माणमा शिक्षा मन्त्रालयलाई सहयोग गर्ने निकायका रूपमा वि.सं. २०५६ साल जेठ ९ गते शिक्षा विभागको स्थापना भएको हो। यसको प्रमुख उद्देश्य विद्यालय तह (कक्षा १-१२) को शिक्षासँग सम्बन्धित कार्यक्रमहरूलाई कार्यान्वयन तहमा सहजीकरण तथा नियमन गर्ने, क्षेत्रीय शिक्षा निर्देशनालयहरू एवम् जिल्ला शिक्षा कार्यालयहरूलाई कार्यान्वयनमा बढी सक्रिय बनाउने र विद्यालय तहको शिक्षालाई प्रभावकारी बनाउने रहेको छ। लोकतन्त्र र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वरोजगार, असल चरित्र भएका र एक्काइसौँ शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्न सक्रिय योगदान पुऱ्याउन सक्ने नागरिक तयार पार्न विद्यालय शिक्षाको व्यवस्थापन गर्नु शिक्षा विभागको दृष्टिकोण हो। शिक्षा विभाग विद्यालय तहको शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई विकासको संवाहक बनाउने दृष्टिकोणले कुशल व्यवस्थापन गर्ने अग्रणी संस्थाको रूपमा काम गरिरहेको छ। यसले शिक्षा मन्त्रालय मातहतमा रही शैक्षिक नीतिहरू तर्जुमा कार्यमा सहयोग गर्ने तथा कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। साथै दीगो विकासका लक्ष्यहरू तथा सबैका लागि शिक्षाका लक्ष्यहरू हासिल गर्ने कार्यक्रम कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ। यस विभागको प्रमुखमा महानिर्देशक रहने व्यवस्था छ। शिक्षा विभागमा कुल ९५ दरबन्दी रहेको छ। यसको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ।

**परिकल्पना**

जीवनोपयोगी र गुणात्मक शिक्षाको माध्यमद्वारा शिक्षित, सुसंस्कृत र समुन्नत तथा गतिशील समाजको स्थापना र विकास गर्न सहयोग पुऱ्याउन गुणस्तरीय शिक्षाको विकास तथा विस्तार गर्ने।

**लक्ष्य**

शिक्षालाई विकासको संवाहक बनाउने दृष्टिकोणले सबैलाई आधारभूत शिक्षा उपलब्ध गराउने तथा सोभन्दा अगाडिको विद्यालय स्तरीय शैक्षिक अवसर सहज बनाउने।

**उद्देश्यहरू**

शिक्षा विभागका उद्देश्यहरू यस प्रकार छन् :

१. निर्धारित नीति नियमका आधारमा आधारभूत तथा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
२. शिक्षा मन्त्रालयले बनाएका नीति नियमहरूका आधारमा प्राथमिक र माध्यमिक शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने
३. प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षा सम्बन्धी कार्यक्रमहरूको रेखदेख अनुगमन एवम् मूल्याङ्कन गर्ने र त्यसको प्रगति प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाउने
४. कर्मचारीहरूको वृत्ति विकासका लागि योजना तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
५. शिक्षा विभागको कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रीय निकायहरूका कार्यक्रमसँग समन्वय हुने गरी कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने
६. शिक्षा मन्त्रालय र मन्त्रालयसित सम्बन्धित निकायहरूबाट क्षेत्र र जिल्ला स्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूका निमित्त आवश्यक पर्ने जनशक्ति उपलब्ध गराई सहयोग गर्ने
७. दातृसंस्थाहरूको सहयोगबाट सञ्चालित शैक्षिक कार्यक्रमहरूको बजेट खर्च सम्बन्धित निकायबाट गर्ने/गराउने र त्यसको लेखा परीक्षणको व्यवस्था गरी गराई समयमै शोधभर्ना लिने व्यवस्थासमेत गर्ने
८. जिल्लास्तरमा स्रोतकेन्द्रहरूको स्थापना र तिनीहरूको व्यवस्थापन गर्ने।

**रणनीति**

१. शिक्षामा सबैको पहुँच बढाउन र गुणस्तरीय शिक्षाको विकास र विस्तार गर्ने दिशामा स्थानीय तहलाई नै जिम्मेवार र उत्तरदायी बनाई विद्यालय सञ्चालन गर्ने अधिकारलाई विकेन्द्रित गर्दै उनीहरूको भूमिकालाई सबलीकरण गर्न स्थानीय र सामुदायिक तहलाई सहयोग पुऱ्याउने
२. प्रतिस्पर्धी, समय सापेक्ष र समर्थ जनशक्ति तयार गर्ने विद्यालय शिक्षाको विकासलाई तीव्र बनाउन सार्वजनिक गैर सरकारी र निजी क्षेत्रको सामञ्जस्यपूर्ण सहकार्यलाई प्रवर्द्धन एवम् सहजीकरण गर्ने
३. केन्द्रदेखि विद्यालय तहबाट गरिने शैक्षिक कार्य र प्रक्रियालाई पारदर्शी बनाई सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन विभाग र अन्तर्गतका कार्यालयहरूको संस्थागन क्षमता विकासमा सहयोग पुऱ्याउने
४. सबै सरोकारवाला पक्षहरूलाई जिम्मेवार र जवाफदेही बनाई विद्यालय शिक्षाको समग्र विकास गर्ने र शैक्षिक दृष्टिले पिछडिएका वर्ग, समूह र महिलाहरूको शिक्षामा पहुँच बढाउने कार्यक्रमिक योजनाहरू तयार गर्ने।

**कार्यनीति**

१. शैक्षिक संस्था एवम् निकायहरूलाई आवश्यक प्राविधिक सहयोग गरी उनीहरूको सबलीकरण गर्ने
२. शिक्षामा सबैको पहुँच बढाउने, शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका लागि शैक्षिक संस्थाहरूको क्षमता विकास गर्ने
३. विद्यालय शिक्षाको उपलब्धिलाई सुनिश्चित गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाउने
४. सम्बन्धित शैक्षिक संस्था तथा निकायहरूलाई मार्ग निर्देशन गर्ने र विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि नियामकको भूमिका निर्वाह गर्ने।

**मुख्य मुख्य कार्यहरू**

१. विद्यालय शिक्षा विकासका योजना तथा कार्यक्रमहरू तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने
२. स्वीकृत वार्षिक कार्यक्रमहरू कार्यान्वयनका लागि केन्द्रीय निकायहरूबिच समन्वय गर्ने
३. शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयलाई आवश्यक निर्देशन दिने
४. शिक्षक, विद्यालय कर्मचारी र विद्यालय व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य गर्ने गराउने
५. विद्यालयको शैक्षिक विकास कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने
६. विभागद्वारा सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने
७. स्वीकृत कार्यक्रमको अख्तियारी समयमा नै खर्च गर्ने निकायमा पठाउने, खर्चको विवरण तयार गरी सम्बन्धित निकायबाट शोधभर्ना लिने
८. स्वीकृत कार्यक्रम, बजेट र कार्यक्रम कार्यान्वयन सम्बन्धी नीति निर्देशन सम्बन्धित निकायहरूमा पठाउने र सोको लेखा परीक्षण समयमा नै गर्ने गराउने
९. सबै किसिमका प्रतिवेदन समयमा नै तयार गरी सम्बन्धित निकायमा पेस गर्ने र सोको सुझाव कायान्वयन गर्ने गराउने
१०. शिक्षा मन्त्रालयको निर्देशनमा दातृसंस्थाहरूसँग कार्यक्रम तर्जुमा र प्रगति प्रतिवेदनहरूमा समन्वय गर्ने
११. शिक्षा क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वय गर्ने
१२. विद्यालय शिक्षाको क्षेत्रमा कार्य गर्ने वा गर्न चाहने विदेशी स्वयम् सेवकहरूको व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने
१३. विभाग र मातहतका निकायका कर्मचारीहरूको पदस्थापन, सरुवा, बढुवा, कार्य सम्पादन मूल्याङ्कन, सजाय, पुरस्कार र अवकाश सम्बन्धी कार्य गर्ने
१४. विद्यमान ऐन नियम तथा मन्त्रालयबाट प्राप्त नीति निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

**महाशाखा तथा शाखाहरू**

उल्लिखित कार्य सम्पन्न गर्न शिक्षा विभागमा दुई ओटा महाशाखा र २९ ओटा शाखाहरू रहेका छन् । तिनीहरू यस प्रकार छन्ः

क) **योजना तथा अनुगमन महाशाखा** :

यस महाशाखाअन्तर्गतका शाखाहरूको कार्यहरूका समन्वय, निर्देशन तथा नियन्त्रण, अनुगमन र निरीक्षण गर्नु तथा योजना, अनुगमन, अनुसन्धान तथा विकाससँग सम्बन्धित जिम्मेवारीहरू पूरा गर्नु हो । विभागको वार्षिक बजेट तथा योजना तयार गर्ने, बजेटको कार्यान्वयन गर्ने, शैक्षिक अनुसन्धान सम्बन्धित कार्य, वैदेशिक समन्वय, शैक्षिक सूचनाको व्यवस्थापन र महानिर्देशकबाट प्रत्यायोजित अन्य कार्यहरूसमेत यस महाशाखाले गर्नुपर्दछ । यस महाशाखाअन्तर्गत देहायअनुसारका शाखाहरू रहेका छन् :

१. सङ्घ संस्था तथा स्वयम् सेवक समन्वय शाखा
२. शैक्षिक अनुसन्धान तथा विकास शाखा
३. सञ्चार समन्वय शाखा
४. शैक्षिक सूचना व्यवस्थापन शाखा
५. अनुगमन तथा व्यवस्थापन शाखा
६. निरीक्षण तथा मूल्याङ्कन शाखा
७. शैक्षिक प्रविधि प्रवर्द्धन शाखा
८. शैक्षिक नक्साङ्कन शाखा
९. कार्यक्रम तथा बजेट शाखा
१०. भौतिक सुधार शाखा
११. शैक्षिक सामग्री व्यवस्थापन शाखा
१२. शैक्षिक परामर्श तथा विपद् व्यवस्थापन शाखा

ख) **शैक्षिक व्यवस्थापन महाशाखा**:

यस महाशाखाका कार्यहरूमा शैक्षिक योजना र कार्यक्रमहरू तयार गर्ने, शिक्षक दरबन्दी, शिक्षकको वृत्तिविकास, शिक्षक अनुदान कोटा, प्रारम्भिक बालविकास शिक्षा, विद्यालय व्यवस्थापन, महिला शिक्षा, विशेष शिक्षा र शैक्षिक तथ्याङ्कसँग सम्बन्धित जिम्मेवारीहरू पूरा गर्न अन्तर्गतका शाखाहरूको कार्यमा समन्वय, निर्देशन, नियन्त्रण, अनुगमन तथा निरीक्षण गर्नुपर्दछ । यी कार्यहरूलाई सम्पादन गर्न यस महाशाखा अन्तर्गत देहाय अनुसारका शाखाहरू रहेका छन्ः

१. प्रारम्भिक बाल विकास शाखा
२. सामुदायिक विद्यालय व्यवस्थापन शाखा
३. संस्थागत विद्यालय व्यवस्थापन शाखा
४. विद्यालय कर्मचारी तथा स्रोतकेन्द्र व्यवस्थापन शाखा
५. विद्यालय शिक्षक व्यवस्थापन शाखा
६. लैङ्गिक समविकास शाखा
७. समावेशी शिक्षा शाखा
८. वैकल्पिक शिक्षा शाखा
९. शैक्षिक गुणस्तर प्रवर्द्धन शाखा
१०. अनिवार्य शिक्षा तथा बाल अधिकार शाखा
११. प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा
१२. सहकार्यकलाप तथा समसामयिक शिक्षा शाखा
१३. शासकीय सुधार तथा आन्तरिक गुणस्तर शाखा
१४. बहुभाषिक शिक्षा शाखा

१५. विद्यालय स्वास्थ्य पोषण तथा विद्यालय सम्पत्ति व्यवस्थापन शाखा

१६. मानव संसाधन तथा आन्तरिक व्यवस्थापन शाखा

१७. आर्थिक प्रशासन शाखा

**निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण :**

शिक्षा विभागमा निजामती सेवाको विभिन्न सेवा र समूह र पदमा रही कार्यरत ९५ जना स्थायी दरवन्दी सहितको संरचनाको विवरण यसप्रकार रहेको छ।

**स्वीकृत दरवन्दी विवरण**

| क्र.स | पद | तह/श्रेणी | सेवा | सङ्ख्या |
|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | शिक्षा | १ |
| २ | निर्देशक | रा.प. प्रथम | शिक्षा | २ |
| ३ | उपनिर्देशक | रा.प. द्वितीय | शिक्षा | २६ |
| ४ | प्रमुख लेखा नियन्त्रक | रा.प. द्वितीय | प्रशासन लेखा | १ |
| ५ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | १ |
| ६ | सिनियर डिभिजनल ईन्जिनियर | रा.प. द्वितीय | इन्जिनियरिङ | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | १२ |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | ५ |
| ९ | कम्प्युटर ईञ्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | १ |
| १० | इञ्जिनियर सिभिल | रा.प.तृतिय | इन्जिनियरिङ | ५ |
| ११ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | ४ |
| १२ | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | शिक्षा | ६ |
| १३ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | ६ |
| १४ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | ३ |
| १५ | सव इन्जिनियर | रा.प.अनं.प्रथम | इन्जिनियरिङ | १ |
| १६ | इलेक्ट्रिसियन | रा.प.अनं.प्रथम | इन्जिनियरिङ | १ |
| १७ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | ३ |
| १८ | खरिदार | रा.प.अनं. द्धितीय | प्रशासन | २ |
| १९ | हलुका सवारीचालक | श्रेणीविहिन | | ४ |
| २० | कार्यालय सहयोगी | श्रेणीविहिन | | १० |
| | जम्मा कुल दरवन्दी | | | ९५ |

## पाठ्यक्रम विकास केन्द्र

**परिचय**

पाठ्यक्रम विकास केन्द्र, प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्य सामग्रीको विकास गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउनका लागि स्थापित शिक्षा मन्त्रालयअन्तर्गतको प्राज्ञिक केन्द्र हो। यसले विकसित पाठ्यक्रम तथा पाठ्य सामग्रीको प्रभावकारी कार्यान्वयनको निम्ति केन्द्रदेखि स्थानीय तहसम्म कार्यशाला, गोष्ठी, सेमिनार, छलफल, अन्तर्क्रिया, प्रवोधीकरणलगायतका कार्यहरू सञ्चालन गर्दछ। केन्द्रले पाठ्यक्रम तथा पाठ्य सामग्रीमा समसामयिक सुधार गर्न विभिन्न प्रकारका अनुसन्धानलाई मुख्य आधारको रूपमा लिने गर्दछ। दक्ष, प्रतिस्पर्धी, सीपयुक्त, नैतिकवान, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक तयार गर्नका लागि आधार स्तम्भका रूपमा रहेको विद्यालय शिक्षालाई समसामयिक, व्यावहारिक, जीवनोपयोगी, रोजगारोन्मुख र विश्व परिवेशमा प्रतिस्पर्धी बनाउन यस केन्द्र दृढ सङ्कल्पित छ।

वि.सं. २०२८ साल भाद्र ५ गते पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको नामबाट स्थापना भएको यस संस्थाको नाम २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र राखिएको हो। नेपाल शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत केन्द्रको प्रमुख रहने व्यवस्था छ। केन्द्रका प्रमुखलाई कार्यकारी निर्देशक भनिन्छ। सानोठिमी, भक्तपुरमा कार्यालय रहेको यस केन्द्रमा ५८ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

**दूरदृष्टि**

आधुनिक, समृद्ध र समावेशी नेपाल निर्माणमा योगदान गर्ने प्रतिस्पर्धी, सीपयुक्त एवम् सिर्जनशील जनशक्ति उत्पादनका निम्ति अनुसन्धानमा आधारित गुणस्तरीय पाठ्यक्रम तथा पाठ्य सामग्रीको विकास गर्ने उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा विकास गर्ने।

**उद्देश्य**

१ विद्यालय शिक्षाको राष्ट्रिय मापदण्डअनुरूप पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गर्नु

२ विद्यालय शिक्षाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक योग्यताको मान्यता तथा समकक्षताको आधार तय गर्नु

३ विद्यालय शिक्षामा स्थानीय ज्ञान, सीप र प्रविधिको समुचित उपयोग र प्रवर्द्धन गर्नु

४ मुलुकभर प्रयोग हुने पाठ्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्नु

**मुख्य मुख्य कार्यहरू**

१. प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्मका पाठ्यक्रम तथा पाठ्य सामग्री विकास, अद्यावधिक तथा परिमार्जन, परीक्षण, प्रवोधीकरण र अनुसन्धान सम्बन्धी कार्य गर्ने गराउने

२. राष्ट्रिय पाठ्यक्रम प्रारूप, राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय मूल्याङ्कन प्रारूप, विद्यार्थी भर्ना र सिकाइ उपलब्धिको मापदण्ड तयारी सम्बन्धी कार्य गर्ने

३. विभिन्न मातृभाषाका पाठ्य सामग्री विकास, अद्यावधिक तथा परिमार्जन, परिवर्तन गर्ने

४. विद्यालय तहमा प्रयोग गरिने थप पाठ्य सामग्रीको मूल्याङ्कन गरी स्वीकृत सामग्रीको सूची प्रकाशन गर्ने

५. विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक तह कक्षा १० र कक्षा १२ पूरा गरेका विदयार्थीहरूको मान्यता तथा समकक्षता निर्धारण सम्बन्धी कार्य गर्ने

६. विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बद्ध अनुसन्धान, अभिमुखीकरण, गोष्ठी, सेमिनार, कार्यशाला, तालिम सञ्चालन गर्ने

७. राष्ट्रिय, प्रादेशिक/क्षेत्रीय, जिल्ला, स्थानीय एवम् विद्यालय तहमा सहकार्यकलाप/अतिरिक्त कार्यकलाप तथा प्रतिभा पहिचान सम्बन्धी कार्य गर्ने गराउने

८. स्थानीय तहमा विकास हुने पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बन्धी कार्यमा आवश्यकताअनुसार प्राविधिक सहयोग पुऱ्याउने

९. पाठ्य सामग्रीको गुणस्तर निर्धारण गर्ने गराउने

१०. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र कार्यान्वयन सम्बन्धमा निजी क्षेत्र, नागरिक समाज, स्थानीय निकाय र अन्य सङ्घ संस्थाहरूसँग समन्वय गर्ने गराउने।

११. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन हुने सामग्रीहरूको मुद्रणीय प्रति तयार गर्ने र यस्ता सामग्रीहरू सुरक्षित गरी राख्ने

१२. विद्यालयस्तरको विद्यार्थी मूल्याङ्कन सम्बन्धी कार्यका लागि आवश्यक मापदण्ड निर्धारण, विशिष्टीकरण तालिका तथा नमूना प्रश्नपत्रको विकास सम्बन्धी काम गर्ने

१३. मन्त्रालय तथा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदबाट प्रत्यायोजित तथा निर्देशित कार्य गर्ने गराउने

१४. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सचिवालयका रूपमा कार्य गर्ने।

**शाखाहरू**

उल्लिखित कार्यहरू सञ्चालन गरी उद्देश्य हासिल गर्न हाल यस केन्द्रमा देहाय अनुसारका शाखाहरू रहेका छन् :

१. भाषा शिक्षा शाखा : नेपाली, अङ्ग्रेजी, मातृभाषा, बहुभाषा र अन्य भाषाहरूका विषयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरू

२. गणित तथा विज्ञान शिक्षा शाखा : गणित, विज्ञान तथा प्रविधि र वातावरण विषयका पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरू

३. सामाजिक अध्ययन शाखा : सामाजिक अध्ययन, मानविकी तथा सामाजिक शास्त्रसँग सम्बन्धित विषयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरू

४. स्वास्थ्य, शारीरिक शिक्षा तथा सहकार्यकलाप शाखा : स्वास्थ्य शिक्षा, शारीरिक, शिक्षा, सिर्जनात्मक कला विषयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्यहरू र प्रतिभा पहिचान

५. शैक्षिक सामग्री शाखा : थप पाठ्य सामग्री, बाल सन्दर्भ सामग्री, बहु पाठ्यपुस्तक तथा पाठ्यक्रम सम्बद्ध शैक्षिक मुद्दा सम्बन्धी कार्यहरू

६. प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा : प्राविधिक तथा व्यावसायिक विषयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्री सम्बन्धी कार्य

७. पाठ्यक्रम कार्यान्वयन तथा समन्वय शाखा : दूर शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, अनौपचारिक शिक्षा, बाल विकास शिक्षा र पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन सम्बन्धी कार्यहरू

८. सम्पादन तथा प्रकाशन शाखा : पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य शैक्षणिक सामग्री लेखन, सम्पादन, डिजाइन, इलुस्ट्रेसन, मुद्रणीय प्रति तयारी, निजी क्षेत्रका मुद्रक तथा वितरक, विज्ञ सूची तयार र राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् सम्बन्धी कार्यहरू

९. पाठ्य सामग्री गुणस्तर नियन्त्रण शाखा : गुणस्तरीय शिक्षाको मापदण्ड सम्बन्धी, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन, श्रव्य दृश्य सामग्री, समकक्षता सम्बन्धी कार्य

१०. योजना तथा कार्यक्रम शाखा : केन्द्रको योजना, कार्यक्रम तथा बजेटको मस्यौदा र कार्यानवयन सम्बन्धी, विभिन्न संस्थासँग समन्वय, स्थानीय पाठ्यक्रम सम्बन्धी कार्य

११. अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखा : कार्यक्रमको अनुगमन योजना, अभिमुखीकरण, अनुगमन, समीक्षा तथा अनुगमन प्रतिवदेन सम्बन्धी, विद्यार्थी मूल्याङ्कन तथा अनुसन्धान सम्बन्धी, नीति, नियम, निर्देशिका विकास तथा परिमार्जन सम्बन्धी

१२. परम्परागत शिक्षा शाखा : संस्कृत शिक्षा, धार्मिक प्रकृतिका शिक्षा सम्बद्ध विषयहरू सम्बन्धी

१३. पुस्तकालय तथा सूचना प्रविधि शाखा : पुस्तकालय व्यवस्थापन, सञ्चालन, डिजिटाइजेसन, सूचना तथा प्रविधि व्यवस्थापन सम्बन्धी

१४. समाहित शिक्षा शाखा : लैङ्गिक, अपाङ्गता तथा समावेशी शिक्षा सम्बन्धी कार्यहरू

१५. प्रशासन शाखा : दैनिक प्रशान, सेवा तथा सामग्री खरिद, सम्पत्ति संरक्षण, सुशासन, गुनासो व्यवस्थापन, शासकीय सुधार तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग सम्बन्धी कार्यहरू

१६. आर्थिक प्रशासन शाखा : बजेट तर्जुमा, माग, निकासा, आर्थिक विवरण, लेखा परीक्षण तथा बेरूजु र आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरू।

# शैक्षिक जनशक्ति विकास केन्द्र

## परिचय

देश विकासको आधारशिलाका रूपमा विद्यालयीय शिक्षाले काम गर्दछ। देशका लागि आवश्यक जनशक्तिको उत्पादनमा विद्यालय शिक्षा तथा उच्च शिक्षाको अहम् भूमिका रहन्छ। शैक्षिक योजनामार्फत कक्षाकोठामा सामाजिक रूपान्तरण प्रक्रियाका प्रमुख संवाहक शिक्षक हुन्। शैक्षिक रूपमा योग्य, दक्ष र सीपयुक्त कुशल शिक्षक भएमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ। यही तथ्यलाई दृष्टिगत गरी नेपाल सरकारले शिक्षक तालिम तथा शिक्षाका व्यवस्थापकीय क्षेत्रमा कार्यरत जनशक्तिको पेसागत दक्षता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै क्रममा शिक्षकलाई तालिम प्रदान गरी दक्ष बनाउने उद्देश्यले २००४ सालमा आधार शिक्षक तालिम केन्द्रको स्थापना, २०११ सालमा राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना तथा २०१३ भदौमा शिक्षक तालिमका लागि शिक्षा महाविद्यालय *(College of Education)* को स्थापना भयो। २०१६ सालमा यसलाई त्रिभुवन विश्वविद्यालय *(त्रिवि)* को एक अङ्गको रूपमा समावेश गरी शिक्षक तालिमलाई निरन्तरता दिइयो। राष्ट्रिय शिक्षा पद्धतिको योजना *(२०२८–२०३२)* लागू भएपछि त्रिविअन्तर्गत शिक्षाशास्त्र अध्ययन संस्थानमा परिणत गरी शिक्षा व्यवस्थापक तथा शिक्षकको कार्य दक्षता वृद्धिका लागि विभिन्न तहका पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आए। यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग *(२०४९)* ले सिफारिस गरेअनुसार शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको सेवाकालीन तालिममार्फत पेसागत कार्य दक्षता विकासका लागि राष्ट्रिय स्तरमा उच्च तहको एकीकृत संस्थाको आवश्यकता महसुस गरी २०५० सालमा शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र *(National Centre for Educational Development -NCED)* को स्थापना भयो। स्थापनासँगै यस केन्द्रले शिक्षक तथा शैक्षिक व्यवस्थापकहरूको क्षमता अभिवृद्धि एवम् शिक्षा क्षेत्रका अनुसन्धानात्मक तथा सुधारात्मक कार्यहरूमा केन्द्रित भई मानव संसाधन विकास कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने विभागीय संस्थाको जिम्मेवारी पाएको छ। नेपाल सरकारले शिक्षा क्षेत्रका मानव संसाधन विकास सम्बन्धी नीति र कार्यकमहरू कार्यान्वयन, संयोजन तथा एकीकृत गर्न २०६१ सालमा तत्कालीन माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत गरी एउटै संस्थागत संरचना तयार भएकाले यसको कार्य क्षेत्र अझ विस्तार भएको छ। फलस्वरूप तालिम, अनुसन्धान र नीति निर्माणका लागि प्राविधिक अभ्यासका क्षेत्रमा यस केन्द्रले थप योगदान र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। रा. प. प्रथम श्रेणी *(शिक्षा सेवा)* का कार्यकारी निर्देशक प्रमुख रहने यस केन्द्रमा शिक्षा सेवाका अन्य ३ जना सहसचिवसमेत गरी विभिन्न सेवा समूहका ७४ जना कर्मचारीहरूको दरबन्दी छ। त्यसै गरी यस केन्द्रअन्तर्गत रहेका शैक्षिक तालिम केन्द्रहरू २९ ओटामा विभिन्न सेवा समूहका १९४ कर्मचारीहरूको दरबन्दी रहेको छ। २० ओटा शैक्षिक तालिम केन्द्रहरूमा तीन तीन जना मा.वि. शिक्षक र एक एक जना प्रा.वि. शिक्षक काजमा रहने व्यवस्था छ। शैक्षिक जनशक्ति विकास केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ।

## दूरदृष्टि

अनुसन्धान तथा नवीन प्रविधिका माध्यमद्वारा गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरू अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तर्राष्ट्रिय स्तरमै पहिचान भएको संस्थाको रूपमा यस केन्द्रलाई स्थापित गर्ने।

## कार्य क्षेत्र

१. शिक्षा मन्त्रालय अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, व्यवस्थापक र प्राविधिक सहितको शैक्षिक जनशक्तिको कार्य क्षमता विकास सम्बन्धी नीति नेपाल सरकार समक्ष सिफारिस

२. शैक्षिक जनशक्तिको तालिम लगायत क्षमता विकास कार्यक्रमका लागि आवश्यक पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र अध्ययन सामग्रीको निर्माण र विकास

३. सम्पूर्ण शैक्षिक जनशक्तिका लागि सेवाकालीन तालिम सञ्चालन, प्रमाणीकरण र तालिम उपाधिको समकक्षता निर्धारण

४. शिक्षा मन्त्रालय अन्तर्गत सम्पूर्ण निकायहरूको संस्थागत क्षमता विकास सर्वाङ्गीण योजना तर्जुमा एवम् कार्यान्वयन गर्न प्राविधिक सहजीकरण

५. व्यवस्थित सूचना प्रणाली तथा अनुसन्धानबाट प्राप्त तथ्यमा आधारित राष्ट्रिय स्तरमा दीर्घकालीन र अल्पकालीन तालिम योजना निर्माण
६. निजी क्षेत्रमा कार्यरत शिक्षक लगायत शैक्षिक जनशक्तिको पेसागत कार्य क्षमता बढाउन तालिम कार्यक्रम तर्जुमा, निजी तालिम निकायलाई सम्बन्धन, तालिम सञ्चालनको नियमन तथा अनुगमन र तालिमको प्रमाणीकरण
७. पेसागत क्षमता विकास कार्यको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने प्रयोजनका लागि स्वदेशी र वैदेशिक निकायहरूसँग संस्थागत सम्पर्क, सहकार्य र समन्वय
८. खुला तथा दूर शिक्षा नीति अवलम्बन गरी पेसागत विकास कार्यक्रम एवम् निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी योजना तयार गरी कार्यान्वयन
९. शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूद्वारा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू सम्बन्धी सूचना सङ्कलन गरी श्रव्य तथा दृश्य कार्यक्रममार्फत सम्पूर्ण सरोकारवालालाई सचेतीकरण ।

**संस्थागत संरचना**

शिक्षा नियमावली, २०५९ को परिच्छेद १० मा "दूर शिक्षा सम्बन्धी व्यवस्था" र परिच्छेद १३ मा "तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था" ले मन्त्रालयअन्तर्गत मानव संसाधनको विकास गर्ने एक केन्द्रीय निकाय रहने व्यवस्था गरेको छ । यसको कार्यान्वयन स्वरूप शिक्षा मन्त्रीको अध्यक्षतामा एक शैक्षिक जनशक्ति विकास परिषद् गठन भई कार्यान्वयनमा रहेको छ । हाल यस केन्द्रअन्तर्गत देशका विभिन्न भागमा जम्मा २९ ओटा शैक्षिक तालिम केन्द्रहरू सञ्चालन हुँदै आएका छन् । साथै तालिम केन्द्र नरहेका जिल्लाहरूमा अगुवा स्रोतकेन्द्रको व्यवस्थामार्फत कक्षाकोठा तहसम्म शिक्षकको पेसागत विकास कार्यलाई संस्थागत गरेको छ । यसरी शैक्षिक जनशक्ति विकास केन्द्रले देशव्यापी रूपमा सेवाको पहुँच र क्षेत्रको विस्तार गरी आफ्नो कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

उल्लिखित कार्य क्षेत्रअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रका मुख्य मुख्य कार्यहरू निम्न लिखित छन् :

१. तालिम सम्बन्धी नीति तर्जुमा गर्ने
२. तालिम योजना निर्माण (पेसागत विकास योजना) र कार्यान्वयन गर्ने
३. तालिम कार्यक्रम निर्माण तथा सामग्री विकास र प्रबोधीकरण गर्ने
४. शैक्षिक तालिम सम्बन्धी गुणस्तर मापदण्ड विकास र प्रयोग गर्ने
५. तालिम सम्बन्धी अध्ययन, अनुसन्धान र उपयोग गर्ने
६. तालिम कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्ने
७. पेसागत सहयोग प्रदान गर्ने ।

**महाशाखा तथा शाखाहरू**

क) योजना, अनुगमन तथा प्रशासन महाशाखा

यस महाशाखाका मुख्य कार्यमा वार्षिक कार्यक्रम, योजना तथा बजेट तर्जुमा, अन्य महाशाखा तथा शाखाहरूबिच समन्वय, केन्द्रबाट सम्पादित हुने कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने, दूर शिक्षा तथा खुला सिकाइको नीति निर्धारणमा सहयोग, तालिम कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने गराउने, अनुसन्धनात्मक लेख तथ रचना प्रकाशन गर्ने गराउने, शैक्षिक सूचना प्रणाली अद्यावधिक गर्ने, कर्मचारी व्यवस्था र प्रशासन, सम्पत्तिको संरक्षण र विवरण लगत राख्ने, निजी क्षेत्रबाट तालिम सञ्चालनका लागि सम्बन्धन दिने, लेखा राख्ने र लेखा परीक्षण गराउने, तालिम, अध्ययन भ्रमण आदिमा कर्मचारी मनोनयन गर्ने, अन्य निकायबाट निर्देशन भएका अन्य कार्य गर्ने आदि रहेका छन् । यस महाशाखा अन्तर्गत देहाय अनुसारका शाखाहरू रहेका छन्;

१. योजना तथा कार्यक्रम शाखा
२. अनुगमन तथा मूल्याङ्कन शाखा
३. अनुसन्धान तथा गुणस्तर सुधार शाखा
४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा

५. आर्थिक प्रशासन शाखा
६. तालिम स्रोत व्यवस्थापन शाखा

**ख) मानव संशाधन विकास महाशाखा**

यस महाशाखाका मुख्य कार्यहरूमा शिक्षक तालिमको योजना निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, शिक्षक तालिमको पाठ्यक्रम, निर्देशिका तथा सामग्री विकास गर्ने गराउने, शैक्षिक तालिम केन्द्र तथा उपकेन्द्रहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने, शिक्षक तालिम सम्बन्धी स्वदेशी तथा विदेशी तालिम संस्थाहरूसँग साझेदारी, सहकार्य नीतिअनुरूप योजना कार्यान्वयन गर्ने, पूर्ण सेवाकालीन तालिम सञ्चालन गर्न चाहने संस्थाहरूलाई सम्बन्धन दिने सम्बन्धमा राय दिने, शिक्षक तालिम मान्यता र समकक्षता निर्धारण गर्ने, दस महिने शिक्षक तालिम पाउने शिक्षकहरूलाई प्रमाण पत्र प्रदान गर्ने, शिक्षक तालिम परीक्षाको नीति निर्माणमा सहयोग गर्ने, मानव संशाधन विकासको योजना बनाउने, मन्त्रालय र अन्य निकायबाट निर्देशित अन्य कार्य गर्ने आदि रहेका छन् । यस महाशाखा अन्तर्गत देहाय अनुसारका शाखाहरू रहेका छन्;

१. विद्यालय शिक्षक तालिम (माध्यमिक) शाखा
२. विद्यालय शिक्षक तालिम (आधारभूत) शाखा
३. समाहित शिक्षा शिक्षक तालिम शाखा
४. विद्यालय व्यवस्थापन तालिम शाखा
५. शैक्षिक व्यवस्थापन तालिम शाखा
६. तालिम प्रमाणीकरण शाखा

**ग) दूर शिक्षा तथा खुला सिकाइ महाशाखा**

यस महाशाखाका मुख्य कार्यहरूमा दूर शिक्षा तथा खुला सिकाइ सम्बन्धी नीति तथा निर्देशिका निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, इच्छुक संस्थाहरूको पहिचान र छनौट गरी शैक्षिक जनशक्ति विकास परिषद्मा पेस गर्ने, मान्यता वा समकक्षता निर्धारण गर्ने, पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गर्ने र कार्यान्वयनमा लैजाने, अनुगमनको कार्य योजना बनाई कार्यान्वयन गर्ने, अनुसन्धान गराउने, दूर शिक्षाबाट शिक्षक तालिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, एसएलसी सहयोग कार्यक्रम कार्यान्वयन गर्ने आदि रहेका छन् । यस महाशाखा अन्तर्गत देहाय अनुसारका शाखाहरू रहेका छन्;

१. खुला सिकाइ तथा तालिम
२. कार्यक्रम उत्पादन तथा प्रसारण
३. सामग्री विकास
४. शैक्षिक सूचना तथा निरन्तर शिक्षा

**शिक्षकको पेसागत विकास प्रारूप २०७२**

- २०७३ असार देखि शिक्षकको पेसागत विकास प्रारुप कार्यान्वयनमा आएको छ ।
- शिक्षकको पेसागत विकासको प्रारूप शैक्षिक जनशक्ति विकास परिषदबाट २०७२ साल चैत्र ३ गते स्वीकृति भएको छ।

**तालिमको संरचना**

१. प्रमाणीकरण तालिम ३० दिनको हुने र १५/१५ दिन गरेर दुई चरणमा सञ्चालन हुने ।
२. दुवै चरणका तालिमलाई १० दिनको पहिलो खण्ड र पाँच दिनको दोस्रो खण्ड गरेर दुई खण्डमा विभक्त गरिएको छ ।
३. दस दिनको पहिलो खण्डको तालिम, तालिम प्रदायक सँस्थामा सञ्चालन गरिनेछ ।

४. दस दिनको तालिम पछि सहभागी शिक्षकले आफ्नै विद्यालयमा गएर अभ्यास शिक्षण वा अभ्यास कार्य गरी प्रतिवेदन तयार गर्नुपर्ने छ । यस कार्यलाई दोस्रो खण्डको पाँच कार्य दिन बराबरको सिकाइ अनुभव मानिने छ ।




५. सहभागी शिक्षकले विद्यालय फर्केको ४५ दिन भित्र सम्बन्धित शैक्षिक तालिम केन्द्रमा निर्दिष्ट ढाँचामा दोस्रो खण्डको अभ्यास कार्यको प्रतिवेदन पेस गर्नुपर्ने छ ।

६. तालिम कार्यमा सहभागिता, १० दिनको तालिमको लिखित परीक्षा र विद्यालयमा गरिने अभ्यास कार्यको प्रतिवेदनका आधारमा सहभागी शिक्षकको मूल्याङ्कन हुनेछ र तालिमको अङ्क दिइने छ ।

७. पहिलो चरणका दुवै खण्डमा सफल सहभागी शिक्षकलाई दोस्रो  चरणको तालिममा सहभागी गराइने छ ।

**तालिममा विषय छनौटको व्यवस्था**

१. पहिलो चरणको तालिम विषयगत रूपमा सञ्चालन गरिने छ र शिक्षकले पढाउने मुख्य विषयमा आधारित हुनेछ ।

२. दोस्रो चरणको तालिममा उपलव्ध कोर्स मध्येबाट आवश्यकताअनुसारका विषय छनौट गर्न सकिने छ । यस सन्दर्भमा माध्यमिक तथा आधारभूत तहमा छनौटका फरक फरक विकल्प हुनेछन् र छोटा मोड्युलर कोर्स समेतबाट छनौटको व्यवस्था पनि हुनेछ ।

३. दोस्रो चरणको तालिममा माध्यमिक तहका शिक्षकले आफूले शिक्षण गर्ने विषयमा नै वा पेसागत अन्य विषय वस्तुमा आधारित तालिम छनौट गर्न सक्ने छन् ।

४. आधारभूत तहका शिक्षकले एकभन्दा बढी विषय अध्यापन गर्नुपर्ने भएकाले दोस्रो चरणको तालिममा अर्को कुनै विषय वा पेसागत अन्य विषय वस्तुमा आधारित तालिम छनौट गर्न सक्ने छन् ।

५. दोस्रो चरणको पहिलो खण्डको तालिम शिक्षकले छनौट गरेअनुसार १० दिनको सिङ्गो प्याकेज वा दुई, दुई दिनका पाँच ओटा मोड्युलको एकीकृत प्याकेजमा आधारित हुनेछ ।

# परीक्षा नियन्त्रण कार्यालय

**परिचय**

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा *(एसएलसी)* सञ्चालन र व्यवस्थापनमा मुख्य तथा केन्द्रीय निकायको रूपमा रहेको परीक्षा नियन्त्रण कार्यालयको स्थापना वि.सं. १९९० *(सन् १९३४)* मा एसएलसी बोर्डको सचिवालयको रूपमा भएको हो । दरबार हाई स्कुलका विद्यार्थीहरूको परीक्षा लिई सफल हुने विद्यार्थीहरूका लागि प्रमाणपत्र प्रदान गर्नका लागि स्थापना भएको एसएलसी बोर्डले नै हाल आएर सानोठिमी, भक्तपुरमा परीक्षा नियन्त्रण कार्यालयको रूपमा कार्य गरिरहेको छ । पहिलो वर्ष ३४ जना परीक्षार्थीहरूको परीक्षा सञ्चालन गरी सुरु भएको यो संस्थाले हालका वर्षहरूमा ६ लाखभन्दा बढी परीक्षार्थीहरूको परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाण पत्र प्रदान गर्दै आएको छ । स्थापनाको धेरै वर्षसम्म काठमाडौँको एउटामात्र केन्द्रमा परीक्षा सञ्चालन गर्ने यो संस्थाले वि.सं २०७२ मा आएर देशभर विभिन्न स्थानमा १९४३ परीक्षा केन्द्र तोकी परीक्षा सञ्चालन गराएको छ । कक्षा १० को अन्त्यमा आम तथा राष्ट्रिय परीक्षाको रूपमा सञ्चालन गरिने एसएलसी परीक्षाको सफलतापूर्वक सञ्चालन र व्यवस्थापन गरी नतिजा प्रकाशन गर्ने कार्य परीक्षा नियन्त्रण कार्यालयले गर्दै आएको छ ।

**कर्मचारी विवरण**

यस कार्यालयमा रा.प. प्रथम श्रेणी *(शिक्षा सेवा)* का नियन्त्रक प्रमुख रहने व्यवस्थाका साथै शिक्षा सेवाकै अन्य प्राविधिक लगायत प्रशासन तथा लेखा समूहका गरी जम्मा ५९ जना कर्मचारीको दरबन्दी रहेको छ ।

**मुख्य मुख्य कार्यहरू**

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले निर्धारण गरेका नीति, निर्देशन अन्तर्गत रही परीक्षा नियन्त्रण कार्यालयले निम्नलिखित कार्यहरू गर्दछ *:*

१. प्रत्येक वर्ष मूल र पूरक गरी दूईपटक एसएलसी परीक्षा सञ्चालन सम्बन्धी योजना बनाउने, सो योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने
२. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन गर्ने
३. परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने
४. आवश्यकताअनुसार परीक्षा केन्द्रको व्यवस्था गर्ने, गराउने
५. परीक्षामा अनियमित कार्य हुन नदिने र परीक्षाको नियम उल्लङ्घन गर्नेलाई निष्कासन गर्ने गराउने
६. एसएलसी परीक्षा सञ्चालन गर्न केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारीको व्यवस्था गर्ने गराउने
७. प्रश्नपत्र निर्माण गर्ने र उत्तर पुस्तिका परीक्षण गराउने
८. उत्तरपुस्तिका परीक्षण गर्ने कार्यमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गरी सोअनुसार गर्न लगाउने ।
९. परीक्षाको गोपनीयता कायम राख्ने वा राख्न लगाउने
१०. परीक्षाफल प्रकाशन गर्ने र उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने
११. परीक्षा सुधारका लागि सेमिनार, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने
१२. परीक्षाको विश्वसनीयता र वैधता कायम गर्न अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्ने

**परीक्षा नियन्त्रण कार्यालयका शाखाहरू**

यस कार्यालयले देहायका शाखाहरू मार्फत आफ्नो सेवा प्रवाह गर्दै आएको छ *:*

१. योजना तथा कार्यक्रम शाखा
२. अभिलेख व्यवस्थापन –प्रमाण पत्र *(क)* शाखा
३. अभिलेख व्यवस्थापन –प्रमाण पत्र *(ख)* शाखा
४. सूचना प्रविधि तथा तथ्याङ्क शाखा
५. रजिस्ट्रेसन/आवेदन शाखा
६. परीक्षा प्रणाली सुधार तथा गुणस्तर निर्धारण शाखा

७. आर्थिक प्रशासन शाखा
८. अनुगमन तथा मूल्याङ्कन शाखा
९. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन शाखा
१०. अभिलेख संशोधन शाखा
११. तालिम तथा अनुसन्धान शाखा

**एसएलसी परीक्षा २०७२ का केही नयाँ आयामहरू**

१. वि.सं. १९९० सालदेखि अङ्कमा आधारित परीक्षाफल प्रकाशन हुँदै आएकोमा यस वर्षदेखि सम्पूर्ण परीक्षार्थीहरूको नतिजा अक्षरमा आधारित (अक्षराङ्कन पद्धति – ***Letter Grading System***)मा प्रकाशन गर्न सुरु गरिएको छ ।
२. "फलामे ढोका" को रूपमा चित्रित एसएलसी परीक्षाको अङ्कमा हुने उत्तीर्ण अनुत्तीर्णको व्यवस्था परिवर्तन गरी परीक्षार्थीको ज्ञान, सीप र अभिवृत्तिको स्तरलाई प्रत्येक विषयमा ९ वटा ग्रेडद्वारा व्याख्या गरिएको छ ।
३. वि.सं. १९९० सालदेखि सुरु भएको ८३ वर्षको एसएलसी परीक्षाको दौरानमा सबैभन्दा धेरै परीक्षार्थीहरू सम्मिलित भएको अवस्थामा पनि परीक्षाको परीक्षाफल समयमै प्रकाशन गरेको छ ।
४. शिक्षा (आठौं संशोधन) ऐन २०७३ को प्रमाणीकरणसँगै कक्षा नौदेखि बाह्रसम्मलाई माध्यमिक शिक्षा मानी त्यसको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्ड गठन भएको र तत्काल कक्षा १० को परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन भने यसै कार्यालयले गर्दै आएको अवस्था छ ।

# अनौपचारिक शिक्षा केन्द्र

**परिचय**

वि. सं. २००७ मा शिक्षा मन्त्रालयको स्थापना भई साक्षरता लगायत अनौपचारिक शिक्षासंग सम्बन्धित कार्यहरूको थालनी भएको पाइन्छ। वि.सं.२०१३ सालबाट योजनाबद्ध ढङ्गले अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यहरूको थालनी भए भने वि.सं. २०२२ देखि कार्यमूलक साक्षरताको सुरुआत भएको पाइन्छ। अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि शिक्षा मन्त्रालयमा वि.सं.२०३७ सालमा प्रौढ शिक्षा शाखाको स्थापना भई यस शाखाले प्रौढ साक्षरता शिक्षा केन्द्रित कार्यक्रमको विस्तार र कार्यान्वयन गर्दै आएको थियो। वि. सं. २०४९ पश्चात् शिक्षा मन्त्रालयको सङ्गठन संरचना विस्तार गर्ने क्रममा २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको हो।

औपचारिक शिक्षाको अवसरबाट बञ्चित निरक्षर युवा तथा प्रौढ, विद्यालय शिक्षा पूरा नहुँदै बिचैमा विद्यालय छाडेकाहरूलाई अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षाको अवसर प्रदान गर्ने गरी यस केन्द्रको स्थापना भएको हो। यस केन्द्रले अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण गर्ने, कार्यक्रमहरूको तर्जुमा गर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको विकास गर्ने, अनौपचारिक शिक्षा सञ्चालन गर्ने सरकारी र गैर सरकारी निकायहरूसँग समन्वय गर्ने लगायतका कार्यहरू गर्ने गर्दछ।

यस केन्द्रमा शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवको नेतृत्वमा शिक्षा सेवाका ७ जना राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव र ४ जना शाखा अधिकृतसहित २४ जना कर्मचारीको दरबन्दी रहेको छ। यस केन्द्रको कार्यालय मध्यपुर ठिमी नगरपालिका वडा नं. १७, सानोठिमी, भक्तपुरमा रहेको छ।

**दूरदृष्टि**

अनौपचारिक शिक्षाका माध्यमबाट सक्षम नागरिक, समतामूलक समाज, दीगो र समुन्नत सामाजिक विकास गर्ने।

**लक्ष्य**

सबै नेपाली नागरिकहरूलाई साक्षरता, जीवन पर्यन्त शिक्षा र आय आर्जनमार्फत देश विकास, समतामूलक समाज र दीगो सामाजिक विकासमा योगदान गर्नका लागि आवश्यक ज्ञान, सीप र दक्षता प्रदान गरी गरिबी न्यूनीकरण गर्दै सक्षम नागरिक तयार गर्ने।

**केन्द्र स्थापनाका मुख्य उद्देश्यहरू**

अनौपचारिक शिक्षा केन्द्र स्थापनाको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. साक्षरता, निरन्तर शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमका लागि उपयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नु,
२. नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता एवम् लक्ष्यहरूलाई पूरा गर्न आवश्यक कार्यक्रम तय गरी कार्यान्वयन गर्नु,
३. सीमान्तकृत, पिछडिएका जनजाति, दलित र महिलाहरूलाई लक्षित गरी कार्यमूलक साक्षरता तथा अनौपचारिक शिक्षाका उपयुक्त कार्यक्रमहरूलाई संस्थागत गर्नु ,
४. अनौपचारिक शिक्षा प्रदायक सङ्घसंस्थाहरूको सञ्जाल गठन, समन्वय र सहयोग गर्नु,
५. सामुदायिक सिकाइ केन्द्रहरूको सहभागितामा जीवन पर्यन्त सिकाइ एवम् आय आर्जन र सीप विकासका कार्यक्रमहरूको प्रवर्द्धन गर्दै यसको सुदृढीकरण गरी संस्थागत क्षमता अभिबृद्धि गर्नु।

**रणनीति**

केन्द्रले आफ्नो उद्देश्य प्राप्तिका लागि निम्नानुसारका रणनीतिहरू लिएको छ।

१. जीवनपर्यन्त शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ,
२. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गरिनेछ ,
३. अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ। यसका साथै निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता स्वयम्सेवक परिचालन गरिनेछ।

**मुख्य कार्यहरू**

१. अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता अभिबृद्धिका लागि तालिम र अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने,
२. साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा एवम् खुला शिक्षा सिकाइका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गराउने,
३. सरकारी निकाय, गैर सरकारी सङ्घसंस्था तथा निजी क्षेत्रवाट सञ्चालित अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरूको निर्धारित लक्ष्य प्राप्ति गर्न प्राविधिक सहयोग उपलब्ध गराउने र त्यस्ता कार्यक्रमहरूको अनुगमन र समन्वय गर्ने,
४. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूबिच समन्वय गर्ने,
५. अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक निर्देशिका,सहयोगी सामग्री, सन्दर्भ सामग्रीहरूको विकास, उत्पादन परिमार्जन, छपाई तथा वितरणको व्यवस्था गर्ने,
६. अनौपचारिक शिक्षा कार्यक्रमहरूको विस्तारका लागि सामुदायिक सिकाइ केन्द्रको स्थापना, सुदृढीकरण गरी त्यसमा संलग्न जनशक्तिको क्षमता अभिबृद्धि गर्ने,
७. अनौपचारिक शिक्षा सम्बन्धी विभिन्न अध्ययन तथा अनुसन्धानका कार्यहरू गर्ने,
८. अनौपचारिक सिकाइ सक्षमता निर्धारण, परीक्षण र सिकाइ सीपको प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,
९. खुला तथा दूर शिक्षा कार्यक्रमको तर्जुमा, व्यवस्थापन र कार्यान्वयन गर्ने,
१०. बैकल्पिक शिक्षाको समकक्षता प्रणाली विकास गरी कार्यान्वयन गर्ने र
११. सञ्चालित कार्यक्रमको अनुगमन सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने र स्थिति प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने।

**शाखाहरू**

यस केन्द्रमा देहाय अनुसारका सातवटा शाखाहरू रहेका छन् :

१. आन्तरिक व्यवस्थापन, योजना तथा कार्यक्रम शाखा
२. अनुगमन तथा तथ्याङ्क शाखा
३. अनुसन्धान, पाठ्यक्रम तथा सूचना शाखा
४. साक्षरता र साक्षरोत्तर शिक्षा शाखा
५. प्रकाशन तथा समन्वय शाखा
६. खुला तथा वैकल्पिक शिक्षा शाखा
७. सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षा शाखा

**नीति तथा योजना**

१. विभिन्न उमेर र वर्गका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुरूपका प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गरिने छ ,
२. विभिन्न कारणले औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बिचैमा पढाइ छाडी आधारभुत तहको शिक्षा पूरा नगरेका १५–६० वर्ष उमेर समूहका व्यक्तिहरूलाई औपचारिक शिक्षा सरह मान्यता भएको अनौपचारिक शिक्षा प्रदान गरिने छ ,
३. शिक्षामा पहुँच, गुणस्तर र समता सुनिश्चित गर्नका लागि सामुदायिक सिकाइ केन्द्रहरूलाई कार्यक्रम सञ्चालन र संयोजनको आधार बनाइने छ ,
४. अनौपचारिक शिक्षा कार्यक्रमहरूको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिने छ ,
५. कार्यक्रमको प्रभावकारिताका लागि सरकारी तथा गैर सरकारी निकायहरूबिच साझेदारी, सञ्जाल र समन्वय कायम गरिनेछ ,
६. अनौपचारिक शिक्षा सम्बन्धी विभिन्न अनुसन्धानात्मक कार्यहरू गरिने छ।
७. अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य अगाडि बढाइनेछ।

**अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा निर्देशिकाहरू** :

१. अनौपचारिक शिक्षा नीति २०६३

२. राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५–२०६६
३. अनौपचारिक तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९–०७२
४. सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका, २०६२
५. साक्षरता अभियानमा विद्यार्थी परिचालन तथा मूल्यांकन निर्देशिका, २०७०
६. अनौपचारिक प्रौढहरूका लागि सञ्चालित विद्यालय निर्देशिका, २०६५
७. अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२

अनौपचारिक शिक्षा केन्द्रले हाल सञ्चालन गरी आएका कार्यक्रमहरू यस प्रकार रहेका छन्:

| क्र.स. | कार्यक्रम | लक्षित समूह | कार्यक्रम अवधि | कार्यक्रमको स्वरुप |
|---|---|---|---|---|
| १ | निरन्तर शिक्षा | निरक्षर युवा तथा प्रौढ, नवसाक्षरहरू | ४ महिना | आधारभूत साक्षरता शिक्षा पुरा गरेका नवसाक्षरहरूका लागि निरन्तर शिक्षाका कार्यक्रमहरू |
| २ | अनौपचारिक प्राथमिक शिक्षा | प्राथमिक शिक्षाबाट वञ्चित ८—१४वर्ष उमेर समूहका बालबालिकाहरू | ३ बर्ष | कक्षा १—५ समकक्षताको ३ वर्षे बैकल्पिक प्राथमिक शिक्षा |
| ३ | अनौपचारिक प्रौढ विद्यालय | १४ वर्ष माथिका औपचारिक शिक्षाबाट वञ्चित किशोर किशोरी तथा प्रौढहरू | ३ बर्ष प्राथमिक तह २ वर्ष निम्न माध्यमिक तह | आधारभूत तथा माध्यमिक तह सम्मको समकक्षी वैकल्पिक शिक्षा |
| ४ | निम्न माध्यमिक तहको खुला विद्यालय शिक्षा कार्यक्रम | १५ वर्षभन्दा माथिका कक्षा ५ उत्तीर्ण गरेका युवा तथा प्रौढहरू | २ बर्ष | कक्षा ६—८ समकक्षी वैकल्पिक आधारभूत शिक्षा |
| ५ | आयआर्जन कार्यक्रम | १५—६० वर्ष उमेर समूहका नवसाक्षर प्रौढ महिला | निरन्तर | स्थानीय व्यवसायमा संलग्न भई आय आर्जन गर्ने |
| ६ | सामुदायिक सिकाइ केन्द्र | स्थानीय समुदायका बासिन्दाहरू | निरन्तर | स्थानीय समुदायका सिकाइ आवश्यकताको परिपूर्तिका कार्यक्रमहरू, निरन्तर/जीवन पर्यन्त शिक्षा कार्यक्रम, आयआर्जन कार्यक्रमको संयोजन, विकासात्मक कार्यहरू र समुदाय परिचालन। |
| ८ | वैकल्पिक शैक्षिक कार्यक्रम/सामुदायिक सिकाइ केन्द्र स्थापना (विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ) | विभिन्न कारणले विद्यालय जान नसकेका ८–१४ वर्ष उमेर समूहका वालवालिकाहरू | आवश्यकता अनुसार | विभिन्न कारणले विद्यालय बाहिर रहेकाहरूका लागि |

आ.व. २०७२/०७३ सम्म साक्षर घोषणा गरेका जिल्लाहरूको विवरण यस प्रकार छ ।

| क्र.स. | जिल्लाको नाम | घोषणा मिति | साक्षरता प्रतिशत |
|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | २०७१।०३।०२ | ९७.६८ |
| २ | ललितपुर | २०७१।०३।०९ | १०० |
| ३ | पाल्पा | २०७१।०३।११ | ९९.५३ |
| ४ | धादिङ | २०७१।०३।२९ | ९८.४ |
| ५ | मुस्ताङ | २०७१।०३।३१ | ९६.३५ |
| ६ | स्याङजा | २०७१।०५।२३ | ९६.१६ |
| ७ | चितवन | २०७१।०५।२३ | ९७.५ |
| ८ | अर्घाखाँची | २०७२।०२।२२ | ९७.५ |
| ९ | सुर्खेत | २०७२।०२।२५ | ९६.२६ |
| १० | प्युठान | २०७२।०३।२० | ९७.७ |
| ११ | दाङ | २०७२।०३।२४ | ९६.८ |
| १२ | गुल्मी | २०७२।०३।२६ | ९६ |
| १३ | तनहुँ | २०७२।०३।२८ | ९६.४ |
| १४ | कास्की | २०७२।०३।३० | ९६ |
| १५ | नवलपरासी | २०७२।०३।३१ | ९८ |
| १६ | रुपन्देही | २०७२।०३।३१ | ९६.१७ |
| १७ | लमजुङ | २०७२।०३।३१ | ९५.५ |
| १८ | पाँचथर | २०७२।०४।०९ | ९७ |
| १९ | नुवाकोट | २०७२।०५।२२ | ९८.१९ |
| २० | भक्तपुर | २०७२।०८।२७ | ९६.७ |
| २१ | रोल्पा | २०७२।०९।०९ | ९६.२७ |
| २२ | सल्यान | २०७२।०९।१४ | ९६.७२ |
| २३ | दार्चुला | २०७२।०९।१५ | ९५.४ |
| २४ | जाजरकोट | २०७२।११।२८ | ९५.३ |
| २५ | बर्दिया | २०७२।१२।२८ | ९६.० |
| २६ | रुकुम | २०७३।०१।३१ | ९७.२८ |
| २७ | झापा | २०७३।०२।१७ | ९६ |
| २८ | बागलुङ | २०७३।०३।०३ | ९६.५७ |
| २९ | दोलखा | २०७३।०३।१० | ९५.३७ |

# शिक्षक सेवा आयोग

**पृष्ठभूमि**

सामुदायिक विद्यालयहरूमा नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा रिक्त रहेका पदहरूमा स्थायी नियुक्ति तथा त्यस्ता पदमा नियुक्त शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षा ऐन (संशोधनसहित), २०२८ बमोजिम शिक्षक सेवा आयोगको स्थापना भएको हो। शिक्षा ऐनमा भएको सातौं संशोधनले आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक हुन नपाउने कुरा व्यवस्था गरेपछि शिक्षक पदमा उम्मेदवार हुन आवश्यक पर्ने अध्यापन अनुमतिपत्र वितरण गर्ने जिम्मेवारीसमेत आयोगले पूरा गर्दै आइरहेको छ।

नेपालमा विद्यालय शिक्षाको औपचारिक शुरुआत धेरै पहिलेदेखि भएको भए तापनि शिक्षकहरूको सेवा, सर्त, सुविधासम्बन्धी कानुनी र संस्थागत व्यवस्था राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ देखि भएको हो। सोही समयमा जारी भएको शिक्षा ऐन, २०२८ बमोजिम विद्यालयमा शिक्षकको दरबन्दी स्वीकृत गरी त्यस्ता दरबन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति गर्ने परिपाटीको शुरुआत भएको पाइन्छ। यसरी नियुक्ति गर्दा योग्य र सक्षम व्यक्तिको छनौट गरी सिफारिस गर्न शुरुमा जिल्ला शिक्षा सेवा आयोग, तत्पश्चात् जिल्ला शिक्षा समिति अन्तर्गत छनौट समिति र पछि प्राथमिक तहका लागि जिल्ला स्तरमा जिल्ला शिक्षक छनौट समिति र निम्न माध्यमिक तथा माध्यमिक तहका लागि क्षेत्रीय स्तरमा क्षेत्रीय शिक्षक छनौट समिति क्रियाशील रहेको पाइन्छ।

यसरी गरिएका सुधारहरू मूलतः शिक्षक छनौट गर्ने कार्यलाई स्वतन्त्र निष्पक्ष र हस्तक्षेपबिहीन बनाउने विषयमा केन्द्रित भए पनि त्यसलाई सुनिश्चित गर्ने कुरा चुनौतीको रूपमा रहिरह्यो। विज्ञापन हुने तर समयमा नतिजा प्रकाशन नहुने र भइहाले पनि त्यसको निष्पक्षताको विषयमा प्रश्न चिन्ह लाग्ने गरेको पाइयो। जिल्ला स्तरीय शैक्षिक निकायहरू शिक्षक छनौटको काममा अल्झिरहँदा जिल्लास्तरीय शैक्षिक व्यवस्थापनका अन्य महत्वपूर्ण मुद्दाहरूमा पर्याप्त ध्यान पुग्न नसकेको महसुस भयो। अत: योग्यता प्रणालीमा आधारित रहेर शिक्षण पेशामा दक्ष, प्रतिभाशाली र क्षमतावान व्यक्तिको नियमित र निर्वाध प्रबेश गराई शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउन शिक्षक छनौट कार्यलाई सक्षमतामा आधारित, निष्पक्ष स्वतन्त्र र हस्तक्षेपविहीन बनाउन शिक्षक छनौट गर्ने एउटा स्वतन्त्र निकायको आवश्यकता खट्किरह्यो। यसैबीच शिक्षक समुदायबाट समेत शिक्षण पेशामा क्षमताका आधारमा दक्ष व्यक्तिले प्रवेश पाउने व्यवस्था सुनिश्चित गर्न र शिक्षक पदपूर्तिलाई नियमित रुपमा सम्पन्न गर्न एउटा स्वतन्त्र र निष्पक्ष निकायको माग हुने गरेको र शैक्षिक सुधारका लागि सरकारी स्तरबाट गठन भएका आयोगहरू (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिबेदन) ले समेत शिक्षकहरूको स्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न राष्ट्रिय स्तरमा एउटा शिक्षक सेवा आयोग गठन गर्नुपर्ने सुझाव प्राप्त भएपछि नेपाल सरकारले शिक्षा ऐन २०२८ मा २०५५।१०।०१ मा शिक्षा ऐनमा छैटौं संशोधन भई "राष्ट्रिय शिक्षक सेवा आयोग" को स्थापना गरेको हो। शुरुमा राष्ट्रिय शिक्षक सेवा आयोगको नामवाट स्थापना भएको आयोगको नाम २०५८।१०।२५ गते शिक्षा ऐनमा भएको सातौं संशोधन पश्चात् शिक्षक सेवा आयोग बनाइयो भने नेपाल सरकारको विशिष्ट श्रेणीमा कम्तीमा ५ बर्ष काम गरेको व्यक्ति मात्र अध्यक्ष बन्न सक्ने गरी अध्यक्षको योग्यता थप गरियो। सोही संशोधनले आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका उम्मेदवार हुन नपाउने व्यवस्था गरेपछि आयोगको कार्यक्षेत्र थप भई जिम्वेवारी बृद्धि भयो। आयोगको कार्यसम्पादनलाई पर्याप्त कानुनी आधार प्रदान गर्न वि.सं. २०५७ सालमा शिक्षक सेवा आयोग नियमावली जारी गरियो।

वि.सं.२०७३ सालमा भएको शिक्षा ऐनको आठौं संशोधनमा भएको व्यवस्था अनुसार आयोगमा एकजना अध्यक्ष र एकजना महिला सहित दुई जना सदस्य गरी तीन सदस्यीय आयोग गठन हुने प्रावधान छ। लोकसेवा आयोगका अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षा मन्त्रालयका सचिव सदस्य रहने तीन सदस्यीय समितिको सिफारिसमा नेपाल सरकारले आयोगका पदाधिकारीहरूको नियुक्ति ५ वर्षका लागि गर्ने व्यवस्था शिक्षा ऐनमा छ। आयोगको सचिवालयको कार्य व्यवस्थापनका निम्ति नेपाल सरकारका सहसचिव स्तर (रा.प. प्रथम, शिक्षा सेवा) को प्रशासकीय प्रमुख रहने व्यवस्था छ। यस आयोगका लागि चाहिने कर्मचारीहरू, आर्थिक तथा भौतिक स्रोत शिक्षा मन्त्रालयले उपलब्ध गराउँछ। जम्मा ३४ दरबन्दी रहेको आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ।

**उद्देश्य**

सक्षमतामा आधारित शिक्षक छनौट र कार्यसम्पादनमा उत्कृष्टता तथा निष्पक्षता नै शिक्षक सेवा आयोगको प्रमुख उद्देश्य हो।

**आयोगको काम कर्तव्य र अधिकार**

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ अनुसार आयोगको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ।

१. शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने।
२. विद्यालयमा अध्यापन गर्न चाहने शिक्षकलाई अध्यापन अनुमतिपत्र दिने।
३. अध्यापन अनुमतिपत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने।
४. शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने।
५. शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने।
६. उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षा सम्बन्धी कागजात धुल्याउने।
७. ऐन वा यस नियमावलीबमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकताअनुसार निरीक्षण तथा जाँचबुझ गर्ने।

**मुख्य मुख्य कार्यहरू**

१. सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवाका लागि सिफारिस गर्ने
२. शिक्षक पदका लागि उम्मेदवार हुनका लागि लिनुपर्ने अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन र प्रमाण पत्र प्रदान गर्न
३. शिक्षकहरूको खुला प्रतियोगितात्मक परीक्षा, बढुवा र अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र परीक्षा सम्बन्धी अन्य कार्य गर्ने
४. सामुदायिक विद्यालयमा अध्यापन गर्न योग्य, शिक्षकहरूको छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने
५. शिक्षकहरूको सेवा, सर्त र सुविधाका सम्बन्धमा सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने।

**शाखाहरू**

सचिवालयको कार्य व्यवस्थापनका निम्ति देहाय अनुसारका ८ ओटा शाखा कायम गरिएको छ :

१. लिखित परीक्षा सञ्चालन शाखा
२. तथ्याङ्क, विज्ञापन, प्रकाशन, पाठ्यक्रम, क्षमता विकास तथा अनुसन्धान शाखा
३. बढुवा शाखा
४. प्रश्न पत्र निर्माण तथा परिमार्जन शाखा
५. अन्तर्वार्ता र सिफारिस शाखा
६. अध्यापन अनुमति पत्र शाखा
७. प्रशासन, योजना तथा अनुगमन शाखा
८. आर्थिक प्रशासन शाखा

**कानुनी आधार**

शिक्षक सेवा आयोगले आफूलाई प्राप्त जिम्मेवारी अनुरुपको कार्यसम्पादनका लागि निम्न लिखित ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूको प्रयोग गर्दै आएको छ।

- शिक्षा ऐन (संशोधनसहित), २०२८
- शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७
- शिक्षा नियमावली (संशोधनसहित), २०५९
- परीक्षा सञ्चालन निर्देशिका, २०७०
- अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७०
- शिक्षक सेवा आयोगबाट तर्जुमा भएका कार्यविधिहरू

# विद्यालय शिक्षक किताबखाना

## परिचय

नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरूका लागि विद्यालय शिक्षा सेवाको गठन भएको छ । स्थायी तथा अस्थायी रूपमा विद्यालयका शिक्षकहरूको सेवा सर्त सम्बन्धमा सरकारले नियमद्वारा व्यवस्था गर्न सक्ने अधिकार शिक्षा ऐन, २०२८ को दफा १९(२)(द) ले गरेको र सोहीअनुसार शिक्षा नियमावली, २०५९ को नियम ८६ द्वारा यो सेवाको गठन गरिएको हो । यस सेवाअन्तर्गत रहने गरी स्थायी शिक्षकहरूको नियुक्ति र बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूबाट हुन्छ भने नियुक्ति, बढुवालगायत शिक्षकहरूको सम्पूर्ण सेवा सम्बन्धी अभिलेख राख्न तथा सेवा निवृत्त पछिको नियमानुसार सुविधा उपलब्ध गराउने सम्बन्धी कार्य गर्नका लागि विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो । मुलुकभरिका सार्वजनिक सामुदायिक विद्यालयहरूमा विद्यालय शिक्षा सेवाअन्तर्गत स्थायी भई कार्यरत शिक्षकहरूको केन्द्रीय स्तरमा अभिलेख राख्ने निकाय नहुँदा समस्याहरू उत्पन्न भइरहेको र उनीहरूलाई सेवा निवृत्तपछि पाउने नियमानुसारको सुविधा व्यवस्थापनमा समेत मुलुकभर एकरूपता कायम गर्न नसकिरहेको अवस्थामा यी समस्याहरूको समाधान गर्नका लागि नेपाल सरकार मन्त्री परिषदको मिति २०५४।१०।०२ को निर्णयानुसार शिक्षा मन्त्रालयअन्तर्गत रहने गरी विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो । शिक्षा नियमावली, २०४९, मा भएको छैटौँ संशोधन २०५४ ले यसलाई मिति २०५४।११।१९ देखि शिक्षा नियमावलीमा नै आबद्ध गरेपछि मिति २०५४।१२।२६ मा विधिवत् स्थापना भई शिक्षा मन्त्रालय, केसरमहल परिसरको एक कोठाबाट यसको कार्य शुभारम्भ भएको हो । वि.सं. २०५५ भाद्रदेखि यसको कार्यालय काठमाडौ महानगरपालिका वडा नं. १५ ताहाचल, चागलमा जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनसँगै रहेको थियो भने २०६६ जेठ महिनाबाट विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन म्युजियम मार्ग छाउनी काठमाडौ महानगरपालिकामा स्थानान्तरण भई सञ्चालनमा रहेको छ । जम्मा ३४ जना दरबन्दी रहेको यस विद्यालय शिक्षक किताबखानामा रा.प. प्रथम श्रेणी (प्रशासन सेवा) का महानिर्देशक प्रमुख रहने व्यवस्था छ ।

## मुख्य मुख्य कार्यहरू

१. वैयक्तिक विवरण दर्ता गरी नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवम् अध्ययन बिदा, औषधी उपचारको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक विवरण फाइलमा संलग्न गरी अद्यावधिक गर्ने
२. शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने गराउने
३. उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई ६ महिना अगावै जानकारी गराउने
४. सेवाबाट अलग भएका शिक्षकहरूको निवृत्तभरण, उपादान, औषधी, बिमा, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी अधिकार पत्र प्रदान गर्ने
५. शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने
६. शिक्षकहरूको स्थायी ठेगाना परिवतर्न गर्ने
७. शिक्षक सम्बन्धी सूचना केन्द्रका रूपमा काम गर्ने
८. शिक्षकहरूको प्राप्त सम्पत्ति विवरण राख्ने
९. सम्बन्धित शिक्षक तथा व्यक्ति, संस्था र निकायहरूलाई शिक्षकहरूको अभिलेखअनुरूपका तथ्याङ्कहरू नियमानुसार उपलब्ध गराउने
१०. शिक्षकहरूको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरूप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने
११. शिक्षा मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने र तोकिएका अन्य काम गर्ने

## शाखाहरू

१. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा क
२. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ख

३. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ग
४. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा घ
५. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा ङ
६. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा च
७. निवृत्तभरण/उपदान तथा अभिलेख शाखा छ
८. सूचना तथा सञ्चार प्रविधि शाखा
९. योजना, कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन शाखा
१०. सामान्य प्रशासन शाखा
११. आर्थिक प्रशासन शाखा

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## परिचय

विभिन्न देशमा शैक्षिक गुणस्तर परीक्षण गर्ने कार्य स्वतन्त्र र स्वायत्त निकायको स्थापना गरी सोही निकायबाट गर्ने गराउने चलन बढेको छ । यसै सन्दर्भमा नेपालको समग्र विद्यालय तहको शैक्षिक क्षेत्रमा सुधार गर्ने गरी विकास गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) ले शिक्षा क्षेत्रमा भए गरेका प्रयासहरूको स्वतन्त्र परीक्षण गरी गुणस्तर र जवाफदेही अभिवृद्धिमा सघाउ पुऱ्याउने अभिप्रायले एक स्वतन्त्र र स्वायत्त परीक्षण संस्थाको स्थापना गर्ने प्रावधान राखेको छ । यसरी स्थापना हुने संस्थाले समग्र मन्त्रालय पद्धतिको शैक्षिक गतिविधिहरूको परीक्षण गर्ने कुरा पनि सोही योजनामा उल्लेख गरिएको छ । उक्त संस्थाले मानक र मापदण्डका आधारमा गुणस्तर र जवाफदेहीको परीक्षण गर्ने अभिप्राय राखेको देखिन्छ । यसरी स्वतन्त्र रूपमा स्थापित संस्थाले मन्त्रालय पद्धतिका सबै शिक्षण संस्थाहरूको बाह्य मूल्याङ्कन गर्ने र वार्षिक परीक्षण प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गरी सो प्रतिवेदन सार्वजनिकसमेत गर्ने व्यवस्था गरिएको छ । उल्लिखित व्यवस्थाबमोजिम शैक्षिक गतिविधिहरूको परीक्षण गर्न एक स्वतन्त्र र स्वायत्त निकायको स्थापना ऐनद्वारा नै व्यवस्थित गर्ने प्रयास भइरहेको छ । ऐनको व्यवस्था नहुँदासम्मका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार यो संस्था स्थापना गरिएको छ । यस केन्द्रको प्रमुख कार्य नेपालमा सञ्चालित शिक्षा मन्त्रालय र अन्तर्गतका विभिन्न शैक्षिक निकाय (हाललाई विश्व विद्यालयभन्दा बाहेकका) तथा विद्यालय स्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरीयताका परीक्षण गरी सुधारका लागि सुझाव दिने रहेको छ । यस कार्यलाई व्यवस्थित ढङ्गबाट अघि बढाउन शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ स्वीकृत भई कार्यान्वयन भइरहेको छ । वि.सं.२०६६ मा स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख सहसचिव, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) रहने व्यवस्था छ । तीन जना उपसचिव, १० जना शाखा अधिकृत, तीन जना सहायक र चार जना सहयोगी कर्मचारी गरी शिक्षा मन्त्रालयबाट काजमा खटाइएका २२ जना कर्मचारी कार्यरत छन् । हाल यस केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## केन्द्रको उद्देश्य

यस केन्द्रका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी शक्षिक नीति तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने
२. विद्यालय तथा शैक्षिक निकायहरूको कार्य सम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाहमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने
३. विद्यालय र शैक्षिक निकायहरूलाई आफ्नो कार्य सम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने र शैक्षिक सेवा प्रवाहमा सुधारका लागि जवाफदेही बनाउने
४. शैक्षिक आयोजना र परियोजनाको कार्य सम्पादन मूल्याङ्कन गर्ने
५. शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचनाहरू उपलब्ध गराउने

## मुख्य मुख्य कार्यहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निम्नानुसारका कार्यहरू गर्ने छ :

१. निर्धारित मापदण्ड, मानक, कार्य निर्देशिका, उद्देश्य, एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिको लेखाजोखा गर्ने
२. शिक्षा ऐन तथा नियमावलीबमोजिम विद्यालयहरूको वर्गीकरणसमेतको कार्य प्रक्रियाको परीक्षण गर्ने
३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने

४. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइ स्तरको आवधिक रूपमा परीक्षण गर्ने
५. सम्बन्धित शैक्षिक निकायहरूले सम्पादन गरेका कार्य प्रभावकारिताका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पूरा गरेका आधारमा गुणस्तरीयता जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने
६. मन्त्रालय र अन्तर्गतका निकायहरू वा पदाधिकारीहरूबाट सम्पादित कार्यहरूको परीक्षण गरी निष्कर्ष सार्वजनिक गर्ने
७. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबिच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने
८. शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरूको रोस्टर निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुनरावलोकन कार्यमा संलग्न गराउने
९. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने
१०. विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारण सम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने उल्लिखित कार्यहरूलाई व्यवस्थित गर्दै लैजान शिक्षाविद्हरूसमेतको संलग्नता रहने र विज्ञले अध्यक्षता गर्ने गरी एक प्राविधिक समिति गठन गर्न सकिने व्यवस्था रहेको छ।

**केन्द्रको संरचना**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शिक्षा मन्त्रालयअन्तर्गतको केन्द्रीय निकायका रूपमा शिक्षा मन्त्रीको अध्यक्षतामा गठित शिक्षा नीति निर्धारण समिति तथा शिक्षा सचिवको अध्यक्षतामा गठित निर्देशक समितिसँग निकट सम्बन्ध कायम गरी कार्य गर्दछ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विशिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक पर्ने सहयोग तथा सल्लाह प्राप्त गर्न सम्बन्धित विज्ञ तथा विशेषज्ञ सम्मिलित प्राविधिक समिति गठन हुने व्यवस्था छ। विद्यार्थी उपलब्धि परीक्षण तथा कार्य सम्पादन परीक्षणको कार्य ढाँचा, साधन तथा मानक विकासका लागि विभिन्न विषय समितिहरू पनि आवश्यकताअनुसार गठन हुने व्यवस्था छ। केन्द्रको दैनिक कार्य सञ्चालनक लागि निम्नअनुसारका शाखा तथा एकाइहरू रहेका छन् :

१. योजना, कार्यक्रम तथा अनुगमन शाखा
२. अनुसन्धान तथा विकास शाखा
३. निकायगत कार्य सम्पादन परीक्षण एकाइ
४. विद्यालयगत कार्यसम्पादन परीक्षण एकाइ
५. विद्यार्थी सिकाइ स्तर मापन एकाइ

# क्षेत्रीय शिक्षा निर्देशनालयहरू

**परिचय**

शिक्षामा क्षेत्रीय प्रशासनको शुरुआत पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा वि. स. २००३ *(सन्१९४६)* मा स्थापना गरिएको विद्यालय उपनिरीक्षकको कार्यालयसँगै भएको हो । चिफ इन्सपेक्टर अफ स्कुल्स अफिस भने वि.स. १९९८ मा काठमाडौमा स्थापना भएको थियो । वि.स. २०१० सालमा नेपाललाई सात क्षेत्रमा बाँडेर सात ओटा डिभिजिनल इन्सपेक्टर अफ स्कुल्स अफिस स्थापना गरी विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवारी दिइएको थियो । वि.सं. २०१८ सालमा १४ अञ्चल र ७५ जिल्लामा नेपाललाई विभाजन गरिएअनुसार १४ ओटा अञ्चल शिक्षा अधिकारी कार्यालय र ७५ ओटा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापनासँगै इन्सपेक्टर अफ स्कुल्स अफिसको व्यवस्था हटेको हो । हालको क्षेत्रीय शिक्षा निर्देशनालयहरूको स्थापना भने राष्ट्रिय शिक्षा योजना २०२८ सँगै भएको हो । शैक्षिक प्रशासनको प्रभावकारिता वृद्धि गर्ने र यसलाई विद्यालय तथा आम जन समुदायको नजिक लैजाने उद्देश्यले क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापना भएको हो । नेपालमा यस्ता पाँच ओटा क्षेत्रीय शिक्षा निर्देशनालयहरू रहेका छन् । क्षेत्रभित्रका जिल्ला स्तरीय कार्यक्रमहरूमा एकरूपता ल्याउने र विद्यालय स्तरको पठन पाठन तथा विकास कार्यक्रमहरूको समन्वय, अनुगमन एवम् सुपरिवेक्षण गर्ने जिम्मेवारी क्षेत्रीय शिक्षा निर्देशनालयको हुन्छ । प्रत्येक क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुखको रूपमा राजपत्राङ्कित प्रथम श्रेणी *(शिक्षा सेवा)* का निर्देशक रहने व्यवस्था छ । पाँच ओटै क्षेत्रीय शिक्षा निर्देशनालयमा गरी जम्मा १५८ दरबन्दी रहेको छ । क्षेत्रीय शिक्षा निर्देशनालयका कार्यालयहरू निम्नअनुसारका स्थानमा रहेका छन् *:*

१. पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा
२. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौँडा, मकवानपुर
३. पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा, कास्की
४. मध्य पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत र
५. सुदूर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल, डोटी

**परिकल्पना**

शिक्षित, सुसंस्कृत, समुन्नत तथा गतिशील समाजको स्थापना र विकास गर्न सहयोग पुर्‍याउने

**ध्येय**

आफ्नो क्षेत्र भित्र सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराई शिक्षाको राष्ट्रिय लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक सहयोग पुर्‍याउने ।

**उद्देश्य**

१. जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयहरूलाई सक्रिय बनाई विद्यालयको विद्यमान शैक्षिक प्रणालीलाई प्रभावकारी बनाउन सहयोग गर्ने
२. जिल्ला र केन्द्रीय निकायबिच कार्यक्रम कार्यान्वयनका लागि समन्वय, सहजीकरण र सहकार्य गर्ने

**रणनीति**

१. अनुगमनका साधनहरूको विकास गरी प्रभावकारी अनुगमन गर्ने र अनुगमनलाई उपलब्धिसँग आबद्ध गर्ने
२. कार्य सम्पादन र उपलब्धिबिच प्रभावकारी सहसम्बन्ध, निरन्तर अनुगमन, सुपरिवेक्षण, समन्वय तथा पुस्कार र दण्डका माध्यमद्वारा जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयहरू तथा उल्लिखित संस्थाहरूमा कार्यरत जनशक्तिलाई लक्ष्योन्मुख बनाउने

**कार्यनीति**

१. आवधिक प्रतिवेदन, स्थलगत अनुगमन, प्रत्यक्ष अप्रत्यक्ष अन्तरक्रिया, गोष्ठी तथा छलफलका माध्यमबाट अपेक्षित लक्ष्य र हासिल भएका उपलब्धिहरूको विश्लेषण र व्याख्या गर्ने
२. शैक्षिक संस्था एवम् निकायहरूलाई शिक्षा विभाग र अन्य संस्थाहरूसँग समन्वय गरी प्राविधिक र भौतिक सहयोग उपलव्ध गराउन सहयोग गर्ने
३. जिल्ला शिक्षा कार्यालय र सोअन्तर्गतका कर्मचारीहरूको कामको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने

४. सम्बन्धित शैक्षिक संस्था तथा निकायहरूलाई मार्ग निर्देशन गर्ने र विद्यालय शिक्षाको तहगत एवम् राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने
५. जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा अधिकारी तथा अन्य कर्मचारीहरूसँग सम्बन्धित समस्या र गुनासाहरूको समाधान गर्ने तथा सम्बन्धित निकायमा पुऱ्याई समाधान गर्न आवश्यक पहल गर्ने
६. शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यको वातावरण तयार गर्ने

**मुख्य मुख्य कार्यहरू**

१. आफ्नो क्षेत्रभित्रका शैक्षिक योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र व्यवस्थापन गर्ने गराउने,
२. विद्यालय शिक्षाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने,
३. निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूलाई अनुमति र स्वीकृति दिने,
४. उच्च माध्यमिक विद्यालयहरूको अनुगमन तथा सुपरिवेक्षणमा सहयोग पुऱ्याउने,
५. प्रवेशिका परीक्षा (एसएलसी) सञ्चालन गर्न सहयोग गर्ने,
६. जिल्ला शिक्षा अधिकारी, निरीक्षक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि तालिम, गोष्ठीहरू सञ्चालन गर्ने,
७. औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूको स्थलगत सुपरिवेक्षण तथा कार्यक्रमहरू अनुगमन गर्ने,
८. आर्थिक प्रशासनको रेखदेख गरी विद्यालयको लेखा परीक्षण पश्चात् आवश्यकतानुसार पुनरावलोकन गर्ने गराउने,
९. सरकारी तथा गैर सरकारी शिक्षा परियोजनाहरूको समन्वय र निरीक्षण गर्ने,
१०. माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरूका प्रमाण पत्रमा नाम, थर र जन्ममिति सच्याउने तथा अस्थायी प्रमाण पत्र दिने,
११. जिल्ला शिक्षा अधिकारीहरूको काममा समन्वय, सुपरीवेक्षण, निरीक्षण र मूल्याङ्कन गर्ने,
१२. जिशिका र स्रोतकेन्द्रबाट नियमित रूपमा प्रभावकारी तवरले विद्यालयको निरीक्षण गराउने,
१३. संस्थागत विद्यालयलाई सार्वजनिक तथा निजी गुठीअन्तर्गत दर्ता गर्ने,
१४. निर्देशनालयको कामको प्रगति विवरण प्रत्येक दुई महिनामा विभाग र मन्त्रालयमा पठाउने,
१५. आफ्नो क्षेत्रभित्र विद्यालय स्तरीय स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्रीको कार्यान्वयन, अनुगमन, व्यवस्थापन र मूल्याङ्कन गर्ने गराउने,
१६. निरीक्षकको प्रतिवेदनबमोजिम काम भए नभएको सम्बन्धमा प्रत्येक तीन महिनामा अनुगमन गर्ने तथा त्यसको प्रतिवेदन विभाग र मन्त्रालयमा पठाउने,
१७. आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको सबै तहका शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,
१८. माथिल्ला निकायबाट निर्देशित तथा प्रत्यायोजित कार्यहरू सम्पादन गर्ने गराउने।

**शाखाहरू**

माथि उल्लिखित कार्यहरू सम्पादन गर्न देहाय अनुसारका शाखाहरू रहेका छन्;

१. योजना तथा कार्यक्रम समन्वय
२. अनुगमन तथ निरीक्षण
३. अनौपचारिक तथ सहक्रियाकलाप
४. विद्यालय व्यवस्थापन
५. शैक्षिक गुणस्तर तथा सूचना
६. परीक्षा तथा मूल्याङ्कन
७. शिक्षक व्यवस्थापन
८. प्रशासन तथा समसामयिक शिक्षा

# जिल्ला शिक्षा कार्यालयहरू

## परिचय

शैक्षिक प्रशासनको सङ्गठनात्मक स्वरूपमा स्थानीय तहको निकायका रूपमा ७५ ओटै जिल्लामा एक एक ओटा जिल्ला शिक्षा कार्यालय स्थापना गरिएको छ। वि.स. २०१६ सालमा नेपालका ३२ ओटा प्रशासकीय जिल्लालाई २८ ओटामा विभाजन गरी जिल्ला स्कुल निरीक्षक कार्यालय स्थापना गरिएको थियो। वि. सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएपछि वि.सं. २०१८ सालमा ७ ओटा डिभिजनल इन्पेक्टर अफिसको सट्टा १४ ओटा अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो भने वि.सं.२०१९ सालमा ७५ ओटै जिल्लामा जिल्ला शिक्षा निरीक्षक अफिस खडा गरियो। यसै क्रममा वि.सं. २०२७ मा अञ्चल शिक्षा अधिकारी कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लाहरूमा जिल्ला शिक्षा निरीक्षक कायम गरियो। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ सँगै पाँच ओटा क्षेत्रीय शिक्षा निर्देशनालय र ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरू कायम गरी त्यसमा हालसम्म निरन्तरता दिइएको छ। जिल्ला स्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु र राष्ट्रिय नीति र कार्यक्रमका साथै शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयको निर्देशन अनुसार जिल्लामा पठन पाठन प्रक्रिया भए नभएको सुपरिवेक्षण तथा अनुगमन गर्नु जिल्ला शिक्षा अधिकारीको मुख्य दायित्व हो। विद्यालय प्रशासन तथा सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउनका लागि प्रत्येक जिल्लालाई विद्यालय सङ्ख्या र भौगोलिक बनावटका आधारमा १ देखि १४ निरीक्षण क्षेत्रहरूमा विभाजन गरिएको छ। प्रत्येक निरीक्षण क्षेत्रका विद्यालयहरूलाई प्रविधिक सहयोग तथा सेवाहरू प्रदान गर्नका लागि स्रोतकेन्द्रहरूको स्थापना गरिएको छ।

निजामती सेवा अन्तर्गतको रा. प. द्वितीय श्रेणी, शिक्षा सेवाका जिल्ला शिक्षा अधिकारी प्रमुख रहने जिल्ला शिक्षा कार्यालय प्रत्येक जिल्ला सदरमुकाममा रहेका छन्। सबै जिल्ला शिक्षा कार्यालयमा गरी जम्मा १७३२ कर्मचारी दरबन्दी रहेका छन्। ७५ ओटै जिल्ला शिक्षा कार्यालयहरूमा विभिन्न सेवा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका २९५ जना, राजपत्राङ्कित तृतीय श्रेणीका ६१० जना, राजपत्र अनङ्कित प्रथम श्रेणीका ४०८ जना, राजपत्र अनङ्कित द्वितीय श्रेणीका १६१ जना र श्रेणीविहीन २५२ जनाको दरबन्दी रहेको छ। जिल्ला शिक्षा कार्यालयहरूको वर्गीकरणअनुसार जिल्ला शिक्षा कार्यालयहरूमा दुईदेखि सात ओटासम्म शाखाहरू कायम गरिएको छ।

## जिल्ला शिक्षा कार्यालयको वर्गीकरण

क) विद्यालय सङ्ख्याका आधारमा जिल्ला शिक्षा कार्यालयलाई "क", "ख", "ग" र "घ" गरी चार वर्ग विभाजन गरिएको छ। "क" वर्गमा एकमात्र जिल्ला रहेको छ भने "ख" वर्गमा ७ जिल्ला, "ग" वर्गमा ५९ जिल्ला र "घ" वर्गमा ८ जिल्लाहरू रहेका छन्।

"क" वर्गमा पर्ने जिल्ला : काठमाडौ

"ख" वर्गमा पर्ने जिल्लाहरू : झापा, मोरङ, काभ्रेपलाञ्चोक, ललितपुर, चितवन, स्याङ्जा, र रूपन्देही

"ग" वर्गमा पर्ने जिल्लाहरू : ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, भोजपुर, धनकुटा, सुनसरी, तेह्रथुम, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सिरहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा, सर्लाही, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, भक्तपुर, मकवानपुर, पर्सा, बारा, रौतहट, गोरखा, लम्जुङ, तनहुँ, कास्की, पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, बाग्लुङ, म्याग्दी, पर्वत, रुकुम, सल्यान, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली, दार्चुला, बैतडी र कञ्चनपुर।

"घ" वर्गमा पर्ने जिल्लाहरू : रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला, हुम्ला र डडेलधुरा

ख) उप/सहायक जिल्ला शिक्षा अधिकारी रहने सङ्ख्याका आधारमा हाल जिल्ला शिक्षा कार्यालयहरूलाई सात प्रकारमा वर्गीकरण गरिएको छ। यिनीहरूको विवरण यस प्रकार छ :

१. सात जना उप/सहायक जिशिअ हुने जिल्ला : उदयपुर, सर्लाही, सिन्धुपाल्चोक, सिन्धुली, धादिङ, मकवानपुर, स्याङ्जा, नवलपरासी र कपिलवस्तु गरी ९ ओटा।
२. छ जना उप/सहायक जिशिअ हुने जिल्ला : झापा, सुनसरी, मोरङ, काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, चितवन, गोरखा, तनहुँ, कास्की, रूपन्देही, दाङ, सुर्खेत, कैलाली गरी १४ जिल्ला।
३. पाँच जना उप/सहायक जिशिअ हुने जिल्ला : सिरहा, महोत्तरी, रौतहट र बर्दिया गरी चार ओटा जिल्ला
४. चार जना उप/सहायक जिशिअ हुने जिल्ला : बारा, बाँके र कञ्चनपुर गरी तीन ओटा जिल्ला
५. तीन जना उप/सहायक जिशिअ हुने जिल्ला : सप्तरी, धनुषा, पर्सा गरी तीन ओटा जिल्ला
६. एक जना उप/सहायक जिशिअ हुने जिल्ला : ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, धनकुटा, तेह्रथुम, सोलखुम्बु, ओखलढुङ्गा, दोलखा, रामेछाप, रसुवा, भक्तपुर, मनाङ, लमजुङ, गुल्मी, अर्घाखाँची, मुस्ताङ, बाग्लुङ , पर्वत, सल्यान, रोल्पा, प्युठान, दैलेख, जाजरकोट, डोल्पा, मुगु, कालिकोट, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला र डडेल्धुरा गरी ३२ जिल्लाहरू
७. उप/सहायक जिशिअ नभएका जिल्ला : इलाम, भोजपुर, खोटाङ, नुवाकोट, पाल्पा, म्याग्दी, रुकुम, जुम्ला, डोटी र बैतडी गरी १० ओटा जिल्ला

**प्रमुख कार्यहरू**

१. सरकारको शैक्षिक नीति तथा योजनाहरूका आधारमा जिल्लामा विभिन्न शैक्षिक विकास कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने गराउने
२. विद्यालय र स्रोतकेन्द्रहरूको सुपरिवेक्षण गरी शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने
३. जिल्लाको शैक्षिक प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने
४. शिक्षकहरूको दरबन्दी मिलान, नियुक्ति, पदस्थापन, तलबी प्रतिवेदन पारित तथा सरुवा गर्ने र सोको अभिलेख राख्ने
५. विद्यालय, शिक्षक आदिको वार्षिक र आवधिक तथ्याङ्क प्रतिवेदन तयार गर्ने
६. नयाँ विद्यालयहरूको स्थापना र विद्यमान विद्यालयहरू सुदृढ गर्ने
७. छोटो अवधिका शिक्षक तालिम, कार्यशाला तथा गोष्ठीहरू सञ्चालन गर्ने
८. अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने
९. विद्यालय तहका जिल्ला, क्षेत्रीय एवम् राष्ट्रियस्तरका परीक्षाहरू सञ्चालन गर्ने
१०. जिल्लाका विद्यालयहरूमा विद्यार्थीहरूको पहुँच एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने
११. विद्यालय, प्राविधिक शिक्षालय र शिशु विकास केन्द्र सम्बन्धी शैक्षिक सूचना सङ्कलन, विश्लेषण र प्रबोधीकरण गर्ने गराउने
१२. सरोकारवालाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने
१३. कक्षा ८ को जिल्लास्तरीय परीक्षा एवम् एसएलसी परीक्षामा रजिष्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुन बमोजिम संशोधन गर्ने
१४. सामुदायिक विद्यालयका स्थायी शिक्षकको राजीनामा स्वीकृत गर्ने
१५. स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको अनुगमन गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धमा सुझाव भए सम्बन्धित निकायमा पठाउने
१६. शैक्षिक योजनाको प्रगति प्रतिवेदन निर्देशनालय र विभागमा पठाउने
१७. जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालनार्थ गैर सरकारी संस्था र अन्य सङ्घसंस्थाहरूसँग समन्वय गर्ने गराउने
१८. केन्द्रीय एवम् क्षेत्रीय निकायहरूबाट निर्देशित तथा प्रत्यायोजित अन्य कार्य सम्पादन गर्ने, गराउने

## स्रोतकेन्द्रहरू

**परिचय**

नेपालमा स्रोतकेन्द्र प्रणालीको औपचारिक सुरुआत सन् १९८२ मा ग्रामीण विकासका लागि शिक्षा परियोजना *(*सेती प्रोजेक्ट*)* बाट भएको थियो । सन् १९८४ मा छ ओटा जिल्लामा सुरु भएको प्राथमिक शिक्षा परियोजना *(PEP)* मा पनि स्रोतकेन्द्र रहने व्यवस्था भएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना *(BPEP)* सन् १९९२ मा सुरु भएपछि स्रोतकेन्द्र प्रणालीलाई परियोजनाको अभिन्न अङ्गका रूपमा विकास गरी क्रमश*:* देशभर विद्यालय सुपरिवेक्षण र सहायता प्रणालीका रूपमा स्रोतकेन्द्रको स्थापना गरियो । नेपालभर हाल १०५३ स्रोतकेन्द्रहरू सञ्चालनमा रहेका छन् । प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्ति *(*सामुदायिक विद्यालयका शिक्षकहरूबाट काजमा ल्याइएका*)* को व्यवस्था गरिएको छ, जसले स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूको सुपरिवेक्षण र शिक्षण सिकाइ सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउँछन् ।

स्रोतकेन्द्रको दैनिक कार्य तथा स्रोतकेन्द्रका प्राज्ञिक, शैक्षिक, अनुसन्धानात्मक र रचनात्मक कार्यहरू सञ्चालन गर्ने देहायबमोजिमको स्रोतकेन्द्र व्यवस्थापन समिति रहेको छ *:*

संयोजक *:* स्रोतकेन्द्र विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

सदस्य *:* स्रोतकेन्द्र विद्यालयका प्रधानाध्यापक

सदस्य *:* स्रोतकेन्द्रभित्रका प्रअहरूले छानेका तीन जना *(* जसमध्ये आधारभूत तह र माध्यमिक तहबाट एक एक जना प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये एक जना*)*

सदस्य *:* सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक

सदस्य सचिव *:* सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ति

**मुख्य मुख्य कार्यहरू**

स्रोतव्यक्तिले गर्ने कार्यहरू नै स्रोतकेन्द्रका कार्यहरू भएकाले स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका - २०७१ अनुसार व्यवस्थित गरिएका स्रोतव्यक्तिका काम, कर्तव्य, अधिकार र सेवाका सर्तहरू निम्नानुसार रहेका छन् *:*

१. स्रोतव्यक्ति सामान्यतया प्रशासनिक रूपमा जिल्ला शिक्षा अधिकारी प्रति, कार्यक्रमगत रूपमा सम्बन्धित विद्यालय निरीक्षक, स्रोतकेन्द्र व्यवस्थापन समिति र समूह विद्यालयप्रति उत्तरदायी रहने
२. स्रोतव्यक्तिले स्रोतकेन्द्र र समूह विद्यालयहरूमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग र स्रोतकेन्द्रस्तरमा क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने
३. शैक्षिक सेवा सुविधा एवम् सूचनाहरू प्रवाह गर्ने गराउने
४. शैक्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने
५. शैक्षिक नीति निर्देशन पालन गर्ने गराउने
६. जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने
७. स्थानीय निकायलाई शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयन सम्बन्धी कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने
८. स्रोतकेन्द्रभित्रका प्रत्येक विद्यालयहरूको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा वर्षमा कम्तीमा दुई पटक पर्यवेक्षक रूपमा भाग लिने र आवश्यक सल्लाह सुझाव तथा सहयोगीको भूमिका निर्वाह गर्ने
९. स्रोतव्यक्तिले समूह विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग , शिक्षक सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रमा राख्ने र कार्यक्रमअनुसार कार्य गर्ने, प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने
१०. स्वीकृत वार्षिक कार्यक्रमअनुसार मासिक तथा साप्ताहिक कार्य योजना बनाई विद्यालय निरीक्षकको सिफारिससहित जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत गराउने र सो स्वीकृत कार्यक्रम स्रोतकेन्द्र विद्यालयको प्रधानाध्यापकलाई समेत दिने
११. स्रोतकेन्द्रभित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने र आवश्यकताअनुसार जिल्ला शिक्षा कार्यालयमा पेस गर्ने

१२. स्रोतकेन्द्रअन्तर्गत विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण र विद्यालय स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सो सम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने गर्न लगाउने

१३. स्रोतव्यक्तिले स्रोतकेन्द्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि स्रोत केन्द्रका समूह विद्यालयहरूको सहयोग तथा सहकार्यमा आवश्यकताअनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरू सञ्चालन गर्ने, गराउने

१४. शिक्षा नियमावली तथा शिक्षक सेवा आयोग नियमावलीले स्रोतव्यक्तिले गर्न तोकिएको कार्य गर्ने।

**सिकाइ उपलब्धि सम्बन्धी निम्नअनुसारका कार्यहरू गर्ने**

१. शैक्षिक सत्र सुरु भएको १ महिनाभित्र विद्यालयगत रूपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने

२. अनिवार्य विषयहरूको विषयगत सिकाइ उपलब्धिहरूको नतिजा विश्लेषण गर्ने

३. प्रत्येक वर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण र प्रदर्शन गर्ने

४. सम्पूर्ण नतिजाको विश्लेषणपश्चात् स्रोतकेन्द्र प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायहरूको खोजी गर्ने

५. सिकाइ उपलब्धि वृद्धि हुने क्रियाकलापहरूको बारेमा स्रोतकेन्द्र बैठकमा छलफल गरी योजना बनाउने

६. स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूलाई विद्यालयगत सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने

७. विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

**कक्षा अवलोकन सम्बन्धी निम्नअनुसारका कार्य गर्ने**

१. महिनामा कम्तीमा १० ओटा विद्यालयको निरीक्षण गर्ने

२. निरीक्षण गरिएको विद्यालयमा कम्तीमा दुई ओटा नमुना पाठ प्रर्दशन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण गर्ने

३. अर्को पटक कक्षा अवलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने

४. विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी जिल्ला शिक्षा कार्यालयलाई समेत जानकारी गराउने

५. विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरूको अनुगमन गरी प्रतिवेदन पेस गर्ने।

**तालिम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निम्नअनुसार कार्यहरू गर्ने**

१. शिक्षकको पेसागत विकास *(Teacher Professional Development- TPD)* को कार्यान्वयनका सम्बन्धमा शिक्षक पेसागत विकासको माग सङ्कलन, प्रबोधीकरण र तालिम सामग्री निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने

२. रोस्टर प्रशिक्षक छनोट गरी तालिम सञ्चालनमा सहयोग गर्ने

३. शिक्षकको पेसागत विकास ***(TPD)*** कार्यक्रमको संस्थागत परामर्श *(Institutional Counselling)* चरणअन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरूको सुपरिवेक्षण सेवा र पेसागत सहयोग उपलब्ध गराउने

४. सेवा क्षेत्रभित्रका शिक्षकले प्रत्येक मोड्युल तालिम पूरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोड्युल पुरा गर्नेलाई प्रमाण पत्र दिने

५. प्राविधिक सहयोगका लागि शैक्षिक तालिम केन्द्र र अगुवा स्रोतकेन्द्रसँग सम्पर्क र समन्वय गर्ने

६. शैक्षिक तालिम केन्द्रको सहकार्य र समन्वयमा शिक्षण सिकाइ शैक्षिक गुणस्तर र पेसागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि सञ्चालन गर्ने र प्रबोधीकरण गर्ने

७. सम्बन्धित जिल्ला शिक्षा अधिकारी, कार्यक्रम अधिकृत र विद्यालय निरीक्षकले तोकेबमोजिमका कार्य तथा स्रोतकेन्द्र व्यवस्थापन समितिको निर्णयअनुसार अन्य कार्य गर्ने

## युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

**युनेस्को** *(UNESCO)*

संयुक्त राष्ट्र सङ्घीय शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन *(United Nations Educational, Scientific and Cultural Organization -UNESCO)* संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्ट सङ्गठन हो । शान्तिपूर्ण सहअस्तित्वको मार्ग अपनाई शिक्षा, संस्कृति र विज्ञानको माध्यमबाट राष्ट्र राष्ट्रहरूका बिच सहयोग, सद्भावना र भातृत्वको भावना बढाउँदै लगी भेदभावबिना अन्तर्राष्ट्रिय समझदारीको आधारमा आपसी सहयाग अभिवृद्धि गरी विश्व शान्ति कायम गर्ने मुख्य उद्देश्य लिई सन् १९४६ नोभेम्बर ४ मा युनेस्कोको स्थापना भएको हो । युनेस्कोको प्रधान कार्यालय पेरिस, फ्रान्समा रहेको छ ।

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग** *(Nepal National Commission for UNESCO)*

संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन *(United Nations Educational, Scientific and Cultural Organization -UNESCO)* को नेपाल पनि सदस्य राष्ट्र हो । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्कोबिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने र युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । युनेस्कोको सदस्य राष्ट्र भएकाले युनेस्कोले प्रदान गर्ने सहयोग सम्बन्धी कार्यक्रमहरूको समन्वय गर्नु युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको मुख्य काम हुन आएको छ । युनेस्को विधानबाट समेत निर्देशित रहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको सरंचनासँग मिल्दो किसिमले अङ्गीकार गरेको छ । विधानअनुसार आयोगको संरचना निम्नअनुसार रहेको छ **:**

*(क)* आयोग *(ख)* कार्यकारिणी समिति, विषय समितिहरू र विषेश समितिहरू *(ग)* सचिवालय

**(क) युनेस्को आयोग**

युनेस्को आयोग माननीय शिक्षा मन्त्री अध्यक्ष र माननीय शिक्षा राज्यमन्त्री उपाध्यक्ष रहेको आयोगको कार्यकारिणी समितिका पदाधिकारीहरू–१३ जना, विषय समितिका सम्पूर्ण पदाधिकारीहरू–३५ जना तथा मनोनीत सदस्यसमते गरी जम्मा ५६ जनाको रहने व्यवस्था छ ।

**आयोगका मुख्य मुख्य काम, कर्तव्य र अधिकार**

१. युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आम सञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने
२. युनेस्कोका आदर्श र कार्यक्रमहरू नेपाल राज्यभर प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने
३. युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने
४. आयोगको महाधिवेशन वर्षको कम्तीमा एक पटक बोलाउने
५. युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने

**(ख) कार्यकारिणी समिति**

युनेस्को आयोगको कार्यकारिणी समितिमा माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा जम्मा १३ जना रहने व्यवस्था छ । माननीय शिक्षा राज्यमन्त्री/सहायक मन्त्री उपाध्यक्ष रहने उक्त समितिमा शिक्षा मन्त्रालयका सचिव महासचिवको रूपमा रहने व्यवस्था छ ।

**कार्यकारिणी समितिको मुख्य मुख्य काम, कर्तव्य र अधिकार**

१. युनेस्को सम्बद्ध प्रकाशनहरूलाई अनुवाद गरी प्रकाशन गर्ने गराउने
२. युनेस्कोको उद्देश्य एवम् कार्यहरू विभिन्न सञ्चार माध्यमद्वारा जनतामा प्रचार गर्ने गराउने
३. शिक्षा, विज्ञान र संस्कृतिको विकासमा सहयोग पुऱ्याउने
४. युनेस्को क्लबहरू तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ दर्ताको निमित्त सिफारिस एवम् सम्बन्धन प्रदान गर्ने

५. आयोगसँग सम्बन्धन प्राप्त क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घलाई युनेस्कोको प्रतीक चिह्न (लोगो) प्रयोग गर्न अनुमति दिने
६. यस विधानबमोजिमका विषय समिति, विशेष समिति, युनेस्को क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको काम कारवाहीमा सहयोग पुऱ्याउन आवश्यक निर्देशन दिने

**विषय समिति**

आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक क्षेत्रका गरी पाँच ओटा विषय समितिहरू गठन गर्ने व्यवस्था छ। प्रत्येक विषय समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरू रहन्छन्। आयोगको विधानअनुसार विषय समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

**विषय समितिको काम, कर्तव्य र अधिकार**

१. आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक क्षेत्रका गरी पाँच ओटा विषय समितिहरू गठन गर्ने छ।
२. प्रत्येक विषय समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरू अध्यक्षद्वारा मनोनीत हुने छन्।
३. विषय समितिका पदाधिकारी एवम् सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुन: मनोनीत हुन सक्ने छन्।
४. विषय समितिको बैठकमा बिना पूर्व सूचना लगातार तिन पटकसम्म अनुपस्थित रहने समितिको पदाधिकारी सो समितिबाट स्वत: हट्ने छ। यसरी रिक्त हुने स्थानमा बाँकी अवधिका लागि नयाँ पदाधिकारी मनोनयन गर्न सकिने छ।

विषय समितिको काम, कर्तव्य र अधिकार आयोगले निर्धारण गरेका अतिरिक्त निम्नबमोजिम हुने छ :

१. युनेस्कोको आदर्श र उद्देश्यअनुसार सम्बन्धित विषयमा आयोगलाई आवश्यक परामर्श तथा प्राविधिक सहयोग उपलब्ध गराउने
२. युनेस्कोसँग सम्बन्धित विषयमा गरिने अध्ययन, अनसन्धानलगायतका कार्यहरूमा सचिवालयमार्फत आवश्यकताअनुसार राय सुझाव उपलब्ध गराउने
३. सम्बन्धित विषयमा प्राप्त परियोजना प्रस्तावहरू अध्ययन गरी कार्यन्वयनका लागि सिफारिस गर्ने
४. युनेस्को आयोगअन्तर्गत सञ्चालित सम्बन्धित विषय क्षेत्र भित्रका योजना तथा परियोजनाहरूको अनुगमन गर्ने विशेष समिति कार्यकारिणी समितिले आयोगको उद्देश्य प्राप्तिका लागि युनेस्कोले तोकेका क्षेत्रहरू मध्येबाट आवश्यकतानुसार विशेष समितिहरू गठन गर्न सक्ने व्यवस्था छ। प्रत्येक विशेष समितिमा संयोजकसहित बढीमा सात जना सदस्यहरू रहन्छन्।

**पदावधि**

आयोग, कार्यकारिणी समिति, विषय समिति तथा विशेष समितिका मनोनीत सदस्यको पदावधि आयोगको विधानअनुसार ४ वर्षको हुन्छ।

**(ग) आयोगको सचिवालय**

आयोगको दैनिक प्रशासनिक कार्य गर्न गराउन एक सचिवालय रहने व्यवस्था विधानले गरको छ। शिक्षा सचिव आयोगको पदेन महासचिव रहने र सचिवालयको प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू महासचिवको निर्देशन र विधानअनुसार सहायक महासचिवले गर्ने व्यवस्था छ। सचिवालयमा शिक्षा मन्त्रालय र आयोगका आफ्नै स्रोतबाट गरी १४ जना कर्मचारीहरू कार्यरत रहेका छन्। यिनीहरूमध्ये महासचिव विशिष्ट श्रेणी एक जना, सहायक महासचिव रा.प. प्रथम श्रेणी एक जना, दुइ जना रा.प. द्वितीय श्रेणी छ जना शाखा अधिकृत, र लेखापाललगायत अन्य १२ जना कर्मचारी रहने गरी सङ्गठन तालिका बनेको छ। सचिवालयको कार्य सञ्चालनका लागि सात ओटा शाखाहरू रहने सङ्गठन तालिका छ। ती शाखाहरूमा १. शिक्षा समिति २. संस्कृति समिति ३. विज्ञान समिति ४. सामाजिक समिति ५. आम सञ्चार समिति ६. आर्थिक प्रशासन र ७. प्रशासन/स्टोर पर्दछन्।

**वर्तमान अवस्था**

१. संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठन *(United Nations Educational, Scientific and Cultural Organization -UNESCO)*को सदस्य राष्ट्रका हैसियतले सन् १९५३ देखि नै नेपालले आयोगको गठन गरी कार्य सञ्चालन गरी आएको छ। आयोगको विधान २०३१ संशोधनसहितको अधीनमा रही आयोगले युनेस्को पेरिस र अन्तर्गतका क्षेत्रीय तथा देशीय कार्यालयहरू र नेपाल सरकारका सम्बद्ध निकायहरूकाबिच सम्पर्क बिन्दुको रूपमा कार्य सम्पादन गरी आएको छ।

२. माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा गठन हुने यस आयोगको आयोग, कार्यकारिणी समिति र सचिवालय गरी तीन अङ्ग रहेका छन्।

३. शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक विषय क्षेत्रहरूअन्तर्गत रही नेपालका लागि युनेस्कोको सहयोग प्रवर्द्धन र परिचालन गर्ने, विश्व सम्पदा संरक्षण र सम्बर्द्धन गर्ने, क्षमता विकासका अवसरहरू प्राप्ति गर्ने सूचना सम्प्रेषण गर्ने लगायतका कार्य आयोगको सचिवालयबाट सम्पन्न भई आएको छ।

४. आयोगमा शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार र सामाजिक विषयका विषय समितिहरू र विशेष समिति, प्राविधिक तथा सल्लाहकार निकाय *(Technical/Advisory Body)*का रूपमा कार्यरत रहेका छन्।

५. सचिवालयबाट युनेस्को सहभागितामूलक कार्यक्रम र युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग सहभागितामूलक कार्यक्रम सञ्चालन गरी नेपाल सरकार र युनेस्कोको दृश्यता *(visibility)* वृद्धिका कार्य भइआएको छ।

६. सरोकारवालालाई यसका गतिविधिहरूको जानकारी दिन चौमासिक रूपमा बुलेटिन प्रकाशन गर्ने, *www.nncu.org.np* वेबसाइट सञ्चालन गर्ने र एकजना उपसचिवलाई सूचना अधिकारीका रूपमा कार्य गर्न तोक्ने गरिएको छ।

# राष्ट्रिय परीक्षा बोर्ड

**पृष्ठभूमि :**

शिक्षा (आठौं संशोधन) ऐन, २०७३ कार्यान्वयनमा आइसकेको सन्दर्भमा उच्चमाध्यमिक शिक्षा परिषद्को रुपान्तरण भई राष्ट्रिय परीक्षा बोर्ड क्रियाशील भइसकेको छ । साविकको उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्पादन हुँदै आएका सम्बन्धन विद्यालय अनुमति, छात्रवृत्ति,विद्यालय संचालन सम्बन्धी कार्य शिक्षा विभागबाट व्यवस्थापन गरिने र पाठ्यक्रम निर्माण, विकास एवं समकक्षता निर्धारण सम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट सम्पादन गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । एस.एल.सी.(कक्षा १०) को परीक्षा एवं कक्षा ११ र १२ को परीक्षा सम्बन्धी कार्यलाई एकीकृत अवयवको रुपमा राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकार भित्र आवद्ध गरिएको छ । साथै,कक्षा १० को परीक्षा क्षेत्रीय प्रान्तीय अवधारणा अनुसार संचालनमा ल्याइने र कक्षा ८ को परीक्षालाई समेत व्यवस्थित गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डको परिधि भित्र समाहित गरिएकोछ ।

ऐनमा भएको व्यवस्था अनुसार विद्यालय शिक्षाको परीक्षा संचालन, व्यवस्थापन र उन्नयनका लागि स्थापना गरिएको राष्ट्रिय परीक्षा बोर्डको मूलकार्य परीक्षा पद्धतिको विकासमा केन्द्रित रहने छ ।

राष्ट्रिय परीक्षा बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा शिक्षा ऐनमा परिभाषित गरिएको छ । बोर्डको सबै कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप रहेको छ । उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन हुँदै आएका सबै कामकारवाही राष्ट्रिय परीक्षा बोर्डबाट संचालन भइरहेका छन् । उच्च माध्यमिक शिक्षा परिषद्को नाममा रहेको चल र अचल सम्पत्ति तथा दायित्व बोर्डमा सरेको छ ।

**संस्था स्थापनाका उद्देश्य :**

राष्ट्रिय परीक्षा बोर्डको प्रमुख उद्देश्य भनेको माध्यमिक शिक्षा परीक्षाको संचालन, समन्वय र व्यवस्थापन गर्नु हो ।

**निकायको स्वरुप र प्रकृति :**

हालसम्म राष्ट्रिय परीक्षा बोर्डको संस्थागत संरचना तयार भई नसकेको अवस्थामा साविक उच्च माध्यमिक शिक्षा परिषद्का ६ वटा महाशाखा र ११ वटा शाखा कार्यालयहरूबाट नै कार्य सम्पादन हुँदै आइरहेको ।

**मुख्य कार्यहरू :**

शिक्षा (आठौं संशोधन) ऐन, २०७३ ले राष्ट्रिय परीक्षा बोर्डको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकेको छ ।

१. मन्त्रालयले स्वीकृत गरेको परीक्षा सम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने/गराउने,
२. बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने,
३. विद्यालय शिक्षा, परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्यांकन गर्ने /गराउने,
४. बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,
५. बोर्डको काम सुचारु रुपले सञ्चालनगर्न आवश्यक आर्थिक स्रोत जुटाउने,
६. बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,
७. तोकिएबमोजिमको अन्यकामहरू गर्ने/गराउने ।

**महाशाखा र शाखा कार्यालयहरू :**

राष्ट्रिय परीक्षा बोर्डको महाशाखा र शाखागत रुपमा कार्य विभाजन भई नसकेको ।

**संगठन संरचना :**

हाल राष्ट्रिय परीक्षा बोर्डको संगठन संरचना तयार भई नसकेको ।

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## परिचय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन वि.सं. २०४५ मा भएको थियो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले विशेष गरी आधारभूत तथा मध्यम स्तरको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति ध्यान दिएको छ। यो निकाय पूर्ण रूपमा प्राविधिक तथा व्यावसायिक क्षेत्रको समन्वय तथा कार्यक्रम कार्यान्वयनमा समर्पित रहेको छ। सीपयुक्त जनशक्ति तयार पार्नु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको मुख्य जिम्मेवारी हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत प्राविधिक एसएलसी *(TSLC)* र डिप्लोमा तहका आङ्गिक र सम्बन्धन प्राप्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरू रहेका छन्।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्राज्ञिक सहयोगमा शै. स. २०७० देखि देशभरका ९९ ओटा सामुदायिक विद्यालयमा कक्षा ९ र कक्षा १० मा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरिएको छ। शिक्षा मन्त्रीको अध्यक्षतामा २४ सदस्यीय एक सभा र नौ सदस्यीय एक कार्यकारी निकाय "परिषद" रहेको छ। यस परिषद्मा नेपाल सरकारबाट नियुक्त पूर्णकालीन उपाध्यक्ष र सदस्य सचिवसहित परिषदबाट स्वीकृत ८५० दरबन्दी रहेको छ। परिषदमा कार्यकारिणी प्रमुखको रूपमा सदस्य सचिवले कार्य गर्दछन्। यस परिषद्मा चार ओटा समिति र नौ ओटा महाशाखाहरू रहेका छन्। परिषदको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ।

## दूरदृष्टि

सीपयुक्त नेपाल, समृद्ध जनता

## ध्येय

प्राविधिक तथा व्यावसायिक तालिम परिषद् प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने र सीपयुक्त जनशक्ति तयार गर्ने एउटा जीवन्त संगठनको रूपमा अगाडि बढ्ने छ।

## उद्देश्य

प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवम त्यस्ता तालिम दिने विभिन्न निकायहरूका बीच समन्वय गर्ने तथा सीपको स्तर निर्धारण एवम् प्रमाणीकरण गर्ने।

## रणनीति

१. प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम बिस्तारमा भौगोलिक समानता कायम गर्ने।
२. प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिमको सम्बन्धन प्रक्रियालाई सन २०१५ सम्ममा आवश्यकताको आधारमा सरलीकरण पार्दै लैजाने।
३. सकारात्मद बिभेद लागू गरी नतिजामूखी प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिममा महिला तथा पछाडी परेका समूहको सुनिशचित गर्ने।
४. प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम कार्यक्रम बिशेष किसिमका आवश्यक जनसंख्याको लागि २०१५ सम्ममा कार्यन्वयन गर्ने।
५. ***National Vocational Qualification Framework (NVQF)*** २०१५ सम्ममा तयार पार्ने।
६. ***National Vocational Qualification Authority (NVQA)*** को स्थापना गर्ने।
७. औपचारिक र अनौपचारिक रुपमा सिकेका सीपको प्रमाणीकरण गर्ने।
८. १०० वटा सीप परिक्षण केन्द्र को स्थापना गर्ने।
९. प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम प्रदान गर्नेहरूको २०१५ सम्ममा स्तरनिर्धारण गर्ने।

१०. प्रशिक्षक अनुमतिपत्र प्रणालीको २०१५ सम्ममा स्थापना गरि सक्ने ।

११. क्षमतामा आधारित व्यवस्थापन प्रणाली सहित अनुगमन र मुल्याङ्कनलाई अभिबृद्धि गर्ने ।

१२. ***Placement*** र ***counseling*** सेवालाई प्रभावकारी रुपमा संचालन गर्ने ।

१३. स्वरोजगार र उद्धमशिलता बिकासका कार्यक्रमलाई संवोधन गर्ने ।

१४. नतिजा मापन प्रणालीलाई २०१५ सम्ममा लागू गर्ने ।

१५. प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम कोषको स्थापनाको लागि वकालत गर्ने ।

१६. प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम कोषको स्थापनाको लागि प्राबिधिक सहयोग गर्ने ।

१७. कोष स्थापनाको लागि सरकारी, निजी तथा अन्तराष्ट्रिय विकासका साझेदारसँग समन्वय गर्ने ।

१८. प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम परिषदको संगठनात्मक संरचनालाई २०१५ सम्ममा पुनर्संरचना गर्ने ।

१९. बिकेन्द्रीकरण र अधिकार प्रत्यायोजन गर्ने ।

२०. मानव संसाधनलाई प्रभावकारी बनाउने ।

२१. प्राबिधिक शिक्षा तथा व्याववसायिक तालिम परिषद्को कार्य सम्पादनलाई २०१५ सम्ममा मूल्याङ्कन गर्ने ।

२२. ***Knowledge Management system*** को स्थापना गर्ने ।

२३. अन्तराष्ट्रिय प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम संस्थासँगको सम्बन्ध बढाउने ।

**लक्ष्य**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको दूरदृष्टि तथा ध्येय हासिल गर्न निम्न छ ओटा मुख्य लक्ष्यहरू निर्धारण गरिएका छन् ***:***

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतापूर्ण पहुँच विस्तार गर्ने

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीमा गुणस्तर, समय सापेक्षता र दक्षता अभिवृद्धि गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापनमा प्रभावकारिता एवम् दक्षता अभिवृद्धि गर्ने

४. शैक्षिक ढाँचासँग मेल खाने “राष्ट्रिय व्यावसायिक योग्यता ढाँचा” स्थापना गर्ने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कोष स्थापना गर्न प्राविधिक सहयोग विस्तार गर्ने

६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित सरोकारवालाहरूबिच प्रभावकारी संयोजन गर्ने

**मुख्य कार्यहरू**

१. परिषद् केन्द्रीय कार्यालय, परिषद्अन्तर्गतका प्राविधिक शिक्षालयहरू, सामुदायिक विद्यालमा प्राविधिक शिक्षा कार्यक्रम रहेका विद्यालयहरू र परिषद्सँग सम्बन्धन लिएका प्राविधिक शिक्षालय, कलेज तथा संस्थामार्फत् र जनतामा सेवा पुऱ्याउन परिषद्ले निम्न लिखित कार्यहरू निरन्तर रूपले गर्ने गर्दछ ***:***

   क) विभिन्न संस्थाहरूले सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरूलाई समन्वय गरी प्रभावकारी ढङ्गले सञ्चालन गर्ने

   ख) उपलब्ध सीमित साधन र स्रोतहरूको अधिकतम उपयोग गर्ने

   ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको आवश्यकता पहिचान गरी सोहीअनुसारको कार्यक्रमहरू सञ्चालन गर्ने

   घ) सीप सक्षमतामा आधारित पाठ्यक्रम तयार गर्ने र समय सापेक्ष परिमार्जन गर्ने

ङ) तोकिएको मापदण्ड, आधार र पाठ्यक्रमका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्रदान गर्ने

च) प्राविधिक प्रशिक्षण प्रतिष्ठानमार्फत प्रशिक्षण तालिम, पाठ्यक्रम विकास, सामुदायिक विकास तालिमको साथै अन्य क्षमता अभिवृद्धि र व्यवस्थापकीय दक्षता अभिवृद्धि तालिम सञ्चालन गर्ने

छ) सीपको तह निर्धारण, प्रमाणीकरण र सीप परीक्षण परीक्षा सञ्चालन गरी प्रमाण पत्र वितरण गर्ने, कार्यक्रमलाई व्यापक रूपमा विस्तार गर्ने

ज) अनुगमन, मूल्याङ्कन, निरीक्षण तथा परीक्षाका माध्यमबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने

झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी अनुसन्धान कार्य गरी अनसुन्धानबाट पत्ता लगाइएका कुराहरू समस्त सरोकारवालाहरूमा जानकारी दिने

ञ) व्यावसायिक तालिम तथा सामुदायिक विकास कार्यक्रमलाई विस्तार गर्ने

२. आफ्नो भूमिकालाई कार्यक्रम सञ्चालक तथा कार्यान्वयनकर्ताबाट सहजकर्ता तथा समन्वयकर्ताको भूमिकामा केन्द्रित गरी प्राविधिक शिक्षालयहरू, श्रम विभाग, घरेलु तथा उद्योग विभाग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा निजी क्षेत्रमा सञ्चालित प्राविधिक संस्थाहरूको क्षमता अभिवृद्धिको निम्ति प्राविधिक सहयोग तथा आवश्यकताअनुसारको अन्य सहयोग गर्ने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर बढाउन परिषद्ले अनुगमन, मूल्याङ्कन, स्तर निर्धारण र प्रभावकारिता अध्ययन गरी सोको आधारमा नीति र कार्य योजनासमेत बनाउने गरेको छ ।

**महाशाखाहरू**

प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद अन्तर्गत देहाय अनुसारका ११ वटा महाशाखा शाखाहरू रहेका छन् ;

१ प्रशासन महाशाखा
२ प्राबिधिक महाशाखा
३ पाठ्यक्रम विकास महाशाखा
४ सूचना तथा अनुसन्धान महाशाखा
५ बहुप्राविधिक शिक्षालय (पोलिटेक्निक) महाशाखा
६ योजना तथा नीति निर्माण महाशाखा
७ तालिम विकास महाशाखा
८ स्तर निर्धारण महाशाखा
९ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टिइसिएस) महाशाखा
१० परीक्षा नियन्त्रण कार्यालय
११ राष्ट्रिय सीप परीक्षण समिति

साथै यस अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि प्रशिक्षक तयारी गर्न प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान ***(TITI)*** समेत रहेको छ ।

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

## परिचय

योग्य र प्रशिक्षित जनशक्ति तयारीका लागि आवश्यक शिक्षक प्रशिक्षण तालिम सामग्री उत्पादन गर्ने उद्देश्यले वि. सं. २०१२ सालमा यस केन्द्रको स्थापना गरिएको हो। २०१३ सालमा कलेज अफ एजुकेसनअन्तर्गत ब्युरो अफ पब्लिकेसनमा परिणत भई वि. सं २०१८ सालमा शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्रका रूपमा परिणत भएको थियो। वि. सं. २०२४ साल जेठ २९ गते राष्ट्रिय विभूतिको सम्झनामा "जनक" शब्द थपेर जनक शिक्षा सामग्री केन्द्र नामकरण गरिएको यो केन्द्र सानोठिमीमा सोही वर्ष सरेको पाइन्छ। वि. सं. २०२८–२०३२ सालमा राष्ट्रिय शिक्षा पद्धति लागु भएपछि विद्यालय स्तरीय सम्पूर्ण पाठ्यपुस्तक उत्पादन तथा बिक्री वितरण गर्ने दायित्व यस केन्द्रलाई हस्तान्तरण गरिएको हो। यस केन्द्रले वि. सं २०३० सालमा विकास समितिमा परिणत हुँदै वि. सं. २०३५ साल आश्विन ८ गते मुनाफारहित विशुद्ध सेवामूलक सार्वजनिक संस्थाको रूपमा परिणत भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको नामबाट आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ। हाल यसको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ।

## दूरदृष्टि

केन्द्रलाई शैक्षिक सामग्री उत्पादनका अलावा सेक्युरिटी प्रेसका रूपमा विकास गर्ने।

## ध्येय

देशभरका विद्यार्थीहरूलाई समयमै पाठ्यपुस्तक पुऱ्याउने र सुरक्षण मुद्रण सम्बन्धी सम्पूर्ण कार्यहरू केन्द्रमा नै गर्ने।

## उद्देश्य

१. विद्यालय स्तरीय पाठ्यपुस्तक लगायत शैक्षिक सामग्रीहरू शिक्षक निर्देशन पुस्तिका, अभ्यास पुस्तिका, चार्ट, कार्ड, पम्पप्लेट, पोस्टर, स्टीकर आदिको निर्माण, विकास तथा उत्पादन गरी उचित मूल्यमा देशै भर उपलब्ध गराउने
२. सुरक्षण मुद्रणका सम्पूर्ण कार्यहरू जस्तै कक्षा १०(एसइइ), कक्षा ११ र १२ का प्रश्नपत्रहरू, शिक्षा मन्त्रालयका आवश्यक कामहरू, राजस्वका स्टीकर, चेक, हुलाक टिकट, पासपोर्ट, निर्वाचनका लागि मतपत्र आदि केन्द्रमा नै छपाइ गर्ने

## रणनीति

१. छपाइ कार्य योजना तयार पार्ने
२. आवश्यक कच्चा पदार्थ समयमै खरिद गर्न खरिद ऐन अनुरुप टेन्डर मार्फत् खरिद गर्ने व्यवस्था मिलाउने
३. केन्द्रमा आवश्यक भौतिक संरचनाको विकास गर्ने
४. सबल र सरल वितरण प्रणालीको विकास गर्ने, सुरक्षण मुद्रणको कार्य केन्द्रमा गर्ने व्यवस्थाका लागि आवश्यक संरचना र प्रविधिको जडान गरी विकास एवम् विस्तार गर्ने

## सङ्गठन सरंचना

केन्द्रीय कार्यालय, तीन ओटा निर्देशनालय, छ ओटा विभाग, पाँच ओटा क्षेत्रीय कार्यालय र एउटा अनुगमन एवम् सुपरीवेक्षण कार्यालय रहेका छन्।

## मुख्य मुख्य कार्यहरू

१. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय शिक्षा नीति अनुरूपका कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक छपाइ गरी बिक्री वितरण गर्ने
२. विभिन्न प्रकारका अभ्यास पुस्तिका, स्केच प्याड, रजिस्टर, फाइल आदि शिक्षासँग सम्बन्धित अन्य शैक्षिक सामग्रीहरूसमेत उत्पादन गरी सुपथ मूल्यमा बिक्री वितरण गर्ने

**महाशाखा तथा शाखागत कार्यहरू**

केन्द्रको पाठ्यपुस्तक उत्पादन विभागबाट उत्पादित पाठ्यपुस्तकहरू बजार व्यवस्था विभागमा भण्डारण गर्ने गरिन्छ । बजार व्यवस्था विभागबाट केन्द्रको क्षेत्रीय कार्यालयहरू एवम् अनुगमन कार्यालयमा उक्त पुस्तकहरू बिक्री वितरण कार्यका लागि पठाइने छ । शैक्षिक सामग्री उत्पादन विभाग अन्तर्गत अभ्यास पुस्तिका शाखाबाट विभिन्न साइजका अभ्यास पुस्तिका उत्पादन, विभिन्न निकायको उत्तर पुस्तिका निर्माण आदि कार्यहरू गरिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उत्तर पुस्तिका निर्माण गर्ने गरिन्छ । सुरक्षण छपाइ विभागअन्तर्गत सुरक्षण मुद्रणका सम्पूर्ण कार्यहरू जस्तै एसएलसी तथा राष्ट्रिय परीक्षा बोर्डका प्रश्नपत्रहरू, शिक्षक सेवा आयोगका प्रश्नपत्रहरू तथा निर्वाचनका मतपत्रहरू आदि छपाइ लगायत शिक्षा मन्त्रालयका आवश्यक कार्यहरू सम्पादन गरिँदै आएको छ ।

# विश्वविद्यालय अनुदान आयोग

**परिचय**

विश्वविद्यालयहरूको सञ्चालन तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम समुचित तवरबाट वितरण गर्ने, विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गर्ने, गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने र नेपाल सरकारलाई नयाँ विश्वविद्यालय स्थापनाका सम्बन्धमा परामर्श दिने उद्देश्यले वि.सं. २०५० मङ्सिर ७ मा विश्वविद्यालय अनुदान आयोग गठन भएको हो । आयोगमा ख्याति प्राप्त शिक्षाविद्‌मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति अध्यक्ष र सदस्य सचिवसहित ६ जना मनोनीत र ३ जना पदेन सदस्य रहने व्यवस्था छ । आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

**मुख्य मुख्य कार्यहरू**

१. विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने
२. विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने
३. विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूका लागि सम्बन्धित निकायहरूमा सिफारिस गर्ने
४. विश्वविद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन
५. विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने
६. शैक्षिकस्तर वृद्धिका लागि उपयुक्त विद्वत् वृत्ति र अनुसन्धान लगायतका कार्यक्रम तर्जुमा गर्ने
७. विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
८. नेपाल राज्यभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्वत् वृत्ति आदि आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
९. आयोगको कामकारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने

**विश्वविद्यालय अनुदान आयोगको संरचना**

विश्वविद्यालय अनुदान आयोगको संरचना निम्नानुसार रहेको छ :

| | |
|---|---|
| क) ख्यातिप्राप्त शिक्षाविद्‌मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति | अध्यक्ष |
| ख) विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना उपकुलपति | सदस्य |
| ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| घ) सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| ङ) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| च) उच्च शिक्षामा विशेष योगदान पुऱ्याउने विद्वान् तथा वरिष्ठ प्राध्यापकहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| छ) उच्च शिक्षाका क्षेत्रमा विशेष योगदान पुऱ्याउने विभिन्न व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| ज) नेपाल सरकारबाट मनोनीत | सदस्य–सचिव |

**ऐन, नियमावली, निर्देशिका एवं कार्यविधि**

१. विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०
२. विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६०
३. विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०६०

४. विश्वविद्यालय अनुदान आयोग आर्थिक व्यवस्था नियमावली, २०६०

५. परियोजना कार्यान्वयन निर्देशिका

६. उच्च शिक्षा गुणस्तर विश्वसनीयता तथा प्रत्यायन निर्देशिका

७. ***The UGC Research Development and Innovation Programs Implementation Guildelines***

८. कार्यक्रम कार्यविधि २०७२

# विश्वविद्यालय तथा प्रतिष्ठानहरू

**परिचय**

उच्च शिक्षाअन्तर्गत हाल नेपालमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, सुदूर पश्चिमाञ्चल विश्वविद्यालय गरी नौ ओटा विश्वविद्यालयहरू सञ्चालित छन्। त्यसरी नै विश्वविद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन्।

**१. त्रिभुवन विश्वविद्यालय**

त्रिभुवन विश्वविद्यालय सन् १९५९ मा स्थापन भएको नेपाल पहिलो राष्ट्रिय विश्वविद्यालय र नाफारहित उच्च शिक्षा प्रदान गर्ने स्वायत्त संस्था हो। यसको केन्द्रीय प्रशासनिक कार्यालय र केन्द्रीय क्याम्पस कीर्तिपुर, काठमाडौँमा रहेको छ। यसका कुलपति नेपालका प्रधानमन्त्री, सहकुलपति शिक्षा मन्त्री र कार्यकारी प्रमुखका रूपमा नेपाल सरकारबाट मनोनित एका जना शिक्षाविद् उपकुलपति रहने व्यवस्था छ। यस विश्वविद्यालयका मुख्य मुख्य निर्णय तथा नीति बनाउन पाँच ओटा परिषद्हरू*:* विश्वविद्यालय परिषद्, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, अनुसन्धान समन्वय परिषद् र योजना परिषद् रहेका छन्। त्यसै गरी यस विश्वविद्यालयमा पाँच अध्ययन संस्थानहरू*: (१)* कृषि र पशुविज्ञान अध्ययन संस्थान *(२)* वनविज्ञान अध्ययन संस्थान *(३)* इन्जिनियरिङ अध्ययन संस्थान *(४)* चिकित्सा शास्त्र अध्ययन संस्थान र *(५)* विज्ञान तथा प्रविधि अध्ययन संस्थान रहेका छन्। त्यस्तै चार ओटा साधारण शिक्षा तर्फका सङ्कायहरू*: (१)* मानविकी तथा सामाजिक शास्त्र सङ्काय *(२)* व्यवस्थापन सङ्काय *(३)* कानुन सङ्काय र *(४)* शिक्षा शास्त्र सङ्काय रहेका छन्। साथै चार ओटा अनुसन्धान केन्द्रहरू*: (१)* आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र ***(CEDA)*** *(२)* नेपाल एसियाली अनुसन्धान केन्द्र ***(CNAS)*** *(३)* व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र ***(RECAST)*** र *(४)* शिक्षा विकास तथा अनुसन्धान केन्द्र ***(CERID)*** रहेका छन्।

नेपालको ८१ प्रतिशत उच्चशिक्षाको भार त्रिभुवन विश्वविद्यालयले नै बोकेको अवस्था रहेको छ। मुलुकको यो एउटा सबैभन्दा पुरानो र ठुलो विश्वविद्यालय हो जसका ६० आङ्गिक र १०६३ सम्बन्धन प्राप्त क्याम्पस गरी जम्मा ११२३ क्याम्पस छन्। विद्यार्थी सङ्ख्या ३३१८१६ छ भने शिक्षकको संख्या ७९६६ रहेको छ।

**२. नेपाल संस्कृत विश्वविद्यालय**

संस्कृत भाषा एवम् शिक्षाको आधुनिकीकरण र यसको मुल्य र मान्यताहरूको जगेर्ना गर्न वि.सं. २०४३ मा दोस्रो विश्वविद्यालयको रूपमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो। संस्कृत शिक्षालाई उच्च शिक्षासम्म व्यवस्थित गर्ने र नेपाललाई संस्कृत भाषा र साहित्यको सिकाइ केन्द्रको रूपमा विकास गराउने उद्देश्यसाथ यस विश्वविद्यालयको स्थापना भएको हो। आर्युवेद, ज्योतिष, यौगिक विज्ञान, प्राकृतिक उपचारका साथै आधुनिक विषयहरू जस्तो, नेपाली, अङ्ग्रेजी, विज्ञान, राजनीति विज्ञान, गणित र अर्थशास्त्र जस्ता विषयमा विद्यावारिधि तहसम्म पठन पाठन हुने गरेको छ। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्य पश्चिमाञ्चल विकास क्षेत्रको बेलझुण्डी, दाङमा रहेको छ। यो विश्वविद्यालयका १४ ओटा आङ्गिक र चार ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन्। यो विश्वविद्यालयमा १६८२ विद्यार्थीहरू रहेका छन्।

**३. काठमाडौँ विश्वविद्यालय**

मानव कल्याणका लागि ज्ञान र प्रविधि समर्पित गर्ने विश्व स्तरको विश्वविद्यालय हुने दूरदष्टि लिएको यो विश्वविद्यालयको स्थापना वि.सं. २०४८ मा तेस्रो विश्वविद्यालयको रूपमा भएको हो। यस विश्वविद्यालयको ध्येय नेतृत्वका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउनु रहेको छ। यसको मुख्य कार्यालय काभ्रेपलाञ्चोकको धुलिखेलमा रहेको छ। विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन, फाइन आर्ट्स र

चिकित्सा शास्त्रतर्फ अध्ययन⁄अध्यापन हुने यस विश्वविद्यालयमा छ ओटा फ्याकल्टी (स्कुल) र १५ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन्। यस विश्वविद्यालयमा एम्.फिल र पिएच्.डी. को समेत अध्ययन हुने गरेको छ। क्रेडिट सेमेस्टर पद्धतिका साथै निरन्तर आन्तरिक मूल्याङ्कनका आधारमा यसले शैक्षणिक कार्यक्रम सञ्चालन गर्दछ। यो विश्वविद्यालयअन्तर्गत १४५५० विद्यार्थीहरू अध्ययनरत छन्।

### ४. पूर्वाञ्चल विश्वविद्यालय

केन्द्रीय कार्यालय मोरङ जिल्लाको विराटनगरमा रहने गरी वि.सं. २०५१ मा मुलुकको चौथो उच्च शैक्षिक संस्थाको रूपमा पूर्वाञ्चल विश्वविद्यालयस्थापना भएको हो। विज्ञान र प्रविधि, व्यवस्थापन, फाइन आर्ट्स, कानुन र शिक्षाशास्त्रतर्फको अध्ययन⁄अध्यापन हुने यस विश्वविद्यालयअन्तर्गत ५ आङ्गिक र १२६ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन्। यो विश्वविद्यालयमा १५६५३ विद्यार्थीहरू अध्ययनरत छन्।

### ५. पोखरा विश्वविद्यालय

कास्की जिल्लाको ढुङ्गेपाटन, लेखनाथ नगरपालिकामा केन्द्रीय कार्यालय रहने गरी वि.सं. २०५४ मा पोखरा विश्वविद्यालयको स्थापना भएको हो। मानविकी, व्यवस्थापन र विज्ञान तथा प्रविधि  सम्बन्धी अध्ययन⁄अध्यापन हुने यस विश्वविद्यालयका ४ आङ्गिक र ५८ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन्। यो विश्वविद्यालयमा २५५३२ विद्यार्थीहरू अध्ययनरत छन्।

### ६. लुम्बिनी बौद्ध विश्वविद्यालय

भगवान् गौतम बुद्धको नामबाट वि.सं. २०६२ मा स्थापित यस विश्वविद्यालयको केन्द्रीय कार्यालय गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा रहेको छ। हाल यस विश्वविद्यालय एउटा आङ्गिक र पाँच ओटा सम्बन्धन प्राप्त क्यामपसमा २४१ जना विद्यार्थीहरू अध्ययनरत छन्।

### ७. कृषि तथा वन विश्वविद्यालय

कृषि, पशु तथा वन क्षेत्रमा गुणस्तरीय शिक्षण, अनुसन्धान र विस्तारका माध्यमबाट ग्रामीण क्षेत्रको सामाजिक आर्थिक अवस्था अभिवृद्धि गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा नेपालमा पहिलो विश्वविद्यालयका रूपमा यसको स्थापना सन् २०१० मा चितवनको रामपुरमा भएको हो। यस विश्वविद्यालयले कृषि, पशु र वन विषयमा प्राविधिक प्रमाण पत्र तह, स्नातक तह, स्नातकोत्तर तह र अनुसन्धान तहका कार्यक्रमहरू सञ्चालन गरेको छ। दुई वटा आङ्गिक क्याम्पस रहेको यस विश्वविद्यालयमा हाल  ११२६ विद्यार्थीहरू रहेका छन्।

### ८. मध्य पश्चिमाञ्चल विश्वविद्यालय

मध्य पश्चिमाञ्चलका बासिन्दालाई नजिकमा उच्च शिक्षाको अवसर प्रदान गर्ने बहु विश्वविद्यालय अवधारणाअन्तर्गत सन् २०१० मा सुर्खेतको वीरेन्द्रनगरमा मध्य पश्चिमाञ्चल विश्वविद्यालयको मुख्य कार्यालय रहने गरी यो विश्वविद्यालयको स्थापना भएको हो। अन्डरग्राजुयट र पोस्टग्राजुयट कार्यक्रमका विभिन्न विधामा यस विश्वविद्यालयमा हाल २५२२ जना विद्यार्थीहरू अध्ययन गर्दछन् भने १५६ शिक्षक कार्यरत छन्।

### ९. सुदूर पश्चिम विश्वविद्यालय

सरकारको अनुदान प्राप्त गर्ने संस्थाको रूपमा सन् २०१० मा सुदूर पश्चिमाञ्चल विश्वविद्यालय स्थापना भएको हो। यसको मुख्य कार्यालय भीमदत्त नगरपालिका, कञ्चनपुरमा रहेको छ। सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका बासिन्दाको उच्च शिक्षाको अवसर र पहुँच सुनिश्चित गर्ने यस विश्वविद्यालयको दायित्व हो।  सात ओटा फ्याकल्टी सञ्चालन गर्ने लक्ष्य भएपनि हाल यसले चार ओटा फ्याकल्टी

*:* मानविकी तथा सामाजिक विज्ञान, शिक्षा, व्यवस्थापन र विज्ञान तथा प्रविधिमा अन्डरग्राजुयट र ग्राजुयट कार्यक्रममा १८२९ जना विद्यार्थी र ७९ जना शिक्षक रहेका छन्।

**१०. बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**

भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्था हो। यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ। हाल यस प्रतिष्ठानमा १४१९ विद्यार्थी अध्ययनरत छन् भने २०८ जना शिक्षक कार्यरत छन्।

**११. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**

वीर अस्पताललाई केन्द्र बिन्दु मानी विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी देशमा नै दक्ष चिकित्सक र नर्सहरूको उत्पादन गरी नेपाली नागरिकको स्वास्थ्य सेवा गर्नका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वि.सं. २०५९ मा स्थापना भएको हो। यस प्रतिष्ठानमा ३७३ विद्यार्थी अध्ययनरत छन् भने २०५ शिक्षक कार्यरत छन्।

**१२. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**

पाटन अस्पताललाई आधार मानी विश्वविद्यालयसरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी स्वदेशमा नै दक्ष चिकित्सक उत्पादन गरेर नेपाल र नेपाली नागरिकको स्वास्थ्य सेवामा समर्पित रहन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान वि.सं. २०६४ मा स्थापना भएको हो। यस प्रतिष्ठानले सन् २००९ देखि एमविविएस ***(MBBS)*** अध्यापन सुरु गरेको हो। हाल यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २९५ विद्यार्थी अध्ययनरत छन् भने १२७ जना शिक्षक कार्यरत छन्।

**१३. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान**

दुर्गम तथा पिछडिएको क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने उदेश्यका साथै दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्ने उदेश्यका साथ वि.सं. २०६३ सालमा कर्णाली अञ्चलको जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भएको हो। हाल यो प्रतिष्ठान संचालनको प्रारम्भिक चरणमा छ।

# नेपाल राष्ट्रिय पुस्तकालय

## पृष्ठभूमि

संसारका हरेक मुलुकहरूमा सो मुलुकसंग सम्बन्धित सबै खालका प्रकाशन (पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, विद्युतीय पठन सामग्री) हरूको संकलन गरी पाठक वा सेवाग्राहीलाई पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने र त्यस्ता प्रकाशनहरूमध्ये तोकिएको प्रति भावीपुस्ताका लागि संरक्षण र सम्बर्द्धन गरी राख्ने मूल उद्देश्यले राष्ट्रिय पुस्तकालयको स्थापना सञ्चालन भएको हुन्छ।

नेपालमा तत्कालीन राजगुरु स्वर्गीय श्री हेमराज पाण्डेको निजी संग्रहलाई तीन लाख भारतीय रूपैयाँमा खरीद गरेर सो पुस्तकालयमा सिंहदरबारस्थित केन्द्रीय सचिवालय पुस्तकालयमा रहेका पुस्तकहरू समेत मिलाएर नेपाल सरकारले विसं. २०१३ साल पुस १९ (तदनुसार २ जनवरी १९५७) गते सिंहदरबार परिसरको सिक्री ढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको विधिवत् स्थापना गरेको हो। विसं. २०१८ सालतिर यस पुस्तकालयललाई सिंहदरबारबाट हरिहरभवनस्थित शंकर भवनको पहिलो तल्लाको दक्षिणी लङमा स्थानान्तरण गरियो। समयक्रममा शाखा र संकलन बढ्दै जादा बाल शाखालाई अंग्रेजी शाखाबाट छुट्याएर हरिहरभवन परिसरकै घोडा तवेलामा सारियो।

पुस्तकालयमा विभिन्न भाषाका एकलाख पचास हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिकाहरूको संग्रह रहेकोमा मिति २०७२ साल बैशाख १२ गते गएको ७.९ रिक्टरस्केलको भूकम्प र त्यसपछि पटकपटक आएका पराकम्पका कारण बालशाखा र माइक्रोफिल्म शाखाबाहेक हरिहर भवन परिसरमा रहेको पुस्तकालयका महत्वपूर्ण पुस्तक पत्रपत्रिका तथा फर्निचरहरू सानो गौचरणस्थित महेन्द्रभवन उच्चमाध्यमिक विद्यालयका दुइओटा कोठामा करिब ५,००० ओटा बोरामा थन्क्याएर राखिएकोमा करिब २,००० ओटा बोराहरूबाट पुस्तक र्‍याकमा पुनःस्थापना गरिसकिएको छ। स्थानाभावका कारण बाँकी पुस्तकहरू व्यवस्थापन गर्न सकिएको छैन। पुस्तकालयका लागि शिक्षा मन्त्रालयको नाममा रहेको हाल त्रिभुवन विश्वविद्यालयले भोगचलन गर्दै आएको जमलस्थित जग्गा उपलब्ध गराउने गरी काम अगाडि बढेको छ। पुस्तकालयका लागि जग्गा प्राप्त भएपछि सुविधासम्पन्न भवन बनाएर व्यवस्थापन गर्न समय लाग्ने भएकोले तत्कालका लागि भवन भाडामा लिएर सञ्चालन गर्नका लागि कार्य अगाडि बढेको छ।

## प्रमुख उद्देश्य र मुख्य कार्यहरू

१. नेपालभित्र प्रकाशित सम्पूर्ण नेपाल सम्बन्धी पुस्तक, पत्रपत्रिका, प्रलेख, प्रतिवेदनहरू संकलन, सम्वर्द्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलब्ध गराउनु।
२. देशभित्र प्रकाशित सम्पूर्ण सामग्रीहरूको नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची ***(National Bibliography)*** तयार गरी प्रकाशन तथा वितरण गर्ने।
३. देशभित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूको अनुगमन एवम् मूल्याङ्कन गर्ने, निर्देशन दिनु तथा उनीहरूको विकासको लागि प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने।
४. पाठकहरूलाई सुविधा प्रदान गर्न देशभरिका विभिन्न पुस्तकालयहरू र सूचना केन्द्रहरूको स्थापना सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने।
५. सरकारी तथा गैरसरकारी पुस्तकालय तथा अन्तर्राष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रसँग निर्वाध रूपमा सम्बन्ध कायम गरी राष्ट्रिय सूचना केन्द्र ***(National Information Service Center)*** को रूपमा सेवा पुर्‍याउनु।
६. पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभा, सम्मेलनको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी तथा प्रबोधीकरण गर्ने।
७. बालसाहित्य सङ्कलन तथा प्रकाशन र ब्रेल साहित्य आदि सङ्कलन गरी बालबालिका, बन्दी तथा विशेष क्षमता भएका पाठकवर्गलाई समेत सेवा पुर्‍याउनु।
८. पुरातात्विक अभिलेखहरूको आँकडा तयार गर्ने र पाएसम्म संग्रह गर्ने।
९. बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् सम्बर्द्धन गर्ने।

१०. नेपाल राष्ट्रका सम्बन्धमा विदेशबाट लेखिएका विभिन्न प्रकारका सामग्रीहरू राष्ट्रको आवश्यकतानुसारका अनुसन्धानकर्ता र अन्य पाठकहरूलाई उपलब्ध गराउनु ।
११. राष्ट्रिय संघीय सूची ***(National Union Catalogue)*** तयार गर्ने तथा ***Union List of Periodicals*** तयार गरी वितरण गर्ने ।
१२. स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग सम्बन्ध कायम गरी विदेशी साहित्यहरू प्राप्त हुने व्यवस्था मिलाउनु ।
१३. अन्तराष्ट्रिय जगतमा प्रकाशनहरूको विनिमय ***Machine Readable Catalogue Form*** मार्फत् समेत मिलाउने व्यवस्था गर्ने ।
१४. विभिन्न प्रकाशन तथा सूचनाहरूको विश्वव्यापी उपलब्धता सेवा ***(Universal Availability of Publication and Information Service)*** प्रदान गर्ने ।
१५. क्षेत्रीय तथा स्थानीय पुस्तकालयहरूलाई सहयोग पुऱ्याउनु ।
१६. ज्ञान–विज्ञानका सामग्रीहरूको आदानप्रदान गर्नको निमित्त अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने ।
१७. ***International Federation of Library Associations and Associations, Conference of Directors of National Libraries*** जस्ता पुस्तकालय सम्वन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध कायम राख्नु ।
१८. व्यक्तिबाट प्राप्त भएका पुस्तकहरू सम्बन्धित व्यक्तिकै नाउँमा स्पष्ट उल्लेख गरी स्रोतशाखा बनाई संरक्षण गरी राख्नु तथा उपयुक्त पुस्तकालयलाई वितरण गर्ने व्यवस्था मिलाउनु ।
१९. राष्ट्रिय संस्कृति झल्किने श्रव्यदृश्य सामग्रीहरू सङ्कलन गरिराख्नु ।
२०. अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू एक भाषाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुऱ्याउनु ।
२१. देशभित्र स्थापना भएका पुस्तकालयहरूका विवरण अद्याबधिक गरी राख्नु ।
२२. सूचना प्रवाह गर्न स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार गा.वि.स., नगरपालिका वा जिल्लामा स्थापना गरिने पुस्तकालयहरूको सञ्चालनमा आवश्यक सहयोग पुऱ्याउनु ।
२३. पाँचै विकास क्षेत्रमा स्थापना भएका एक–एक वटा क्षेत्रीय पुस्तकालयका सञ्चालनमा सहयोग गर्ने ।
२४. देशको केन्द्रीय पुस्तकालयको रूपमा कार्य गर्दै सर्वसाधारण जनतालाई निःशुल्क पुस्तकालय सेवा प्रदान गर्ने ।
२५. नेपालबाट प्रकाशित सबैखालका पत्रिका तथा जर्नलहरूलाई ***International Standard Serial Number*** प्रदान गर्ने ।
२६. पुस्तकालयलाई एक्काइसौ शताब्दीको माग अनुरूप परिवर्तन गर्नका ***Institutional Repository*** तथा ***Digital Library*** को विकास गरी २४ सै घण्टा सेवा सुविधा प्रदान गर्न सक्षम बनाउनु ।

**शाखागत विवरण**

२०७२ सालको भूकम्प अघि यस पुस्तकालयमा रहेका पठन सामग्रीहरूलाई भाषागत आधारमा शाखा विभाजन गरिएको थियो । हाल सामान्य तथा कर्मचारी प्रशासन शाखा, बालशाखा र माइक्रोफिल्म शाखाबाहेकका सबै शाखा (नेपाली, अङ्ग्रेजी, हिन्दी, संस्कृत, पत्रपत्रिका) शाखामा रहेका पुस्तकहरूलाई सानोगौचरस्थित महेन्द्र भवन उच्चमाध्यमिक विद्यालयका २ ओटा कोठामा राखिएकोमा करिब २००० ओटा बोरामा भएका पुस्तकहरू पुनःस्थापना गरिएको र बाँकी पुस्तकहरूका लागि भाडामा भएपनि स्थानको खोजी गरेर पुनःस्थापना गर्ने कामका लागि भाडामा सञ्चालनका लागि स्थानको खोजी गर्ने कार्य भईरहेको अवस्था छ । तसर्थ, बर्तमान समयमा यस पुस्तकालयको भवन २०७२ सालको भुकम्पले क्षतिग्रस्त भएका कारण सवै शाखाहरू सञ्चालनमा ल्याउन नसकिएको भएतापनि यस पुस्तकालयमा रहने शाखाहरू र ती शाखाहरूको कार्यविवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. प्राविधिक शाखा
२. नेपाली शाखा
३. संस्कृत शाखा

४. हिन्दी शाखा
५. अंग्रेजी शाखा
६. बाल शाखा
७. पत्रपत्रिका शाखा
८. माइक्रोफिल्म शाखा
९. प्रशासन शाखा
१०. आर्थिक प्रशासन शाखा

**भावी कार्यदिशा**

१. भूकम्पबाट विस्थापित पुस्तकालयको लागि आवश्यक जग्गा प्राप्तीका लागि नेपाल सरकार शिक्षा मन्त्रालय मार्फत् पहल जारी राख्ने ।
२. जग्गा प्राप्तीपछि पुस्तकहरूको संरक्षण र सम्बर्द्धन गर्न व्यवस्थित पुस्तकालय भवनको निर्माण गर्ने ।
३. पुस्तकालयमा रहेका महत्वपूर्ण पुस्तकहरूलाई विद्युतीय पुस्तकालयका रूपमा रूपान्तरण गर्ने ।
४. राष्ट्रिय वाङ्गमयसूची र राष्ट्रिय संघीय सूची नियमित रूपमा प्रकाशित गर्ने ।
५. कानूनी सञ्चय ऐन तथा पुस्तकालय सम्बद्ध अन्य ऐनहरूको निर्माणका लागि पहल गर्ने ।
६. पुस्तकालयको समय विस्तार गरी कम्तिमा दिनको १२ घण्टा सञ्चालन गर्ने ।

**सम्बन्धित नीति तथा निर्देशिकाहरूको सूची**

- नेपाल राष्ट्रिय पुस्तकालय निर्देशिका, २०४४
- पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४
- पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९

# केशर पुस्तकालय

## परिचय

केसर पुस्तकालय नेपालकै एक महत्त्वपूर्ण पुस्तकालय हो। यो पुस्तकालय शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित छ। केसरसमसेर राणाले किशोर अवस्थादेखि नै विभिन्न किसिमका पुस्तक, पत्र पत्रिका, चित्रहरू सङ्कलन गर्ने गर्दथे। सन् १९०८ मा बुबा चन्द्रसमसेरसँग बेलायत भ्रमण गर्दा बेलायतको म्युजियम तथा पुस्तकालयको अवलोकनबाट प्रभावित भएर उनले केसर पुस्तकालयको स्थापना गरेका थिए। उनको मृत्युपश्चात् उनको इच्छाअनुसार उनकी श्रीमती कृष्ण चन्द्रदेवीले केसर पुस्तकालय, केसरमहल, स्वप्न बगैँचा केसर पुस्तकालयको नाममा ३४–१–२ को जग्गा नेपाल सरकारलाई वि.सं २०२६ सालमा हस्तान्तरण गरेकी थिइन्। त्यसपछि यो पुस्तकालय सम्पूर्ण पाठकका लागि खुला गरियो।

## उद्देश्य

पाठकहरूमा ज्ञानको गुणस्तरमा वृद्धि गर्न तथा सर्वसाधारणलाई अध्ययनको लागि वातावरण सिर्जना गर्न महत्त्वपूर्ण योगदान गर्दै आएको छ भने पुराना तथा नयाँ पुस्तकहरूको सूची सूचना प्रविधिको माध्यमबाट जहाँतहीँबाट हेर्न सकिने व्यवस्थासमेत मिलाइएको छ। यस पुस्तकालयको उद्देश्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ *:*

१. केसरसमसेरबाट प्राप्त सामग्रीहरूलाई विशेष महत्त्व दिई संरक्षण र सम्बर्द्धन गर्ने
२. अन्य शैक्षिक सामग्रीहरूको सङ्कलन र सम्बर्द्धन गर्ने
३. पुस्तकालय तथा सूचना सेवाको पहुँच सर्वसाधारण समक्ष सहज एवम् सरल तरिकाले पुऱ्याउने
४. एक विद्यालय एक पुस्तकालय नीतिअनुरूप विद्यालयहरूमा पुस्तकालय स्थापना गर्न राय परामर्श प्रदान गर्ने तथा ती पुस्तकालयमा पुस्तकालय सेवा प्रदान गर्ने कर्मचारीहरूलाई आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गर्ने
५. सार्वजनिक पुस्तकालय विकासका लागि तालिम, गोष्ठी र कायशालाको आयोजना गर्ने तथा परामर्श सेवा उपलब्ध गराउने
६. स्वदेश तथा विदेशी पुस्तकालयहरूसित सम्बन्ध एवम् समन्वय कायम गर्ने
७. नयाँ खरिद गरिएका पुस्तकहरूको आधुनिक पद्धतिद्वारा वर्गीकरण र सूचीकरण गरी पाठकलाई सेवा प्रदान गर्ने
८. नयाँ नयाँ प्रविधिहरू अपनाएर सर्वसाधारणलाई आधुनिक सेवा प्रदान गर्ने

## प्रमुख कार्यहरू

१. सङ्कलित एवम् उपलब्ध पुस्तकहरूको सुरक्षात्मक प्रबन्ध गर्ने
२. दैनिक साप्ताहिक तथा मासिक पत्र पत्रिकाहरू सङ्ग्रहित तथा व्यवस्थित गर्ने
३. सर्वसाधारणको निमित्त पुस्तकालय सेवा प्रदान गर्ने
४. स्वीकृत नीति नियमअनुकूल यसको विकास सम्बन्धी काम गर्न प्रयास गर्ने
५. मुलुकमा विद्यमान अन्य सार्वजनिक एवम् राष्ट्रिय पुस्तकालयहरूसँग सम्बन्ध एवम् समन्वय कायम गर्ने
६. निर्धारित समयभित्र पुस्तकालय खुला राख्ने प्रबन्ध गर्ने
७. पुस्तकालयका पुस्तकहरू तत्काल प्राप्तिका लागि स्तरीय सङ्केतीकरणको व्यवस्था गर्ने
८. आधुनिक युग सुहाँउदो इ—पुस्तकालय *(E Library)* को विकास गर्नका लागि प्रयास गर्ने

## सङ्कलनहरू

केसर पुस्तकालयमा करिब ५५ हजार ऐतिहासिक महत्त्वका पुस्तक, दस्तावेज, हस्त लिखित ग्रन्थ तथा चित्रहरू सङ्कलन गरिएका छन्। यसका साथै संस्कृत भाषामा लेखिएका पुराण, वेद, उपनिषद्, रामायण, महाभारत, गीता पनि सङ्कलन गरिएका छन्। अङ्ग्रेजी भाषाका पुस्तकहरूमा खेलकुद, सिकार, बगैँचा सजाओटै, यात्रा, ज्योतिष शास्त्रसँग सम्बन्धित पुस्तकहरू रहेका छन्। त्यस्तै विभिन्न भाषा र लिपिका बहुमूल्य हस्त लिखित ग्रन्थहरू र हजार वर्ष पुरानो मानिएको सहोत्तर तन्त्र *(भैषज्य शास्त्र)* समेत रहेको छ। सम्पूर्ण

सङ्कलनहरूलाई छ कक्षमा विभाजन गरिएको छ। जसमा केसर सङ्कलन, नयाँ सङ्कलन, पत्र पत्रिका, हस्त लिखित ग्रन्थ, बाल बालिका सङ्कलन र युनेस्को सङ्कलन रहेका छन्।

**सेवाहरू**

केसर पुस्तकालय एउटा सन्दर्भ पुस्तकालय (*Reference library)* भएकाले पाठकहरूलाई यहाँका सबै सङ्कलन पुस्तकालयभित्र मात्र प्रयोग गर्ने सुविधा छ। दुर्लभ र महत्त्वपूर्ण सङ्कलनहरूबाहेक सम्पूर्ण सङ्कलित सामग्रीहरू सबै पाठकका लागि खुला गरिएका छन्। पुस्तकालयले आफ्ना सेवाहरू आधुनिक र वैज्ञानिकीकरण गर्दै लैजानका लागि वेबसाइटमार्फत पनि सेवा प्रदान गर्दै आएको छ। यसले आफ्ना सङ्कलित पुस्तकहरूलाई डिवे डेसिमल क्लासिफकेसन *(Deway decimal classification)*को आधारमा वर्गीकरण गरेको छ। सङ्कलनलाई सूचीकृत गर्न डब्ल्युआइए/ आइएसआइएस प्रोग्राम *(WIN/ISISprogramme)* को प्रयोग गरेको छ। यसको वेबसाइट *www.klib.gov.np* बाट पनि पुस्तकालय सेवाहरू लिन सकिन्छ। सय वर्ष पुगेको उपलक्ष्यमा सन् २००८ मा बालशाखा पनि खोलेको छ। यसरी यस पुस्तकालयले प्रदान गर्दै आएका सेवाहरूलाई देहायबमोजिम बुँदागत रूपमा प्रस्तुत समेत गर्न सकिन्छ *:*

१. सन्दर्भ सेवा
२. फोटोकपी सेवा
३. शान्तिपूर्ण अध्ययन कक्ष
४. अन्तर पुस्तकालय सापटी
५. पुस्तकालयहरू विकास तथा स्थापनाका लागि आवश्यक तालिम तथा राय परामर्श
६. इन्टरनेट सेवा विशेष आकर्षणहरू

पुस्तकालयका भित्ताहरू विभिन्न मृत जनावरका टाउकाहरूले सिँगारिएका छन्। यसै गरी भित्ताहरूमा राणा शासकहरूले खेलेका शिकारका तस्बिरहरू, राणा शासकहरूका पूर्ण कदका कलात्मक तथा आकर्षक रङ्गीन तस्बिरहरूलाई फ्रेममा राखेर सजाइएका छन्। सिंह, बाघ, मृग तथा अन्य जङ्गली जनावरहरूको छालायुक्त प्रतिरूपहरूले पुस्तकालयको सुन्दरतालाई अझ बढाएका छन्।

# डिल्लीरमण – कल्याणी रेग्मी स्मारक पुस्तकालय

परिचय

“सेवा नै धर्म हो र धर्म नै सेवा हो” भन्ने भावनाबाट प्रेरित, बुद्ध र गान्धीका अनुयायी विद्वान् डा. डिल्लीरमण रेग्मी वरिष्ठ राजनीतिज्ञ एवम् इतिहासकारका रूपमा सुपरिचित व्यक्ति हुनुहुन्थ्यो । उहाँले आफ्नो अध्ययन र अनुसन्धानका लागि धेरै पुस्तक, पत्र पत्रिका सङ्कलन गर्नुभएको थियो । साथै पुरातात्विक वस्तुहरूको सङ्कलनमा समेत उहाँको रुचि थियो । यिनै सङ्कलित वस्तुहरूलाई २०३७ साल (सन् १९८१) मा डा. डिल्लीरमण–कल्याणी रेग्मी पुस्तकालय, सङ्ग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर तत्कालीन श्री ५ वीरेन्द्रको हातबाट उद्घाटन गराई नेपाली जनताले अध्ययन, अनुसन्धान गर्न पाउने गरी शिक्षा मन्त्रालयलाई शेषपछिको बकसपत्र गरिदिनुभएको थियो । उहाँको देहावसानपछि नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा “डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन (आदेश ) २०६०” जारी गरी सञ्चालन व्यवस्थापनका लागि सात सदस्यीय समितिको व्यवस्था गरिएको छ । २०६१ साल पुस ३ गतेबाट उक्त पुस्तकालय तथा सङ्ग्रहालय सर्वसाधारणका लागि खुला गरिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ।

डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय
संस्था स्थापनाका उद्देश्य :

१. डा. रेग्मीको जीवनदर्शन एवं सिद्धान्तको प्रचार–प्रसार गर्ने ।
२. प्रत्येक दुई–दुई वर्षमा डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कारबाट शान्ति र अहिंसाको क्षेत्रमा योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलाई सम्मान गर्ने ।
३. शान्ति, अहिंसा, मानवीय मुल्य, मान्यता र राष्ट्रका जल्दाबल्दा विषयसँग सम्बन्धित गोष्ठी, कार्यशाला, अन्तरक्रिया लगायत नि:शुल्क पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने ।
४. सर्वसाधारणलाई नि:शुल्क पुस्तकालय तथा सुचना सेवा प्रदान गर्ने ।
५. इतिहास, राजनीतिशास्त्र एवम् दर्शनशास्त्र आदि विविध विषयमा अध्ययन र अनुसन्धानका लागि शान्ति केन्द्रको रूपमा विकास गर्ने ।
६. स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग नेटवर्किङ गरी पुस्तकालय सेवा प्रदान गर्ने ।
७. आय–आर्जनका लागि अन्य विविध क्रियाकलाप गर्ने ।

रणनीति :

१. डा.डिल्लीरमण रेग्मीले आफ्नो जीवनकालमा शान्ति, अहिंसा, मानवीय मूल्य मान्यतामा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै उहाको जीवनदर्शन एवं सिद्वान्तको प्रचार प्रसार गर्ने ।
२. नेपालमा शान्ति, अहिंसा र विकासको क्षेत्रमा योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी नागरिक तथा संस्थालाई प्रत्येक २/२ वर्षमा डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तराष्ट्रिय शान्ति पुरस्कार प्रदान गर्ने ।
३. इतिहास, राजनितिशास्त्र एवं दर्शनशास्त्र विषयमा अध्ययन, अनुसन्धानका लागि विद्यार्थी एवं सोधकर्ताहरूको लागि उपयुक्त वातावरण मिलाउने ।
४. पुस्तकालयमा आउने पाठकहरूलाई नि:शुल्क पढ्ने ठाँउ, पढ्ने सामग्री र ईन्टरनेट सेवा उपलब्ध गराउने ।

निकायको स्वरूप र प्रकृति :

डा. डिल्लीरमण रेग्मी स्मारक पुस्तकालय विशुद्ध सेवामुलक संस्था हो । डा. डिल्लीरमण रेग्मीको इच्छा अनुसार २०३७ सालमा नै नेपाली जनतालाई अध्यायन, अनुसन्धान गर्न पाउने गरी नेपाल सरकार शिक्षा मन्त्रालयलाई शेष पछिको बकसपत्र गरी दिनु भएको थियो । सोही अनुसार उहाँको देहावसान पछि नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय

विकास समिति गठन आदेश २०६० जारी गरी सञ्चालन तथा व्यवस्थापनको लागि सात सदस्यीय समितिको व्यवस्था गरी २०६१ पौष ३ गतेवाट पुस्तकालय तथा संग्राहलय सर्वसाधारण जनताको लागि खुल्ला गरिएको छ।

**मुख्य कार्यहरू :**

१. पाठकहरूको लागि पुस्तकालयमा नै बसी नि:शुल्क अध्ययन, अनुसन्धानको साथै इन्टरनेट/वाइफाई आदिको सेवा सुविधा प्रदान गर्दै आएको।

२. पाठकहरूको सुझाव र आवश्यकता अनुसारको पुस्तक तथा पत्रिपत्रिका खरिद गर्ने गरिएको।

३. प्रत्येक २/२ वर्षमा डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तराष्ट्रिय शान्ति पुरस्कार प्रदान गर्दै आएको।

४. डा. डिल्लीरमण रेग्मीको जन्मदिन पौष ३ गतेलाई शान्ति दिवसको रुपमा मनाईदै आएको।

५. समसामयिक विषयमा अन्तरक्रिया, गोष्ठी, तालिम छलफल कार्यक्रम गर्दै आएको।

**महाशाखा र शाखागत कार्यहरू :**

लेखा : यस शाखाले लेखा सम्वन्धी हिसाब किताब तथा अभिलेख राख्ने कार्य गर्दछ।

प्रशासन शाखा : पुस्तकालयको दैनिक प्रशासन सम्वन्धी कार्यको साथै नयाँ आउने पाठकहरूलाई पुस्तकालय सम्वन्धी सूचना दिने कार्य गर्दछ।

प्राविधिक शाखा : पुस्तक पत्र पत्रिकाको दर्ता, वर्गीकरण, सूचीकरण एवं पुस्तकहरूलाई कम्प्यूटराईज गर्ने काम गर्दछ।

संगठन संरचना :

डा. डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालन र व्यवस्थापनको लागि ७ सदस्यीय विकास समिति रहेको छ। समितिमा एकजना अध्यक्ष र २ जना सदस्य मन्त्रीस्तरीय निर्णयबाट मनोनयन हुन्छ भने अन्य सदस्यहरूमा अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र पुरातत्व विभागको प्रतिनिधि रहने गरेको छ भने पुस्तकालयको दैनिक कार्य सञ्चालन गर्न पुस्तकालय प्रमुखको व्यवस्था गरेको छ। पुस्तकालय प्रमुख नै विकास समितिको सदस्य–सचिवको कार्य गर्ने गरेको छ। त्यस्तै पुस्तकालय सहायक (रा.प.अनं प्रथम) १, कम्प्यूटर अपरेटर तथा लेखापाल (रा.प.अनं प्रथम) १, रिसेप्सनिष्ट (रा.प.अनं द्वितीय) १, सवारी चालक १, गार्ड २, सहयोगी कर्मचारी २ गरी जम्मा १० जना कर्मचारी कार्यरत रहेका छन्।

नीति तथा योजना :

१. पुस्तकालयमा नै बसी पुस्तकालयमा आउने जो कोहीलाई नि:शुल्क अध्ययन, अनुसन्धान, इन्टरनेट, वाइफाई तथा अवलोकन गर्न पाउने सेवा र सुविधा उपलब्ध गराउने रहेको छ।

२. हाल भएको भवन पुरानो र भूकम्पले धेरै चर्किएकोले पुस्तकालयको आवश्यकता अनुसार भूकम्प प्रतिरोधात्मक एवं अपाङ्गमैत्री भवन बनाउने योजना छ।

३. पुस्तकालय स्रोत साधन र सुविधा सम्पन्न पुस्तकालयको रूपमा विकास गरिने छ।

# साझा प्रकाशन

## परिचय

२०२१ मङ्सिर १७ गते स्थापना भएको साझा प्रकाशन प्रकाशनको माध्यमबाट भाषा, साहित्य, संस्कृति एवम् विविध वाङ्मयको विकास, शैक्षिक विस्तार तथा बौद्धिक विकासमा शताब्दी अघिदेखि सक्रिय भूमिका निर्वाह गर्दै आएको साहित्यिक संस्था हो । यसले भाषा, साहित्य, संस्कृति र वाङ्मयको श्रीवृद्धिमा राज्यलाई उल्लेखनीय सहयोग गर्दै आइरहेको छ । खास गरी वाङ्मयको विकास र शैक्षिक विस्तारका क्षेत्रमा प्रकाशन तथा वितरणको कार्यलाई व्यवस्थित ढङ्गले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा व्यापक बनाउँदै आइरहेको यस संस्थाले लेखक र पाठकबिच सुमधुर सम्बन्ध स्थापित गर्ने सेतुको भूमिका निर्वाह गर्दै आएको छ । वि.सं. १९७० मा भाषा, साहित्य, कला, संस्कृति र शिक्षाको विकासका लागि सरकारी स्तरमा स्थापित "गोरखा भाषा प्रकाशिनी समिति" नै वि.सं १९९० मा "नेपाली भाषा प्रकाशिनी समिति" मा रूपान्तरित भई यसैको निरन्तर उत्तराधिकारीको रूपमा साझा प्रकाशनको स्थापना र विकास भएको हो ।

## ध्येय

प्रकाशनको माध्यमबाट भाषा, साहित्य, संस्कृति तथा शिक्षाको विकास तथा विस्तार एवम् सुव्यवस्थित बिक्री वितरणमा राज्यको सहयोगी भूमिका निर्वाह गर्ने ।

## निकायको स्वरूप

नेपालका भाषा साहित्य पुस्तक प्रकाशन र बिक्री वितरण ।

## दूरदृष्टि

देशका सबै भाषा–साहित्य एवम् वाङ्मयको समावेशी प्रकाशन तथा फराकिलो वितरण सञ्जालमार्फत पाठकमा पहुँच विस्तार गर्ने ।

## उद्देश्य

१. नेपाली साहित्यको विकासमा योगदान गर्ने, श्रमजीवी पत्रकार, कलाकार, लेखकहरूलाई एक सूत्रमा बाँधी उनीहरूको आर्थिक स्थिति उचाल्दै स्वस्थ र निश्पक्ष पत्रकारिताको विकास गर्ने
२. आफ्ना सदस्यहरूको आर्थिक उन्नति, मितव्ययिता र सहयोगी भावना विकास गर्दै परिश्रमी र उन्नतिशील बनाउने ।

## रणनीति

१. छरितो एवम् चुस्त व्यवस्थापन,
२. बजारको माग र आवश्यकताअनुसार भाषिक साहित्यिक पुस्तकहरूको उत्पादन,
३. उत्पादन र वितरणमा लागत लाभको विश्लेषण,
४. चुस्त, सुलभ, मितव्ययी एवम् भरपर्दो वितरण प्रणालीको अवलम्बन,
५. भाषिक साहित्यिक प्रकाशनमा समावेशी अवधारणाको विकास,
६. विज्ञान र प्रविधिको प्रयोगलाई क्षमता र आवश्यकताअनुसार उपयोगमा ल्याइने,
७. स्वस्थ प्रतिस्पर्धामार्फत सार्वजनिक/सहकारी तथा निजी साझेदारीको अवधारणा अङ्गीकार गरिने ।

## मुख्य कार्यहरू

१. भाषिक साहित्यिक एवम् विविध वाङ्मयका पुस्तकहरू प्रकाशन र वितरण गर्ने,
२. विद्यालय, उच्च शिक्षा एवम् विश्वविद्यालय तहका पाठ्य तथा सन्दर्भ पुस्तकहरूको उत्पादन र देशव्यापी बिक्री वितरण,
३. अन्य प्रकाशन गृहका उत्पादनहरूलाई आफ्नो वितरण सञ्जालमार्फत बजारीकरण गर्न सहयोग गर्ने,
४. विभिन्न शैक्षिक सामग्रीहरूको उत्पादन र बिक्री वितरण गर्ने,
५. संस्थाको छापाखानालाई प्रतिस्पर्धात्मक बनाई प्रकाशन तथा मुद्रणमा सङ्ख्यात्मक र गुणात्मक रूपमा सुदृढ गर्ने,
६. पठन संस्कृतिको विकास तथा साहित्य र शिक्षाको विकासका लागि देशभर पुस्तक प्रदर्शनी आयोजना गर्ने,
७. साहित्यका विविध विधाका कृति प्रकाशन गरी विभिन्न पुरस्कारका माध्यमबाट स्रष्टाहरूलाई प्रोत्साहन र सम्मान गर्ने,

८. वाङ्मयको विकासमा नेपाली साहित्यकै प्रतिनिधि मासिक पत्रिका "गरिमा" मार्फत विविध भाषा साहित्यमा महिला, आदिवासी, जनजाति, उत्पीडित, दलित आदि विभिन्न लिङ्ग, वर्ग, समुदाय तथा क्षेत्रका लेखरचना प्रकाशन गर्ने,
९. बाल साहित्यको विकास एवम् विस्तार गर्ने ।

**शाखागत कार्यहरू**

१. विभाग, महाशाखाहरूले नीति निर्माणका साथै व्यवस्थापन र अनुगमनसँग सम्बन्धित काम गर्ने,
२. क्षेत्रीय कार्यालय, र शाखाहरूले कार्यान्वयन, व्यवसाय विस्तार एवम् पुस्तकमा सबै पाठकको पहुँच विकास गर्ने ।

**नीति तथा योजना**

१. प्रकाशनको माध्यमबाट देशमा प्रचलित सबै भाषाको संरक्षण, सम्बर्द्धन एवम् विकास तथा अन्तर्राष्ट्रिय भाषाका पुस्तकहरू प्रकाशन गर्ने,
२. साहित्यिक पुस्तकहरू, विद्यालय, उच्च शिक्षा र विश्वविद्यालय तहका पाठ्य तथा सन्दर्भ पुस्तकहरूको प्रकाशन र देशव्यापी बिक्री वितरण गर्ने,
३. स्वदेशी तथा विदेशी विभिन्न भाषामा पुस्तकहरूको अनुवाद गर्ने एवम् लोकप्रिय पुस्तकहरूलाई पाठकको माग र महत्त्वअनुसार सचित्र प्रकाशन गर्ने,
४. पठन संस्कृतिको विकास र व्यवसाय प्रवर्द्धनका लागि पुस्तक प्रदर्शनी, गोष्ठी, सेमिनारको प्रभावकारी सञ्चालन गर्ने,
५. प्रभावकारी प्रकाशन तथा स्तरीय मुद्रण व्यवसायका लागि छापाखानाको स्तरवृद्धि तथा आधुनिकीकरण गर्ने ।

**नीति तथा निर्देशिकाहरूको सूची**

१. साझा प्रकाशनको विनियम, २०२१,
२. साझा प्रकाशन कर्मचारी प्रशासन नियमावली, २०७३ *(संशोधनसहित)*
३. साझा प्रकाशन पुरस्कार नियमावली, २०५५,
४. साझा प्रकाशन प्रकाशन नियमावली, २०५७,
५. साझा प्रकाशन आर्थिक प्रशासन नियमावली, २०६९

खण्ड ग: शिक्षा मन्त्रालय अन्तर्गतका योजना, आयोजना, कार्यक्रम तथा बजेट

१. चौधौं योजना *(२०७३/७४-२०७५/७६)* मा शिक्षा
२. विद्यालय क्षेत्र विकास योजना *(२०१६/१७-२०२२/२३)* को सङ्क्षिप्त परिचय
३. विद्यालय क्षेत्र विकास कार्यक्रमका मुख्य उपलब्धि सूचकहरूको सारांश स्थिति
४. चालु आर्थिक वर्ष २०७३/७४ को बजेट तथा कार्यक्रममा शिक्षा
५. चालु आर्थिक वर्ष २०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित मुख्य मुख्य कार्यक्रमहरू
६. चालु आर्थिक वर्ष २०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलाप र लक्ष्य
७. चालु आर्थिक वर्ष २०७३/७४ को शिक्षा मन्त्रालय अन्तर्गतको कार्यक्रम र बजेटको सारांश
८. शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना
९. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि *(EVENT)*परियोजना
१०. सीप विकास परियोजना *(SDP)*
११. केन्द्रीय आयोजना कार्यान्वयन एकाइ ***(CLPIU)***

## चौधौं योजना (२०७३-७४–२०७५-७६) मा शिक्षा

## ४.४.३ शिक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दीगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउनसमेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ ।

शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् । आर्थिक वर्ष २०७२/७३ सम्ममा कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६२.४ प्रतिशत, प्राथमिक तह *(१–५)* को खुद भर्ना दर ९६.६ प्रतिशत, आधारभूत तह *(१–८)* को खुद भर्ना दर ८९.४ प्रतिशत तथा माध्यमिक तह *(९–१२)* को खुद भर्नादर ३७.७ प्रतिशत पुगेको छ । कक्षा १–१० को टिकाउ दर ३७.९ प्रतिशत, कक्षा १–५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको छ । यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ । यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहमा ०.९९ रहेको छ । १५ देखि २४ वर्ष उमेरको साक्षरता ८८.६ प्रतिशत पुगेको छ ।

### २. चुनौती तथा अवसर

चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबैं तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १–१० को ३७.९ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १–५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेकाले यी दरहरूलाई घटाउने साथै गत वर्ष गएको महाभूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ । यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आ˜ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै डिजिटल डिभाइडलाई न्यून गर्दै लैजाने क्रममा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण।

### ३.२ लक्ष्य

१. सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने।

२. मुलुकको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने।

३. रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने।

### ३.३ उद्देश्य

१. शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय–सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु।

२. वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु।

३. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु।

### ३.४ रणनीति

१. जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने।

३. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने।

४. आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने।

५. उच्च शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने।

६. सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबिचको गुणस्तरमा रहेको अन्तर घटाउने।

### ३.५ कार्यनीति

१. साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गरिनेछ। *(१)*

२. अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ। यसका साथै निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता स्वयंसेवक परिचालन गरिनेछ। *(१)*

३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न संस्कृत, पाली, भोटभाषा, गुरुकुल, बाहा–बही, बिहार, गुम्बा, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ। *(१)*

४. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ। हाल विद्यमान कानुनी तथा नीतिगत प्रावधानअनुसार प्राथमिक तहमा अधिक देखिने स्वीकृत दरबन्दीलाई आवश्यकताअनुसार माथिल्लो तहमा रूपान्तरण गरी पदपूर्तिको व्यवस्था मिलाइनेछ। *(१,३)*

५. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। *(१,३)*

६. विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १–३ को पाठ्यक्रम एकीकृत रूपमा विकास गरिनेछ। *(२)*

७. प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमनकारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ। साधारण तथा व्यावसायिक दुवै धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरूलाई आवश्यक स्रोत व्यवस्था गरी थप सुदृढीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्रहरूलाई सुदृढ गरिनेछ। *(२)*

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा लगानीको सुनिश्चिताका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी एकीकृत कोषको स्थापना गरिनेछ । *(२)*

९. व्यावसायिक विद्यालय र पोलिटेक्निक संस्थाहरू थप विस्तार गरी शिक्षालाई रोजगारीमूलक बनाउने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ । *(२)*

१०. निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ । *(२)*

११. पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरूप बनाइनेछ । *(३)*

१२. विश्वविद्यालयमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई शिक्षण पेशामा आकर्षण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ । *(३)*

१३. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइडलाई कम गर्दै लगिनेछ । *(३)*

१४. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ । *(३)*

१५. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाइ सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ । *(३)*

१६. माध्यमिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागु गरिनेछ । *(३, ६)*

१७. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ । *(३)*

१८. शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ । *(३)*

१९. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिनेछ । *(३)*

२०. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्संरचना गरिनेछ । *(३)*

२१. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । *(३)*

२२. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन विषयहरू समावेश गरिनेछ । *(३)*

२३. शैक्षिक गुणस्तर निर्धारणका लागि राष्ट्रिय योग्यता निर्धारण प्रणाली र राष्ट्रिय व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ । *(३)*

२४. उत्कृष्ट शैक्षिक व्यवस्थापन तथा सेवाप्रवाहमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, अत्यन्त पिछडिएको समुदाय, लोपोन्मुख, गरिब परिवारबाट आउने जेहेन्दार विद्यार्थी, अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षाको लागि देशका विभिन्न स्थानमा ठूला, आवासीय तथा नमुना विद्यालय सञ्चालनमा ल्याइनेछ । *(३, ४)*

२५. चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एकवर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटतालाई लक्षित गरी पुनर्वितरण र विस्तार गरिनेछ । *(४,१)*

२६. जोखिममा परेका, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधनका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ। *(४)*

२७. दुर्गम तथा हिमाली जिल्लाहरूका विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको निरन्तरता तथा सिकाइ सुनिश्चितताका लागि सञ्चालनमा रहेका आवासीय विद्यालय तथा घुम्ती विद्यालयको क्षमता विस्तार गरिनेछ। *(४)*

२८. मानव विकास सूचकाङ्कका आधारमा पछि परेका क्षेत्र तथा गरिबी व्याप्त रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ। *(४)*

२९. दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ। *(४)*

३०. भिन्न सिकाइ आवश्यकता भएका, जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ। *(४)*

३१. नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ। *(४)*

३२. उच्च वैज्ञानिक एवम् प्राविधिक र अनुसन्धानात्मक शिक्षामा लगानी बढाइनेछ। *(५)*

३३. उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूलाई ध्यानमा राखी खुला विश्वविद्यालयलगायत खुला एवम् दूरशिक्षा प्रणालीको संस्थागत विकास गरिनेछ। *(५)*

३४. उच्च शिक्षालाई राष्ट्रिय प्राथमिकताका आधारमा व्यवस्थापन गर्न कृषि, पशुविज्ञान तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ्, जलविद्युत्, नवीकरणीय शक्ति, उद्योग तथा व्यापारलगायतका क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगार उन्मुख उच्च शिक्षाको विकास र विस्तारलाई प्राथमिकता दिइनेछ। *(५)*

३५. उच्च शिक्षामा गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाणपत्रका आधारमा मात्र विदेशी उच्च शिक्षा प्रदायक संस्थालाई सम्बन्धन दिने व्यवस्था मिलाइनेछ। *(५)*

३६. उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी तिनीहरूलाई अनुसन्धानमूलक एवम् प्रवर्द्धनात्मक बनाइनेछ। *(५)*

३७. उच्च शिक्षा ऐन जारी गरी उच्च शिक्षामा विविधीकरण र गुणस्तर सुनिश्चित गर्दै प्रभावकारी रूपमा नियमन गरिनेछ। *(५, ६)*

३८. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज र सरल पहुँचका लागि सामाजिक न्यायका आधारमा लागत अनुदान, लागत साझेदारी र लागत उठ्तीको आधारमा शुल्क निर्धारण गर्ने नीति अवलम्बन गरिनेछ। *(५)*

३९. दुर्गम तथा मानव विकास सूचकाङ्कका आधारमा पछि परेका क्षेत्रहरूमा सम्भाव्यताका आधारमा प्रविधि उन्मुख आङ्गिक क्याम्पसहरूको स्थापना गरिनेछ। *(५)*

४०. प्रत्येक प्रदेशमा सन्तुलित शैक्षिक विकासका लागि कम्तीमा एउटा विश्वविद्यालय, मेडिकल कलेज र प्राविधिक तथा व्यावसायिक उच्च शैक्षिक संस्थाको स्थापना गरिनेछ। *(५.२)*

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. प्रारम्भिक बालशिक्षा

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन।
२. दुर्गम तथा अति पिछडिएको क्षेत्र एवम् समुदाय केन्द्रित गरी नयाँ पूर्व–प्राथमिक विद्यालय विस्तार।
३. प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था।
४. पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दीगो तथा गुणात्मक विकासका लागि स्थानीय स्तरमा सहकार्य।

#### ख. आधारभूत शिक्षा

१. आधारभूत शिक्षालाई नि:शुल्क र अनिवार्य गर्ने व्यवस्था।
२. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन।
३. तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम।
४. दुर्गम, हिमाली, अति पिछडिएका क्षेत्र, वर्ग एवम् अपाङ्गता भएका बालबालिकासमेतका लागि आवासीय विद्यालयहरू सञ्चालन।
५. समयमै नि:शुल्क पाठ्यपुस्तक वितरण।
६. भूकम्पबाट पुगेको क्षतिको पुनर्निर्माण, विद्यालयको भौतिक सुधार।
७. गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण।
८. शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम।
९. बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा।
१०. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग।
११. पुस्तकालय तथा सिकाइ कुना स्थापना।
१२. कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउन अनुगमन तथा निरीक्षणसम्बन्धी कार्यक्रम।

**ग. माध्यमिक शिक्षा**

१. माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन।
२. भूकम्पबाट पुगेको क्षतिको पुनर्निर्माण।
३. खुला तथा वैकल्पिक शैक्षिक कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृत्ति वितरण, कक्षा १० सम्म नि:शुल्क पाठयपुस्तक वितरण।
४. आवासीय तथा घुम्ती विद्यालय सञ्चालन।
५. माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन।
६. विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदीय व्यवस्था।
७. शिक्षक तालिम, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना।
८. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, विज्ञान, गणित तथा अङ्ग्रेजी विषयमा विद्यार्थीलाई थप सहयोग पुर्याउन सूचना प्रविधिको माध्यमबाट दूर शिक्षा, विद्युतीय अन्तरक्रियात्मक सिकाइ सामग्री विकास तथा प्रयोग।
९. कक्षा ९ देखि नै व्यावसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार।
१०. माध्यमिक तहको अन्त्यसम्ममा विद्यार्थीलाई पाठ्यक्रमसँग आबद्ध हुने गरी अनिवार्य स्वयंसेवकको रूपमा परिचालन।
११. कक्षा ११ र १२ मा विज्ञान विषयको पहुँच विस्तार तथा थप सहयोगजस्ता कार्यक्रमहरू सञ्चालन गरिनुका साथै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरी व्यवस्थापकीय सुधारका लागि अनुगमन तथा निरीक्षणमा संलग्नता बढाउने कार्यक्रम।
१२. माध्यमिक शिक्षालाई अनिवार्य गरी क्रमश: नि:शुल्क गर्दै लगिने कार्यक्रम।

**घ. अनौपचारिक शिक्षा**

१. सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै जिल्लालाई साक्षर घोषणा गर्ने कार्यक्रम।
२. सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन।
३. अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण।
४. खुला तथा दूर शिक्षा कार्यक्रम, विपन्न समुदाय लक्षित वैकल्पिक शैक्षिक कार्यक्रमहरू विस्तार एवम् सञ्चालन तथा वैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबीच सह–सम्बन्ध स्थापना।
५. लोपोन्मुख जनजाति, महिला, अपांगता भएका व्यक्ति एवम् यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक वर्गका लागि लक्षित सीप विकासका कार्यक्रम तथा नव–साक्षरहरूलाई जीवनपर्यन्त तथा आयआर्जनमूलक सिकाइ कार्यक्रमहरू सञ्चालन।
६. विदेशमा रहेका नेपाली मूलका बालबालिकाहरूलाई नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने कार्यक्रम।

**ङ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धिका लागि माध्यमिक तहको कक्षा ९ देखि व्यावसायिक शिक्षा विस्तार।
२. सबै प्रदेश समेट्ने गरी पोलिटेक्निक इन्स्टिच्युट सञ्चालन।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि, प्राविधिक शिक्षामा पहुँच विस्तारका लागि कार्यक्रम सञ्चालन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोषको स्थापना।
४. गुणस्तर सुनिश्चितताका लागि सरोकारवालाहरूलाई थप जवाफदेही बनाउँदै अनुगमन तथा निरीक्षणजस्ता कार्यक्रमहरू सञ्चालन ।
५. परम्परागत ज्ञान सीपको प्रवर्द्धन गर्दै रोजगारीमूलक र उद्यमशीलता विकास हुने शैक्षिक प्रणालीको विकास।

**च. उच्च शिक्षा**

१. मुलुकको आर्थिक समृद्धि हुने गरी ज्ञानमा आधारित अनुसन्धानमूलक उच्च शिक्षाको विकास गर्ने कार्यक्रम सञ्चालन।
२. शैक्षिक गुणस्तरको निर्धारण र मापन, सन्तुलित शैक्षिक विकासको लागि प्रत्येक प्रदेशमा एक/एक ओटा विश्वविद्यालय र मेडिकल कलेज स्थापना।
३. उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि खुला विश्वविद्यालय लगायत खुला एवम् दूर शिक्षा प्रणालीको संस्थागत विकास।
४. कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, जलविद्युत, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापारलगायतका अन्य नव–प्रवर्तनीय क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगार उन्मुख उच्च शिक्षाको विकास र विस्तार।
५. गुणस्तर सुनिश्चितताका कार्यक्रम सञ्चालन।
६. शैक्षिक प्रमाणत्र धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराइने व्यवस्थाका लागि कार्यक्रम सञ्चालन।
७. उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई अनिवार्य रूपमा स्वयंसेवकका रूपमा परिचालन र परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेन्डर कार्यान्वयन।
८. वैदेशिक क्षेत्रबाट सम्बन्धन प्राप्त माध्यमिक, उच्च शिक्षा र अन्य शैक्षिक परामर्शदातृ संस्थाहरूको थप व्यवस्थापन र नियमन।

**छ. शैक्षिक व्यवस्थापन**

१. शैक्षिक सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी छिटोछरितो एवम् प्रभावकारी र समयसापेक्ष बनाउन कार्यक्रम सञ्चालन।
२. सङ्घीय स्वरूप अनुकूल शैक्षिक प्रशासनिक संरचना तयार गरी तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास।
३. शैक्षिक सुशासन तथा सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्दै नीतिगत तथा प्रक्रियागत प्रणाली सुधारमा यसको उपयोग गर्ने कार्यक्रम सञ्चालन।
४. शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरू विभिन्न खाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्रदेखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन।

**४. अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९२ प्रतिशत पुगेको हुनेछ। कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या ७८ प्रतिशत पुगेको र आधारभूत तह कक्षा १–८ को खुद भर्नादर ९४ प्रतिशत तथा माध्यमिक तह कक्षा ९–१२ को खुद भर्नादर ४५ प्रतिशत पुगेको हुनेछ। साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमशः ८० र ५० प्रतिशत पुगेको हुनेछ। सबै गाउँपालिका र नगरपालिकाका वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ। उच्च शिक्षामा विज्ञान विषय अध्ययनरत विद्यार्थी सङ्ख्या ५ प्रतिशत पुगेको र उच्च शिक्षामा सहजै देखिने भर्नादर २० प्रतिशत पुगेको हुनेछ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ।

# विद्यालय क्षेत्र विकास योजना (२०१६/१७-२०२२/२३) संक्षिप्त परिचय

पृष्ठभूमि

सहस्राब्दी विकास लक्ष्य तथा सबैका लागि शिक्षा विश्व घोषणाको मर्मअनुरूप सन् २०१५ सम्ममा सबैका लागि शिक्षा सुनिश्चित गर्न नेपालले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम प्रथम *(सन् १९९२-१९९७)* र दोस्रो *(सन् १९९७-२००२)*, सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना *(सन् २००१-२०१५)* अन्तर्गत सबैका लागि शिक्षा कार्यक्रम *(सन् २००४-२००९)* तथा विद्यालय क्षेत्र सुधार योजना *(सन् २००९-२०१५)* को कार्यान्वयन पूरा गरेको छ । यी शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न र दीगो विकास लक्ष्य *(सन् २०१५-२०३०)* अन्तर्गत लक्ष्य ४ हासिल गर्नका लागि सात वर्षे विद्यालय क्षेत्र विकास योजना *(२०१६/१७-२०२२/२३)* तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । सात वर्षका लागि तर्जुमा गरिएको यस योजनामध्ये पहिलो ५ वर्ष *(२०१६/१७-२०२०/२१)* को लागि विद्यालय क्षेत्र विकास कार्यक्रम तर्जुमा गरी २०७३ साल कार्तिक ८ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई आर्थिक वर्ष २०७३/७४ बाट कार्यान्वयनमा ल्याइएको छ। विद्यालय शिक्षाको पूर्व बाल शिक्षादेखि कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तहको शिक्षामा केन्द्रित रही योजनाका सम्पूर्ण कार्यक्रमहरू कार्यान्वयन हुने छ । सन् २०३० सम्ममा मध्यम आय मुलुकमा रूपान्तरित गर्ने उद्देश्य साकार पार्न सघाउने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ ।

**मुख्य लक्ष्य**

यो योजनाको मुख्य लक्ष्य विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तरमा सुधार गर्नु रहेको छ । विशेष गरी यस योजनाका देहायबमोजिमका दूर दृष्टी, ध्येय र उद्देश्यहरू निर्धारण गरिएका छन् ।

**दूरदृष्टी**

राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिक विकासमा योगदान पुऱ्याउनु ।

**ध्येय *(अभियान)***

नेपाललाई सन् २०२२ सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट माथि उठाउन आवश्यक जनशक्ति उत्पादन गर्नु र सन् २०३० सम्ममा मुलुकलाई मध्यम आय मुलुकमा रूपान्तरण गर्नु ।

**लक्ष्य**

मुलुकको भावी सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै, देशको विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात गर्दै, सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता, गणितीय सीप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गरेर आफ्ना जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्नमार्फत मुलुकको सामाजिक–आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनु ।

**उद्देश्यहरू**

विद्यालय क्षेत्र विकास योजनाका उद्देश्य हासिल गर्नका लागि विद्यालय शिक्षाका प्रमुख आयामभित्रका विभिन्न नतिजाका क्षेत्रमार्फत विद्यालय शिक्षाको सुदृढीकरण गर्नुपर्दछ भन्ने अवधारणामा यस योजनाका परिवर्तनका सिद्धान्त आधारित छन् । ती नतिजाका क्षेत्र देहाय अनुसार छन्ः

- समताः विशेष गरी पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले पछाडि परेका समूहका बीच हुने विभेदलाई न्यून गरी समावेशी र समतामूलक शिक्षा प्रणालीको सुनिश्चित गर्नु ।
- गुणस्तरः सिकाइ वातावरण, पाठ्यक्रम, शिक्षण–सिकाइ सामग्री (पाठ्यपुस्तक समेत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा सुधार गरी विद्यार्थीको सिकाइमा अभिवृद्धि गर्नु ।
- सक्षमताः समग्रतामा सिकाइ वातावरण तथा शिक्षण–सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय प्रणलीको सुदृढीकरणबाट विद्यालय प्रणालीलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउनु ।

- सुशासन तथा व्यवस्थापनः पहिचान भएका आवश्यकता तथा सङ्घीय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्नु र केन्द्रीय, प्रान्तीय एवम् स्थानीय तहबिच लागत साझेदारीको अवधारणाअनुरूप दीगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गराउनु ।
- उत्थानशीलताः विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्द्रता अभिबृद्धि गराएर विद्यालय तहको विपत् व्यवस्थापन सुदृढीकरण गरी बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणलाई शिक्षा क्षेत्रमा मूलप्रवाहीकरण गर्नु र विद्यालयहरू द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्नु ।

**वित्तीय प्रबन्धः**

यो कार्यक्रम नेपाल सरकार र शिक्षाका विकास साझेदारहरूको संयुक्त लगानीमा कार्यान्वयन गरिने छ । यसमा पुलिङ र ननपुलिङ गरी दुई प्रकारका विकास साझेदारहरूको सहायता र सहभागिता रहेको छ । पुलिङ विकास साझेदारहरूमाः एशियाली विकास बैंक ***(ADB),*** अष्ट्रेलिया ***(DFAT),*** यूरोपियन संघ ***(EU),*** फिनल्याण्ड ***(Finland),*** शिक्षाका लागि विश्व साझेदारी ***(GPE),*** नर्वे ***(Norway),*** अन्तर्राष्ट्रिय विकास संस्था/विश्व बैंक ***(IDA/World Bank),*** जापान अन्तर्राष्ट्रिय सहायता नियोग ***(JICA),*** संयुक्त राष्ट्र संघीय बाल कोष ***(UNICEF)*** रहेका छन् । ननपुलिङ विकास साझेदारहरूमा ***UNESCO, USAid, WFP, JICA*** रहेका छन् ।
विद्यालय क्षेत्र विकास योजना अन्तर्गत सात वर्षको लागि कुल अनुमानित लागत १०.५८ विलियन अमेरिकी डलर *(*ने.रू. ११ खर्व १० अर्व ५८ करोड*)* रहेको छ । जसमध्ये प्रथम पाँच वर्षको कार्यक्रमका लागि ६.४६ विलियन अमेरिकी डलर *(*ने.रू. ६ खर्ब ७८ अर्व३६ करोड*)* रहेको छ । पाँच वर्षका लागि अनुमान गरिएको कुल लागत मध्ये निम्नानुसार स्रोतको प्रबन्ध हुनेछः

| **स्रोत** | **बजेट ($ मिलियन)** | **बजेट (ने.रू. विलियन)** | **कुल बजेटमा अंश (%)** |
|---|---|---|---|
| नेपाल सरकार | ५,७३९ | ६०२.३८४ | ८८.८ |
| संयुक्त वित्तीय साझेदार (Joint Financing Partners/JFP) | ४२९ | ४४.७७२ | ६.६ |
| गैर संयुक्त वित्तीय साझेदार (Non-JFP) | १४ | १.३५७ | ०.२ |
| पूर्ती हुन बाँकी वित्तीय स्रोत (Funding gap) | २७९ | २९.८४८ | ४.४ |
| **Total** | **६.४६१** | **६७८.३६१** | **१००** |

**कार्यक्रमका अवयवहरू***(Components)*

विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका सम्पूर्ण कार्यकलापहरू देहायबमोजिमका अवयवहरूमा केन्द्रित रहनेछन्***:***

१. प्रारम्भिक बाल शिक्षा ***(ECE)***
२. आधारभूत शिक्षा ***(Basic Education)***
३. माध्यमिक शिक्षा ***(Secondary Education and Technical Education)***
४. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त शिक्षा ***(NFE/LLL)***
५. शिक्षक व्यवस्थापन तथा विकास ***(TM&D)***
६. विपद् जोखिम न्यूनीकरण ***(Disaster Risk Reduction/DRR)***
७. अनुगमन तथा मूल्याङ्कन ***(M&E)***
८. क्षमता विकास ***(Capacity Development)***
९. शासकीय प्रबन्ध र व्यवस्थापन ***(Governance and Management)***

**कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रबन्ध**

पालको संघीय संरचनासँग तादात्म्यता हुने गरी विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन प्रबन्ध मिलाइने छ । शिक्षा मन्त्रालयले नीति निर्माण, मार्गदर्शन, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन तथा प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने कार्य गर्दछ भने शिक्षा विभागले अन्य केन्द्रीय निकायहरूको समेत सहयोगमा वार्षिक रणनीतिक कार्यान्वयन योजना निर्माण गर्ने

लगायतका कार्यहरू गर्दछ । जिल्लास्तरीय कार्यालयहरूले कार्यक्रमको कार्यान्वयन गर्ने, क्षेत्रस्तरीय निकायहरूले जिल्लास्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको अनुगमन र सहजीकरण र शिक्षा विभागमा प्रतिवेदन पेश गर्ने कार्य गर्दछ । वि.क्षे.वि.का. अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयनमा सामुदायिक विद्यालयहरू अग्र पङ्क्तिमा हुन्छन् ।

**केन्द्रीय तह**

- क) शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय शिक्षा परिषदको गठन गरिने र विद्यमान शिक्षा नीति निर्धारण समितिको कार्यमा पुनरावलोकन गरिने ।
- ख) शिक्षा मन्त्रीको अध्यक्षता रहने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति ***(Ministerial Level Development Action Committee/MDAC):*** हरेक दुई महिनामा एकपटक बैठक बसी कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका मुद्दा, समस्या र चुनौतीहरूको बारेमा छलफल गरी समाधानका प्रयास गरिन्छ ।
- ग) प्रधानमन्त्रीको अध्यक्षता रहने राष्ट्रिय विकास समस्या समाधान समिति ***(National Development Action Committee/NDAC):*** मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट पनि समाधान हुन नसकेका मुद्दा, समस्या र चुनौतीहरू वर्षमा ३ पटक बस्ने यस समितिको बैठकमा पेश गरी समाधान गरिन्छ ।
- घ) शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा वि.क्षे.वि.का. निर्देशक समिति ***(SSDP Steering Committee/SSDP-SC):*** कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्न गठित यस समितिमा शिक्षा मन्त्रालय योजना महाशाखाका सहसचिव सदस्यसचिव रहने र अन्य सदस्यहरूमा शिक्षा मन्त्रालयका अनुगमन, निरीक्षण तथा मूल्याङ्कन महाशाखाका सहसचिव, शिक्षा विभागका महानिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक, राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय, महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधिहरू रहने छन् । यस समितिमा आवश्यकता अनुसार अन्य केन्द्रिय निकायका प्रमुखहरू र संयुक्त वित्तीय साझेदारका प्रतिनिधिहरूलाई पनि आमन्त्रित गर्न सकिने छ ।
- ङ) प्राविधिक सहयोग एकाइ ***(Technical Support Unit/TSU)*** वि.क्षे.वि.का. निर्देशक समितिको कार्यलाई सहयोग गर्न तथा वि.क्षे.वि.का. कार्यान्वयनका लागि प्राविधिक सहायतासम्बन्धी व्यवस्थापन गर्नका लागि शिक्षा मन्त्रालयमा एक प्राविधिक सहयोग एकाइ रहने छ ।
- च) वि.क्षे.वि.का. कार्यान्वयन समिति ***(SSDPprogrammeimplementationcommittee/SPIC):*** कार्यक्रम कार्यान्वयनमा सहजीकरण र प्राविधिक सहायता परिचालनसम्बन्धी विषयमा वि.क्षे.वि.का. निर्देशक समितिलाई सिफारिस गर्न शिक्षा विभागका महानिर्देशकको नेतृत्व तथा सबै केन्द्रीय निकायका प्रमुखहरू सदस्य र शिक्षा विभागका कार्यक्रम शाखा प्रमुख सदस्य सचिव रहने वि.क्षे.वि.का. कार्यान्वयन समिति गठन हुनेछ ।
- छ) शिक्षा विभागः वि.क्षे.वि.का. कार्यक्रम नतिजाका क्षेत्रसँग शिक्षा विभागका सबै एकाइहरूलाई आबद्ध गरिने छ । वैदेशिक स्रोतको वित्तीय संवितरण सम्बद्ध सूचक ***(Disbursement Linked Indicators/DLI)*** का लक्ष्यहरूको प्रगति प्रतिवेदन तयार गर्ने, सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खरिद ***(Public Procurement)*** तथा सामाजिक एवम् वातावरणीय सुरक्षा ***(Social and Environmental Safeguard)*** प्रणाली सुदृढीकरण गर्ने, विपद् जोखिम व्यवस्थापन गर्ने, शैक्षिक व्यवस्थापन सूचना प्रणाली र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण गर्ने कार्य शिक्षा विभागबाट सम्पादन हुने गर्दछ ।
- ज) पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रको कार्यलाई संघीय संरचनाबमोजिम पाठ्यक्रम विकास र जनशक्ति विकाससँग सम्बन्धित कार्यमा सामञ्जस्यता कायम गरिने छ ।
- झ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई कार्यसम्पादन परीक्षण र विद्यार्थी उपलब्धि परीक्षणसँग सम्बन्धित कार्य सम्पादन गर्न स्वायत्त निकायको रूपमा विकास गरिनेछ ।
- ञ) शिक्षक सेवा आयोगलाई प्रतिस्पर्धी शिक्षक तथा प्रधानाध्यापक छनोट परीक्षा सञ्चालन गर्न सबलीकरण गरिने छ ।

**क्षेत्र/प्रदेश तह**

- क) क्षेत्रीय शिक्षा निर्देशनालयलाई जिल्ला/स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण र प्राविधिक सहयोग तथा जिल्लाको कार्यसम्पादनको मूल्याङ्कन तथा अनुगमन गर्ने कार्यको लागि जिम्मेवार बनाइने ।

**जिल्ला तह**

क) जिल्ला तहमा वि.क्षे.वि.का. कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालय मुख्य जिम्मेवार निकाय हुनेछ । जिल्ला शिक्षा कार्यालयहरूले विद्यालय र स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको सुपरिवेक्षण गर्ने र आवश्यक प्राविधिक सहयोग पुऱ्याउने कार्य गर्दछ । यसका लागि जि.शि.का.मा आवश्यकतानुसार विषयगत प्राविधिक समितिहरू गठन गरी परिचालन गर्न सक्नेछन्।

ख) शिक्षक पेशागत विकासका लागि शैक्षिक तालिम केन्द्रहरूबाट सेवाकालीन तथा पुनर्ताजगी तालिम सञ्चालन गरिने छ ।

ग) विद्यालयहरूलाई प्रदान गरिने अनुदानको व्यवस्थापन, विद्यालयको कार्यसम्पादनको मूल्याङ्कन, जिल्ला भित्र आवश्यक विद्यालय र शिक्षकको योजना निर्माण, नतिजामा आधारित लगानीको सन्दर्भमा जिल्ला शिक्षा समितिको कार्यको पुनरवलोकन गर्ने कार्यका लागि समेत जिल्ला शिक्षा कार्यालयहरू जिम्मेवार हुनेछन् ।

**स्थानीय तह**

क) संघीय संरचनाअनुरूप स्थानीय तहमा विद्यालय शिक्षासम्बन्धी सम्पूर्ण दायित्व बहन गर्ने संस्थागत संरचनाको निर्माण हुने ।

ख) गाउँ/नगर क्षेत्रमा गुणस्तरयुक्त शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने आर्थिक स्रोत साधनको व्यवस्थापन, विद्यालयको निरीक्षण तथा अनुगमनका साथै प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा गाउँ पालिका/नगरपालिकाको हुने छ ।

ग) सामाजिक बहिष्करणमा परेका सीमान्तकृत जनसङ्ख्यालाई शैक्षिक अवसर सुनिश्चितताका लागि रणनीति निर्माण र कार्यान्वयन गर्ने र सोको लागि स्रोत साधनको परिचालन गर्ने जिम्मेवारी समेत स्थानीय निकायको हुने छ ।

**विद्यालय तह**

क) विद्यालयको समग्र सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुनेछ । विद्यालयको सर्वाङ्गीण विकासका लागि सबै सरोकारवालाहरूको सहभागितामा तथ्यमा आधारित विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन मार्फत सुरक्षित विद्यालय, विपद् पूर्व तयारी, शिक्षाको निरन्तरताका लागि योजनाको निर्माण र कार्यान्वयन गरिने छ ।

ख) अभिभावक शिक्षक संघले विद्यालयको सञ्चालन तथा व्यवस्थापनको नियमित रेखदेखका साथै विद्यालय व्यवस्थापन समितिको कार्यमा सहयोग गर्ने छ ।

ग) शिक्षकको कार्यसम्पादन, शिक्षक तथा विद्यार्थी नियमितता र शिक्षक पेशागत सीप विकास जस्ता प्राविधक कार्यमा प्रधानाध्यापकको कार्य केन्द्रित हुने छ ।

घ) नमुना विद्यालयको विकास गरी शासकीय र व्यवस्थापकीय स्वायत्तता सहित अलगै प्रधानाध्यापक पदको व्यवस्थापन हुने छ।

## विद्यालय क्षेत्र विकास योजनाका मुख्य कार्य सम्पादन सूचकहरू (KPI)

| उपक्षेत्र / विषयगत क्षेत्र<br>सूचकहरू | | आधार रेखा (२०१५/१६) | ३ वर्षे योजनाको लक्ष्य (२०१८/१९ सम्म) | ५ वर्षे योजनाको लक्ष्य (२०२०/२१ सम्म) | ७ वर्षे योजनाको लक्ष्य (२०२२/२३ सम्म) |
|---|---|---|---|---|---|
| १. प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा (प्राबाशिवि/पूप्राशि) | | | | | |
| १.१ | प्राबाशिवि/पूप्राशिमा कुल भर्ना दर | ८१ | ८६ | ८९.५ | ९४ |
| १.२ | प्राबाशिवि/पूप्राशिमा आवश्यक योग्यता प्राप्त शिक्षकको प्रतिशत | ९३.७ | ९५.५ | ९७ | १०० |
| १.३ | प्राबाशिवि/पूप्राशिमा एक महिने तालिम प्राप्त शिक्षकको प्रतिशत | ० | ३० | ६५ | १०० |
| १.४ | प्राबाशिवि/पूप्राशिमा अनुभव भएका कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ६२.४ | ६८.५ | ७३ | ८५ |
| २. आधारभूत शिक्षा (कक्षा १–८) | | | | | |
| २.१ | कक्षा १ मा कुल भर्ना दर | १३६.७ | १३०.५ | १२७ | ११५ |
| २.२ | कक्षा १ मा खुद भर्ना दर | ९३.९ | ९५ | ९६ | १०० |
| २.३ | कुल भर्ना दर आधारभूत शिक्षा (कक्षा १–५) | १३५.४ | १३०.५ | १२५.५ | ११५ |
| २.४ | खुद भर्ना दर आधारभूत शिक्षा (कक्षा १–५) | ९६.६ | ९७.५ | ९८.५ | १०० |
| २.५ | कुल भर्ना दर आधारभूत शिक्षा (कक्षा १–८) | १२०.१ | ११८ | ११५ | ११२ |
| २.६ | खुद भर्ना दर आधारभूत शिक्षा (कक्षा १–८) | ८९.४ | ९४ | ९७ | १०० |
| २.७ | आधारभूत शिक्षा (कक्षा १–८) मा लैङ्गिक समता सूचकाङ्कका आधारमा खुद भर्ना दर | १ | १ | १ | १ |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ७६.६ | ८६ | ९२ | ९७ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्नेको दर | ६९.६ | ७८.५ | ८५ | ९० |
| २.१० | आधारभूत शिक्षा (५—१२ वर्ष उमेर) का विद्यालय बाहिर रहेका बाल बालिकाको प्रतिशत | १०.६ | ७.५ | ५ | ० |
| २.११.१ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | २७.२ | ३३.२ | ३७.२ | ५० |
| २.१२.१ | कक्षा ५ मा विद्यार्थीको सिकाइ उपलब्धिको प्राप्ताङ्क प्रतिशत | गणित: ४८ | ५२ | ५६ | ५० |
| २.१२.२ | | अंग्रेजी: ४७ | ५३ | ५७ | ६० |
| २.१२.३ | | नेपाली: ४६ | ५४ | ५९ | ६५ |
| २.१३.१ | कक्षा ८ मा विद्यार्थीको सिकाइ उपलब्धिको प्राप्ताङ्क प्रतिशत | गणित: ३५ | ४८ | ५५ | ६० |
| २.१३.२ | | नेपाली: ४८ | ५२ | ५७ | ६२ |
| २.१३.३ | | विज्ञान: ४१ [c] | ४९ | ५५ | ६० |
| ३. माध्यमिक शिक्षा | | | | | |
| ३.१ | कक्षा ९–१२ को कुल भर्ना दर | ५६.७ | ७२ | ८५ | ९० |
| ३.२ | कक्षा ९–१२ को खुद भर्ना दर | ३७.७ | ४५ | ५३ | ६० |
| ३.३ | कक्षा १० सम्मको टिकाउ दर | ३७.९ | ५० | ६५ | ७५ |
| ३.४ | कक्षा १२ सम्म टिकाउ दर | ११.५ | १८ | २५ | ३१ |

| उपक्षेत्र / विषयगत क्षेत्र<br>सूचकहरू | | आधार रेखा (२०१५/१६) | ३ वर्षे योजनाको लक्ष्य (२०१८/१९ सम्म) | ५ वर्षे योजनाको लक्ष्य (२०२०/२१ सम्म) | ७ वर्षे योजनाको लक्ष्य (२०२२/२३ सम्म) |
|---|---|---|---|---|---|
| ३.५ | माध्यमिक शिक्षा (कक्षा १–१२) मा लैङ्गिक समता सूचकाङ्कका आधारमा खुद भर्ना दर | ०.९९[a] | १ | १ | १ |
| ३.६ | नमुना विद्यालयको सङ्ख्या | ० | ३४० | ५४० | १००० |
| ३.७ | प्राविधिक विषयमा कक्षा ९–१२ मा भर्ना हुने विद्यार्थीको सङ्ख्या | ९७५० | ७२५४० | १०२६०० | १२६६०० |
| ४. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | | | | | |
| ४.१ | ६ वर्षमाथिको साक्षरता दर | ७८ | ८५ | ८७ | ९० |
| ४.२ | १५–२४ वर्षमाथिको साक्षरता दर | ८८.६ | ९२ | ९५ | ९८ |
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | ५७ | ७० | ७५ | ८० |
| ५. शिक्षक व्यवस्थापन तथा पेसागत विकास | | | | | |
| ५.१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ३८.८ | ४२ | ४५ | ५० |
| ५.२ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | १५.१ | १८ | २० | २२ |
| ६. क्षेत्रगत आर्थिक व्यवस्था | | | | | |
| ६.१ | शिक्षामा राष्ट्रिय बजेटको कुल प्रतिशत | १२.४ | १५ | १७ | २० |

# चालु आर्थिक वर्ष २०७३/७४ को बजेट तथा कार्यक्रममा शिक्षा

**सम्माननीय राष्ट्रपतिज्यूको नीति तथा कार्यक्रमको वक्तव्यको बुँदा नं ७६ देखि ८३ सम्म**

७६. आधारभूत शिक्षामा सबै नागरिकको हक सुनिश्चित गर्दै कक्षा १२ सम्मको माध्यमिक शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क तुल्याउँदै लगिने छ। विद्यालय शिक्षालाई रोजगार-मैत्री बनाइने छ। विद्यालय शिक्षामा ६ वर्षे विद्यालयक्षेत्र विकास कार्यक्रम कार्यान्वयन सुरु गरिने छ। दलित तथा सीमान्तकृत समुदायका बालबालिकाको लागि सबै तहको शिक्षा निःशुल्क बनाइने छ।

७७. सामुदायिक र निजी विद्यालयहरू बीच शैक्षिक गुणस्तरको अन्तर घटाइने छ। सामुदायिक विद्यालयको स्तरोन्नति गरी सुबिधायुक्त नमूना विद्यालय विकास गरिने छ। विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै जीवनोपयोगी शिक्षा एवं परिणाममुखी शिक्षक व्यवस्थापन कार्यपद्धति अवलम्बन गरिने छ। विद्यालयमा प्रधानाध्यापक र शिक्षकबीच अनुबन्धका आधारमा कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिने छ।

७८. प्रारम्भिक बालशिक्षालाई विद्यालय शिक्षाको संरचनाभित्र आबद्ध गरी बालशिक्षा शिक्षकको व्यवस्था गरिने छ। योग्य र मुलुकप्रति सचेत नागरिक निर्माणको लागि विद्यालय कक्षादेखि नै नागरिक शिक्षाको पाठ्क्रम सुरु गरिनेछ। नक्साङ्कनका आधारमा विद्यालय र शिक्षकको पुनर्वितरण गरी प्राथमिक तहमा अधिक हुने शिक्षक पदलाई कक्षा ६ देखि ८ तहमा समायोजन गर्ने व्यवस्था मिलाइने छ।

७९. विद्यालय शिक्षामा समतामूलक सहभागिताका लागि प्रोत्साहनमूलक कार्यक्रमहरूलाई लक्षित वर्गमा केन्द्रित गरिने छ। छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, आवासीय सुबिधा तथा दिवा खाजा लगायतका कार्यक्रमहरूकोपुनरावलोकन गरी यी कार्यक्रमहरूलाई विपन्न समूहका विद्यार्थीहरूमा लक्षित गरिने छ। विज्ञान, प्रविधि र व्यावसायिक विषय अध्ययन गर्ने जेहेन्दार विद्यार्थीलाई सहुलियत ऋणको व्यवस्था गरिने छ।उद्यमशीलता र रोजगारी विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको बिस्तार गरी सीपमूलक शिक्षामा जोड दिइने छ। स्काउटलाई प्रभावकारी बनाउन यसको सांगठनिक संरचनाको बिस्तार गरिने छ।

८०. विद्यालय र क्याम्पसहरूमा इन्टरनेट सेवाको बिस्तारगरिने छ। शिक्षण सिकाइ प्रकियामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिने छ। यसका लागि नेपाल टेलिभिजनसँग समन्वय गरी छुट्टै शैक्षिक च्यानल सञ्चालनमा ल्याइने छ।

८१. विज्ञान प्रविधि र सुचना प्रविधिमा आवश्यक दक्ष जनशक्ति तयार गर्नको लागि आगामी आर्थिक बर्षभित्रै मदन भण्डारी विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरी संचालन गरिनेछ। विश्वविद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्दै लगिने छ। स्नातकोपाधिका विद्यार्थीहरूको पाठ्यक्रमकै अङ्गको रूपमा इन्टर्नसिप सेवाको प्रबन्ध गरी शिक्षालाई राष्ट्र निर्माणमा आबद्ध गरिने छ। शैक्षिक उन्नयनका लागि उच्चस्तरीय शिक्षा आयोग गठन गरी त्यसको सिफारिसको आधारमा समग्र शैक्षिक प्रणालीको सुदृढीकरण गरिने छ। मुलुकलाई आवश्यक पर्ने कृषिक्षेत्रका दक्ष जनशक्ति उत्पादनका लागि कृषि शिक्षामा जोड दिंदै कृषि क्याम्पसहरू क्रमशःबिस्तार गरिने छ। विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनाको कार्य आरम्भ गरिने छ।

८२. उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम ठाउँहरूमा र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूका लागि खुल्ला विश्वविद्यालय लगायत दूर शिक्षा प्रणालीको संस्थागत विकास गरिने छ। वैज्ञानिक, प्राविधिक, तथा रोजगारी उन्मुख व्यावसायिक क्षेत्रमा उच्च शिक्षा आर्जन गर्न शैक्षिक प्रमाणपत्रको आधारमा निब्र्याजी शैक्षिक ऋण उपलब्ध गराइने छ।

८३. सबै जिल्लाहरूलाई साक्षर घोषणा गर्ने कार्यलाई निरन्तरता दिंदै आगामी वर्ष ३० जिल्लाहरूलाई साक्षर घोषणा गरिने छ। नव साक्षरहरूका लागि जीवनपर्यन्त शिक्षाको व्यवस्था गरिने छ।

**आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा शिक्षा (बजेट वक्तव्यको बुँदा नं २०५ देखि २३१ सम्म)**

सर्वसुलभ र गुणस्तरीय शिक्षा

२०५. आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क बनाइने छ। माध्यमिक शिक्षालाई क्रमश: अनिवार्य र निशुल्क बनाइने छ।

२०६. विद्यालयमा बालबालिकाको पहुँच विस्तार गर्न, अध्ययन अध्यापनको गुणस्तरमा सुधार ल्याउन र व्यवस्थापकीय संरचनालाई जबाफदेही, पारदर्शी र सुदृढ बनाउन आगामी आर्थिक वर्ष देखि विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिनेछ। यसका लागि रू २६ अर्व २५ करोड विनियोजन गरेको छु।

२०७. आधारभूत शिक्षाको सुनिश्चितता, निरन्तरता र सिकाइ उपलब्धिमा सुधार ल्याउन लक्षित वर्ग, क्षेत्र र विपन्न समूहका बालबालिकाहरूलाई प्रोत्साहनमूलक सुविधाहरू एकीकृत रूपमा उपलब्ध गराउन बजेट विनियोजन गरेको छु।

२०८. विद्यालय भर्ना नभएका र भर्ना भई बीचमै विद्यालय छाडेका बालबालिकाहरूलाई विद्यालय शिक्षा सुचारू गराउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२०९. तराईका जिल्लाहरूमा विद्यालय बाहिर रहेका किशोर किशोरीहरूको पहिचान गरी विद्यालयमा भर्ना तथा निरन्तरताका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

२१०. विभिन्न क्षेत्रका लागि जनशक्ति आवश्यकता विश्लेषण गरी जनशक्ति विकासको राष्ट्रिय योजना बनाइनेछ। सरकारले विकास निर्माण र सेवा क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक तथा विशेषज्ञ जनशक्ति स्वेदेशमै उत्पादन गर्ने रणनीति अवलम्वन गर्नेछ।

२११. राष्ट्रिय माग अनुसार आधारभूत शिक्षा पछि मध्यम र उच्च तहको प्राविधिक जनशक्ति तयार गर्न अनुकूल शैक्षिक प्रणालीको विकास गरिने छ।

२१२. कर्णाली अञ्चलका सबै, मानव विकास सूचकाङ्कमा पछि परेका र तोकिएका जिल्लाहरूका विद्यार्थीहरूलाई उपलब्ध गराइने दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ। दलित तथा लोपोन्मुख समुदायका बालबालिकाहरूलाई सबै विषयमा उच्च शिक्षा निशुल्क हुने व्यवस्था मिलाइनेछ। यस प्रयोजनका लागि उत्प्रेरणा छात्रवृत्ति सञ्चालन गरिने छ।

२१३. कर्णाली लगायत छरिएको बस्ती भएका हिमाली र उच्च पहाडी क्षेत्रमा आवासीय विद्यालयहरू विस्तार गरिने छ।

२१४. बादी, हलिया, गन्धर्ब, मुसहर, डोम, चमार लगायत अति सीमान्तकृत समूहका बालबालिकाहरूलाई विद्यालय छनोट गरी पढ्न पाउने अवसर उपलब्ध गराउन भौचरमा आधारित अध्ययन अनुदानको व्यवस्था मिलाइने छ।

२१५. गुरुकूल, गुम्बा र मदरसा शिक्षालाई शैक्षिक मूलधारमा ल्याई प्रवर्द्धन गरिने छ।

२१६. बिजेश्वरीस्थित सहर्ष कपाली छात्राबासलाई स्तरोन्नति गरी सुविधा सम्पन्न बनाइने छ।

२१७. नक्साङ्कनको आधारमा विद्यालय र शिक्षकको दरबन्दी पुनर्वितरण गरी प्राथमिक तहमा अधिक हुने शिक्षक दरबन्दीलाई ६ देखि ८ कक्षासम्म समायोजन गरिने छ। सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयका विषयगत शिक्षकहरूको दरबन्दी विस्तार गरिँदै लगिने छ।

२१८. अध्ययन अध्यापनमा सुधार ल्याउन विद्यालयमा हालको दरबन्दी नबढ्ने गरी प्रधानाध्यापकको व्यवस्था गरिने छ। प्रधानाध्यापक र शिक्षक, प्रधानाध्यापक र जिल्ला शिक्षा अधिकारी बीच कार्यसम्पादन करार गरिने छ। कार्यसम्पादन र विद्यार्थी उत्तीर्ण प्रतिशतको आधारमा शिक्षकको मूल्याङ्कन गरी पुरस्कार र सजायको व्यवस्था गरिने छ।

२१९. अध्ययन अध्यापनका सम्पूर्ण चरणहरूमा सामाजिक अडिट गरी व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकलाई जबाफदेही बनाइने छ।

२२०. सामुदायिक र संस्थागत विद्यालयहरू, ग्रामीण क्षेत्र र सहरी क्षेत्रमा रहेका विद्यालयहरूको अध्ययन अध्यापनको गुणस्तरमा रहेको विभेद हटाउन शैक्षिक गुणस्तर सुधार कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिने छ। सामुदायिक विद्यालयको अध्ययन अध्यापन क्रमश अङ्ग्रेजी माध्यमबाट गर्ने व्यवस्था मिलाइने छ।

२२१. सामुदायिक विद्यालय र सरकारी कलेजहरूको सञ्चालन र व्यवस्थापनका लागि निश्चत अवधि तोकी निजी क्षेत्रका कलेजहरूसँग व्यवस्थापन सम्झौता गरिने छ । शैक्षिक गुणस्तर सुधारको यस कार्यक्रममा सहभागी हुने निजी क्षेत्रका विद्यालय तथा कलेजहरूलाई सम्मान गरिने छ ।

२२२. प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको स्थापना गर्न अनुदान दिने व्यवस्था मिलाएको छु । विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना, स्मार्ट बोर्डको प्रयोग र अन्तर्क्रियात्मक विद्युतीय सिकाइ पद्धतिको विस्तार गरिने छ ।

२२३. विज्ञान तथा प्रविधि क्षेत्रमा आवश्यक दक्ष जनशक्ति तयार गर्न हेटौंडा नगर पालिकाको मयुरधापमा **मदन भण्डारी विज्ञान तथा प्रविधि प्रतिष्ठान** स्थापना गरिने छ । प्रक्रियामा रहेको मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय स्थापनाको कार्यलाई अगाडि बढाइने छ ।

२२४. एक प्रदेश एक मेडिकल कलेजको अवधारण अनुरूप आगामी आर्थिक वर्ष बर्दीबास, बुटवल र सुर्खेतमा मेडिकल कलेज स्थापना कार्य प्रारम्भ गरिने छ । सबै प्रदेशमा पोलिटेक्निक इन्स्टिच्युट स्थापना गरिने छ ।

२२५. विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्दै लगिने छ । विश्वविद्यालयका शिक्षक तथा प्राध्यापकहरूसँग कार्यसम्पादन सम्झौता गरिने छ । विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूलाई क्यालेण्डर अनुरूप सञ्चालन गरिने छ ।

२२६. मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विश्वविद्यालयको पूर्वाधार विकास गरिने छ । सुदूर पश्चिम र मध्य पश्चिमका १५ र १० क्याम्पसलाई सोही क्षेत्रका विश्वविद्यालयले आङ्गिक क्याम्पसको रूपमा सम्बन्धन दिने व्यवस्था मिलाइने छ ।

२२७. स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सत्रको अन्तिम ६ महिना **समृद्ध नेपाल निर्माण सेवा**का विभिन्न गाउँ विकास समिति अन्तर्गत विकास निर्माण र अध्ययन अध्यापनको कार्य गर्न स्वयम् सेवकका रूपमा खटाउने व्यवस्था मिलाइने छ ।

२२८. आयुर्वेद चिकित्सा पद्धतिको विकास र प्रवर्द्धनका लागि विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनाको कार्य आरम्भ गरिने छ ।

२२९. कृषि क्याम्पसहरू क्रमश सबै जिल्लामा स्थापना गर्दै लगिने छ । आगामी वर्ष झापाको गौरादहमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धमा कृषि क्याम्पस स्थापना गरिने छ ।

२३०. स्नातक र सो भन्दा माथिको शिक्षा आर्जन गर्न चाहने विद्यार्थीहरूका लागि शैक्षिक प्रमाण पत्रका आधारमा निर्ब्याजी ऋण उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२३१. शिक्षण अस्पतालहरूको सुदृढीकरण तथा सेवा सुविधा विस्तारका कार्यक्रमहरू कार्यन्वयन गरिने छ । सुरेश वाग्ले क्यान्सर उपचार केन्द्रको क्षमता विकास गरिने छ । काठमाडौं विश्वविद्यालय अन्तर्गतको शिक्षण अस्पतालसँग सहकार्य गरी फोक्सो अनुसन्धान तथा उपचार केन्द्र स्थापना गरिने  छ ।

## चालु आर्थिक वर्ष २०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित मुख्य कार्यक्रमहरूको परिचय

साधारण तर्फ

१) बजेट उपशीर्षक नं. ३५००११

| | |
|---|---|
| कार्यक्रम/आयोजनाः | शिक्षा मन्त्रालय |
| प्राथमिकता क्रमः | १ |
| रणनीतिक सङ्केतः | ७ |
| लैङ्गिक सङ्केतः | २ |
| सुरु र समाप्त हुने वर्षः | निरन्तर |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ३५९८८०६ हजार |
| स्रोतः | नेपाल सरकारः रु ३५६८८०६ हजार<br>वैदेशिकः रु ३०००० हजार (युएनडिपी) |
| चालुतर्फः | रु ३५३१९७१ हजार |
| पुँजीगततर्फः | रु ६६८३५ हजार |
| कार्यान्वयन गर्ने निकायः | शिक्षा मन्त्रालय |

मुख्यमुख्य क्रियाकलापहरू

- शिक्षा सम्बन्धी नीति नियम, वार्षिक योजना, आवधिक योजना तथा दीर्घकालीन योजना निर्माण गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि विभिन्न केन्द्रीय निकाय तथा शिक्षा मन्त्रालय अन्तरगत रहेका संघ संस्थाहरूसँग समन्वय, अनुगमन तथा प्रगति समीक्षा गर्ने ।
- औपचारिक शिक्षा तर्फ विद्यालय शिक्षा उच्च शिक्षा (विभिन्न विश्वविद्यालयहरू), प्राविधिक शिक्षा तथा अनौपचारिक शिक्षा सञ्चालनको व्यवस्था गर्ने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी नीति निर्माण गर्ने ।
- शैक्षिक जनशक्ति विकास गर्ने ।
- विभिन्न संघ संस्था तथा पुस्तकालयहरूसँग समन्वय र सञ्चालनको लागि अनुदान सहयोग गर्ने ।
- शैक्षिक विषयमा सर्वेक्षण तथा अनुसन्धान गर्ने ।
- शिक्षा सम्बन्धी अन्तरराष्ट्रिय सहयोग तथा प्रतिबद्धताहरूको नीति तर्जुमा गर्ने ।
- नेपाल शिक्षा सेवा सञ्चालन गर्ने ।

२) बजेट उपशीर्षक नं. ३५००१९

| | |
|---|---|
| कार्यक्रम/आयोजनाः | विश्वविद्यालय अनुदान आयोग |
| प्राथमिकताक्रमः | २ |
| रणनीतिक सङ्केतः | ७ |
| लैङ्गिक सङ्केतः | २ |
| सुरु र समाप्त हुने वर्षः | निरन्तर |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ८४७५२९४ हजार |
| स्रोतः | नेपाल सरकार |
| चालुतर्फः | रु ६६१८१८२ हजार<br>रु १८५७११२ हजार पुँजीगत अनुदान |

पुँजीगततर्फः रु ०० 
कार्यान्वयन गर्ने निकायः विश्वविद्यालय अनुदान आयोग 
मुख्यमुख्य क्रियाकलापहरू:

- ❖ विभिन्न विश्वविद्यालहरूबिच समन्वय र सहयोग आदान प्रदान गर्ने गराउने।
- ❖ शैक्षिक स्तर वृद्धिका लागि अनुसन्धानात्मक क्रियाकलापहरू सञ्चालन गर्ने।
- ❖ विभिन्न स्रोतबाट प्राप्त अनुदान रकमलाई विभिन्न विश्वविद्यालयहरूमा समुचित वितरण गर्ने।
- ❖ विश्वविद्यालयहरूको शैक्षिकस्तर निर्धारण सम्बन्धी व्यवस्था गर्ने गराउने।
- ❖ सामुदायिक विश्वविद्यालयहरूको सुदृढीकरण गर्न अनुदान उपलब्ध गराउने।
- ❖ उच्च शिक्षा सम्बन्धी नीति तर्जुमा, नयाँ विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

<u>विकास तर्फ</u>

३) बजेट उपशीर्षक नं. ३५०१०६ 
कार्यक्रम/आयोजनाः व्दन्व्दपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानबाट सञचालन हुने ) 
प्राथमिकताक्रमः २ 
रणनीतिक सङ्केतः ३ 
लैङ्गिक सङ्केतः १ 
सुरु र समाप्त हुने वर्षः २०६५/०६६ देखि 
बजेट (आ.व. २०७३/७४ को लागि) रु १५०५७४ हजार 
स्रोतः नेपाल सरकार 
चालुतर्फः रु ७९७४८ हजार 
पुँजीगत अनुदान रु ७०८२६ हजार 
पुँजीगततर्फः रु ००

❖ कार्यान्वयन गर्ने निकायः सहिद प्रतिष्ठान नेपाल 
प्रमुख प्रतिफलहरुः

- ❖ व्दन्व्दपीडित परिवारका बालबालिकाहरूलाई सहज वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ व्दन्व्दपीडित परिवारका अध्ययनरत जना बालबालिकाहरूका लागि सहिद प्रतिष्ठान मार्फत ५ आवासीय विद्यालयमा अनुदान उपलब्ध गराइने।
- ❖ व्दन्व्दपीडित परिवारका बालबालिकाहरूका लागि आवासीय शैक्षिक कार्यक्रम कार्यक्रम सञ्चालन गर्ने।
- ❖ ५ वटै आवासीय विद्यालयहरूमा आवश्यक खानेपानी सहितको भौतिक संरचना तयार गर्ने।

४) बजेट उपशीर्षक नं. ३५०१०९ 
कार्यक्रम/आयोजनाः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् 
प्राथमिकताक्रमः २ 
रणनीतिक सङ्केतः ३ 
लैङ्गिक सङ्केतः १ 
सुरु र समाप्त हुने वर्षः आ.व.२०४५/४६ देखि निरन्तर

बजेट (आ.व. २०७३/७४ को लागि) रु २१७१८८३ हजार
स्रोतः नेपाल सरकार रु २०३९८९४ हजार
वैदेशिक रु १३१९८९ हजार
चालुतर्फः रु १५०११९३ हजार
पुँजीगत अनुदान रु ६७०६९० हजार
पुँजीगततर्फः रु ००
कार्यान्वयन गर्ने निकायः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
प्रमुख प्रतिफलहरुः

- ❖ मध्यमस्तरीय प्राविधिक तथा व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन गरी देशमा व्याप्त बेरोजगारी घटाउन तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत पुगेको हुने।
- ❖ स्थानीय युवाहरूलाई प्राविधिक तता व्यावसायिक तालिम उपलब्ध गराई स्थानीय तहमा आवश्यक पर्ने सीपयुक्त जनशक्ति उत्पादन गरी उत्पादकत्व वृद्धि टेवा पुगेको हुने।
- ❖ तराई मधेशका तोकिएका जिल्लाका दलित, विपन्न मुसलमानका बालिका एवम् देशका लोपोन्मुख जातिका छात्राछात्रहरूलाई प्राविधिक एस.एल.सी, प्रमाण-पत्र र डिप्लोमा तहको प्राविधिक शिक्षाको अवसर प्राप्त भएको हुने।
- ❖ सामुदायिक सेवा मार्फत सीमान्तकृत, दुर्गम क्षेत्रका जनसाधारणले स्वास्थ्य सेवाको अवसर प्राप्त गरेको हुने ।

हालसम्मको प्रगति स्थितिः

❖ ३१ वटा आङ्गिक, १५ वटा समुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) र निजीस्तरमा ३२२ वटा गरी जम्मा ३६८ वटा डिप्लोमा कार्यक्रम सञ्चालन हुदै आएको।

❖ १४ आङ्गिक, ७३ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स), र निजीस्तरमा ४८२ वटा गरी जम्मा ५६९ वटा प्राविधिक एस.एल.सी. कार्यक्रम मार्फत प्राविधिक जनशक्ति उत्पादन गर्न कार्यक्रम सञ्चालन हुदै आएको।

❖ बार्षिक प्राविधिक विषयमा डिप्लोमा तर्फ १४५८० जना, प्राविधिक एस.एल.सी. तर्फ २२५८७ जना प्रशिक्षार्थी उत्पादन हुदै आएको।

❖ वार्षिक रुपमा छोटो अवधिको तालिम ५००० जनालाई प्रदान गर्दै आएको।

❖ वार्षिक ५०००० जनाको सीप परीक्षण तथा सामुदायिक सेवा समेत प्रवाह हुदै आएको।

आ.व. २०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ आङ्गिक प्राविधिक शिक्षालयहरूलाई अनुदान तथा व्यवस्थापन, सामुदायिक विद्यालय र निजीस्तरमा सञ्चालन भएका प्राविधिक कार्यक्रमको व्यवस्थापन, अनुगमन, तथा सुपरिवेक्षण गर्ने।
- ❖ देशभरका हलिया, कमैया, चेपाङ्ग तथा लोपोन्मुक जनजातीका छात्रछात्रा, तराई मधेशका दलित र विपन्न मुसलमान छात्राहरू तथा सूदुर पश्चिम र मध्य पश्चिमका, पश्चिमान्चलका पहाडी जिल्लाहरूका दलित छात्राछात्रहरूलाई प्राविधिक डिप्लोमा तह ईन्जिनियरीङ्ग (मेकानिकल), कृषि, ईन्जिनियरीङ्ग (ईलेक्ट्रिकल) र नर्सिङ्ग गरी ४०० जनालाई छात्रवृत्ति प्रदान गरिने।
- ❖ बिनाशकारी भूकम्पबाट ज्यान गुमाएका तथा अशक्त घाईते परिवारका जनालाई प्राविधिक डिप्लोमा तहमा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिने।

❖ नर्सिङ्ग, सामान्य चिकित्सा, पशुस्वास्थ्य, अनमि, सिभिल डिप्लोमा, कृषि जेटीए अध्ययन गर्ने जनालाई छात्रवृत्ति प्रदान गरिने।

❖ ३८० जनालाई विभिन्न विषयमा बजारोन्मुख १ वर्षे अवधिका तालिमहरूमा छात्रृत्ति वितरण गरिने।

❖ ३५०० जनाको सीप परीक्षण गरिने।

❖ ७ नयाँ पोलिटेक्निक स्थापना गरिने।

❖ पोलिटेक्निक इन्स्टिच्युटहरूको भवन निर्माण र आवश्यक उपकरणको व्यवस्था गरिने।

| | |
|---|---|
| ५) बजेट उपशीर्षक नं. | ३५०१११ |
| कार्यक्रम/आयोजनाः | मनमोहन स्मृति पोलीटेक्निक |
| प्राथमिकताक्रमः | २ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | २ |
| सुरु र समाप्त हुने वर्षः | सन् २००३ देखि निरन्तर |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ४५००० हजार |
| स्रोतः | नेपाल सरकार |
| चालुतर्फः | रु २५००० हजार |
| | पुँजीगत अनुदान रु २०००० हजार |
| पुँजीगततर्फः | रु ०० |
| कार्यान्वयन गर्ने निकायः | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् / मनमोहन स्मृति पोलीटेक्निक |

प्रमुख प्रतिफलहरू

❖ साझेदारी प्रणाली मार्फत प्राविधिक तथा व्यावसायिक तालिमको अवसर उपलब्ध भई देशमा व्याप्त बेरोजगारी घटाउन तथा स्वरोजगारका अवसरहरू सिर्जना गर्न टेवा पुगेको हुने।

हालसम्मको प्रगति स्थितिः

❖ १९४ जनालाई विभिन्न ७ बाट विषयहरूमा प्राविधिक तालिम प्रदान गरिएको।

आ.व. २०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

❖ १६० जनालाई विभिन्न विषयहरूमा बजारोन्मुख छोटो अवधिका तालिमहरू प्रदान गरिने।

❖ १९२ जनालाइ प्राविधिक डिप्लोमा अध्ययन कार्यक्रम सञ्चालन गरिने।

| | |
|---|---|
| ६) बजेट उपशीर्षक नं. | ३५०११३ |
| कार्यक्रम/आयोजनाः | शिक्षाका लागि खाद्य कार्यक्रम |
| प्राथमिकताक्रमः | २ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | सन् २००२-२००६ सम्म । रु ३५३ करोड रहेको। |
| | विश्व खाद्य कार्यक्रमको वस्तुगत र सोधभर्ना नगद अनुदान। म्याद थप हुदै आएको। |

बजेट (आ.व. २०७३/७४ को लागि) रु ६४०२१३ हजारमा
स्रोतः नेपाल सरकार- रु २००१४२ हजार
वैदेशीक- रु ४४००७१ हजार, अनुदान(डब्लुएफपी)
चालुतर्फः रु ६३८७१३ हजार
पुँजीगततर्फः रु १५०० हजार
कार्यान्वयन गर्ने निकायः शिक्षाका लागि खाद्या कार्यक्रम
प्रमुख प्रतिफलहरुः

- ❖ खाद्यान्न अभव समेतका आधारभूत शिक्षामा बालबालिकाको कम पहुँच भएका जिल्लाहरूमा दिवाखाजाको माध्यमबाट छात्रछात्राहरूको भर्नादर दैनिक उपस्थिति र विद्यालयमा टिकाउदर बढेको हुने।
- ❖ दिवाखाजा कार्यक्रमबाट लाभान्वित बालबालिकाहरूको अध्ययन र सिक्ने क्षमता वृद्धि भएको हुने।

हालसम्मको प्रगति स्थितिः

- ❖ दैलेख, रुकुम, जाजरकोट, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बझाङ, दार्चुला र बैतडी गरी १० जिल्लाका बालबालिकाहरूका लागि प्रति दिन ११० ग्रामको ३८० क्यालोरी प्राप्त हुने गरी १९४ हजार छात्रछात्राहरूका लागि ४२६८ मे.टन खाद्यान्न वितरण गरी दिवाखाजा वितरण गरिएको।
- ❖ २२२६ विद्यालयका १/१ जना विद्यालय खाजा व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम कार्यक्रम सञ्चालन भएको।

आ.व. २०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ दैलेख, रुकुम, जाजरकोट, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बझाङ, दार्चुला र बैतडी गरी १० जिल्लाका बालबालिकाहरूका लागि प्रति दिन ११० ग्रामको ३८० क्यालोरी प्राप्त हुने गरी २ लाख ७० हजार छात्रछात्राहरूका लागि दिवाखाजा वितरण गरी दिवाखाजा कार्यक्रम सञ्चालन गरिने।
- ❖ विद्यालयका उपभोक्ता तथा खाजा व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ नयाँ थपहुने ४२७ विद्यालयका भान्से र खाद्यान्न व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम सञ्चालन गरिने।

७) बजेट उपशीर्षक नं. ३५०११५
कार्यक्रम/आयोजनाः युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
प्राथमिकताक्रमः ३
रणनीतिक सङ्केतः ३
लैङ्गिक सङ्केतः २
सुरु र समाप्त हुने वर्षः निरन्तर
बजेट (आ.व. २०७३/७४ को लागि) रु १३१९४ हजार
स्रोतः नेपाल सरकार
चालुतर्फः रु १३१९४ हजार
पुँजीगततर्फः रु ००
कार्यान्वयन गर्ने निकायः युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
प्रमुख प्रतिफलहरुः

- ❖ युनेस्कोको सदस्य राष्ट्रका हैसियतले अन्तराष्ट्रिय मञ्चमा नेपालको सहभागिता अभिवृद्धि भएको हुने।

- ❖ शैक्षिक र साँस्कृतिक विकासका कार्यहरूमा सरकारी र गैरसरकारी क्षेत्रको भूमिका वृद्धि भएको हुने।
- ❖ युनेस्कोको आदर्श जनमानसमा पुऱ्याएको हुने।

हालसम्मको प्रगतिः

- ❖ युनेस्कोसम्बद्ध क्षेत्रहरूमा अन्तराष्ट्रिय क्षमता अबिवृद्धि तालिममा सहभागी भएको।
- ❖ शिक्षा र साँस्कृतिक विकासका लागि संस्थागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएको।
- ❖ युनेस्को सम्बद्ध विभिन्न अन्तराष्ट्रिय मञ्चमा नेपालले सहभागिता जनाएको र युनेस्को आयोगको महाधिवेशनमा भाग लिएको।
- ❖ गैरसरकारी संस्थासँग साझेदारीमा दीगो विकास र जलवायु परिवर्तन सम्बन्धमा सामुदायिक अध्ययन केन्द्र र विद्यालयका प्रधानाध्यापकहरूलाई अभिमुखीकरण गरिएको।
- ❖ समुदायमा आधारित संस्थाहरूलाई युनेस्को सम्बद्ध क्षेत्रमा परिचालन गरिएको।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ युनेस्को ***ASPNET*** परिचालनद्वारा दीगो विकास र जलवायु परिवर्तन सम्बन्धी शिक्षा प्रबर्द्धन गर्न ५ वटै विकास क्षेत्रमा लघु परियोजना (***LICE Program***) सञ्चालन गरिने।
- ❖ युनेस्को आयोगको गतिविधि समेटेर अभिलेखन गर्ने ( ***Electronic/Hardcopy***) तथा नेपाली र अग्रेजीमा डकुमेण्ट्री तयार गर्ने।
- ❖ युनेस्को क्लबहरूलाई सशक्तरूपमा परिचालन गरी युनेस्को आदर्श र उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने।
- ❖ युनेस्को विषयमा समिति र विशेष समितिहरूलाई परिचालन गरी सम्वन्धित क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरिने।
- ❖ संयुक्त राष्ट्रसंघीय दिवसहरू मनाउने कार्य गरिने।
- ❖ ***SDG -4 National Framework for Action*** निर्माणका लागि गठित सल्लाहकार तथा प्राविधिक समितिहरूको बैठक सञ्चालन गरिने।
- ❖ ***SDG-4 Orientation Awareness Raising*** सम्बन्धी ५ वटै क्षेत्रमा कार्यशाला गोष्ठीहरू सञ्चालन गरिने।
- ❖ ***International Ministerial Seminar on Safe School Leadership*** अन्तरराष्ट्रिय सेमिनार आयोजना गरिने।
- ❖ शैक्षिक, सामाजिक तथा साँस्कृतिक विकासका कार्यहरूमा सरकारी तथा गैर सरकारी क्षेत्रको भूमिका प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।
- ❖ युनेस्को सम्बद्ध विभिन्न अन्तरराष्ट्रिय स्तरका क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुने।
- ❖ शिक्षा र साँस्कृतिक विकासका लागि संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।
- ❖ युनेस्कोले ल्याएका नयाँ नयाँ ज्ञान तथा अवधारणाहरूको प्रचार प्रसार एवं प्रवर्द्धन गरिने।

*८)* बजेट उपशीर्षक नं. ३५०११८
कार्यक्रम/आयोजनाः सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रम
प्राथमिकताक्रमः २
रणनीतिक सङ्केतः ३

लैङ्गिक सङ्केतः १
सुरु र समाप्त हुने वर्षः निरन्तर
बजेट (आ.व. २०७३/७४ को लागि) रु ६८१६४ हजार
स्रोतः युनिसेफ रु ६८१६४ हजार (सो.भ. अनुदान)
चालुतर्फः रु ६८१६४
पुँजीगततर्फः रु०० 
कार्यान्वयन गर्ने निकायः शिक्षा विभाग
प्रमुख प्रतिफलहरुः

- ❖ बालविकास केन्द्रहरूको सञ्चालनमा सहयोग, अनौपचारिक शिक्षा, लैङ्गिक समविकास, विद्यालय शान्तिक्षेत्र, आपतकालीन अवस्थामा शिक्षा, बालमैत्री शिक्षा लगायतका क्षेत्रहरूमा सचेतना र क्षमता विकास भइ कार्यक्रमहरूको कार्यान्वयनमा प्रभावकारिता आएको हुने ।
- ❖ सचेतना कार्यक्रम सञ्चालनमा आउने ।

हालसम्मको प्रगतिः

- ❖ विद्यालय शान्ति र बालमैत्री सिकाइ वातावरणसम्बन्धी निर्देशिका तयार भएको ।
- ❖ बालविकास, विद्यालय शान्ति, विपद् व्यवस्थापन र अनौपचारीक शिक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको ।
- ❖ बालविकाससम्बन्धी तालिम प्याकेज तयार भएको र पाठ्यक्रम परिमार्जन भएको ।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिने ।
- ❖ बालविकास शिक्षासम्बन्धी सिकाइ सामग्री र तालिमको व्यवस्था गरिने ।
- ❖ जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने ।

९) बजेट उपशीर्षक नं. ३५०१३३
कार्यक्रम/आयोजनाः अनुगमन तथा मूल्याङ्कन कार्यक्रम
प्राथमिकताक्रमः २
रणनीतिक सङ्केतः ३
लैङ्गिक सङ्केतः १
सुरु र समाप्त हुने वर्षः २०६७-६८ देखि निरन्तर
बजेट (आ.व. २०७३/७४ को लागि) रु २४६१८० हजार
स्रोतः नेपाल सरकार
चालुतर्फः रु २४६१८० हजार
पुँजीगततर्फः रु ००
कार्यान्वयन गर्ने निकायः शिक्षा मन्त्रालय
प्रमुख प्रतिफलहरुः

❖ समग्र शैक्षिक कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन नतिजामा आधारित अनुगमन संयन्त्र क्रियाशील भएको हुने।

हालसम्मको प्रगतिः

❖ केन्द्रदेखि विद्यालय तह सम्म कार्ययोजना र नतिजामा आधारित अनुगमन प्रणालीलाई सुदृढ गदै नियमित प्रगति समीक्षाहरूलाई उपलब्धिमूलक बनाउने प्रयास भएको।

❖ अनुगमन मूल्याङ्कन कार्यमा जवाफदेही प्रणालीको विकास गर्ने प्रयास गरिएको।

❖ समग्र शैक्षिक सेवा प्रवाहमा चुस्तता र पारदर्शीता कायम गर्न नियामित अनुगमन प्रणालीलाई जिम्मेवार र प्रभावकारी बनाउने प्रयास गरिएको।

❖ बेरूजु फछर्यौटलाई तदारुकता दिएको।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

❖ नतिजामा आधारित अनुगमन पद्दतिलाई संस्थागत गरिने।

❖ शैक्षिक सेवा प्रवाहलाई चुस्त र पारदर्शी बनाउन नियामित अनुगमन प्रणाली विकास गरिने।

❖ प्राविधिक र उच्च शिक्षाको अनुगमनलाई प्रभावकारी बनाइने।

❖ शिक्षा मन्त्रालय अन्तरगतका समग्र कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन एकीकृत अनुगमन योजना निर्माण गरी कार्यान्वयन गरिने।

❖ अनुगमन कार्यलाई जवाफदेही बनाई पुरस्कार र दण्डको व्यवस्था गरिने।

❖ भएका बेरूजुलाई फछर्यौट गर्ने र बेरूजु हुन नदिने कार्य थालनी गरिने।

❖ लैङ्गिक हिंसा विरुद्ध तथा मानव अधिकार सम्बन्धी कार्ययोजना कार्यान्वयनलाई निरन्तरता दिइने।

❖ एकीकृत सुरक्षित विद्यालय नीति कार्यान्वयनमा ल्याइने।

| | |
|---|---|
| १०) बजेट उपशीर्षक नं. | ३५०१३५ |
| कार्यक्रम/आयोजनाः | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना |
| प्राथमिकताक्रमः | १ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | सन २०११-२०१५ ***(No Cost Extension*** को प्रक्रिया २०१६ ***April 30*** सम्म अघि बढेको। |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ४००९७८ हजार |
| स्रोतः | नेपाल सरकार-रु ५८१६ हजार<br>***IDA*** अनुदान-रु ५५०० हजार(सो.भ.)<br>ऋण-रु ३८९६६२ हजार (सो.भ.) |
| चालुतर्फः | रु ४००४७८ हजार |
| पुँजीगततर्फः | रु ५०० हजार |
| कार्यान्वयन गर्ने निकायः | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना |

प्रमुख प्रतिफलहरुः

- ❖ नतिजामा आधारित र भौचरमा आधारित छोटो अवधिको तालिम सञ्चालन हुने।
- ❖ पूर्व सिकाइमा आधारित सीप परीक्षण र प्रमाणीकरण हुने।
- ❖ सीप परीक्षक, सीप परीक्षण व्यवस्थापक, मुख्य प्रशिक्षक, प्रशिक्षक तथा सहायक प्रशिक्षककालागि तालिम सञ्चालन हुने।
- ❖ प्राविधिक शिक्षालयहरूका लागि जोडकोष अनुदान र कार्यसम्पादन अनुदान वितरण गरिने।

हालसम्मको प्रगतिः

- ❖ नतिजामा आधारितन छोटो अवधिको तालिम- ७३२० जनालाई प्रदान गरिएको।
- ❖ भौचरमा आधारित छोटो अवधिको तालिम- ४५०० जनालाई प्रदान गरिएको।
- ❖ पूर्व सिकाइमा आधारित सीप परीक्षण र प्रमाणीकरण तालिम- ८०८६ जनालाई प्रदान गरिएको।
- ❖ प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तालिम-३०० जनालाई प्रदान गरिएको।
- ❖ डिप्लोमा र प्राविधिक माध्यमिक तह प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ ७३२० जनालाई नतिजामा आधारित छोटो अवधिको तालिम सञ्चालन गर्ने।
- ❖ ४५०० जनालाई भौचरमा आधारित छोटो अवधिको तालिम सञ्चालन गर्ने ।

| | |
|---|---|
| ११) बजेट उपशीर्षक नं. | ३५०१३६ |
| कार्यक्रम/आयोजनाः | सीप विकास परियोजना |
| प्राथमिकताक्रमः | १ |
| रणनीतिक सङ्केतः | १ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | २०७०/२०७१ देखि २०७४/७५ सम्म |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ६४९९४२ हजार |
| स्रोतः | नेपाल सरकार-रु १४३९२६ हजार<br>***ADB*** रु ५०६०१६ हजार (सो.भ. अनुदान) |
| चालुतर्फः | रु ६४९५४२ हजार *(*पुँजीगत अनुदान रु १२२५३५ हजार समेत*)* |
| पुँजीगततर्फः | रु ४०० हजार |
| कार्यान्वयन गर्ने निकायः | सीप विकास परियोजना |

प्रमुख प्रतिफलहरुः

- ❖ ४५००० जनाको लागि परियोजना अवधिभरमा ३९० घण्टाको छोटो अवधिको तालिम सञ्चालन भएको हुने।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तरगतका १० शिक्षालयको भौतिक तथा जनशक्ति क्षमता विकास गरी १५ नयाँ विषयको थप भएको हुने।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको विकास मार्गचित्र तयार भएको हुने।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन हुने। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष स्थापना भएको हुने।

हालसम्मको प्रगतिः

- ❖ आ.व.२०७२/०७३ को अन्तसम्ममा ९६८० जनालाई निजी संस्था मार्फत र तह २ को १८२० जनालाई सामुदायिक संस्था मार्फत तालिम प्रदान गरिएको ।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तरगतका १० शिक्षालयहरू छनौट भई भौतिक पूर्वाधार विकासको कार्य अघि बढिरहेको र १५ वटा नयाँ कार्यक्रमको यकिन गरी छनौट भएको । साथै ५ वटा कार्यक्रम सञ्चालन भएको ।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको विकास मार्ग चित्र तयारी कार्य अन्तिम चरणमा पुगेको ।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ ३००० जना सामुदायिक र ९००० जना निजी संस्थाबाट गरी १२००० जनालाई छोटो अबधि (३९० घण्टा) को तालिम सञ्चालन गरिने ।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तरगतका १० शिक्षालहरूको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिने ।
- ❖ नयाँ १५ वटा विषयको कार्यक्रमहरूको मध्ये ५ वटा कार्यक्रम सञ्चालन गरिने ।
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको विकास मार्गचित्र तयारी सम्पन्न गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू एकद्वार प्रणालीबाट सञ्चालन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष स्थापना सम्पन्न गरिने ।

| | |
|---|---|
| १२) बजेट उपशीर्षक नं. | ३५०१३८ |
| कार्यक्रम/आयोजनाः | पढाइ सीप प्रवर्द्धन कार्यक्रम |
| प्राथमिकताक्रमः | २ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | आ.व. २०७१/०७२ देखि २०७१/०७३ |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ११८१६१ हजार |
| स्रोतः | ***USAID*** –रु ११८१६१ हजार (सो.भ. अनुदान) |
| चालुतर्फः | रु ११६३६१ हजार |
| पुँजीगततर्फः | रु १८०० |
| कार्यान्वयन गर्ने निकायः | शिक्षा मन्त्रालय/शिक्षा विभाग |

प्रमुख प्रतिफलहरुः

- ❖ पढाइ सीप प्रवर्द्धनका लागि विद्यमान पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाहरूमा सुधार भपको हुने ।
- ❖ शिक्षकहरूमा पढाइ सीप प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि भएको हुने ।
- ❖ कक्षा ३ सम्मका विद्यार्थीहरूको पढाइ सीप विकास भै सिकाइ उपलब्धिमा अभिवृद्धि भएको हुने ।

हालसम्मको प्रगतिः

- ❖ सन्दर्भ पाठ्यपुस्तक विकास गरिएको ।
- ❖ शिक्षकहरूमा पढाइ सीप प्रवर्द्धनका लागि तालिम सञ्चालन गरिएको ।
- ❖ कक्षाकोठा व्यवस्थापन सहयोगी (बसाइ, बुक कर्नर) कार्यक्रम सञ्चालन गरिएको ।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ थप सन्दर्भ पाठ्यपुस्तक विकास गरिने।
- ❖ शिक्षकहरूलाई पढाइ सीप प्रवर्द्धनका तालिमलाई निरन्तरता गरिने।
- ❖ कक्षाकोठा व्यवस्थापन सहयोगी (बसाइ, बुक कर्नर) कार्यक्रम सञ्चालन कार्यक्रमलाई निरन्तरता दिदै विस्तार गरिने।

| | |
|---|---|
| १३) बजेट उपशीर्षक नं. | ३५०१३९ |
| कार्यक्रम/आयोजनाः | उच्च शिक्षा सुधार परियोजना |
| प्राथमिकताक्रमः | १ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | आ.व.२०७१/०७२ देखि २०७५/०७६ |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु ९४५६९९ हजार |
| स्रोतः | ***IDA***- रु ९४५६९९ हजार (सो.भ. ऋण) |
| चालुतर्फः | रु ९३६२९९ हजार<br>पुँजीगत अनुदान रु ९४०० हजार |
| पुँजीगततर्फः | रु ०० |
| कार्यान्वयन गर्ने निकायः | विश्वविद्यालय अनुदान आयोग |

प्रमुख प्रतिफलहरुः

- ❖ उच्च शिक्षाको लगानी प्रभावकारी भएको हुने।
- ❖ क्याम्पस/संस्थाहरूको स्वायत्तता र विकेन्द्रीकरणमा अभिवृद्धि भएको हुने।
- ❖ प्रत्यायन प्रणाली संस्थागत भएको हुने।
- ❖ वार्षिक शैक्षिक क्यालेण्डर निर्माण भै कार्यान्वयन भएको हुने।

हालसम्मको प्रगतिः

- ❖ विश्वविद्यालयहरूलाई कार्यसम्पादनमा आधारित अनुदान प्रदान गरिएको।
- ❖ अनुसन्धानमा आधारित अनुदान प्रदान गरिएको।

आ.व.२०७३/७४ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू (लक्ष्य) :

- ❖ विश्वविद्यालयहरूलाई कार्यसम्पादनमा आधारित अनुदान प्रदान गरिने।
- ❖ अनुसन्धानमा आधारित अनुदान प्रदानलाई निरन्तरता गरिने।
- ❖ विद्यार्थी वित्तीय कोष मार्फत ३००० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने।

| | |
|---|---|
| १४) बजेट उपशीर्षक नं. | ३५०१४१ |
| कार्यक्रम/आयोजनाः | मेडिकल कलेज पूर्वाधार विकास समिति |
| प्राथमिकताक्रमः | १ |
| रणनीतिक सङ्केतः | ३ |

लैङ्गिक सङ्केतः १
सुरु र समाप्त हुने वर्षः आ.व.२०७१/०७२ देखि २०७५/०७६
बजेट (आ.व. २०७३/७४ को लागि) रु ५३०००० हजार
स्रोतः रु ५३०००० हजार (सो.भ. ऋण)
चालुतर्फः रु ५३०००० हजार
पुँजीगततर्फः रु ००
कार्यान्वयन गर्ने निकायः मेडिकल कलेज पूर्वाधार विकास समिति

प्रमुख प्रतिफलहरुः

- मेडिकल कलेज सञ्चालनको लागि अनुदान उपलब्ध गर्ने।
- मेडिकल कलेजहरूको पूर्वाधार विकास व्यवस्थापन गर्ने।
- मेडिकल कलेजहरूमा चाहिने अवश्यक जनशक्ति व्यवस्थापन गर्ने।

१५) साधारण प्रशासन। बजेट उपशीर्षक नं. ३५०१४०
कार्यक्रम/आयोजनाः विद्यालय क्षेत्र विकास कार्यक्रम (एस.एस.डि.पी.)
प्राथमिकताक्रमः १
रणनीतिक सङ्केतः ३
लैङ्गिक सङ्केतः १
सुरु र समाप्त हुने वर्षः सन २०१६-२०२२ सात वर्षे योजनाको फ्रेमवर्क भित्र पाँच वर्षे कार्यक्रमको तयार भएको।
बजेट (आ.व. २०७३/७४ को लागि) रु ६५६६६१ हजार
स्रोतः ***Pooling Partners***
***ADB, Australia, GPE, EU, EU,***
***Finland, Norway, UNICEF, and IDA, JICA*** र नेपाल सरकार
***Non-Pooling Partners***
***Japan-JICA, UNESCO, USAID, WFP and NGOS***
नेपाल सरकार रु ५०२६२१ हजार
वैदेशिक रु १५४०४० हजार (***SSRP*** सो.भ. अनुदान)
चालुतर्फः रु ६४४८९७ हजार
पुँजीगततर्फः रु ११७६४ हजार
कार्यान्वयन गर्ने निकायः शिक्षा विभाग/ जिल्ला शिक्षा कार्यालयहरू

१६) बजेट उपशीर्षक नं. ३५०१४१
कार्यक्रम/आयोजनाः मेडिकल कलेज पूर्वाधार निर्माण समिति
प्राथमिकताक्रमः १
रणनीतिक सङ्केतः ३
लैङ्गिक सङ्केतः १
सुरु र समाप्त हुने वर्षः आ व २०७२।०७३

| | |
|---|---|
| बजेट (आ.व. २०७२/७३ को लागि) | रु ५३०००० |
| स्रोतः | नेपाल सरकार रु ५३०००० हजार |
| चालुतर्फः | रु ५३०००० हजार |
| पुँजीगततर्फः | |
| कार्यान्वयन गर्ने निकायः | मेडिकल पूर्वाधार निर्माण समिति |

| | |
|---|---|
| १७) बजेट उपशीर्षक नं. | ३५०८०६ |
| कार्यक्रम/आयोजनाः | विद्यालय क्षेत्र विकास कार्यक्रम (एस.एस.डि.पी.) |
| प्राथमिकताक्रमः | १ |
| रणनीतिक सङ्केतः | ३ |
| लैङ्गिक सङ्केतः | १ |
| सुरु र समाप्त हुने वर्षः | सन् २०१६-२०२२ सात वर्षे योजनाको फ्रेमवर्क भित्र पाँच वर्षे कार्यक्रमको तयार भएको। |
| बजेट (आ.व. २०७३/७४ को लागि) | रु २५५९६३९२ |
| स्रोतः | ***Pooling Partners***<br>***ADB, Australia, GPE, EU, EU,***<br>***Finland, Norway, UNICEF, and IDA, JICA*** र नेपाल सरकार<br>***Non-Pooling Partners***<br>***Japan-JICA, UNESCO, USAID, WFP and NGOS***<br>नेपाल सरकार रु १८०५०३९२ हजार<br>वैदेशिक रु ३३०४९९१ हजार (***SSRP*** सो.भ. अनुदान)<br>ऋण रु ४२४१००९ हजार |
| चालुतर्फः | रु २५४७६४८० हजार (विद्यालय निर्माण पुँजीगत अनुदान रु ७४१३५० हजार |
| समेत ) पुँजीगततर्फः | रु ११९९१२ हजार |
| कार्यान्वयन गर्ने निकायः | शिक्षा विभाग/क्षेत्रीय शिक्षा निर्देशनालय जिल्ला शिक्षा कार्यालयहरू |

| **रणनीतिक सङ्केतहरुः** |
|---|
| १. विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी दीगो र फराकिलो गर्ने। |
| २. भौतिक पूर्वाधार विकास गर्ने। |
| ३. सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर वृद्धि। |
| ४. सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि। |
| ५. लक्षित वर्ग, क्षेत्र र समुहको आर्थीक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि। |
| ६. जलवायु परिवर्तन नकारात्मक असर कम। |

## आ.व.२०७३/७४ मा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलापहरू र लक्ष्य

- ३०४४८ प्रारम्भिक वालविकास केन्द्रलाई थप प्रभावकारी बनाउन सिकाइ सामग्रीको व्यवस्था, स्थानीय निकाय र गैर सरकारी संस्थासँग समेत सहकार्य गरी वालविकास केन्द्रमा न्यूनतम सिकाइ वातावरण ( ***Minimum Enabling Condition***) स्थापना गरिने।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रम र विभिन्न छात्रवृत्ति तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने।
- अनौपचारिक शिक्षा, प्रौढ (गृहिणी) विद्यालय, खुला विद्यालयजस्ता हाल सञ्चालनमा रहेका बैकल्पिक शिक्षाका कार्यक्रमहरूलाई थप सुदृढीकरण गरी निरन्तरता दिने।
- मदरसा, गुम्बा, आश्रम, विहार तथा गुरुकूल शिक्षालाई मूलप्रवाहमा समायोजन गर्ने कार्यलाई निरन्तरता दिँदै तिनको गुणस्तरमा अभिवृद्धि गरिने।
- विशेष आवश्यकता भएका बालबालिका (एचआइभी/एड्स प्रभावित तथा सडक बालबालिका समेत) का लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिने र सञ्चालित विशेष तथा स्रोतकक्षाहरूलाई निरन्तरता दिइने।
- सामुदायिक विद्यालयहरूको आधारभूत तहमा अध्ययनरत सबै छात्रा, दलित, अपाङ्गता भएका बालबालिका र प्राथमिकतहका सबै सीमान्तकृत बालबालिकालाई प्रदान गरिदै आएको छात्रवृत्तिलाई निरन्तरता गरिने।
- कर्णाली अञ्चलका १ लाख ९१७ छात्रछात्रा र तोकिएका १४ जिल्ला (रोल्पा, सिराहा, सप्तरी, कपिलवस्तु, रसुवा, सिन्धुपाल्चोक, बर्दिया, कैलाली, दाङ, बारा, प्यूठान, धादिङ्ग, नवलपरासी र सुनसरी) लगायत सीमान्तकृत वर्गका २ लाख ४२ हजार ९०२ जना बालबालिकाहरूका लागि दिवाखाजा उपलब्ध गराइने।
- सामुदायिक विद्यालयको माध्यमिक तहसम्म अध्ययनरत सबै विद्यार्थीहरू र लक्षित वर्गका विद्यार्थीका लागि कक्षा ११ र १२ सम्म निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइने।
- हाल सञ्चालनमा रहेका ३७ नि.मा.वि. तथा ८४ माध्यमिक तहका खुला विद्यालय कार्यक्रमलाई निरन्तरता दिइने।
- समुदायिक विद्यालयका सम्पूर्ण दलित विद्यार्थी, कर्णाली अञ्चलका, विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत वर्गका सबै विद्यार्थीका लागि कक्षा ९ देखि १२ सम्म निःशुल्क शिक्षालाई निरन्तरता दिइने।
- शिक्षकहरूको विकास तथा दक्षता अभिवृद्धि कार्यक्रम, प्रधानाध्यापकहरूको लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने।
- शिक्षकहरूको वितरणलाई मागसंग आवद्ध गरिने र सबै विद्यालयहरूमा विज्ञान, गणित र अंग्रेजी विषयका तालिम प्राप्त शिक्षकहरू उपलब्ध गराउन शिक्षक व्यवस्थापन र पुन:मिलानका कार्यक्रमलाई निरन्तरता दिइने।
- भूकम्पबाट क्षति पुगेका तथा अन्य विद्यालयको भौतिक पूर्वाधारमा सुधार ल्याइने।
- ***PMEC*** नपुगेका विद्यालय ७५०, नयाँ कक्षाकोठा निर्माण, २०० वटा ४ कोठे भवन निर्माण, ४४० वटा गत आ.व.का क्रमागत ४ कोठे भवन निर्माण सम्पन्न गरिने।
- ७०० वटा छात्रा शौचालय निर्माण गरिने।
- भूकम्पबाट सामान्य क्षति पुगेका ७६७६ कक्षाकोठा मर्मत गरिने र भूकम्पबाट अधिक क्षति पुगेका विद्यालयहरूको मर्मत तथा ***Retro Maintenance*** गरिने।
- २ कोटे भवन ३०००वटा, ३ कोठे भवन १००० वटा र ४८० वटा ४ कोठे बहुवर्षीय भवन निर्माण, २४० वटा ६ कोठे भवन र २४० वटा ८ कोठे भवन बहुवर्षीय भवन निर्माण गरिने।

- ५ विकास क्षेत्रमा १/१ वटा आवासीय विद्यालय निर्माण गरिने।
- ***WASH*** सुविधा भएको १००० शौचालय निर्माण गरिने।
- १०० विद्यालयमा खानेपानी व्यवस्था, ७०० कक्षाकोठा पुनस्थापना, ७०० शौचालय मर्मत तथा खानेपानी व्यवस्था र ७०० विद्यालयमा बाहिरी वातावरण सुधार गरिने।
- सबै क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूमा पुस्तकालय तथा सूचना केन्द्रको स्थापना गरिने।
- शिक्षामा सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न ***ICT Based*** शिक्षा कार्यक्रमलाई विस्तार गरिने। पाठ्यक्रमहरू सुधार गरिने।
- विद्यालयतहको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र तालिम सामग्रीहरू वेभसाइटमा राखिने।
- ५ वटा शैक्षिक तालिम केन्द्रहरूमा ***ICT Lab*** स्थापना गरिने।
- २०० विद्यालयहरूमा कम्प्यूटर ल्याव तथा इन्टरनेट कनेक्टिभिटी विस्तार गरिने।
- माध्यमिक तह देखि प्राविधिक धारको शिक्षा प्रदान गर्ने ९९ विद्यालयहरूलाई निरन्तरता दिइने।
- प्रति विद्यार्थी एकाइ लागतका आधारमा सबै सामुदायिक विद्यालयहरूलाई दिइँदै आएको गैरतलबी सञ्चालन अनुदान र शिक्षक विद्यार्थी अनुपातमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइने।
- लक्षित सामुदायिक उच्च माध्यमिक विद्यालयहरू र उच्च माध्यमिकतहमा विज्ञान विषय सञ्चालन गर्ने सामुदायिक उच्च माध्यमिक विद्यालयहरूलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिइने।
- सेवा प्रवाह प्रभावकारी भए नभएको सूचना प्राप्त गर्न अनुगमन र मूल्याङ्कन योजना तयार गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिने।
- शिक्षासम्बन्धी तथ्याङ्क र शिक्षकहरूको अभिलेखलाई नियमितरूपले अद्यावधिक गरिने र गलत नियतले तथ्याङ्क तथा सूचनाहरू बङ्ग्याउने वा गलत सूचना पेश गर्नेलाई कारवाहीको दायरामा ल्याइने।
- वित्तीय अनुशासन कायम राख्न विद्यालयदेखि जिल्ला तहसम्म निकासा हुने रकम पारदर्शी र व्यवस्थित बनाउन उपयुक्त ***EMIS*** स्थापना गरिने।

## चालु आर्थिक वर्ष २०७३/७४ को शिक्षा मन्त्रालय अन्तर्गतको कार्यक्रम तथा बजेटको सारांश

| सि नं | बजेट शिर्षक | कार्यक्रम | कूल जम्मा | | | प्रतिशत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | | |
| १ | ३५००११३/४ | शिक्षा मन्त्रालय | ३५३१९७१ | ६६८३५ | ३५९८८०६ | ३.०९ | p1 |
| २ | ३५००१२३/४ | शिक्षा विभाग | ५७३९८ | ५०० | ५७८९८ | ०.०५ | p1 |
| ३ | ३५००१३३/४ | क्षेत्रीय शिक्षा निर्देशनालय | ७३४२४ | १५०० | ७४९२४ | ०.०६ | p2 |
| ४ | ३५००१४३/४ | जिल्ला शिक्षा कार्यालय | ७८६१२० | ४०५० | ७९०१७० | ०.६८ | p1 |
| ५ | ३५००१५३/४ | परीक्षा नियन्त्रण कार्यालय | ५०८९५८ | ५०० | ५०९४५८ | ०.४४ | p1 |
| ६ | ३५००१६३/४ | आधारभूत शिक्षक तलब | ४७१९७४९९ | – | ४७१९७४९९ | ४०.५६ | p1 |
| ७ | ३५००१७३/४ | माध्यमिक शिक्षक तलब | १२३९८९७१ | – | १२३९८९७१ | १०.६६ | p1 |
| ८ | ३५००१८३/४ | पाठ्यक्रम विकास केन्द्र | ५३९४४ | १५०० | ५५४४४ | ०.०५ | p2 |
| ९ | ३५००१९३/४ | विश्वविद्यालय अनुदान आयोग | ८४७५२९४ | ० | ८४७५२९४ | ७.२८ | p2 |
| १० | ३५००२०३/४ | शिक्षक सेवा आयोग | १५१६४२ | ३५० | १५१९९२ | ०.१३ | p2 |
| ११ | ३५००२१३/४ | अनौपचारिक शिक्षा केन्द्र | ३७७५०० | ८४० | ३७८३४० | ०.३३ | p1 |
| १२ | ३५००२२३/४ | विद्यालय शिक्षक किताबखाना | ३२२९४ | ८५०० | ४०७९४ | ०.०४ | p1 |
| १३ | ३५००२३३/४ | विशेष शिक्षा परिषद | १३०१५८ | ० | १३०१५८ | ०.११ | p2 |
| १४ | ३५००२४३/४ | शैक्षिक जनशक्ति विकास केन्द्र | १३४८४३ | ४००० | १३८८४३ | ०.१२ | p2 |
| १५ | ३५००२५३/४ | पुस्तकालय – ३ | २२५१७ | २००० | २४५१७ | ०.०२ | p2 |
| १६ | ३५००२६३/४ | शिक्षक सेवा निवृत्त सुबिधा | १००९२००० | – | १००९२००० | ८.६७ | p1 |
| १७ | ३५०१०६३/४ | द्वन्दपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठान नेपाल मार्फत सञ्चालन) | १५०५७४ | – | १५०५७४ | ०.१३ | p2 |
| १८ | ३५०१०८३/४ | उच्च माध्यमिक शिक्षा | १२५०० | – | १२५०० | ०.०१ | p2 |
| १९ | ३५०१०९३/४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (विशेष कार्यक्रम समेत) | २१७१८८३ | – | २१७१८८३ | १.८७ | p2 |
| २० | ३५०१११३/४ | मनमोहन स्मृति पोलिटेक्निक | ४५००० | – | ४५००० | ०.०४ | p2 |
| २१ | ३५०११३३/४ | शिक्षाका लागि खाद्य कार्यक्रम | ६३८७१३ | १५०० | ६४०२१३ | ०.५५ | p2 |

| सि नं | बजेट शिर्षक | कार्यक्रम | कूल जम्मा | | | प्रतिशत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुंजीगत | जम्मा | | |
| २२ | ३५०११५३/४ | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १३१९४ | – | १३१९४ | ०.०१ | p3 |
| २३ | ३५०११८३/४ | सबैका लागि शिशुविकास कार्यक्रम युनिसेफ | ६८१६४ | – | ६८१६४ | ०.०६ | p2 |
| २४ | ३५०१३३३/४ | अनुगमन तथा मूल्याङ्कन | २४६१८० | – | २४६१८० | ०.२१ | p2 |
| २५ | ३५०१३५३/४ | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना | ४००४७८ | ५०० | ४००९७८ | ०.३४ | p1 |
| २६ | ३५०१३६३/४ | सीप विकास परियोजना | ६४९५४२ | ४०० | ६४९९४२ | ०.५६ | p1 |
| २७ | ३५०१३८३/४ | पढाइ सीप प्रवर्धन कार्यक्रम | ११६३६१ | १८०० | ११८१६१ | ०.१० | p2 |
| २८ | ३५०१३९३/४ | उच्च शिक्षा सुधार परियोजना | ९४५६९९ | – | ९४५६९९ | ०.८१ | p1 |
| २९ | ३५०१४०३/४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | ६४४८९७ | ११७६४ | ६५६६६१ | ०.५६ | p1 |
| ३० | ३५०१४१३/५ | मेडिकल कलेज पूर्वाधार विकास | ५३०००० | – | ५३०००० | ०.४६ | p1 |
| ३१ | ३५०८०६३/४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | २५४७६४८० | ११९९१२ | २५५९६३९२ | २२.०० | p1 |
| | | **जम्मा** | **११६१३४१९८** | **२२६४५१** | ११६३६०६४९ | १०० | |

| | कूल राष्ट्रिय बजेट | शिक्षा क्षेत्रको बजेट | प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | १०४८९२१३५४ | ११६३६०६४९ | ११.०९ | १००.०० |
| नेपाल सरकार | ७४६३०९२०६ | १०६०२५३४७ | १०.११ | ९१.१२ |
| अनुदान | १०६८९६४११ | ४७५८९३२ | ०.४५ | ४.०९ |
| ऋण | १९५७१५७३७ | ५५७६३७० | ०.५३ | ४.७९ |

# शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना

**परिचय**

नेपालमा संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रमको प्रवेश सर्वप्रथम ३० अगस्त, १९६७ मा भई विभिन्न चरणमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेको छ। विस्तारित प्राथमिक विद्यालय खाद्यान्न सहयोग कार्यक्रम कार्यान्वयनबाट विद्यार्थी भर्नादर वृद्धि भएको, हाजिर दरमा वृद्धि भएको, कक्षा छाडि भाग्ने प्रवृत्ति कम भएको, अध्ययन क्षमता बढेको र छात्रा भर्नादर वृद्धि भई स्वास्थ्यमा पनि सुधार भएकाले हाल सञ्चालन भइरहेको परियोजनाको कार्यक्रमलाई निरन्तरता दिन थप कार्यक्रमसहित सन् २००२ देखि २००६ डिसेम्बरसम्मका लागि शिक्षाको लागि खाद्य कार्यक्रमको नामबाट कार्यक्रम सञ्चालन गर्न विश्व खाद्य कार्यक्रमसँग १ नोभेम्वर २००२ मा सम्झौता भयो। शिक्षाको लागि खाद्य कार्यक्रम, विश्वव्यापी शिक्षाको लागि खाद्य कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम र छात्रा उत्प्रेरणा कार्यक्रमहरू यस परियोजनाबाट प्रभावकारी रूपमा सञ्चालन भयो।

नेपाल सरकार तथा विश्व खाद्य कार्यक्रमबिच मिति २६ सेप्टेम्वर २००७ मा भएको सम्झौताअनुसार सन् २००८ देखि २०१० सम्म कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको थियो। यस अवधिमा निश्चित जिल्लाका निश्चित गा.वि.स.हरूमा दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरणा कार्यक्रम, जुका निवारण र मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम सञ्चालन भयो। सहमति अनुसार सन् २००७ को अवधिमा विश्वव्यापी शिक्षाको लागि खाद्य कार्यक्रमबाहेक अन्य कार्यक्रम निरन्तर रूपमा सञ्चालन भयो। नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रमसँग सम्झौता भएअनुसार सन् २०१२ सम्म कार्यक्रमलाई निरन्तरता दिने सम्झौता भएअनुसार १६ जिल्लाहरूमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेको थियो। सन् २०१३ देखि २०१५ सम्म १९०००० विद्यार्थीहरूको लागि र २०१५ देखि २०१७ सम्म सुदूरपश्चिममा ७ वटा जिल्लाहरूमा डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बैतडी, दार्चुला र मध्य पश्चिमाञ्चलका ३ वटा जिल्ला दैलेख, रूकुम र जाजरकोट गरी १० जिल्लाहरूमा १९०००० विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रम सञ्चालनका लागि विश्व खाद्य कार्यक्रमसँग सम्झौता भई कार्यक्रम चलिरहेको थियो।

हाल नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबीच सन् २०१७ सम्म पुन: दिवा खाजा कार्यक्रम सञ्चालन गर्न सम्झौतासमेत भइसकेको छ। आर्थिक वर्ष २०७३ साल देखि यस यस अन्तरगत १० जिल्लाहरूको छनौटमा परेका गा.वि.स.अन्तरगतका कक्षा १ देखि ८ सम्मका सामुदायिक आधारभूत तहका विद्यालयहरू, बाल विकास केन्द्र समेत गरी २४४२ विद्यालयका २७०००० विद्यार्थीहरू लाभान्वित भइरहेका छन्। यस कार्यक्रम अन्तरगत प्रति विद्यार्थी प्रति दिन मकै, भटमास मिश्रित पिठो (Corn Soya Blend) ९० ग्राम चिनी १० ग्राम तेल १० ग्राम गरी ११० ग्राम दिवा खाजा हलुवामा मकै र भटमास पिठोमा ७३% भिटामिन युक्त घ्यू, तेल, १९% र चिनीमा ८% गरी जम्मा ४७० क्यालोरी प्राप्त हुन्छ।

**दूरदृष्टि**

शिक्षामा पहुँच अभिबृद्धि गर्ने।

**ध्येय**

खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरूका समुदायका बाल बालिकाहरूलाई आधारभूत शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने।

**उद्देश्य**

१. विद्यार्थी भर्नादरमा वृद्धि तथा दैनिक हाजिरी प्रतिशतमा वृद्धि गर्ने
२. विद्यालयबाट कक्षा छाडी जाने *(भाग्ने)* दरमा कमी ल्याउने
३. विद्यार्थीहरूको अध्ययन क्षमतामा वृद्धि गर्ने
४. विद्यार्थीहरूको पोषण एवम् स्वास्थ्य स्थितिमा सुधार ल्याउने
५. सामाजिक विकृतिको रूपमा रहेको छुवाछुतको भावना हटाउन मद्दत पुऱ्याउने
६. विद्यालय परिवार र समुदायको संयुक्त प्रयासमा लैङ्गिक भेदभाव हटाई कार्यक्रममा आमाहरूको *(महिला)* सहभागितामा वृद्धि गर्ने

**रणनीति**

दिवा खाजा कार्यक्रमका लागि आवश्यक वस्तुगत सहयोग संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रम नेपाल अफिसबाट उपलब्ध भई जिल्लाको मुख्य गोदामसम्म पुऱ्याउने व्यवस्था भएको र जिल्लाभित्रको वितरण गर्ने व्यवस्था जि.शि.का.ले गरी बाल बालिकाहरूलाई दैनिक खाजा खुवाउने ।

**मुख्य कार्यहरू**

१. नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच शिक्षाका लागि खाद्य कार्यक्रमबारे भएको सम्झौताअनुसार कार्यान्वयनको योजना तयार गरी शिक्षा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने
२. शिक्षा मन्त्रालय, शिक्षा विभाग, विश्व खाद्य कार्यक्रम नेपाल र अन्य सम्बद्ध निकायबिच कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने
३. परियोजना लागू भएका जिल्लाहरूका लागि केन्द्रमा व्यवस्था भएको विनियोजित बजेट रकममध्ये जिल्लालाई आवश्यक पर्ने बजेट छुट्याई जिल्ला शिक्षा अधिकारीको नाममा अख्तियारी पठाउने
४. परियोजनाद्वारा सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र प्रत्येक महिनाको प्रगति प्रतिवेदन मन्त्रालय र विश्व खाद्य कार्यक्रममा पठाउने
५. राष्ट्रिय समिति तथा कार्यक्रम समन्वय समितिद्वारा भएको निर्णय कार्यान्वयन गर्ने तथा सम्बन्धित निकायबाट माग भएको निर्देशन दिने/दिलाउने
६. केन्द्रीय कार्यालय, समन्वय कार्यालय तथा एकाइ कार्यालयमा गर्नुपर्ने आवश्यक प्रशासनिक कार्य गर्ने/गराउने
७. कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी कार्यान्वयन गर्ने, गराउने

**सङ्गठन सरंचना**

यस परियोजनामा शिक्षा सेवाका रा.प. प्रथम श्रेणीका कार्यक्रम निर्देशकको नेतृत्वमा निम्न लिखित शाखा तथा समन्वय कार्यालयहरू रहेका छन् :

१. कर्मचारी प्रशासन शाखा
२. कार्यक्रम तथा अनुगमन शाखा
३. आपूर्ति शाखा
४. आर्थिक प्रशासन शाखा
५. समन्वय कार्यालय, नेपालगञ्ज
६. समन्वय कार्यालय, धनगढी

समन्वय कार्यालय नेपालगञ्जअन्तर्गत एकाइ कार्यालयहरू दैलेख, रुकुम र जाजरकोट र समन्वय कार्यालय धनगढीअन्तर्गत एकाइ कार्यालयहरू डोटी, डडेल्धुरा, अछाम, बैतडी, बझाङ, बाजुरा, दार्चुलामा रहेका छन्।

**नीति तथा योजना**

१. आर्थिक रूपमा विपन्न वर्गका बाल बालिकाहरूलाई विद्यालयमा नै दिवा खाजा उपलब्ध गराई सहुलियत प्रदान गर्ने र उनीहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने
२. चालु आर्थिक वर्षमा परियोजना सञ्चालन गर्न छनोटमा परेका १० जिल्लाहरू (जाजरकोट, दैलेख , रुकुम, डडेल्धुरा, डोटी, बैतडी, अछाम, बाजुरा, बझाङ र दार्चुला) अन्तर्गतका २७२ गा.वि.स.हरूका १६५८ सार्वजनिक प्राथमिक विद्यालयहरू, ११२३ बाल विकास केन्दहरूमा अध्ययनरत कूल २७०००० छात्राछात्रहरूलाई दिवा खाजा खुवाउने योजना रहेको।

**सम्बन्धित नीति तथा निर्देशिकाहरूको सूची**

(क) शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयन निर्देशिका

(ख) वितरण केन्द्र स्तरीय पौष्टिक आहार ढुवानी एवम् व्यवस्थापन उपभोक्ता समिति गठन र कार्यान्वयन निर्देशिका

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना

**परिचय**

विश्व बैङ्कको आर्थिक सहयोगमा नेपाल सरकार, शिक्षा मन्त्रालयले जुन ३०, २०११ देखि व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (इभेन्ट) कार्यान्वयनमा ल्याएको छ। यो परियोजना २०१५ अक्टोबरमा अन्त्य हुने भनिएतापनि २०१७ जुन ३० सम्म सञ्चालनमा रहने छ। लक्षित कार्यक्रम र अरू समावेशी प्रक्रियाहरू मार्फत अपेक्षित युवाहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा पहुँच बढाउने कुरा परियोजनाले गरेको छ। परियोजनाले पछि परेका क्षेत्रहरू, गरिब महिला, दलित सीमान्तकृत तथा अति सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिन्छ। परियोजनाबाट करिब ७५,००० नेपाली युवाहरू लाभान्वित हुने अपेक्षा राखिएको थियो।

**उद्देश्य**

नेपालमा सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच बृद्धि गर्नु र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम पद्धतिलाई सुदृढ बनाउनु रहेको छ।

**क्रियाकलाप**

यसका ४ वटा कम्पोनेन्टहरू प्रमुख क्रियाकलापका रूपमा छन्। जुन तल प्रस्तुत गरिएको छ :

**कम्पोनेन्ट १ :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नियमित क्रियाकलापको सबलीकरण तथा क्षमताको विकास गर्नु यसको उद्देश्य रहेको छ। यस कम्पोनेन्टले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नियमित क्रियाकलाप सञ्चालनमा र संस्थागत क्षमता विकासमा जोड दिन्छ।

**कम्पोनेन्ट २ :** प्राविधिक शिक्षाको सबलीकरण यसको मूल ध्येय हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका आङ्गिक एवम् सम्बन्धनप्राप्त संस्थाहरू, सामुदायिक संस्थाहरू र एनेक्स् स्कुलहरूले प्रदान गर्ने प्राविधिक प्रवेशिका र डिप्लोमा स्तरको प्राविधिक शिक्षा सुदृढीकरणमा यस कम्पोनेन्टले जोड दिन्छ।

**कम्पोनेन्ट ३ :** छोटो अवधिको व्यावसायिक तालिमलाई सहयोग र पूर्व सिकाइलाई मान्यता दिनु यस कम्पोनेन्टको मूल उद्देश्य हो। अनौपचारिक माध्यमद्वारा सिकेको सीपको सरकारी एवम् निजी संस्थाहरू मार्फत हासिल गरिएको प्राविधिक तथा व्यावसायिक सीपको प्रमाणीकरण र छोटो अवधिको व्यावसायिक तालिमलाई यस कम्पोनेन्टले सहयोग गरिरहेको छ।

**कम्पोनेन्ट ४ :** परियोजना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन चौथो कम्पोनेन्ट हो। यस अन्तरगत परियोजना सचिवालय व्यवस्थापन, कार्यक्रम सञ्चालन तथा अध्ययन अनुसन्धान जस्ता कार्यक्रम पर्दछन्। परियोजनाको व्यवस्थापन तथा कार्यान्वयनका लागि परियोजना समन्वय समिति, परियोजना कार्यान्वयन समिति र परियोजनाको दैनिक कार्यान्वयनको जिम्मेवारीका लागि परियोजना सचिवालय रहेका छन्।

**लक्षित वर्ग**

परियोजनाले पिछडिएका क्षेत्र गरिब, महिला, दलित, सीमान्तकृत तथा अति सीमान्तकृत समुदाय र अपाङ्गता भएका युवाहरूलाई विशेष प्राथमिकता दिन्छ।

**आर्थिक लगानी *(Financial Input)*** परियोजनाको अपेक्षित बजेट ३९.५ मिलियन अमेरिकी डलरमा करिव ३.७ मिलियन अमेरिकी डलर (आर्थिक वर्ष २०७२।७३ को अन्त्यसम्ममा) बाँकी रहेको छ। यस आर्थिक बर्षमा दायित्व सृजना भएको कार्यक्रमहरू सम्पन्न गर्दा सबै बजेट खर्च हुने गरी कार्यक्रमहरू स्वीकृत गरिएको छ। नेपालमा वैदेशिक सहायताको ग्रहण क्षमता निकै कम मानिन्छ तापनि यस परियोजनाको ग्रहण क्षमता भने करिब ९९ प्रतिशत माथि रहने देखिन्छ ।

**उपलब्धि (*Output*)*:*** परियोजना कार्यान्वयन तथा व्यवस्थापन (***Project Implementation Manual***) दस्तावेजमा यो परियोजना अवधिधर ७५,००० जना युवाहरू लाभान्वित हुने लक्ष्य राखिएकोमा गत आर्थिक वर्षको अन्त्यसम्म (२०७३ असार मसान्तसम्म) ८७,५०० युवाहरू प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

**परिणाम (*Outcome*):** परियोजनाबाट लाभान्वित भएका युवाहरू मध्ये छोटो अवधिको तालिम प्राप्त (नतिजा र भौचरमा आधारित) ७० प्रतिशतले आयमूलक रोजगारीमा लागेको परियोजनाको डाटावेस र ट्रेसर मूल्याङ्कन अध्ययनले देखाएको छ । यस प्रकारको उत्साहपूर्ण प्रगति सवैका लागि सिकाइको पाठ हुन सक्छ ।
यसलाई विश्व बैंकले समेत नेपालमा वैंकले सहयोग गरेका परियोजनाहरूमध्ये एक सफल परियोजनाको रुपमा (***one of the successful project within the World Bank supported project***) भनी अभिब्यक्त गर्ने गरेको छ ।

**असल अभ्यास**

**अनुगमन संयन्त्र :** परियोजनले अवलम्वन गरेको संस्थागत अनुगमन संयन्त्रलाई उल्लेख्य नमुना (***Model***) को रूपमा अन्तरभूत (***Insight***) गरिएको छ । उपलब्धिलाई परियोजनाको डाटावेससंग सापेक्षता कायम गरी रुजु गर्ने । कार्यक्षेत्र ***(Field level)*** मा अनुगमन गरी तालिम लिएका व्यक्तिहरूको रोजगारीको अवस्था पहिचान गरी परिणाममा आधारित रकम उपलब्ध गराउन त्रिपक्षीय (***Tripartite***) संयन्त्रको विकास गरिएको छ । यस प्रकारको गर्दै सिक्दैको घरेलु नमुना (***Home ground model***) लाई अन्य विषयक्षेत्र, चरण तथा निकायमा विस्तार गर्न सकेमा परियोजनाको उत्परिवर्तित (***By-product***) उपलब्धि हुनेछ । परियोजना अवधिमा नियमित, स्वअनुगमन जस्ता पक्ष पनि उल्लेख्य रहेका छन् ।

**डाटा वेस पद्दति** : परियोजनाकै सवैभन्दा महत्वपूर्ण मानिएको छ । त्यस सम्बन्धी जानकारी तलका चरणमा उल्लेख गरिएको छ :

- तालिम प्रदान गर्ने संस्थाले उपलब्ध गराइएको ***Username*** र ***Password*** प्रयोग गरेर तालिम तथा सहभागी सम्बन्धी विवरण आफै प्रविष्ट गर्छन ।
- अनुगमन समूहले अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरू सुधार गर्न तालिम तथा रोजगार प्रदायक सस्थालाई परामर्श दिन्छन् साथै यही अनुगमनका आधारमा परियोजनाबाट रकम भुक्तानी दिइन्छ ।
- सचिवालयले दुईबिचको तादम्यता हेरी आवश्यक निर्णय दिन्छ ।
- हरेक चरणमा यो प्रक्रिया अवलम्वन हुन्छ ।
- यसलाई नमुना पद्दतिको रूपमा हेर्ने गरिएको छ ।

समूह (***SMS***) पद्दतिबाट सरोकारवालालाई परियोजनाका गतिविधि जानकारी गराउने र पृष्ठपोषण लिई कार्यान्वयन गर्ने गरिन्छ ।

| क्र. सं. | जिल्ला | जम्मा तालिम प्राप्त संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरूष | महिला | |
| १ | अछाम | १६ | २ | १८ |
| २ | अर्घाखाँची | १५७ | ३२० | ४७७ |
| ३ | बाग्लुङ्ग | ११० | २७० | ३८० |
| ४ | बाजुरा | ४६ | २२ | ६८ |
| ५ | बाँके | १३१५ | ९६६ | २२८१ |
| ६ | बारा | ५६८ | ७५८ | १३२६ |
| ७ | बर्दिया | १५२३ | ७९२ | २३१५ |
| ८ | भक्तपुर | ६७७ | २६८५ | ३३६२ |
| ९ | चितवन | १३६९ | १४२१ | २७९० |
| १० | डडेल्धुरा | १ | ५९ | ६० |
| ११ | दैलेख | ६३ | १४ | ७७ |
| १२ | दाङ्ग | ११५८ | ६८४ | १८४२ |
| १३ | दार्चुला | ९ | ५१ | ६० |
| १४ | धादिङ्ग | ३९१ | ३८४ | ७७५ |
| १५ | धनकुटा | ४० | ५२ | ९२ |
| १६ | धनुषा | ४७५ | १४७ | ६२२ |

| क्र. सं. | जिल्ला | जम्मा तालिम प्राप्त संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरूष | महिला | |
| १७ | दोलखा | ११९ | १२८ | २४७ |
| १८ | डोटी | ११९ | ५५ | १७४ |
| १९ | गोरखा | २९७ | १०३ | ४०० |
| २० | गुल्मी | १०० | १६० | २६० |
| २१ | इलाम | १८७ | १९९ | ३८६ |
| २२ | जाजरकोट | ६ | ३३ | ३९ |
| २३ | झापा | ५१८ | ५७२ | १०९० |
| २४ | कैलाली | ३०१९ | २४०९ | ५४२८ |
| २५ | कालीकोट | ९६ | ५३ | १४९ |
| २६ | कन्चनपुर | १२२० | १०८९ | २३०९ |
| २७ | कपिलवस्तु | ५२४ | ४७१ | ९९५ |
| २८ | कास्की | १३२९ | १२५८ | २५८७ |
| २९ | काठमाडौं | ३७९२ | ९१९० | १२९८२ |
| ३० | काभ्रेपलान्चोक | ७०१ | ४६६ | ११६७ |
| ३१ | ललितपुर | ९१३ | २३८१ | ३२९४ |
| ३२ | लमजुङ्ग | ७७ | ४६ | १२३ |

| क्र. सं. | जिल्ला | जम्मा तालिम प्राप्त संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरूष | महिला | |
| ३३ | महोत्तरी | ३९९ | ३५३ | ७५२ |
| ३४ | मकवानपुर | ९०८ | १३०९ | २२१७ |
| ३५ | मोरङ्ग | ७०६ | ७३३ | १४३९ |
| ३६ | म्याग्दी | २० | ४० | ६० |
| ३७ | नवलपरासी | १४०३ | ११०४ | २५०७ |
| ३८ | नुवाकोट | २३४ | ८२ | ३१६ |
| ३९ | ओखलढुङ्गा | १२ | ३ | १५ |
| ४० | पाल्पा | ६२४ | ७०६ | १३३० |
| ४१ | पर्वत | २६ | १३४ | १६० |
| ४२ | पर्सा | १२५९ | ९७५ | २२३४ |
| ४३ | प्युठान | | ४० | ४० |
| ४४ | रामेछाप | ५८ | ४२ | १०० |
| ४५ | रौतहट | ८०० | ७४६ | १५४६ |
| ४६ | रूकुम | ५४ | ८० | १३४ |
| ४७ | रूपन्देही | २०७२ | १७२५ | ३७९७ |
| ४८ | सर्लाही | ८२७ | ११०७ | १९३४ |
| ४९ | सिन्धुली | १७३ | ५५ | २२८ |
| ५० | सिन्धुपाल्चोक | १६८ | २२३ | ३९१ |
| ५१ | सिराहा | २१० | ६६ | २७६ |
| ५२ | सुनसरी | ७४९ | ५१८ | १२६७ |
| ५३ | सुर्खेत | १०५० | ६०८ | १६५८ |
| ५४ | स्याङ्ग्जा | १३९ | २२० | ३५९ |
| ५५ | तनहुँ | २१७ | २१४ | ४३१ |
| | जम्मा | ३३०४३ | ३८३२३ | ७१३६६ |

# उच्च शिक्षा सुधार परियोजनाको संक्षिप्त परिचय

*(Higher Education Reform Project, HERP)*

राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यक्रम *(NPHERD)* कार्यान्वयनमा सहयोग पुऱ्याउनका लागि उक्त कार्यक्रममा उल्लेखितमध्ये उच्च शिक्षा सुधार कार्यक्रम तथा नियमित/साविक कार्यक्रम अन्तर्गतका महत्वपूर्ण तथा प्राथमिकताका पक्षहरूलाई समेटी उच्च शिक्षा सुधार परियोजना *Higher Education Reform Project (HERP)* तर्जुमा गरिएको छ । राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यक्रम *(NPHERD)* कार्यान्वयनमा सघाउन विश्व बैंकबाट ६५ मिलियन यु.एस.डी बराबरको वित्तिय सहयोग *(सहुलियत दरको ऋण)* उच्च शिक्षा सुधार परियोजना *(HERP)* मार्फत उपलब्ध हुने छ ।

परियोजनाको उद्देश्य *:*

उच्च शिक्षामा प्रणालीगत/संस्थागत सुधार, शैक्षिक सुधार गरी उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा अभिबृद्धि, गरिव तथा पिछडिएका विद्यार्थीहरूको उच्च शिक्षामा समतामूलक पहुँचका लागि वित्तीय सहायताको व्यवस्था एवं अनुसन्धान, प्रवर्तन तथा प्राज्ञिक उत्कृष्टताको विकास गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

परियोजनाको क्षेत्र *:*

राष्ट्रिय उच्च शिक्षा सुधार तथा विकास कार्यक्रम अन्तर्गत क्षेत्र १ – उच्च शिक्षा सुधार र क्षेत्र ४ – नियमित कार्यक्रममा सुधार लाई आधार बनाई यस परीयोजना तयार गरीएको छ । यस परियोजनाले गुणस्तर प्रत्यायन प्राप्त उच्च शैक्षिक संस्थाहरूको बृद्धि, राष्ट्रिय प्राथमिकताका शैक्षिक कार्यक्रममा विद्यार्थीको भर्ना अभिबृद्धि, गरिव तथा पिछडिएका समुदायका विद्यार्थीहरूको सहभागितामा अभिबृद्धि, शैक्षिक क्यालेण्डर अनुसार विद्यार्थी भर्ना, परिक्षा संचालन एवं परीक्षाफल प्रकाशन, प्राज्ञिक एवं अनुसन्धानमूलक कार्यक्रम तथा प्रकाशनमा अभिबृद्धि, उच्च शैक्षिक संस्थाहरूको व्यवस्थापन एवं प्राज्ञिक स्वायत्ततामा अभिबृद्धि, शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन आदि कार्यमा सहयोग पुग्नेछ ।

परियोजनाको भागहरू *:*

यस उच्च शिक्षा सुधार परियोजनाको मुख्य दुई भागहरू *(Components)* छन् *:*

*(क) Component 1:* सुधार कार्यक्रम

कम्पोनेन्ट १ मा निम्नानुसारका *Disbursement Linked Indicators (DLI)* मा आधारित कार्यहरू संचालन गरिनेछन् *:*

- DLI 1: *गुणस्तर सुनिश्चिता तथा प्रत्यायन सम्बन्धी प्रणालीको स्थापना र संचालन* :
  सुधार कार्यक्रम कार्यान्वयनका सिलसिलामा कार्यगत स्वायत्तता प्राप्त गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली *(QAA System)* स्थापना गरी थप उच्च शैक्षिक संस्था/कार्यक्रमलाई प्रत्यायनकृत गरिनेछ ।
- DLI 2: *कार्य सम्पादन तथा सूत्रमा आधारित लगानी /अनुदान दिने नीति कार्यान्वियन* :
  उच्च शैक्षिक संस्थाहरूलाई कार्य सम्पादन तथा सूत्रमा आधारित अनुदान दिने नीतिलाई थप प्रभावकारी बनाउन विद्यमान निर्देशिकालाई परिमार्जन गरी कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोगले आवश्यक संस्थागत व्यवस्था मिलाउनेछ ।
- DLI 3: *संस्थागत तथा प्राज्ञिक स्वायत्तताको अभिवृद्धि* :
  त्रि.वि. अन्तर्गतका थप आंगिक क्याम्पसहरूलाई स्वायत्तता प्रदान गरिनेछ । साथै स्वायत्तताप्राप्त आंगिक क्याम्पसहरू एवम् सम्बन्धनप्राप्त निजी तथा सामुदायिक क्याम्पसलाई शैक्षिक स्वायत्तता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- DLI 4: *त्रि.वि.को परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेण्डर तयार गरी सो को प्रभावकारी कार्यान्वियन* :

त्रिभुवन विश्वविद्यालयको विद्यमान परीक्षा प्रणालीलाई सुदृढीकरण गर्न परीक्षा नियन्त्रण कार्यालयको क्षमता र कार्य कुशलतामा अभिबृद्धि गरिनेछ। यसै गरी त्रि.वि.को शैक्षिक क्यालेण्डर प्रभावकारी रुपले कार्यान्वयनमा ल्याइनेछ।

- DLI 5: *पाठ्यक्रम परिमार्जन तथा नया" कार्यक्रमको विकास तथा कार्यान्वयन* :
  शैक्षिक सुधार तथा सान्दर्भिकतामा अभिबृद्धिका लागि विद्यमान पाठ्यक्रममा परिमार्जन, कार्यक्रमहरूमा सुधार तथा प्राथमिकता क्षेत्रका नया कार्यक्रमको विकास एवं कार्यान्वयन गरिनेछ।

- DLI 6: *विपन्न वर्गका विद्यार्थी लक्षित वित्तीय सहायता* :
  गरिव तथा विपन्न वर्गको उच्च शिक्षामा पहुँच सुनिश्चितताका लागि विद्यमान विद्यार्थी वित्तीय सहयोग कोषलाई निरन्तरता दिई अझ बढी प्रभावकारी बनाइनेछ।

- DLI 7: *प्राज्ञिक उत्कृष्टताका लागि अनुसन्धान, विकास र प्रवर्त्तनमा सहयोग* :
  उच्च शिक्षालाई राष्ट्र विकाससँग सान्दर्भिक बनाउन परियोजनाले शिक्षक तथा विद्यार्थीहरूलाई अनुसन्धान, विकास तथा प्रवर्त्तन कार्यका लागी प्रोत्साहित गरिनेछ। अनुसन्धान तथा प्रवर्त्तन कार्यलाई उद्योग वाणिज्य लगायत राष्ट्र विकासका विभिन्न पक्षसंग आवद्ध गरीनेछ। उच्च शैक्षिक संस्थाहरूको क्षमता अभिवृद्धिको लागी प्रयोगशाला, पुस्तकालय तथा अन्य आवश्यक पूर्वाधारको सुधार तथा विकास गरिनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उच्च शैक्षिक संस्था तथा अनुसन्धान कर्ताहरूवीच *Research Exchange* र *Networking* लाई प्रोत्साहित गरिनेछ। त्रि.वि.मा नतिजामुखी प्राज्ञिक उत्कृष्टताका आधारमा शिक्षक पदोन्नति तथा पदस्थापन *(Parallel Promotion and Recruitment)* सम्बन्धि व्यवस्था गरिनेछ।

*(ख) Component 2:* क्षमता अभिबृद्धि र परियोजना व्यवस्थापन
उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन गर्नका लागि आवश्यक सबै व्यवस्थापन र सो को लागि आवश्यक कार्यान्वयन गर्ने निकाय, समन्वय गर्ने निकाय र सहभागी निकायहरूको क्षमता अभिबृद्धि यस *Component* अन्तर्गत व्यवस्थित गरिनेछ।

परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था

परियोजना अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी निम्न निकायहरूमा हुने व्यवस्था गरिएको छ :

| क्र.सं. | निकाय | कैफियत |
|---|---|---|
| १ | विश्वविद्यालय अनुदान आयोग | *DLI* १, *DLI* २, *DLI* ५ र *DLI* ७ संग सम्बन्धित कार्यक्रमहरू |
| २ | त्रिभुवन विश्वविद्यालय | *DLI* ३, *DLI* ४, *DLI* ५ र *DLI* ७ (केही कार्यक्रमहरू) संग सम्बन्धित कार्यक्रमहरू |
| ३ | विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति | *DLI* ६ संग सम्बन्धित कार्यक्रमहरू |

यसका साथै परियोजना कार्यान्वियनका सन्दर्भमा नीतिगत समन्वय कायम गर्न एवम उच्च शिक्षा सुधार परियोजनाको मुख्य मुख्य कार्यहरू सम्पादनका लागि विभिन्न समिति, परिषद तथा शाखाको व्यवस्था गरिएको /गरिने छ।

**परियोजनाको उपलब्धि मापन गर्ने मुख्य कार्यसम्पादन सूचकाङ्कहरू:**

परियोजनाका उपलब्धिलाई मापन गर्नका लागि मुख्यत: निम्न सूचकाङ्कहरूलाई निर्धारण गरिएको छ:

*(क)* सूचकाङ्क–१ : प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरूको संख्या

*(ख)* सूचकाङ्क–२ : पहिचान भएका प्राथमिकताका क्षेत्रहरूमा भर्ना भएका विद्यार्थीहरूको प्रतिशत

*(ग)* सूचकाङ्क–३ : परियोजना अन्तर्गत सहयोग प्राप्त गरेका विपन्न वर्गका विद्यार्थीहरूको सङ्ख्या

*(घ)* सूचकाङ्क–४ : त्रि. वि. अन्तर्गत स्नातक तहको केन्द्रीकृत परीक्षाहरूको नतिजा प्रकाशनमा लागेको औसत समय

*(ङ)* सूचकाङ्क–५ : अनसन्धान अनुदान सहयोग प्राप्त गर्नेहरूबाट रेफरिड जर्नलमा भएको प्रकाशनहरूको संख्या

**परियोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुनेहरू:**

- त्रिभुवन विश्वविद्यालय *(त्रि.वि.)* तथा अन्य विश्वविद्यालयहरू
- त्रि.वि.का केन्द्रिय विभागहरू/स्कुलहरू/संकायहरू, त्रि.वि.का स्वायत्तता प्राप्त आङ्गिक क्याम्पसहरू, त्रि.वि तथा अन्य विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू
- अनुसन्धान अनुदान सहयोग प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरू
- गरिब तथा विपन्न वर्गका विद्यार्थीहरू

# सीप विकास परियोजना

## *Skill Development Project*

**परिचय**

एशियाली विकास बैंकको अनुदान सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सन् २०१३ सेप्टेम्बर देखि सन् २०१८ जुलाईसम्म सञ्चालन गरिने यस परियोजनाबाट नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिको विकास गर्न शिक्षा मन्त्रालय अन्तर्गत एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्र विकास एकाइ *(TVET Sector Development Unit –TSDU )* र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत एक परियोजना कार्यान्वयन एकाइ *(Project Implementation Unit-PIU)* एकाइहरू रहेका छन्।

यस परियोजनाको लागत २५ मिलियन अमेरिकन डलर रहेको छ। यसमध्ये एशियाली विकास बैंकले २० मिलियन अमेरिकन डलर र नेपाल सरकारले पाँच मिलियन अमेरिकन डलर व्यहोर्ने छन्। परियोजना व्यवस्थापनका लागि विभिन्न संरचना बनाइएको छ।

केन्द्रमा एक परियोजना परिचालन कमिटी *(Project Steering Committee)* रहेको छ। यसले नेपाल सरकार र एशियाली विकास बैंकको नीति र निर्देशन अनुसार परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सल्लाह र सहयोग गर्दछ। त्यसैगरी शिक्षा मन्त्रालयले कार्यकारी निकायको भूमिका खेल्ने छ। प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्र विकास एकाइको *(TVET Sector Development Unit)*स्थापना, एशियाली विकास बैंक र अरु कार्यान्वयन गर्ने निकायहरूबिच समन्वय, बार्षिक कार्यान्वयन योजना पेश गर्ने तथा बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने सुनिश्चित गराउने, अनुगमन गर्ने र परियोजना पुनरावलोकन मिसनको समन्वय गर्ने जस्ता कार्य शिक्षा मन्त्रालयले सम्पन्न गर्ने छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद यो परियोजनाको मुख्य कार्यान्वयन गर्ने निकायको रुपमा रहेको छ। यसले एक परियोजना कार्यान्वयन एकाइ *(Project Implementation Unit)* स्थापना गर्नेछ। यसले परियोजनाको अवयव एक, अवयव दुई, अवयव चार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनरसंरचना गर्ने सबै क्रियाकलाप सञ्चालन गर्ने छ। अर्थ मन्त्रालय र शिक्षा मन्त्रालयमा पेश गर्ने वार्षिक कार्यान्वयन तथा बजेट योजना तयार गर्ने, परियोजना कोषको खर्च गर्ने, चौमासिक प्रगतिको प्रतिवेदन एशियाली विकास बैंक, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा प्रस्तुत गर्ने, समयमै परियोजना सम्पन्न प्रतिवेदन तयार गरी एशियाली विकास बैंकमा समावेश गर्ने जस्ता कार्य जिम्मेवारी पूरा गर्ने छ।

चौथो सांगठनिक संरचनाको रुपमा एशियाली विकास बैंक रहेको छ। यस बैंकले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र विकास एकाइ *(TSDU)*र परियोजना कार्यान्वयन एकाइ *(PIU)*नजिक रहेर समयमै परियोजनाको कार्यान्वयन सुनिश्चित गर्ने, बोलपत्रका कागजात, प्रस्तावका अनुरोध र बोलपत्र मूल्यांकन प्रतिवेदनहरूको परीक्षण गनेर्, *TSDU* र *PIU* ले उपलब्ध गराएका खरीद योजना र बाषिर्क कार्य योजनाको पुनरावलोकन गर्ने, मिसनको शुरुवात, पुनरावलोकन र सम्पन्न गर्ने जस्ता कार्यहरू गर्नेछ।

**उद्देश्य**

यस परियोजनाको मुख्य उद्देश्य नेपालमा बजारको माग अनुसारको सामाजिक र लैङ्गिक समावेशी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको स्थापना गर्नु हो। यसको मापन तालिम प्राप्त गर्नेहरूको रोजगारी दर *(*७५ प्रतिशत*)* र रोजगारहरूको सन्तुष्टिको दर *(*७० प्रतिशत*)* पत्ता लगाएर गरिने छ। प्रमुख प्रतिफल माथि उल्लिखित उद्देश्य हासिल गर्न चार ओटा प्रतिफलको अपेक्षा गरिएको छ*:*

१. बजारको माग अनुसारको समावेशी तालिमको विस्तारित प्रबन्ध हुने

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रबन्धको गुणस्तर र सान्दर्भिकतामा सुधार आउने

३. नीतिगत, संस्थागत र कार्यान्वयनमा सुधार हुने

४. परियोजनाको प्रभावकारी व्यवस्थापन, अनुगमन र मूल्यांकन हुने। यी प्रतिफलको फलस्वरुप नेपाली कामदारहरूको श्रमको न्यून उपयोगको दर ३० प्रतिशत *(*सन् २००८ को महिला २२.८ र पुरुष ३२.२*)* बाट २५ प्रतिशतमा *(* सन् २०२०*)* झर्ने छ। युवा बेरोजगारको दर ३.६ *(*सन् २००८ को महिला ३.१ र पुरुष ४.२*)* बाट २.४ *(*सन् २०२०*)* मा झर्ने छ।

**प्रमुख कार्यहरू**

१. सम्भावित तालिमहरूका लागि सचेतना र परिचालन अभियान सञ्चालन गर्ने
२. निजी र केही सार्वजनिक तालिम प्रदायक संस्थाहरूलाई तालिम प्रदान गर्न र रोजगारमा संलग्न गराउने सेवा प्रदान गर्न क्रियाशील गराउने
३. नतिजामा आधारित भुक्तानी विधिको प्रयोग गरेर रोजगारको सत्यापनको आधारमा पूर्ण भुक्तानी दिने
४. मुख्य सूचकका आधारमा अनुगमन र मूल्याङ्कन गर्ने
५. छानिएका १० ओटा सार्वजनिक तालिम प्रतिष्ठानहरूमा गुणस्तर सुधारको सघन कार्यक्रम कार्यान्वयन गर्ने
६. मध्यमस्तरका मागमा आधारित २५ ओटा तालिम कार्यक्रमहरू १० ओटा नमुना प्रतिष्ठानमा प्रदान गर्ने गरी विकास गर्ने
७. ३०० जना प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका व्यावसायिकहरूलाई पेशागत सीप, प्रशिक्षण सीप, र पाठ्यक्रम विकास गर्न सेवाकालिन तालिम प्रदान गर्ने
८. राष्ट्रिय विकास प्राथमिकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रको रोडम्याप र नतिजामुखी ढाँचा सुनिश्चित गर्ने
९. शिक्षा मन्त्रालयमा नेतृत्वदायी नीति समन्वय निकायका रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्र विकास एकाइ *(TSDU)*स्थापना गर्ने
१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रमा सरकारले गर्ने लगानीलाई प्राथमिकीकरण गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र कोषको संस्थागत ढाँचा तयार गर्ने
११. नयाँ आवश्यकता र मागसँग सामना गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना गर्न सहयोग गर्ने
१२. परियोजना व्यवस्थापनका लागि परियोजना कार्यान्वयन एकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र विकास एकाइ र परियोजना स्टेरिङ् कमिटी जस्ता व्यवस्थापन संरचना कार्यान्वयन गर्ने
१३. अनुगमन तथा मूल्याङ्कन प्रणाली क्रियाशील गर्न क्षेत्रस्तरमा अनुगमन तथा मूल्याङ्कन अधिकृत खटाउने
१४. स्वस्थ आर्थिक अनुशासन कायम गर्न सहयोग गर्ने ।

# केन्द्रीय आयोजना कार्यान्वयन एकाइ

परिचय

वि.सं. २०७२ बैशाख १२ र २९ गते नेपालमा गएको विनासकारी भूकम्प र त्यसका परकम्पहरूका कारण नेपालका ३१ जिल्लामा ठूलो प्रभाव पर्‍यो। उक्त भूकम्पले मुख्य रूपमा १४ जिल्ला अति प्रभावित बनाएको थियो। ठूलो जनधनको क्षति भएको उक्त घटनामा मानिस, जनावर, व्यक्तिगत घर, मठ मन्दिर, सरकारी कार्यालयहरू, विद्यालयहरू, बाटोघाटो, सिँचाइ आयोजनाहरू, पूरातात्विक महत्वका संरचना लगायतको धेरै ठूलो क्षति गराएको थियो । नेपालमा भएको उक्त क्षतिलाई रकममा रूपान्तरण गर्दा रु ७,०६,४६,१०,००,०००।– को क्षति भएको अनुमान गरिएको छ।

विनासकारी भूकम्पको कारणबाट धेरै विद्यालयहरू पूर्ण वा आंशिक रूपमा क्षति भएका थिए। विद्यालयहरू भत्किँदा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष रूपमा असर पर्न गयो। क्षति भएका विद्यालयहरूको पुनर्निर्माणको निम्ति नेपाल सरकारले केन्द्रीय स्तरमा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ ***(Central Level Project Implementation Unit- CLPIU)*** गठन गरेको छ। सो आयोजनाले भूकम्प प्रभावित जिल्लाहरूमा जिल्लास्तरको आयोजना कार्यान्वयन एकाइ गठन गरी कार्य सञ्चालन गरिरहेको छ। आयोजनाले भूकम्प प्रभावित जिल्लाहरूबाट लगत सङ्कलन गरी पुनर्निर्माणको निम्ति खाका तयार पारिसकेको छ र प्रारम्भिक कार्यहरू अगाडि बढिसकेको छ।

भूकम्पबाट अति प्रभावित देहायका जिल्लाहरूमा जिल्लास्तरको आयोजना कार्यान्वयन एकाइ गठन भएको छ;

| | | |
|---|---|---|
| १) गोरखा | ६) दोलखा | ११) मकवानपुर |
| २) धादिङ्ग | ७) रामेछाप | १२) काठमाडौं |
| ३) रसुवा | ८) ओखलढुङ्गा | १३) ललितपुर |
| ४) नुवाकोट | ९) सिन्धुली | १४) भक्तपुर |
| ५) सिन्धुपाल्चोक | १०) काभ्रेपलाञ्चोक | |

आयोजनाबाट आर्थिक वर्ष २०७३/७४ को लागि देहाय बमोजिमको कार्यक्रमहरू स्वीकृत गरी सोको कार्यान्वयन भैरहेको छ।

- विद्यालय भवन निर्माणको लागि विनियोजित कूल रकम रु १० अर्व ९३ करोड
- ***EEAP*** मार्फत २५० विद्यालय भवन निर्माण
- ***ESRP*** मार्फत २०० विद्यालय भवन निर्माण
- भारतीय सहयोगबाट ७० विद्यालय भवन निर्माण
- १४ जिल्लामा १४ नमूना विद्यालय भवन निर्माण

यसका साथै नेपाल सरकारको बजेटबाट १०६२ विद्यालयमा दुई कोठे, तीन कोठे, चार कोठे, छ कोठे र आठ कोठे भवन गरी जम्मा ३९०० कक्षाकोठा निर्माणका लागि थप कार्यक्रम प्रस्ताव भएको छ। विभिन्न मानवताबादी संस्थाहरूबाट करीब १२०० विद्यालय भवन निर्माण गर्ने गरी सम्झौता सम्पन्न भैसकेको छ।

## खण्ड घ: अनुसूचीहरू

अनुसूची १: शिक्षा मन्त्रालयमा रहेका शाखाहरूको शाखागत कार्य विवरण

अनुसूची २: संविधानमा शिक्षा

अनुसूची ३: शिक्षा सम्बन्धी ऐन तथा नियमावली र नीति तथा रणनीतिहरूको सूची

अनुसूची ४: शिक्षा सम्बन्धी ऐन निर्देशिका तथा कार्यविधिहरूको सूची

अनुसूची ५: शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूले गरेका अनुसन्धान प्रतिवेदनहरूको सूची

अनुसूची ६: जिल्लागत सिकाइ उपलब्धि विवरण *(NASA 2015)*

अनुसूची ७: शिक्षा मन्त्रालय र अन्तर्गत निकायका वेभसाइट, इमेल तथा फोन नम्बरहरू

अनुसूची ८: शिक्षा मन्त्रालय र अन्तर्गत निकायको दरबन्दी तालिका

# अनुसूची १: शिक्षा मन्त्रालयमा रहेका शाखाहरूको शाखागत कार्यविवरण

१. प्रशासन महाशाखा

| शाखा | कार्य विवरण |
| --- | --- |
| ○ कर्मचारी प्रशासन तथा जनशक्ति विकास<br><br>(सा. प्र., रा.प. द्वि. १) | ● मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा, पदस्थापना गर्ने,<br>● मन्त्रालय र अर्न्तगतका कर्मचारीलाई काज खटाउन पेस गर्ने,<br>● मन्त्रालय र अर्न्तगतका कर्मचारीहरूलाई पुरस्कार, विभागीय कारवाही तथा अवकाशका लागि पेस गर्ने,<br>● कर्मचारीहरूलाई शाखा, महाशाखाको काम तोक्ने,<br>● अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीका लागि लेखी आएका निर्देशनहरू कार्यान्वयनको लागि पेस गर्ने,<br>● निजामती कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,<br>● कर्मचारीहरूको पिरमर्का सुन्ने र सकारात्मक सुझावहरूको कार्यान्वयनसम्बन्धी कार्य गर्ने,<br>● शिक्षा मन्त्रालय अन्तर्गत सम्पूर्ण कर्मचारीहरूको अभिलेख अद्यावधिक राख्ने तथा राख्न लगाउने,<br>● नागरिक वडापत्रको कार्यान्वयन स्थिति विभागीय/क्षेत्रीय/जिल्ला स्थित शिक्षासम्बन्धी कार्यालयहरूको काम कारवाही भौतिक सरसुविधा, जनशक्ति वारे निरीक्षण अनुगमन गर्ने गराउनेसम्बन्धी कार्य गर्ने,<br>● अधिकृत कर्मचारीसम्बन्धी गोप्य प्रतिवेदनहरू जिम्मा लिई राख्ने,<br>● शाखासम्बन्धी अति गोप्य महत्वपूर्ण कागजातहरू जिम्मा लिई राख्ने,<br>● आफ्नो शाखामा कार्यरत कर्मचारीहरूको विरामी, घर, पर्व, भैपरी, प्रसुति विदा स्वीकृत गर्ने,<br>● सम्बन्धित महाशाखासँग समन्वय गरी मन्त्रालयमा कार्यरत प्रत्येक कर्मचारीहरूको पदको कार्य विवरण तयार गरी स्वीकतिका लागि पेस गर्ने,<br>● कर्मचारीको विदा, उपदान तथा निबृत्तभरणसँग सम्बन्धित कार्यहरू गर्ने,<br>● मन्त्रालय र अन्तर्गतका निकायहरूको दरबन्दि विवरण अद्यावधिक गर्ने र रिक्त पदपूर्तिका लागि माग गर्ने,<br>● शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरूलाई स्वदेशी तथा वैदेशिक तालिम, अध्ययन, अनुसन्धान, भ्रमण, गोष्ठी, सेमिनारमा भाग लिन निजामती कर्मचारी तथा अन्यको मनोनयन तथा कबुलियत सम्बन्धी कार्यहरू गर्ने,<br>● मन्त्रालय तथा अन्तर्गत निकायको संस्थागत संरचना सुधार सम्बन्धी कार्य गर्ने,<br>● बैदेशिक मनोनयन सम्बन्धी अभिलेख अद्यावधिक गर्ने,<br>● मन्त्रालय अन्तर्गतका निकायहरूको प्रशासनसँग सम्बन्धी काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्ने,<br>● कर्मचारीसँग सम्बन्धित अन्य प्रासङ्गिक विषय। |
| ○ आर्थिक प्रशासन<br><br>(सा.प्र., रा.प. द्वि. १) | ● आफ्नो शाखासम्बन्धी लेखाको कामको विषयमा कुनै कुरा बुझ्नु पर्ने भएमा बुझी कानुनी प्रक्रिया पूरा गरी स्पष्ट रायसाथ निर्णयको लागि पेस गर्ने,<br>● विनियोजित बजेट निकासा गर्ने गराउने कार्य गर्ने,<br>● आर्थिक विवरण तयार पारी स्वीकृत भएपछि सम्बन्धित निकायमा पठाउने,<br>● विभिन्न प्रकारका बेरूजु फछर्यौट सम्बन्धमा आवश्यक प्रमाण जुटाई फछर्यौट गर्न कारवाही गर्ने,<br>● मन्त्रालय र अन्तर्गत कार्यालयहरूमा आर्थिक अनुशासन कायम राख्न आवश्यक व्यवस्था मिलाउने,<br>● मन्त्रालय र अन्तर्गत निकायहरूको थप निकासा तथा रकमान्तरसम्बन्धी कार्य गर्ने,<br>● विभिन्न पदाधिकारीहरूबाट माग भएबमोजिम आर्थिक प्रशासन तथा सार्वजनिक खरिद सम्बन्धमा ऐन नियमको परिधिभित्र रही राय सुझाव दिने,<br>● शाखाको प्रशासकीय प्रमुख भै कार्य सम्पादन गर्ने,<br>● आफ्नो शाखामा कार्यरत कर्मचारीहरूको विरामी, घर, पर्व, भैपरी, प्रसुति विदा स्वीकृत गर्ने,<br>● शाखाका कर्मचारीहरूको रेखदेख, निगरानी गर्ने कार्यसम्पादन मूल्याङ्कन गर्ने/तथा कार्य विभाजन गर्ने,<br>● मन्त्रालय तथा मातहतका निकायहरूको खर्च गर्ने अख्तियारी पत्र तयार गर्ने,<br>● मन्त्रालय तथा मातहत निकायहरूबाट सञ्चालित वैदेशिक सहयोग प्राप्त आयोजना/कार्यक्रमहरूको सोझै भुक्तानी, सोधभर्ना तथा आयोजना लेखाहरू समयमै तयार गरी दातृसँस्थाहरूलाई पेस गरे नगरेको सम्बन्धमा आर्थिक कार्यविधि ऐन तथा नियमावली, २०५५ र २०६४ बमोजिम अनुगमन समीक्षा गर्ने गराउने, |

| | |
|---|---|
| | • मन्त्रालय तथा मातहत निकायहरूको राजस्व तथा बजेट खर्चको मासिक, आवधिक तथा वार्षिक केन्द्रीय आर्थिक विवरण तयार गर्ने कार्यलाई व्यवस्थित गर्ने,<br>• मन्त्रालय तथा मातहत निकायहरूको समग्र आर्थिक व्यवस्थापन ***(Financial Management)*** पारदर्शी, दक्ष,उत्तरदायी तथा प्रभावकारी बनाउन रचनात्मक कार्य गर्ने गराउने,<br>• प्रचलित नेपाल कानुन तथा लेखा उत्तरदायी अधिकृतले तोके बमोजिमका अन्य कार्यहरू गर्ने गराउने,<br>• शाखासम्बन्धी अति गोप्य महत्वपूर्ण कागजातहरूको जिम्मा लिई राख्ने,<br>• आन्तरिक तथा बाह्य लेखापरीक्षण गराउने,<br>• शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको वित्तीय व्यवस्थापन सूचना प्रणालीसम्बन्धी कार्य गर्ने,<br>• कर्मचारीहरूको तलवभत्ता लगायत अन्य रकमको भुक्तानी गर्ने,<br>• मासिक तलवबाट नियमानुसार कट्टि हुने रकम सम्बन्धित निकायमा जम्मा गर्ने,<br>• नागरिक वडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवम् अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्र सम्पादन गर्ने । |
| ○ कानुन तथा फैसला कार्यान्वयन<br><br>(कानुन, कानुन अधिकृत, रा.प. द्वि. १) | • मन्त्रालय पक्ष/विपक्ष भएको मुद्दामा श्री सर्वोच्च अदालत र अन्य अदालतमा फिरादपत्र, प्रतिउत्तरपत्र, रिट निवेदनपत्र र लिखितजवाफको मस्यौदा तयार गरी पेस गर्ने र दायर–दर्ता गराउने,<br>• मन्त्रालयको नीति अनुसार मन्त्रालयको तर्फबाट विधेयक, नियम र आदेशहरूको मस्यौदा गरी सम्पादन र सहमतिका लागि कानुन तथा न्याय मन्त्रालयमा पठाउने र स्वीकृत भएर आएपछि त्यसपछिको कारवाही गर्ने,<br>• मन्त्रालयको निर्णय बमोजिम नेपाल राजपत्रमा प्रकाशन गरिने सूचनासम्बन्धी कारवाही गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने,<br>• मन्त्रालयका महाशाखा, अन्तर्गतका विभाग र अन्य निकायबाट कानुनी प्रश्नमा राय माग भई आएमा राय दिने,<br>• शिक्षा मन्त्रालय र कानुन तथा न्याय मन्त्रालयबिच सम्पर्क शाखाको रूपमा काम गर्ने,<br>• शिक्षासम्बन्धी ऐन, नियम, विनियम र निर्देशिका अद्यावधिक गर्ने,<br>• फैसला कार्यान्वयनसम्बन्धी देहायका कार्यहरू सम्पादन गर्ने *:*<br>• शिक्षा मन्त्रालय र अन्तर्गत विभाग, कार्यालय वा अन्य निकायहरूका नाममा जारी भएका वा शिक्षा मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभाग, कार्यालय वा अन्य निकायहरूबाट कार्यान्वयन हुनुपर्ने सर्वोच्च अदालत वा अन्य अदालतबाट जारी भएका आदेश, निर्णय वा फैसलाहरूको सङ्कलन गरी अद्यावधिक अभिलेख तयार गर्ने, गर्न लगाउने,<br>• आदेश वा फैसला प्राप्त भएको ७ दिनभित्र आदेश वा फैसला कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृतिका लागि महाशाखा प्रमुख समक्ष पेसगर्ने, गराउने र सो कार्ययोजनाको १ प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,<br>• मनासिव कारण भएमा बाहेक आदेशमा उल्लिखित मिति वा कानुनका म्यादभित्र आदेश वा फैसलामा लेखिएका म्यादभित्र फैसला कार्यान्वयन हुन नसक्ने भएमा महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा म्याद थपका लागि निवेदन वा पुरक निवेदन पेस गरी भएको आदेश अनुसार गराउने,<br>• शिक्षा मन्त्रालयसँग सम्बन्धित कुनै वा सबै आदेश सम्बन्धमा सम्बन्धित निकायहरूबाट आवश्यक विवरण माग भएमा सो बमोजिमको विवरण पठाउने,<br>• शिक्षा मन्त्रालयसँग सम्बन्धित आदेश वा फैसलाको अद्यावधिक विवरण तयार गरी मन्त्रालयको ***Website***मा राख्ने, समय समयमा अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने,<br>• शिक्षा मन्त्रालयसँग सम्बन्धित आदेश वा फैसला कार्यान्वयनसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको श्रावण १५ गते भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतको फैसला कार्यालय निर्देशनालयमा पठाउने । |
| ○ आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन<br><br>*(*सा.प्र., रा.प. द्वि. १*)* | • मन्त्रालयमा जनसम्पर्क, पत्र दर्ता तथा चलानीसम्बन्धी कार्य गर्ने,<br>• बाहिरबाट शाखा स्पष्ट भइ नआएका पत्रहरूसम्बन्धित शाखामा पठाउने व्यवस्था गर्ने, गराउने,<br>• मन्त्रालयमा सवारी चालक, पाले, माली, कुचिकार आदिको उचित परिचालन गर्ने, गराउने, |

| | |
|---|---|
| | ● मन्त्रालयको सुरक्षा व्यवस्था गर्ने, गराउने,<br>● सवारी साधनको परिचालन, कार्यालय भवन, विजुली, धारा, टेलिफोन आदिको आपूर्ति तथा मर्मत सम्भारको व्यवस्था मिलाउने,<br>● कार्यालय सामानहरूको सञ्चय, खर्च, लिलाम र मिनाहा लगायत भण्डारण व्यवस्थापनसम्बन्धी कार्यहरू कानुनद्वारा तोकिए बमोजिम गर्ने, गराउने,<br>● मन्त्रालयमा आवश्यक सामानहरूको माग सङ्कलन गरी नियमानुसार खरिद गर्ने व्यवस्था मिलाउने,<br>● खरिद भएका सामानहरूको आवश्यकताअनुसार वितरण गर्ने, गराउने<br>● मन्त्रालय मातहतका निकायहरूको जिन्सी निरीक्षणसम्बन्धी कार्य गर्ने, गराउने,<br>● मन्त्रालय र मातहतका निकायहरूको भवन, जग्गा, जमिन लगायत सबै प्रकारका सार्वजनिक सम्पतीको अभिलेख अद्यावधिक गर्ने र सो सम्बन्धी आवश्यक कार्य गर्ने । |

२. योजना महाशाखा

| शाखा | कार्य विवरण |
|---|---|
| ➤ योजना, कार्यक्रम तथा बजेट (क)<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | <u>विद्यालय शिक्षा *(प्रारम्भिक वालविकास, खुला तथा वैकल्पिक र प्राविधिक शिक्षा समेत)*</u><br>● लघु तथा दीर्घकालीन योजना तयार गर्ने<br>● वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,<br>● बजेट तथा कार्यक्रम तयारी र निर्माण गर्ने,<br>● प्रस्तावित योजना तथा कार्यक्रमका लागि बजेटको प्रारूप तयार गर्ने<br>● मन्त्रालयअन्तर्गतका निकाय तथा सम्बन्धित संस्थाबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिँदै राष्ट्रिय योजना आयोगमा सिफारिससहित पठाउने,<br>● बजेट विनियोजन गर्ने,<br>● राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसँग समन्वय गर्ने,<br>● मन्त्रालय र अन्तर्गत निकायहरूसँग आवश्यक समन्वय कायम गर्ने,<br>● जिल्लास्तरीय कार्यक्रमहरूको समन्वय गर्ने । |
| ➤ योजना, कार्यक्रमतथा बजेट (ख)<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | <u>उच्च शिक्षा, प्राविधिक शिक्षातथा व्यवसायिक तालिम, पौष्टिक आहार र अन्य*)*</u><br>● लघु तथा दीर्घकालीन योजना तयार गर्ने<br>● वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,<br>● बजेट तथा कार्यक्रम तयारी र निर्माण गर्ने,<br>● प्रस्तावित योजना तथा कार्यक्रमका लागि बजेटको प्रारूप तयार गर्ने<br>● मन्त्रालयअन्तर्गतका निकाय तथा सम्बन्धित संस्थाबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिँदै राष्ट्रिय योजना आयोगमा सिफारिससहित पठाउने,<br>● बजेट विनियोजन गर्ने,<br>● राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसँग समन्वय गर्ने,<br>● मन्त्रालय र अन्तर्गत निकायहरूसँग आवश्यक समन्वय कायम गर्ने,<br>● जिल्लास्तरीय कार्यक्रमहरूको समन्वय गर्ने । |
| ➤ वैदेशिक सहायता समन्वय(क)<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | <u>विद्यालय शिक्षा *(प्रारम्भिक वालविकास, खुला तथा वैकल्पिक शिक्षा समेत)*</u><br>● मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरू बिच समन्वय कायम गर्न आवश्यक काम गर्ने, |

| | |
|---|---|
| | • मन्त्रालयसँगसम्बन्धित विदेशी मुलुक, सङ्घ, संस्थाबाट प्राप्त हुने सहयोगको विषयमा सम्झौतासम्बन्धी कार्य गर्ने,<br>• शिक्षा मन्त्रालयको र वैदेशिक सहयोगसम्बन्धी कार्यमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य सम्वन्धित निकायसँग समन्वय गर्ने,<br>• वैदेशिक सहयोगबाट सञ्चालन हुने कार्यक्रम तथा योजनाको विकास तथा विस्तारका लागि कार्यनीति तयार गर्न समन्वय गर्ने,<br>• वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रमको नियमित, आवधिक तथा अन्तिम मूल्याङ्कन गर्ने कार्यमा समन्वय गर्ने,<br>• नेपालको शिक्षा विकासको लागि सहयोग प्रदान गर्ने विभिन्न दातृ समुदायबिच समन्वय कायम गराउने,<br>• वैदेशिक सहयोगमा प्राप्त रकम र आफ्नै स्रोत र साधनका बिचमा समन्वय कायम गरी श्रोत साधन परिचालन गर्ने, गराउने,<br>• आयोगजनासँगसम्बन्धित दातृ संस्थाहरूवाट आउने ***Mission***हरूको समन्वय र सञ्चालन गर्ने,<br>• मन्त्रालय अन्तर्गतका निकायहरूबाट नयाँ आयोजनाहरू सञ्चालन गर्नका लागि प्राप्त हुने मागका आधारमा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसँग समन्वय गर्ने,<br>• ***Institutional Linkage*** सम्बन्धी कार्य गर्ने,<br>• आयोजनाहरूसँगसम्बन्धित ***Line Agency***हरूसँग आवश्यक समन्वय कायम गर्ने,<br>• विदेशी मुलुक तथा सङ्घ–संस्थासँग मन्त्रालयको तर्फबाट हुने सम्पर्क तथा पत्राचारका लागि सम्पर्क विन्दु ***(Focal Point)*** फोकल प्वाइन्टको रूपमा काम गर्ने,<br>• शिक्षाको विकास तथा विस्तारका लागि वैदेशिक सहयोगको आवश्यकता पहिचानसम्बन्धी कार्य गर्ने, गराउने |
| ➢ वैदेशिक सहायता समन्वय (ख)<br><br>*(*शि.प्र., रा.प. द्वि. १*)* | उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, पौष्टिक आहार र अन्य*)*<br>• मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरू बिचसमन्वय कायम गर्न आवश्यक काम गर्ने,<br>• मन्त्रालयसँगसम्बन्धित विदेशी मुलुक, सङ्घ, संस्थाबाट प्राप्त हुने सहयोगको विषयमा सम्झौतासम्बन्धी कार्य गर्ने,<br>• शिक्षा मन्त्रालयको र वैदेशिक सहयोगसम्बन्धी कार्यमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य सम्वन्धित निकायसँग समन्वय गर्ने,<br>• वैदेशिक सहयोगबाट सञ्चालन हुने कार्यक्रम तथा योजनाको विकास तथा विस्तारका लागि कार्यनीति तयार गर्न समन्वय गर्ने,<br>• वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रमको नियमित, आवधिक तथा अन्तिम मूल्यांङ्कन गर्ने कार्यमा समन्वय गर्ने,<br>• नेपालको शिक्षा विकासको लागि सहयोग प्रदान गर्ने विभिन्न दातृ समुदायबिच समन्वय कायम गराउने,<br>• वैदेशिक सहयोगमा प्राप्त रकम र आफ्नै श्रोत र साधनका बीचमा समन्वय कायम गरी श्रोत साधन परिचालन गर्ने, गराउने,<br>• आयोगजनासँगसम्बन्धित दातृ सस्थाहरूवाट आउने ***Mission***हरूको समन्वय र सञ्चालन गर्ने,<br>• मन्त्रालय अन्तर्गतका निकायहरूबाट नयाँ आयोजनाहरू संञ्चालन गर्नका लागि प्राप्त हुने मागका आधारमा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसँग समन्वय गर्ने,<br>• ***Institutional Linkage*** सम्बन्धी कार्य गर्ने,<br>• आयोजनाहरूसँगसम्बन्धित ***Line Agency*** हरूसँग आवश्यक समन्वय कायम गर्ने,<br>• विदेशी मुलुक तथा सङ्घ–संस्थासँग मन्त्रालयको तर्फबाट हुने सम्पर्क तथा पत्राचारका लागि सम्पर्क विन्दु ***(Focal Point)*** फोकल प्वाइन्टको रूपमा काम गर्ने, |

| | |
|---|---|
| | • शिक्षाको विकास तथा विस्तारका लागि वैदेशिक सहयोगको आवश्यकता पहिचानसम्बन्धी कार्य गर्ने, गराउने। |
| ➢ पुस्तकालय समन्वय<br><br>*(पुस्तकालय विज्ञान, रा.प. द्वि. १)* | • मन्त्रालयअन्तर्गतका पुस्तकालयहरूको विकासका लागि नीति, नियम बनाई कार्यान्वयन गर्ने,<br>• पुस्तकालय विकाससम्बन्धी योजना, कार्यक्रम, बनाई लागू गर्ने, गराउने,<br>• पुस्तकालयहरूको सेवा, कार्यक्रम र नीतिमा समन्वय कायम गर्ने, गराउने,<br>• स्थापित पुस्तकालयहरूको सुदृढीकरण र सेवा पुऱ्याउने योजना तथा कार्यक्रम बनाई पेस गर्ने, गराउने,<br>• पुस्तकालयहरूको सम्पूर्ण कार्यहरू र विकास सम्बन्धमा सरकार र पुस्तकालयबिचको सम्पर्क शाखाका रूपमा कार्य गर्ने,<br>• निजी क्षेत्रमा स्थापना भएका पुस्तकालय विकासका लागि कार्ययोजना तयार गरी लागू गर्ने, गराउने,<br>• पुस्तकालय स्थापना गर्न आवश्यक पर्ने पूर्वाधार सम्बन्धमा स्पष्ट नीति तथा दिइने सेवाको सम्बन्धमा एकिन शर्तहरू बनाई सम्बन्धित सरोकारवालालाई जानकारी गराउन सार्वजनिक गर्ने,<br>• पुस्तक नीति सम्बन्धी काममा समन्वय गरी सो सम्बन्धी नीति कार्यन्वयन गर्ने, गराउने,<br>• पुस्तकालयसम्बन्धी सरकारको नीति, कार्यक्रमअनुसार अन्य कार्य गर्ने,<br>• पुस्तकालयहरू सम्बन्धित ऐन, नियमअनुसार सञ्चालन भए नभएको हेरी ऐन, नियमको परिधिभित्र रहन लगाउने,<br>• विभिन्न पुस्तकालयहरूसँग समन्वय गरी पुस्तकालय अनुगमन तथा निरीक्षण तथा पुस्तकालय विकासमा सहजीकरण गर्ने,<br>• देशभरका सम्पूर्ण पुस्तकालयहरू र सार्वजनिक पुस्तकालयहरूको आवधिक मूल्याङ्कन गरी पुस्तकालय सेवाको स्तर वृद्धि गर्न तथा अभिप्रेरणा जगाउन प्रत्येक वर्ष व्यक्ति र संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने,<br>• पुस्तकालयको दक्षता, क्षमता र सेवा क्षेत्रको आधारमा पुस्तकालयहरूलाई दिइने आर्थिक सहयोग एवम् अन्य सहयोग सम्बन्धमा एकिन गरी पेस गर्ने,<br>• पुस्तकालयहरूको समन्वय तथा अनुगमन गर्ने,<br>• पुस्तकालयहरूको विवरण तयार गर्ने,<br>• पुस्तकालयहरूको स्तर निर्धारण गर्ने,<br>• पुस्तकालयका लागि आवश्यक सफ्टवेयरहरूको व्यवस्था गर्ने,<br>• इ–पुस्तकालयको निर्माणका लागि आवश्यक नीति नियमको तर्जुमा गर्ने,<br>• नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय तथा देशका अन्य पुस्तकालयहरूको अनुगमन, प्रवर्धन र सहजीकरण गर्ने तथा सम्पर्क विन्दुको काम गर्ने,<br>• राष्ट्रिय पुस्तक महोत्सव, पुस्तक मेला आदिका लागि सहजीकरण गर्ने,<br>• पुस्तक नीतिको कार्यान्वयनका लागि आवश्यक नीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>• शव्दकोष, वर्णविन्यास आदिको एकरूपताका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, विश्व विद्यालयका लागि सम्पर्क विन्दुको काम गर्ने। |
| ➢ मानव संसाधन विकास तथा परिवर्तन व्यवस्थापन<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | • विद्यमान शैक्षिक सङ्घसंस्थाबाट उत्पादन भएका मानवसंसाधनको तथ्याकीय आधाररेखा ***(Statistical Baseline)*** तयार गर्ने,<br>• राष्ट्रिय योजना आयोगसँग समन्वय गरी देशका लागि आवश्यक मानव संसाधनको आकलन गर्ने,<br>• देशविकास लागि भविष्यमा आवश्यक पर्ने विभिन्न क्षेत्रका संकायका जनशक्तिको लागि योजना तर्जुमा गर्ने<br>• मानव संसाधन विकाससँग सम्बन्धित विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने, |

| | |
|---|---|
| | • मानव संसाधन विकाससम्बन्धी कार्यक्रमहरूको कार्यान्वियन पक्ष मूल्याङ्कन गर्ने,<br>• मन्त्रालय वा अन्तर्गतको संस्थागत संरचना सुधारका सम्बन्धमा सामान्य प्रशासन तथा जनशक्ति विकास शाखासँगसमन्वय गर्ने,<br>• परिवर्तन व्यवस्थापन सम्बन्धी कार्य गर्ने । |
| ➤ सञ्चार (मिडिया) समन्वय<br><br>(शि.प्र., रा.प. द्वि. १) | • विभिन्न पत्रपत्रिका तथा सार्वजनिक सञ्चार माध्यममा उठेका शिक्षा सम्बन्धी विषयहरू सम्बन्धित महाशाखा तथा निकायमा पेश गर्ने,<br>• मन्त्रालय र मातहतका निकायहरूसँग सम्बन्धित विषयमा प्राप्त भएका सूचनाहरू मन्त्रालयका प्रवक्ता समक्ष पेस गर्ने,<br>• शिक्षाका नीतिहरू सम्प्रेषण गर्न सञ्चारसँग समन्वय गर्ने,<br>• शिक्षासँग सम्बन्धित सार्वजनिक सरोकारको विषयमा सम्बन्धित व्यक्ति तथा निकायले सूचना माग गरेमा प्रचलित कानुन बमोजिम उपलव्ध गराउन महाशाखासँगको राय लिइ उपलव्ध गराउने व्यवस्था गर्ने,<br>• शिक्षा मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट सम्पादित काम कारबाहीको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने,<br>• पत्रकार भेटघाट सम्बन्धी कार्य गर्ने । |
| शिक्षा नीति निर्धारण समितिको सचिवालय<br><br>(शि.प्र., रा.प. द्वि. २)<br><br>आधारभूत तथा माध्यमिक शिक्षा (विद्यमान उच्च माध्यमिक समेत) (शि.प्र., रा.प. द्वि. १)<br><br>उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम(शि.प्र., रा.प. द्वि. १) | • शिक्षाका नीति निर्माणका लागि सरोकारवालाहरूसँग बहस, पैरबी, छलफल गर्ने,<br>• शैक्षिक नीतिहरू समायोजन र समन्वयका लागि शिक्षा नीति निर्धारण समितिको निर्णयहरू कार्यान्वयनका लागि समन्वय गर्ने ।<br>• शिक्षा मन्त्रालय र सोअन्तर्गतका कार्यालयहरूद्वारा कार्यान्वयन हुने अल्पकालीन तथा दीर्घकालीन शैक्षिक योजनाहरूको विश्लेषण गर्ने,<br>• शैक्षिक नीति तथा कार्यक्रमको नीतिगत अध्ययन विश्लेषण गर्ने,<br>• शैक्षिक योजना, कार्यक्रम तथा रणनीतिसँग मौजुदा शिक्षा ऐन नियमको तालमेलका सम्बन्धमा अध्ययन, विश्लेषण गरी राय सुझाव पेस गर्ने,<br>• राष्ट्रियस्तरको परीक्षाको परिणाम विश्लेषण गरी तोकिएको नीति कार्यान्वयनका लागि ऐन, नियमको विश्लेषण गरी समयसापेक्ष बनाउन पृष्ठपोषण दिने,<br>• शैक्षिक नीतिसँग सम्बन्धित निकायको प्राप्त अध्ययन तथा अनुसन्धान प्रतिवेदनका सिफारिसलाई नीति निर्माण तहमा राय सुझावका रूपमा छलफलका लागि पेसगर्ने । |
| युनेस्को समन्वय<br>(शि.प्र., रा.प. द्वि. २)<br>(युनेस्को सचिवालयमा रही कार्य गर्ने) | • युनेस्को सम्बद्ध कार्यक्रमहरू निर्माणका लागि सरोकारवालाहरूसँग बहश, पैरबी, छलफल गर्ने,<br>• युनेस्कोद्वारा पारित प्रस्ताव तथा कार्यक्रमहरू कार्यान्वियन गर्ने,<br>• मन्त्रालय र युनेस्कोका निमित्त राष्ट्रिय आयोगको सचिवालयका बीच समन्वयात्मक कार्यहरू गर्ने । |

३. शैक्षिक व्यवस्थापन महाशाखा

| शाखा | कार्य विवरण |
|---|---|
| ➤ आधारभूत शिक्षा<br><br>(शि.प्र., रा.प. द्वि. १) | • आधारभूत शिक्षासँग सम्बन्धित शिक्षा ऐन तथा नियमावली निर्माण, परिमार्जन तथा परिवर्तनका लागि आवश्यकताअनुसार फैसला कार्यान्वियन तथा कानुन शाखाको राय समेत लिई प्रस्ताव मस्यौदा तयार गर्ने,<br>• आधारभूत शिक्षासम्बन्धी नीति–नियम निर्देशनको व्यवस्था गरी कार्यान्वियन गर्ने गराउने,<br>• आधारभूत शिक्षा सम्बन्धी शैक्षिक व्यवस्थापनसम्बन्धमा जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयले सामना गरेका शैक्षिक मुद्दा तथा समस्या समाधान गर्न राय प्रतिक्रिया र निर्देशन पठाउन निर्णयका लागि पेस गर्ने, |

| | |
|---|---|
| | • शिक्षक व्यवस्थापनसम्बन्धी नीति तर्जुमा गर्ने,<br>• आधारभूत तह सञ्चालन भएका संस्थागत विद्यालयसम्बन्धी नीतिगत व्यवस्था गर्ने,<br>• आधारभूत तह सञ्चालन भएका संस्थागत विद्यालयको न्यूनतम मापदण्ड निर्धारण गर्ने,<br>• आधारभूत तहको पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बन्धी कार्यको समन्वय गर्ने,<br>• आधारभूत तहको शिक्षक तालिम सम्बन्धी कार्यको समन्वय गर्ने । |
| ➢ माध्यमिक शिक्षा<br><br>(शि.प्र., रा.प. द्वि. १) | • शिक्षा ऐन तथा नियमावली निर्माण, परिमार्जन तथा परिवर्तनका लागि आवश्यकताअनुसार फैसला कार्यान्वयन तथा कानुन शाखाको राय समेत लिइ प्रस्ताव मस्यौदा तयार गर्ने,<br>• माध्यमिक शिक्षासम्बन्धी नीति–नियम निर्देशनको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने,<br>• माध्यमिक शिक्षा सम्बन्धी शैक्षिक व्यवस्थापनसम्बन्धमा जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयले सामना गरेका शैक्षिक मुद्दा तथा समस्या समाधान गर्न राय प्रतिक्रिया र निर्देशन पठाउन निर्णयका लागि पेस गर्ने,<br>• शिक्षक व्यवस्थापनसम्बन्धी नीति तर्जुमा गर्ने,<br>• माध्यमिक तह सञ्चालन भएका संस्थागत विद्यालयसम्बन्धी नीतिगत व्यवस्था गर्ने,<br>• माध्यमिक तहका संस्थागत विद्यालय सञ्चालनसम्बन्धी न्यूनतम मापदण्ड निर्धारण गर्ने,<br>• माध्यमिक तहमा प्राविधिक शिक्षा तथा उच्च माध्यमिक शिक्षा सम्बन्धी कार्य गर्ने,<br>• माध्यमिक तहको पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बन्धी कार्यको समन्वय गर्ने,<br>• माध्यमिक तहको शिक्षक तालिम सम्बन्धी कार्यको समन्वय गर्ने । |
| ➢ प्रारम्भिक वालविकास, वैकल्पिक तथा खुला शिक्षा समन्वय<br><br>(शि.प्र., रा.प. द्वि. १) | • प्रारम्भिक वालविकास शिक्षाको नीति तर्जुमा तथा कार्यक्रम समन्वय गर्ने,<br>• वैकल्पिक तथा खुला शिक्षाको स्वरूप निर्धारण गर्ने,<br>• बैकल्पिक तथा खुला शिक्षाको नीति निर्माण गर्ने,<br>• बैकल्पिक शिक्षाका क्षेत्र र कार्यको निर्धारण गर्ने,<br>• खुला सिकाइलाई प्रोत्साहित गर्ने खुला विश्वविद्यालयको स्थापनामा सहयोग गर्ने,<br>• अन्य देशका खुला तथा वैकल्पिक शिक्षामा काम गर्ने संस्थासँग समन्वय तथा सहकार्य गर्ने,<br>• धार्मिक प्रकृतिका विद्यालय मदरसा, गोन्पा (गुम्बा), वेदविद्याश्रम, गरूकुल, आश्रम सञ्चालनसम्बन्धी नीति नियम तयार गर्ने,<br>• अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, ट्युसन तथा कोचिङ केन्द्र आदिका लागि रणनीति तर्जुमा गर्ने,<br>• अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण लगायतका कार्य गर्ने,<br>• नेपालमा सञ्चालित शिक्षासँग सम्बन्धित सङ्घ संस्थाहरू (बैकल्पिक शिक्षा जस्तै ट्युसन तथा कोचिङ केन्द्र, कन्सलटेन्सी आदि) को नियमन सम्बन्धी कार्य गर्ने । |
| ➢ विद्यालय सम्पति व्यवस्थापन<br><br>(शि.प्र., रा.प. द्वि. १) | • सामुदायिक विद्यालयको सम्पत्ति व्यवस्थापन र परिचालनसम्बन्धी नीति, नियम तथा निर्देशिका तर्जुमा गर्ने,<br>• सामुदायिक विद्यालयको सम्पत्ति व्यवस्थापनसम्बन्धी मापदण्ड तर्जुमा गर्ने र लागू गर्ने, गराउने<br>• सामुदायिक विद्यालयको सबै प्रकारका सम्पत्तिको लगत अभिलेख राख्ने, राख्न लगाउने,<br>• सामुदायिक विद्यालय सम्पत्तिको प्राप्ती, बेच विखन सम्बन्धी निर्देशिका तयार गर्ने,<br>• सामुदायिक विद्यालय सम्पत्तिको प्राप्ती, बेच विखन सम्बन्धी सम्बन्धित अन्य निकायको राय, सहमती, अनुमती एवम् सुझावहरू लिनुपर्ने भएमा सो लिई आधारभूत कागजातहरू पुरा गराई निर्णयको लागि रायसाथ पेस गर्ने,<br>• सार्वजनिक विद्यालयहरूको चल अचल सम्पतीको अद्यावधिक अभिलेख राख्ने, र आवश्यकता अनुसारआन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखासँग समन्वय गरी अभिलेख अद्यावधिक गर्ने,<br>• शिक्षण संस्थाको जग्गा विक्री, सट्टा पट्टा एवम् भोगाधिकारसम्बन्धी कार्यवाही गर्ने, गराउने, |

| | |
|---|---|
| | • शिक्षण संस्थाको नाममा दान दातव्यको रूपमा प्राप्त हुन गएको चल अचल सम्पतिको अद्यावधिक अभिलेख राख्ने, राख्न लगाउने,<br>• सार्वजनिक शैक्षिक गुठीको सम्पति व्यवस्थापन सम्बन्धी कार्य गर्ने,<br>• मन्त्रालय तथा अन्तर्गत निकायका नाममा मुलुकभर रहेका जग्गा र भवनको लगत राख्ने सोको संरक्षणका लागि स्वीकृत नीतिका आधारमा आवश्यक निर्देशन दिने। |
| ➤ अनुसन्धान तथा शैक्षिक मापदण्ड निर्धारण<br><br>(शि.प्र., रा.प. द्वि. १) | • शैक्षिक अनुसन्धानसम्बन्धी नीति, नियम, मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,<br>• अनुसन्धान प्रणालीलाई सुदृढ गर्न विभिन्न कार्यक्रमहरू लागू गर्ने गराउने तथा सम्बन्धित अन्य निकायहरूसँग समन्वय कायम गरी उक्त निकायहरूलाई आवश्यक सहयोग तथा सल्लाह प्रदान गर्ने गराउने,<br>• शिक्षासम्बन्धी अनुसन्धानका क्षेत्रहरू पहिचान गरी आवश्यक क्षेत्रमा अनुसन्धान गर्ने गराउने,<br>• मन्त्रालय अन्तर्गतका निकायहरूको शैक्षिक अनुसन्धानसम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहयोग गर्ने,<br>• शैक्षिक अनुसन्धानबाट प्राप्ति तथा सुझावहरू तथा सोसम्बन्धी सूचनाको अभिलेख राखी तिनीहरूवाट प्राप्त निष्कर्षहरूको प्रबोधीकरण गर्ने, गराउने र अनुसन्धानका प्राप्तिलाई कार्यान्वयनमा ल्याउन ठोस योजना बनाउन सहजीकरण गर्ने,<br>• अनुसन्धान कार्यलाई सुदृढ गर्ने उपायहरू खोजी कार्यान्वयन योजना प्रस्तुत गर्ने,<br>• अनुसन्धान कार्यको विश्वसनीयता वृद्धि गर्ने उपायहरू पहिल्याई सो अनुसार कार्यान्वयन गर्ने तथा गर्न लगाउने,<br>• अनुसन्धानको प्रयोगबाट गरिनुपर्ने शैक्षिक सुधारका मार्गहरू स्पष्ट गर्न मद्दत गर्ने,<br>• शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अध्ययन, तुलना र विश्लेषण गर्ने,<br>• प्रस्तावित शिक्षासम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन पक्ष मूल्याङ्कन गर्न शैक्षिक मापदण्ड निर्धारण गर्ने,<br>• हालसम्मका अनुसन्धानबाट प्राप्त प्रतिवेदनहरू कार्यान्वयनको स्थिति पहिचान गर्ने र कार्यान्वयनमा पहल गर्ने। |
| ➤ राष्ट्रिय स्वयम् सेवा परिचालन<br><br>(शि.प्र., रा.प. द्वि. १) | • राष्ट्रियस्तरमा स्वयम् सेवक परिचालनका लागि नीति, नियम तथा निर्देशिका बनाउने,<br>• राष्ट्रियस्तरमा स्वयम् सेवक परिचालनसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,<br>• राष्ट्रिय स्वयम् सेवासँग सम्बन्धित सङ्घसंस्थाहरू (विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरू, शैक्षिक सङ्घसंस्थाहरूलगायत विभिन्न स्वयम् सेवी सङ्घसंस्थाहरू, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू) सँग समन्वय र सहकार्य गर्ने,<br>• स्वयम् सेवासम्बन्धी कार्यको अनुसन्धानका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने,<br>• स्वयम् सेवाको अनुभवलाई कार्यक्षेत्रमा मान्यता दिने व्यवस्थाका लागि प्रणालीको विकास गर्ने,<br>• विभिन्न विषयगत मन्त्रालय, आयोग, आयोजना र निकायहरूसँग समन्वय र सहकार्य गर्ने,<br>• राष्ट्रिय स्वयम् सेवक परिचालनको क्षेत्र पहिचान गरी प्राथमिकता निर्धारण गर्ने,<br>• स्वयम् सेवक छनौटका आधार तयार गरी स्वयम् सेवक छनोट र परिचालन गर्ने,<br>• स्वयम् सेवकहरूले पालना गर्नु पर्ने आचार संहिता निर्माण गरी लागू गर्ने,<br>• स्वयम् सेवा सम्बन्धी सेवासर्तहरू तयार गर्ने,<br>• राष्ट्रिय स्वयम् सेवक परिचालन निर्देशिकाले तोकेका कार्यहरू गर्ने।<br>• स्वयम्सेवक आवश्यक पर्ने विषयगत क्षेत्रसँग सम्बन्धित जनशक्तिको आंकलकन, पहिचान माग सङ्कलन गर्ने<br>• स्वयम्सेवकको कार्य विवरण, सेवा र शर्त निर्धारण गर्ने,<br>• विषयगत निकाय/मन्त्रालय/आयोग/संबैधानिक निकायका मागको आधारमा सम्बन्धित विषयका स्वयम् सेवक परिचालन गर्ने व्यवस्था गर्ने गराउने,<br>• स्वयम् सेवा कार्यको अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउने, |

| | |
|---|---|
| | ● अनुगमन र समन्वय समितिसँग समन्वय गरी स्वयम्सेवक परिचालन र मूल्याङ्कन गर्ने गराउने,<br>● विद्यार्थी स्वयम् सेवक कार्यका लागि परीक्षा तथा मूल्याङ्कनका प्रक्रिया र प्रणाली विकास गर्न शैक्षिक संस्थाहरूसँग समन्वय गर्ने,<br>● स्वयम्सेवक र सम्पादित कामको अभिलेख राख्ने,<br>● उत्कृष्ट कार्य सम्पादन गर्ने स्वयम् सेवक वा स्वयम् सेवी संस्थाको अभिलेख तयार गरी पुरस्कृत गर्ने व्यवस्था गर्ने गराउने,<br>● स्वयम् सेवकको कार्यको मूल्याङ्कन गरी राम्रो कामको लागि पुरस्कृत गर्ने र खराब कामको लागि दण्डको मापदण्ड तय गर्ने,<br>● स्वयम् सेवा कार्यको प्रमाणीकरण गर्ने,<br>● विद्यार्थी स्वयम्सेवक कार्यको मूल्याङ्कनका लागि सम्बन्धित पाठ्यक्रम विकास केन्द्र मार्फत परीक्षा तथा मूल्याङ्कनका मापदण्ड, प्रक्रिया र प्रणाली विकास गराउने,<br>● स्वयम्सेवासम्बन्धी अन्य कार्य गर्ने गराउने,<br>● स्वयम्सेवकहरूले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी लागू गर्ने,<br>● स्वयम् सेवाको आवधिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको सम्बन्धित महाशाखा र अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखामा पेस गर्ने,<br>● राष्ट्रिय स्वयम् सेवासम्बन्धी विषयमा गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा अनुभव आदान–प्रदान गर्ने। |

४. उच्च शिक्षा तथा प्राविधिक शिक्षा महाशाखा

| | |
|---|---|
| ➢ उच्च शिक्षा<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | ➢ उच्च शिक्षासम्वन्धी नीति, नियम निर्धारण र निर्देशनको व्यवस्था गर्ने।<br>➢ शिक्षा मन्त्रालय र विश्वविद्यालय तथा विश्वविद्यालय अनुदान आयोग बिच सम्पर्क माध्यमको रूपमा काम गर्ने,<br>➢ विभिन्न विश्वविद्यालयबिच समन्वय कायम गर्ने,<br>➢ उच्च शिक्षा, उच्च माध्यमिक शिक्षा, माध्यमिक शिक्षाबिच समाञ्जस्य ***(Vertical Linkage)*** कायम गर्ने,<br>➢ उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि आवश्यक पहल गर्ने,<br>➢ उच्च शिक्षा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,<br>➢ पदकका लागि सिफारिस गर्न आवश्यक व्यवस्था मिलाउने,<br>➢ नेपाल विद्याभूषण सम्वन्धी कार्य गर्ने,<br>➢ नेपाल छात्रा विद्यापदक सम्वन्धी कार्य गर्ने,<br>➢ विश्वविद्यालयहरूका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्ने |
| ➢ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | ➢ प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि आवश्यक नीति, नियमहरूको तर्जुमा गर्ने,<br>➢ प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नीति, योजना, कार्यक्रम व्यस्थापन गर्ने<br>➢ प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग समन्वय तथा आवश्यकताअनुसार निर्देशन दिने व्यवस्थाका लागि पेश गर्ने,<br>➢ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र यससम्बन्धी अन्य संस्थाहरूलाई व्यवस्थापकीय सहयोग प्रदान गर्ने,<br>➢ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी अनुगमन, मूल्याङ्कन गर्ने र यस सम्बन्धी प्रशासन सञ्चालन गर्ने, |

| | |
|---|---|
| | ➢ मेडिकल तथा इन्जिनियरिङ तथा प्राविधिक प्रकृतिका अन्य कलेजहरूको सञ्चालनका लागि आवश्यक नीति, नियम तर्जुमा गर्ने,<br>➢ निजी क्षेत्रमा सञ्चालित मेडिकल तथा इन्जिनियरिङ कलेजहरूले दिनु पर्ने छात्रवृतिको कोटा निर्धारण गर्ने,<br>➢ नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जियिरिङ् परिषद् तथा नेपाल नर्सिङ परिषद्, नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य परिषद् लगायत अन्य सम्बन्धित परिषद्सँग समन्वय गर्ने,<br>➢ प्राविधिक शिक्षा तथा व्यावसायिकतालिम प्रदायक शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण दिने |
| ➢ शिक्षण संस्था समन्वय<br><br>(शि.प्र., रा.प. द्वि. १) | ➢ विदेशी शिक्षण संस्था वा विश्वविद्यालयसँग सम्बन्धन लिई उच्च शिक्षा सञ्चालन गर्नका लागि नीतिगत व्यवस्था सम्बन्धी कार्यको समन्वय गर्ने,<br>➢ विदेशी शिक्षण संस्थाले नेपालमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक नीति, नियम र निर्देशिका सम्बन्धि कार्य गर्ने,<br>➢ विदेशी शिक्षण संस्थासँग सम्बन्धन लिई सञ्चालन गर्न चाहने क्याम्पस तथा शैक्षिक संस्थाहरूको सञ्चालन अनुमति, ठाँउसारी, नाम परिवर्तन, गाभ्ने तथा खारेजीसम्बन्धी कार्य गर्ने,<br>➢ प्रचलित कानुन बमोजिम नेपाल सरकारको सम्बन्धन लिई सञ्चालनमा आएका शिक्षण संस्थाहरूकोनिरीक्षण तथा अनुगमन गर्ने तथा संस्थाहरूको सम्बन्धन नवीकरण गर्ने,<br>➢ वैदेशिक शिक्षण संस्था तथा विश्व विद्यालयहरूसँग सम्पर्क विन्दुको काम गर्ने। |
| ➢ अन्तर्राष्ट्रिय स्वयम् सेवा परिचालन तथा प्रवेशाज्ञा (भिसा) सिफारिस<br><br>(शि.प्र., रा.प. द्वि. १) | ➢ अन्तर्राष्ट्रिय स्वयम् सेवक परिचालनका लागि नीति, नियम तथा निर्देशिका बनाउने,<br>➢ अन्तर्राष्ट्रियस्तरमा स्वयम् सेवक परिचालनसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने, गराउने,<br>➢ स्वयम् सेवासम्बन्धी कार्यको अनुसन्धानका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने,<br>➢ अन्तर्राष्ट्रिय स्वयम् सेवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गर्ने,<br>➢ अन्तर्राष्ट्रिय स्वयम् सेवा परिचालनसम्बन्धी मापदण्ड, प्रक्रिया र प्रणालीको विकास गरी कार्यविधि तयार गर्ने,<br>➢ अन्तरराट्रिय स्वयम् सेवा परिचालनका लागि विभिन्न विषयगत मन्त्रालय, निकाय, आयोग, आयोजना तथा निकायहरूसँग समन्वय गर्ने,<br>➢ अन्तरराष्ट्रियस्वयम् सेवकहरूको कार्यको अनुगमन तथा मूल्याङ्कन गरी, गराई सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने,<br>➢ स्वयम्सेवकहरूले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी लागू गर्ने,<br>➢ स्वयम् सेवासम्बन्धी अन्तरराष्ट्रियअनुभवहरूको आदान प्रदान गर्ने,<br>➢ स्वयम् सेवा कार्यको प्रमाणीकरण गर्ने,<br>➢ स्वयम्सेवक र सम्पादित कामको अभिलेख राख्ने,<br>➢ स्वयम् सेवासम्बन्धी अभिलेख व्यवस्थापन चुस्त दुरूस्त गरी सोसम्बन्धी सूचना प्रवाह गर्ने,<br>➢ उत्कृष्ट कार्य सम्पादन गर्ने स्वयम् सेवक वा स्वयम् सेवी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था गर्ने गराउने,<br>➢ स्वयम् सेवकको कार्यको मूल्याङ्कन गरी राम्रो कामको लागि पुरस्कृत गर्ने र खराब कामको लागि दण्डको मापदण्ड तय गर्ने,<br>➢ स्वयम् सेवाको आवधिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको अनुगमन मूल्याङ्कन महाशाखामा पेस गर्ने,<br>➢ अन्तरराष्ट्रियस्वयम् सेवासम्बन्धी विषयमा गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा अनुभव आदान–प्रदान गर्ने,<br>➢ स्वयम् सेवा परिचालन समन्वय समितिको सचिवालयको रूपमा काम गर्ने, |

| | |
|---|---|
| | ➢ नेपालमा विभिन्न विषयक्षेत्रमा अध्ययन, अध्यापन, प्रशिक्षण, अनुसन्धान गर्न आउने विदेशी प्राज्ञ/विद्यार्थीहरूलाई आकार्षित गर्नका लागि नीति, नियम तथा निर्देशिकाहरू बनाउने,<br>➢ नेपालमा विभिन्न विषयक्षेत्रमा अध्ययन, अध्यापन, प्रशिक्षण, अनुसन्धान गर्न आउने विदेशी प्राज्ञ/विद्यार्थीहरूका लागि प्रवेशाज्ञा का लागि सिफारिस गर्ने,<br>➢ नेपालमा विभिन्न विषयक्षेत्रमा अध्ययन, अध्यापन, प्रशिक्षण, अनुसन्धान गर्न आउने विदेशी प्राज्ञ/विद्यार्थीहरूको अभिलेख राख्ने,<br>➢ विद्यालयदेखि उच्च तथा प्राविधिक शिक्षासँग सम्बन्धित विभिन्न शैक्षिक संस्थामा आउने विदेशी प्रशिक्षक, अनुसन्धानकर्ता, सल्लाहकार तथा विद्यार्थी समेतका लागि प्रवेशाज्ञा सम्बन्धी कार्य गर्ने,<br>➢ विद्यालय, प्राविधिक शिक्षालय, विश्व विद्यालय, तालिम केन्द्र, प्रारम्भिक बालविकास केन्द्र आदिमा आउने विदेशी प्राज्ञ, प्रशिक्षक, अध्यापक, विद्यार्थीहरूका प्रवेशाज्ञा (भिसा) सम्बन्धी सबै काम गर्ने,<br>➢ नेपालका उच्च शिक्षा प्रदायक विश्व विद्यालय तथा शैक्षिक संस्थाहरूसँग समन्वय गरी विदेशी विद्यार्थी आकर्षण गर्न सकिने विषय क्षेत्रहरू पहिचान गर्ने,<br>➢ नेपालमा विदेशी विद्यार्थीहरू अध्ययन अनुसन्धान गर्न आउन सक्ने वातावरणको सिर्जना गर्नका लागि आवश्यक पूर्वाधार विकासमा समन्वय गर्ने,<br>➢ प्राज्ञिक अनुसन्धानमा संलग्न उच्च शिक्षासम्बन्धी सङ्घसंस्थाहरूसँग समन्वय गर्ने । |
| ➢ छात्रवृति<br><br>(शि.प्र., रा.प. द्वि. १) | ➢ उच्च तथा प्राविधिक शिक्षामा छात्रवृति व्यवस्थापनसम्बन्धी नीति, नियमको तर्जुमा गर्ने,<br>➢ उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्नका लागि मन्त्रालयलाई स्वदेश तथा विदेशबाट प्राप्त सबै तहका छात्रवृत्तिका लागि उम्मेदवार छनौट गर्ने, सिफारिस गर्ने र यसको अभिलेख व्यवस्थापन गर्नेसम्बन्धी कार्यहरू गर्ने ।<br>➢ स्वदेश अथवा विदेशमा अध्ययन वा तालिममा जाने र फर्केर आएका व्यक्तिहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने,<br>➢ मित्रराष्ट्रहरूसँग समन्वय गरी नेपालका लागि प्राथमिकता प्राप्त विभिन्न विषय र तहमा छात्रवृत्ति उपलब्ध गराउने पहल गर्ने,<br>➢ छात्रवृत्तिमा छनोट भई अध्ययन गरेका वा छनोट भएर पनि अध्ययन गर्न नजाने विद्यार्थीलाई बिगो निर्धारणसम्बन्धी कार्यहरू गर्ने,<br>➢ नेपालमा नेपाली भाषा लगायतका विभिन्न विषयमा अध्ययन गर्न आउने विदेशी नागरिकका लागि नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने,<br>➢ छात्रवृत्ति वितरणसम्बन्धमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने । |
| ➢ शैक्षिक परामर्श तथा प्रमाणीकरण<br><br>(शि.प्र., रा.प. द्वि. १) | ➢ स्वदेश तथा विदेशमा अध्ययन गर्न जान चाहने विद्यार्थीहरूका लागि शैक्षिक परामर्श दातृ संस्थाहरूको नियमन तथा व्यवस्थापनका लागि नीति, नियम र निर्देशिका तर्जुमा गर्ने,<br>➢ स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने विद्यार्थीहरूका लागि ती शैक्षिक संस्थाहरूको आधिकारिक सूचना व्यवस्थापन गरी शैक्षिक परामर्श प्रदान गर्ने,<br>➢ उच्च शिक्षा अध्ययनसम्बन्धी परामर्श सेवा सुविधा तथा शुल्कलाई व्यवस्थित गर्ने,<br>➢ शैक्षिक परामर्श, पूर्व तयारी कक्षा, भाषा शिक्षणसम्बन्धी कार्यलाई व्यवस्थित, सरल, सहज, भरपर्दो, गुणस्तरीय एवम् पारदर्शी बनाउने,<br>➢ शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण कार्यमा संलग्न निजी क्षेत्रका संस्थालाई मर्यादित र अनुशासित बनाउन प्रोत्साहित गर्दै प्रभावकारी रूपमा व्यवस्थापन गर्ने,<br>➢ स्वदेशी तथा विदेशी शैक्षिक संस्था र शैक्षिक परामर्श दाता संस्थाहरूबिच समन्वय गर्ने,<br>➢ परामर्श दातृ संस्था, परामर्शदाता, पूर्व तयारी कक्षा र भाषा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,<br>➢ परामर्श दातृ संस्था, अध्ययन गर्ने संस्था र विद्यार्थीबिच सुसम्बन्ध कायम गर्न सहजीकरण गर्ने<br>➢ शैक्षिक परामर्श संस्थाहरूको स्वीकृति, अनुमगन र निरीक्षणसम्बन्धी आवश्यक व्यवस्था मिलाउने,<br>➢ प्रचलित कानुन बमोजिम स्वदेश तथा विदेशमा सञ्चालन भएका शैक्षिक संस्थाहरूबाट प्रदान गरिएका शैक्षिक प्रमाणपत्रहरू सम्बन्धित संस्थाबाट प्रमाणित भएर आएपछि प्रमाणीकरण गर्ने । |

| | |
|---|---|
| ➢ वैदेशिक अध्ययन अनुमति पत्र (नो अब्जेक्सन लेटर) व्यवस्थापन (शि.प्र., रा.प. द्वि. १) | ➢ निजी खर्च तथा छात्रबृतिमा नेपाल बाहिर अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीहरूलाई आवश्यक पर्ने अध्ययन सहमति पत्र ***(No objection Certificate/Letter)*** प्रदान गर्ने,<br>➢ निजी खर्च तथा छात्रबृतिमा नेपाल बाहिर अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीहरूलाई विदेशी मुद्रा सटही सुविधाका लागि सिफारिस प्रदान गर्ने,<br>➢ निजी खर्च तथा छात्रबृतिमा नेपाल बाहिर अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने,<br>➢ विदेशबाट नेपालका शिक्षण संस्थाहरूमा अध्ययन गर्न चाहनेहरूका लागि आवश्यक सहजीकरण गर्ने,<br>➢ निर्देशिका तयार गर्ने। |

५.अनुगमन,मूल्याङ्कन तथा निरीक्षण महाशाखा

| शाखा | कार्य विवरण |
|---|---|
| ○ अनुगमन तथा मूल्याङ्कन<br><br>(शि.प्र., रा.प. द्वि. १) | ● स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा आधारित रहेर अनुगमन कार्ययोजना तर्जुमा गर्ने, गराउने,<br>● शिक्षा क्षेत्रमा सञ्चालित योजना तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कनका लागि मापदण्ड तथा आधारहरू तयार गरी लागू गर्ने, गराउने,<br>● स्वीकृत योजना तथा कार्यक्रमहरूको कार्यान्वयन पक्षको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरी गराई आवश्यक सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने, गराउने,<br>● सञ्चालित कार्यक्रमहरूको आवश्यकता अनुरूप स्थलगत अनुगमन, निरीक्षण एवम् मूल्याङ्कन गर्ने, गराउने,<br>● कार्यक्रम कार्यान्वयनमा देखापरेका बाधा अड्चन हटाउने र समस्या समाधान गर्न सघाउ पुऱ्याउने,<br>● शिक्षा मन्त्रालयअन्तर्गत र सम्बद्ध निकायहरूबाट कार्यान्वयमा ल्याइएका आयोजना र परियोजना तथा कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षाका लागि प्रगति विवरण तयार गर्ने गर्न, लगाउने,<br>● चौमासिक प्रगति समीक्षा गर्ने, गराउने,<br>● मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार गरी, गर्न लगाई सम्बन्धित कार्यालयमा पठाउने,<br>● प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय लगायत अन्य सरोकारवाला निकायबाट निर्देशन भै आएका कार्ययोजनाहरूको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा तयार गरी, गर्न लगाई सम्बन्धित कार्यालयहरूमा पठाउने,<br>● अनुगमन प्रतिवेदनको कार्यान्वयनको अनुगमन गर्ने। |
| ○ कार्यक्रम अनुगमन समन्वय<br><br>(शि.प्र., रा.प. द्वि. १) | ● मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक आयोजना गरी, गर्न लगाई त्यसमा देखिएका प्रगति र समस्याहरूको प्रतिवेदन तयार गरी गर्न लगाई राष्ट्रिय योजना आयोगमा पठाउने।<br>● विकास समस्या समितिबाट समाधान हुन नसकेका शिक्षाको क्षेत्रमा सामना गर्नु परेका मुद्दा, चुनौती तथा समस्याहरू राष्ट्रिय विकास समस्या समाधान समिति समक्ष पेस गर्ने,<br>● शिक्षासँगसम्बन्धी आर्थिक सर्वेक्षण तयार गर्ने, गर्न लगाउने।<br>● संसदमा रिपोर्टिङ् गर्ने कार्यमा समन्वय गर्ने।<br>● शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ मा उल्लेख भएका शिक्षासँग सम्बन्धित मुख्य तथा सहायक क्रियाकलापहरूको शिक्षा मन्त्रालयसम्बद्ध निकायहरूबाट कार्यान्वयन गर्न लगाई सोको मासिक प्रगति प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,<br>● मानव अधिकार कार्ययोजनामा उल्लेख भएका कार्यकलापहरू कार्यान्वयन गरी गर्न लगाई सोको मासिक प्रगति विवरण सङ्कलन, विश्लेषण गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,<br>● कार्यसम्पादन सूचकमा आधारित प्रगति प्रतिवेदन नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। |

| | |
|---|---|
| ○ शैक्षिक सूचना व्यवस्थापन<br><br>(शि.प्र., रा.प. द्वि. १) | • राज्यका सम्पूर्ण शैक्षिक तथ्याङ्क सङ्कलन गरी गराई व्यवस्थित रूपमा केन्द्रीय अभिलेख राख्न लगाउने,<br>• शैक्षिक सूचना व्यवस्थापनसम्बन्धी नीति निर्धारण मा सहयोग पुऱ्याउने,<br>• शैक्षिक सूचकहरूको विकास, सङ्कलन, विश्लेषण आदिका माध्यमबाट शैक्षिक नीति नियममा सहयोग पुऱ्याउने,<br>• शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न विभिन्न कार्यक्रमहरू लागू गर्ने गराउने तथा सम्बन्धित अन्य निकायहरूसँग समन्वय कायम गरी उक्त निकायहरूलाई आवश्यक सहयोग तथा सल्लाह प्रदान गर्ने गराउने,<br>• शैक्षिक सूचना व्यवस्थापनसम्बन्धी जनशक्ति विकासका लागि सम्बन्धित निकायहरूसँग मिलेर कार्य गर्ने गराउने,<br>• शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई शैक्षिक नीति, योजना तथा कार्यक्रम निर्माण, अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग आवद्ध गर्न तथा यस कार्यलाई सुदृढ गर्न आवश्यक कार्य गर्ने गराउने तथा अन्य सम्बन्धित निकायसँग सहकार्य गर्ने गराउने,<br>• शैक्षिक सूचना तथा विश्लेषणको प्रचार प्रसार गर्ने गराउने। |
| ○ जनगुनासो व्यवस्थापन<br><br>(शि.प्र., रा.प. द्वि. १) | • शिक्षा मन्त्रालय र मातहतका निकाय, कार्यालयसँग सम्बन्धित जनगुनासो तथा उजुरी सुन्ने र आवश्यकताअनुसार सामान्य प्रशासन तथा जनशक्ति शाखाको समन्वयमा आवश्यक सुधारहरू थालनी गर्ने,<br>• आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखासँग समन्वय गर्दै हेलो सरकार कक्ष संचालन निर्देशिका २०६८ अनुसारका कार्यहरू संपादन गर्न जनगुनासो तथा उजुरी व्यवस्थापन शाखाको लागि आवश्यक पर्ने भौतिक साधनहरू (जस्तैः फ्याक्स, फोटोकपी, ल्यापटप, मोबाइल, इन्टरनेट, हलुका सवारी साधन, आदि) को प्राप्ति र तिनको सदुपयोग सुनिश्चित गर्ने,<br>• जनगुनासो तथा उजुरी व्यवस्थापन शाखाका कर्मचारीहरूले आवश्यकतानुसार सार्वजनिक बिदाको दिन एवम् कार्यालय समयको अघिपछि समेत काम गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी त्यसरी काम गरेको अवधिकालागि सम्बन्धित निकायबाट अनुमति लिई वा निर्णय गराई उपयुक्त थप मौद्रिक वा गैरमौद्रिक सुविधाहरू उपलब्ध गराउन पहल एवम् सिफारिश गर्ने,<br>• जनगुनासो तथा उजुरी व्यवस्थापन शाखाबाट सम्बन्धित आर्थिक वर्षको निम्ति संपादन गरिने कामकारवाहीहरू झल्किने गरी लक्ष्य एवम् प्रगतिसहितको वार्षिक कार्ययोजना पेस गर्ने, गर्न लगाउने,<br>• अनलाइन र अन्य माध्यमबाट आएका जनगुनासो तथा उजुरीको सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थालाई बुझी समयमै तिनको फछर्यौट गरी अभिलेख राख्ने,<br>• हेलो सरकार कक्ष संचालन निर्देशिका, २०६८ अनुसारका कार्यहरू सम्पादन गर्न आफ्नो शाखा मातहतका कर्मचारीहरूको दक्षतावृद्धि हुने गरी तालिम, गोष्ठी, सर्वेक्षण, अध्ययन भ्रमण आदि कार्यक्रमहरू आयोजना गर्ने वा तिनमा सहभागी गराउने वा सोका लागि सिफारिस गर्ने,<br>• हेलो सरकार कक्षसंचालन निर्देशिका २०६८ अनुसार प्राप्त उजुरीहरूमध्ये बढी संवेदनशील एवम् गम्भीर प्रकृतिका उजुरीहरूको सम्बन्धमा महाशाखा प्रमुखज्यू वा सचिवज्यूबाट निकासा लिएर सम्बन्धित कार्यालय वा संस्थामा आकस्मिक निरीक्षण गर्ने, आवश्यक कागजात र सामान नियन्त्रणमा लिने एवम् सम्बन्धित अधिकारी एवम् कर्मचारीहरूसँग सोधपूछ गर्ने र सत्यतथ्य पत्ता लगाई मन्त्रालयसमक्ष आवश्यक सिफारिस गर्ने,<br>• उजुरी नै नआए पनि समयसमयमा शिक्षा मन्त्रालय मातहतका निकाय, कार्यालयहरूको आवधिक वा सामयिक निरीक्षण, अनुगमन गर्ने। निरीक्षण गर्ने क्रममा देखिएका सबल पक्षहरूको लागि प्रोत्साहन गर्दै सुधार गर्नु पर्ने पक्षका सम्बन्धमा आवश्यक पृष्ठपोषण दिने, प्रतिवेदन गर्ने,<br>• जनगुनासो एवम् उजुरी व्यवस्थापनको क्षेत्रमा प्रभावकारिता अभिवृद्धिको लागि मन्त्रालयकोसम्बन्धित शाखा, महाशाखासँग समन्वय गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति र कार्यक्रमहरू तर्जुमा गरी पेस गर्ने। सम्बन्धित शाखा, महाशाखाबाट पूर्वस्वीकृति लिई यस कार्यमा आवश्यक वैदेशिक सहयोग (आर्थिक, प्राविधिक एवम् भौतिक) प्राप्त एवम् परिचालन गर्ने, |

| | |
|---|---|
| | • जनगुनासो सुनुवाइ र नागरिक बडापत्रको कार्यान्वयन स्थिति विभागीय/क्षेत्रीय/जिल्ला स्थित शिक्षासम्बन्धी कार्यालयहरूको काम कारवाही भौतिक सरसुविधा, जनशक्ति वारे निरीक्षण अनुगमन गर्ने गराउनेसम्बन्धी कार्य गर्ने र अधिकृत कर्मचारीसम्बन्धी गोप्य प्रतिवेदनहरू जिम्मा लिई राख्ने। |
| o सूचना तथा सञ्चार प्रविधि<br><br>*(शि.प्र., रा.प. द्वि. १)* | • शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति, नियम तथा निर्देशिका निर्माण गरी लागू गर्ने गराउने,<br>• विभिन्न तह र विषयका डिजिटल पाठहरू निर्माणका लागि नीति नियम निर्माण गर्ने,<br>• सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण माध्यमको रूपमा प्रयोग गर्न आवश्यक नीति निर्माण तर्जुमा गर्न सहयोग पुऱ्याउने,<br>• शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी योजना निर्माण तथा कार्ययोजना विकास गर्ने र सोको कार्यान्वयनका लागि स्रोतको व्यवस्थापन गर्ने,<br>• मन्त्रालय, केन्द्रीय निकायहरू, क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरूका वेभसाइट विकास गर्ने नीति तर्जुमा गर्न सहयोग पुऱ्याउने,<br>• शिक्षा मन्त्रालय, केन्द्रीय निकायहरू र क्षेशिनि तथा जिल्ला शिक्षा कार्यालयहरूलाई सञ्जालले जोड्ने,<br>• विद्युतीय सुशासन प्रणालीलाई लागू गराउन आवश्यक पूर्वाधार तयार गर्ने,<br>• विद्युतीय हाजिरी प्रणालीको व्यवस्था गर्ने,<br>• सूचनाहरूलाई विद्युतीय *(इलेक्ट्रोनिक)* माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्था मिलाउने,<br>• शिक्षा मन्त्रालयको वेभसाइटलाई अद्यावधिक गर्ने। |
